# आवधिक विकास योजना

(आ.ब. २०७५/७६–२०७९/८०)

**नेपाल सरकार**

## झिमरुक गाउँपालिका

**झिमरुक गाउँ कार्यपालिकाको कार्यालय,प्यूठान**

**२०७५**

**माननीय सांसद**
**सिंहदरबार,काठमाण्डौं**

# शुभकामना

योजना तर्जुमा आफैँमा एउटा समावेशी र सहभागितामूलक प्रक्रियाबाट निर्माण गरिने कुरा हो । तसर्थ योजना तर्जुमाका क्रममा प्राविधिक पक्ष र सहभागितात्मक प्रक्रिया बीचको उचित सम्मिश्रण र सन्तुलन अत्यन्त आवश्यक हुन्छ । स्थानीय स्तरको योजना भनेको स्थानीय आवश्यकताको परिपूर्ति मार्फत जनताको आवश्यकता पुरा गर्न सक्ने व्यवहारिक खालको हुनु पर्दछ र सैद्धान्तिक हिसावले यो सधैं SMART हुनु पर्दछ । सहभागितात्मक तरिकाद्वारा तयार भएको योजनाको कार्यान्वयन पक्षलाई पनि बलियो बनाउनु हामी सबैको दायित्व हुन आउँछ । खास गरी बहुविषयगत मुद्दाहरू (Multi-sectoral issues) को विस्तृत विवेचना र विश्लेषण गरी बहुविषयगत एकीकृत विकास योजना (Multi-sectoral integrated development plan) का रूपमा आवियोको तर्जुमा गर्नुपर्ने हुँदा यो निर्माण प्रक्रियाको हिसाबले जटिल, समय लाग्ने र खर्चिलो समेत हुने कुरामा म स्पष्ट छु। यसका लागि गाउँपालिकाको भूमिकाको मूल्याङ्कन खासगरी गाउँपालिका तहमा योजना तर्जुमा, नीति निर्माण, समन्वय, अनुगमन र मूल्याङ्कनमा केन्द्रित रहेर गरिन्छ भने कार्यान्वयनको जिम्मेवारी विशेषज्ञता प्राप्त गरेका निकाय, संघ/संस्थाहरु त ले लिनु पर्दछ।

झिमरुक गाउँपालिकाको समष्टिगत विकासका लागि गाउँपालिकामा सरकारी, गैरसरकारी तथा निजी क्षेत्र लगायत नागरिक समाज र दातृ संस्थाहरू कार्यरत रहेका हुन्छन् । आवधिक विकास योजना (आवियो) ले यी सबै निकायहरूको विकास प्रयासहरूलाई गाउँपालिकाको निर्दिष्ट उद्देश्य हासिल गर्ने तर्फ निर्देशन, समन्वय तथा पथप्रदर्शन गर्न सक्नेछ छ भन्ने विश्वाश मैले लिएको छु।

आवियो सैद्धान्तक हिसावले राम्रो भएर मात्र हुँदैन यो सर्वसाधारण जनतादेखि कार्यान्वयन गर्ने निकायहरुले अपनत्व लिने खालको भएमा मात्र यसको कार्यान्वयन बढि मात्रामा हुने हुँदा त्यसतर्फ पनि आवियो तर्जुमाको क्रममा सबैको ध्यान पुगेको छ भन्ने ठानेको छु। यसका लागि आवियोको कार्यान्वयको पक्षको अनुगमन र मूल्याङ्कनको सान्दर्भिकता (Relavance) र प्रभावकारिता (Effectiveness) मा जोड दिन म सबै पक्षलाई हार्दिक अनुरोध गर्दछु।

अन्त्यमा, आवियो तर्जुमा र कार्यान्वयनको लागि सबै पक्षको उत्तिकै भूमिका रहेको हुन्छ। तसर्थ, यो आवियो तर्जुमा गर्ने क्रममा सहयोग गर्ने नेतृत्वदायि भूमिका निर्वाह गर्ने झिमरुक गाउँपालिका, राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, दातृ निकाय, प्राविधिक सहयोग गर्ने सामाजिक तथा वातावरणिय विकासका लागि युवा सञ्जाल (योनसेड),राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, गाउँपालिका स्थित विषयगत शाखाका प्रमुख तथा प्रतिनिधिहरु, नागरिक समाज, गैसस, नीजि, वित्तीय क्षेत्र, सहकारी आदिका प्रमुख तथा प्रतिनिधिहरु, आमसञ्चार क्षेत्रका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न क्षेत्र तथा वर्गहरु जस्तै महिला, बालबालिका, दलित, आदिवासी, अपाङ्गगता भएकाहरु र तिनका संगठन तथा संञ्जालका प्रमुख तथा प्रतिनिधिहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। साथै झिमरुक गाउँपालिकाको यो प्रथम आवियोको पूर्ण सफलताको कामना गर्दै यसको प्रभावकारी कार्यान्वयनमा आफु पनि हर तवरले सक्रिय सहभागी हुने प्रतिवद्धता समेत व्यक्त गर्दछु। धन्यवाद।

दुर्गा पौडेल
माननीय सांसद,संघिय संसद
२०७५,जेष्ठ

# झिमरुक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**मच्छी,प्यूठान**
**५ नं प्रदेश,नेपाल**

पत्र संख्या :२०७४।०७५  मिति :२०७५।०१।१२
चलानी नम्बर :

## शुभकामना

लोकतन्त्रको आधारशिला भनेको जनमतलाई विश्वास गरी जनताको प्रत्यक्ष संलग्नता र सहभागितामा निर्णय लिने र सोही अनुसार कार्यान्वयन गर्ने बिषय हो । जनता नै जनार्दन हुन भन्ने सिद्धान्तलेनै स्थानीय लोकतन्त्रलाई संस्थागत गर्न सहयोग गर्दछ । करिब १५ वर्षदेखि स्थानीय निकायहरु जनप्रतिनिधी विहिन भएको र हाल निर्वाचित जनप्रतिनिधि बहाल रहेको स्थितिमा स्थानीय सरकार मार्फत जनतालाई सेवा प्रवाह गर्न सहज तुल्याउने हेतुले राजनीतिक दलहरु, नागरिक समाज, गैसस, नीजि क्षेत्र, सहकारी, सञ्चार क्षेत्र लगायत सबै गाउँपालिका स्तरीय सरोकारवालाहरुसँगको सहकार्य, समझदारी र जिम्मेवारीबोध सहित जनतालाई छिटो, छरितो र प्रभावकारी सेवा प्रवाह गर्नु हामी सबैको दायित्व हुन आउँछ ।

प्रकृतिले झिमरुक गाउँपालिकालाई जलश्रोत, कृषि योग्य भूमि, बन जंगल लगायत धेरै सम्पदाहरु दिएको भएता पनि  यो गाउँपालिका आर्थिक र सामाजिक रुपले पछाडि परेको यथार्थता हामी सामु छर्लङ्ग छ । यसै कुरालाई मध्यनजर गरी यो आवधिक योजनाले झिमरुक गाउँपालिकाको पहिलो प्राथमिकता सडक निर्माणलाई राखेको छ । यसका साथसाथै शिक्षा, स्वास्थ्य, स्वरोजारीका लागि कृषि, पशु, उद्योग, पर्यटन लयायतका क्षेत्रलाई प्राथमिकतामा राखी आर्थिक तथा सामाजिक क्षेत्रमा झिमरुक गाउँपालिकाले राष्ट्रिय स्तरका सूचकहरु हासिल गर्न सक्ने बनाउन हामी सबैको समान दायित्व हुने कुरामा म विश्वास प्रकट गर्दछु ।

झिमरुक गाउँपालिकाको पछौटेपनलाई सदाको लागि हटाउन समावेशी, सहभागितामूलक र समन्वयकारी योजना तर्जुमा प्रक्रियालाई यस आवधिक योजनाले आत्मसात गरेको र परिलक्षित गरिएको दीर्घकालिन सोचको नजिक पुग्नका लागि पहिचान गरिएका उद्देश्यहरु र नतिजाहरु प्राप्त गर्न निर्धारण गरिएका क्रियाकलापहरु ठिक ठिक समयमा प्रभावकारी रुपमा कार्यान्वयन हुन्छन भन्ने कुरामा म पूर्ण विश्वास प्रकट गर्दछु । यसका लागि सबै राजनीतिक दलहरु, गाउँपालिका स्थित विषयगत कार्यालयहरु, नागरिक समाज, गैसस, सञ्चार क्षेत्र, नीजि क्षेत्र, सहकारी तथा वित्तीय क्षेत्र लगायत सम्पूर्ण आदारणीय झिमरुक वासीहरुमा हार्दिक अनुरोध गर्दछु ।

झिमरुक गाउँपालिकाको अगुवाई र सबै सरोकारवालाहरुको सक्रिय सहभागितामा तयार भएको झिमरुक गाउँपालिकाको यो प्रथम आवधिक योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न ब्यक्तिगत रुपमा समेत मेरो सक्रिय सहभागिता रहने प्रतिवद्धता ब्यक्त गर्न चाहान्छु । धन्यवाद् ।

तिलक बहादुर जि.सी.
अध्यक्ष,झिमरुक गाउँपालिका
२०७५,जेष्ठ

**झिमरुक गाउँपालिका**
# गाउँ कार्यपालिकाको कार्यालय
**मच्छी,प्यूठान**
**५ नं प्रदेश,नेपाल**

पत्र संख्या :२०७४।०७५
चलानी नम्बर :

मिति : २०७५।०१।१२

## मन्तब्य

समग्र झिमरुक क्षेत्रको विकास आजको आवश्यकता हो । यस क्षेत्रका विविध स्रोत र साधनको समुचित प्रयोग र परिचालनबाट मात्र हामीले कल्पना गरेको सम्बृद्ध र सबल गाउँपालिकाको सपना साकार हुन सक्दछ । यसरी गाउँपालिकाको दिगो योजनावद्ध विकासलाई अगाडि बढाउनका लागि गाउँको समग्र तथ्याङ्क आवश्यक पर्दछ । यसै आवश्यकतालाई मध्यनजर गरी गाउँपालिकाको सफल र दिगो विकासको लागि योजनावद्ध विकास आजको आवश्यकता हो । यो योजनाको सफल कार्यान्वयनको पनि आर्थिक,सामाजिक,सांस्कृतिक लगायत समग्र विकासमा टेवा पुऱ्याउनेछ साथै संथागत सुशासन कायम हुनेछ भन्ने अपेक्षा लिएको छु ।

अन्तमा प्रस्तुत आवधिक योजना तयारी गर्ने शिलशिलामा सूचना संकलन गर्न प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण बिषयगत कार्यालय,संघ संस्था,सामाजिक परिचालक,वडा सचिवहरु,गाउँ कार्यपालिकाका कर्मचारीहरु,प्रमुख प्रशासकिय अधिकृत तथा सबै सरोकारवाला ब्यक्ति तथा निकायहरुले पुऱ्याएको सहयोग प्रति आभार ब्यक्त गर्दछु ।

पवित्रा जि.सी.
उपाध्यक्ष
झिमरुक गाउँपालिका ,प्यूठान
२०७५,जेष्ठ

# झिमरुक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मच्छी,प्यूठान
## ५ नं प्रदेश,नेपाल

पत्र संख्या :२०७४।०७५ मिति : २०७५।०१।१२
चलानी नम्बर :

## शुभकामना

मुलुकमा राष्ट्रिय स्तरमा बि.स. २०१३ सालदेखि योजनाबद्ध विकासको थालनी भएको हो भने विकासलाई स्थानीय निकायहरु मार्फत जनतासम्म पुऱ्याउने बिकेन्द्रीकरणको अभ्यास बि.स. २०४६ सालको जनआन्दोलन पछि गठन भएका स्थानीय निकायहरुमार्फत शुरुवात भएको हो । समावेशी र सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको संस्थागत विकासको थालनी भने स्थानीय स्वायत्त शासन ऐन, २०५५ लागु भएको हो । सूचनामा आधारित नतिजामुखी पाँच बर्षे आवधिक योजनाको तर्जुमा र सोहीका आधारमा बार्षिक योजना तर्जुमा तथा कार्यान्वयन गर्ने परिपाटीको थालनी संघियताको कार्यान्वयन पछि नै आरम्भ भएको हो ।

२०५९ साल असार मसान्त पश्चात स्थानीय निकायहरुमा निर्वाचित जनप्रतिनिधीहरु नभएको असहज अवस्थामा समेत स्थानीय स्वायत्त शासन ऐन, २०५५ को भावना अनुरुप स्थानीय योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्ने दायित्व स्थानीय निकायहरुले लिँदै आएका थिए । २०६२/६३ को जनआन्दोलन पश्चात मुलुकमा लागु भएको नेपालको अन्तरिम संविधान, २०६३ ले निर्दिष्ट गरेको नीति र सिद्धान्तहरुलाई अंगिकार गर्दै बिकेन्द्रीकरणको भावना अनुरुप प्राप्त निर्देशन, छलफल र निर्णयको माध्यमद्धारा जनताहरुलाई राज्यबाट प्रदान गर्न सकिने सेवा र सुविधाहरु दिन साविकका गाउँपालिकाहरु निरन्तर क्रियासिल रहेका थिए । निर्वाचित जनप्रतिनिधिहरुको रिक्तता रहेको परिस्थितिमा पनि स्थानीय राजनीतिक दलहरुसँगको सहमति र सहकार्य मार्फत छिटो, छरितो, पारदर्शी तथा जवाफदेहीपूर्ण सेवा प्रवाह गर्न स्थानीय निकायहरु प्रयासरत थिए । विकास निर्माणका कार्यलाई सहज बनाउन राजनीतिक दलहरुको सहयोग अत्यन्त सकारात्मक रहेको कुरा यहाँ स्मरण गर्न योग्य ठान्दछु । नेपालको संविधान,२०७२ को मुल भावना र मर्म अनुरुप संघियताको कार्यान्वयनसंगै नेपालका स्थानीय निकायहरुबाट निर्वाचित जनप्रतिनिधिहरु आए लगत्तै स्थानीय सरकार सञ्चालन ऐन,२०७४ जारी भएको छ । यसै ऐन बमोजिम स्थानीय निकायको योजना तर्जुमा सम्बन्धि निर्देशिका विकास हुन पुगेको छ ।
राष्ट्रिय योजना आयोग र संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्देशन, समन्वयमा उपलब्ध गराईएको ढाँचामा यो आवधिक विकास योजना तर्जुमा गरिएको छ । भिमरुक गाउँपालिकाको यो प्रथम आवधिक विकास योजनाले परिलक्षित गरेका उपलब्धीहरु हासिल गर्न सबै सरोकार निकायहरुको सहयोग पूर्ण रुपले अपेक्षा गरिएको छ । साथै निर्धारण गरिएका सूचकहरु प्राप्त गर्न तय गरिएका क्रियाकलापहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने मापदण्ड र संयन्त्रको सहयोगले उपलब्धी हासिल गर्न सहयोग पुग्ने छ भन्ने विश्वास लिइएको छ ।

यो आवधिक विकास योजना तयार गर्ने सिलसिलामा माननीय सांसद ज्यूहरु, सबै राजनीतिकदलहरु, गाउँपालिका स्थित विषयगत शाखा, नागरिक संस्था, गैसस, निजी क्षेत्र, सञ्चार माध्यमहरु लगायत सबैबाट प्राप्त सहयोग, समन्वय र सहभागिताका लागि हार्दिक आभार व्यक्त गर्न चाहन्छु । योजनाको पूर्ण कार्यान्वयनमा समेत सबै सरोकारवाला व्यक्ति तथा निकायहरुको सक्रिय सहभागिता र सहयोग प्राप्त हुने कुरामा झिमरुक गाउँपालिका विश्वास प्रकट गर्दछु ।

ताराकिरण के.सी.
प्रमुख प्रशासकिय अधिकृत
भिम्फरुक गाउँपालिका, प्यूठान
२०७५,जेष्ठ

# बिषयसूची


परिच्छेद-१: परिचय

| | |
|---|---|
| १.१ पृष्ठभूमि | १ |
| १.२ गत योजनाको संक्षिप्त समिक्षा | २-३ |
| आवियो तर्जुमाका विधि तथा प्रक्रियाहरु | ३-४ |
| सन्दर्भ सामाग्रीहरुको अध्ययन तथा पुनरावलोकन | ३ |
| पूर्व योजना तर्जुमा कार्यशाला गोष्ठी | ३ |
| गाउँपालिकाको वस्तुगत विवरण (गाउँपालिका पार्श्वचित्र) तयारी | ४ |
| योजना तर्जुमा कार्यशाला गोष्ठी | ४ |
| आवियोको दस्तावेज तयारी तथा लेखन | ४ |
| गाउँ सभाद्धारा स्विकृत | ४ |
| १.३ विद्यमान अवस्थाको विश्लेषण (गाउँ विकासका सवल पक्षहरु, कमजोरी पक्षहरु,अवसरहरु तथा चूनौतिहरु) | ५-१० |
| १.३.१ गाउँ विकासका सबल पक्षहरु | ५-६ |
| १.३.२ गाउँ विकासका कमजोर पक्षहरु | ६-८ |
| १.३.३ गाउँ विकासका अवसरहरु | ८-९ |
| १.३.४ गाउँ विकासका चुनौतिहरु | ९-१० |
| १.४ संघीय तथा प्रादेशिक आवधिक योजनासंगको सम्बन्ध | १० |
| परिच्छेद–२: गाउँ विकास अवधारणा | ११-२३ |
| २.१ पृष्ठभूमि | ११ |
| २.२ दीर्घकालिन सोँच | ११-१२ |
| २.३ उद्देस्य | १२ |
| २.४ परिमाणात्मक लक्ष्य | १२ |
| २.५ रणनीतिहरु | १२-१३ |
| २.६ प्राथमिकताका क्षेत्रहरु | १३-१५ |
| २.७ गाउँ विकासका निर्देशक सिद्धान्तहरु | १६-१८ |
| २.८ गाउँ विकास योजनाको एकीकृत सोच तालिका | १९-२२ |
| २.९ गाउँपालिकाको विकासका लागि आवश्यक र उपलब्ध श्रोत अनुमान प्रक्षेपण तथा क्षेत्रगत लगानी | २२ |
| २.१० गाउँपालिकाको विकासको क्षेत्रगत लगानी तथा श्रोतको बाँडफाँड | २२ |
| २.११ गाउँपालिकाको विकासका लगानीका श्रोत तथा श्रोत अनुमान | २३ |
| परिच्छेद-३: गाउँ विषय क्षेत्रगत योजना (आर्थिक विकास) | २४-६१ |
| ३.१ आर्थिक विकास | २४-४३ |
| ३.१.१.कृषि | २४-२९ |
| ३.१.२.पशुपन्छि | २९-३२ |
| ३.१.३.उद्योग | ३३-३५ |
| ३.१.४.वाणिज्य | ३५-३७ |
| ३.१.५.पर्यटन | ३८-४१ |
| ३.१.६.सहकारी | ४१-४३ |

| | |
|---|---|
| आर्थिक विकास सम्बन्धी विद्यामान समस्याको विश्लेषण | ४४-४९ |
| आर्थिक विकासको सम्भावना र अवसरहरुको विश्लेषण | ४९-५३ |
| ३.५ आर्थिक विकास क्षेत्रको सोच तालिका | ५३-६१ |
| ३.२.सामाजिक विकास | ६२-१०६ |
| ३.२.१ शिक्षा | ६२-६६ |
| ३.२.२ स्वास्थ्य | ६६-६९ |
| ३.२.३.खानेपानी तथा सरसफाइ | ६९-७२ |
| ३.२.४.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ७२-७६ |
| सामाजिक विकास सम्बन्धी विद्यामान समस्याको विश्लेषण | ७७-८२ |
| सामाजिक विकासको सम्भावना र अवसरहरुको विश्लेषण | ८३-८७ |
| सामाजिक विकास क्षेत्रको सोच तालिका | ८७-१०६ |
| ३.३ भौतिक पूर्वाधार विकास | १०७-१२७ |
| ३.३.१.सडक | १०७-१०९ |
| ३.३.२.यातायात व्यबस्था | १०९-१११ |
| ३.३.३.सिंचाई | १११-११४ |
| ३.३.४. भवन | ११५-११६ |
| ३.३.५.साना जलविद्युत | ११७-११९ |
| ३.३.६. वैकल्पिक उर्जा | ११९-१२१ |
| भौतिक पूर्वाधार  विकास सम्बन्धी विद्यामान समस्याको विश्लेषण | १२२ |
| ५.४ भौतिक पूर्वाधार विकासको सम्भावना र अवसरहरुको विश्लेषण | १२२-१२५ |
| ५.५ भौतिक पूर्वाधार विकास क्षेत्रको सोच तालिका | १२५-१२७ |
| ३.४: वातावरण तथा विपद व्यवस्थापन | १२८-१४३ |
| ३.४.१. वन तथा भू संरक्षण | १२८-१३२ |
| ३.४.२.विपद् व्यबस्थापन | १३३-१३५ |
| ३.४.३.वातावरण तथा जलवायु परिवर्तन | १३५-१३७ |
| वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी विद्यामान समस्याको विश्लेषण | १३८-१४० |
| वन, वातावरण तथा विपद् व्यवस्थापनको सम्भावना र अवसरहरुको विश्लेषण | १४० |
| वन, वातावरण तथा विपद् व्यवस्थापनको क्षेत्रको सोच तालिका | १४०-१४३ |
| ३.५.संस्थागत  विकास,सेवा प्रवाह,सुशासन र अन्य | १४४-१६५ |
| ३.५.१.मानव अधिकार,सुशासन र सदाचारिता | १४४-१४५ |
| ३.५.२.स्थानीय तथ्याङ्क संकलन | १४५-१४७ |
| ३.५.३.मानव संसाधन विकास | १४७-१४८ |
| ३.५.४.श्रम तथा रोजगारी | १४९-१५० |
| ३.५.५.शासकीय सुधार | १५०-१५२ |
| ३.५.६.भ्रष्टाचार नियन्त्रण | १५२-१५३ |
| संस्थागत स्रोत क्षमता विकास क्षेत्र सम्बन्धी विद्यामान समस्याको विश्लेषण | १५४ |
| संस्थात स्रोत क्षमता विकास क्षेत्रको सम्भावना र अवसरहरुको विश्लेषण | १५५ |

संस्थात स्रोत क्षमता विकास क्षेत्रको सोच तालिका १५५-१६२

संस्थागत स्रोत तथ क्षमता विकास सम्वन्धी थप कार्यनीतिहरु १६३-१६५

समष्टिगत बजेट विश्लेषण १६६-१६७

परिच्छेद-४: योजना कार्यान्वयन,अनुगमन तथा मुल्याङ्कन १६८

४.१ योजना कार्यान्वयनको समयवद्ध कार्यायोजना र जिम्मेवारी निर्धारण १६८-१६९

४.२ अनुगमन तथा मूल्यांकन पद्यती र संरचना १७०-१७३

## तालिका


| बिषयबस्तु | पेज नं. |
|---|---|
| तालिका नं.१: बिषयगत क्षेत्रका प्राथमिकताहरु | १५ |
| तालिका नं.२.गाउँपालिकाको विकासको एकीकृत सोच तालिका | १९ |
| तालिका नं.३ गाउँपालिकाको विकासका बिषयगत उद्धेश्यहरु | २०-२२ |
| तालिका नं.४.बिषयगत क्षेत्रका प्राथमिकताहरु | २२ |
| तालिका नं. ५ आर्थिक विकास क्षेत्रका समस्या तथा सवालहरु,समाधानका उपायहरु | ४४-४९ |
| तालिका नं.६ आर्थिक बिकास क्षेत्रका अवसरहरु, संभावनाहरु, कमजोर पक्षरु र चूनौतीहरु् | ४९-५३ |
| तालिका नं.७.आर्थिक विकासको सोच तालिका | ५३-६१ |
| तालिका नं.८:समाजिक विकास क्षेत्रका समस्या तथा सवालहरु,समाधानका उपायहरु | ७७-८२ |
| तालिका नं.९:सामाजिक विकास क्षेत्रका अवसरहरु, संभावनाहरु, कमजोर पक्षरु र चूनौतीहरु | ८३-८७ |
| तालिका नं.१०:सामाजिक विकासको सोच तालिका | ८७-१०६ |
| तालिका नं.११:भौतिक पूर्वाधार विकास क्षेत्रका समस्या तथा सवालहरु,समाधानका उपायहरु | १२२ |
| तालिका नं.१२:भौतिक पूर्वाधार विकास क्षेत्रका अवसरहरु, संभावनाहरु, कमजोर पक्षरु र चूनौतीहरु | १२२-१२५ |
| तालिका नं.१३:भौतिक पूर्वाधार विकासको सोच तालिका | १२५-१२७ |
| तालिका नं.१४.बन, बाताबरण तथा विपद् व्यवस्थापन क्षेत्रका समस्या तथा सवालहरु, समाधानका उपायहरु | १३८ |
| तालिका नं.१५:बन,बाताबरण तथा विपद् व्यवस्थापन क्षेत्रका अवसरहरु, संभावनाहरु, कमजोर पक्ष र चूनौतीहरु | १४० |
| तालिका नं.१६:बन, बाताबरण तथा विपद् व्यवस्थापन क्षेत्रको सोच तालिका | १४० |
| तालिका न.१७:संस्थागत श्रोत,क्षमता विकास तथा सुशासन प्रवर्द्धन क्षेत्रका का समस्या तथा सवालहरु, समाधानका उपायहरु | १५४ |
| तालिका नं.१८संस्थागत श्रोत,क्षमता विकास तथा सुशासन प्रवर्द्धन क्षेत्रका अवसरहरु, संभावनाहरु, कमजोर पक्षरु र चूनौतीहरु | १५५ |
| तालिका न.१९संस्थागत श्रोत,क्षमता विकास तथा सुशासन प्रवर्द्धन क्षेत्रको सोच तालिका | १५५ |
| तालिका नं.२०आवधिक विकास योजनाको ५ बर्षको बिषयगत अनुमानित कुल बजेट | १६६ |
| तालिका नं.२१आ.व. २०७४/०७५ को खुद पूँजीगत खर्च र आवियोको पाँच वर्षको विषयगत अनुमानित कुल बजेट ( रकम रु. हजारमा) | १६७ |

# परिच्छेद-१: परिचय

## १.१ पृष्ठभूमि

नेपालमा योजनावद्ध विकासको थालनी वि.सं. २०१३ सालदेखि भएको हो । स्थानीयस्तरमा खासगरी जिल्ला, नगर र गाउँपालिकास्तरमा वार्षिक विकास कार्यक्रमका माध्यमबाट गर्न खोजिएका विकासका प्रयासहरु स्पष्ट दूरदृष्टि विनानै कार्यान्वयन गर्ने परिपाटीले गर्दा केही समयको अन्तरालमा के कति ठोस उपलब्धि हासिल भयो भन्ने कुराको वस्तुगत मूल्यांकन गर्न कठिनाई हुनुको साथै स्रोत उपयोगको वास्तविक स्थिति स्पष्ट हुन नसकेको स्थितिमा सुधार गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राखी आवधिक विकास योजनाको शुरु भएको छ ।

गाउँपालिकाको समष्टिगत सामाजिक तथा आर्थिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकताहरू एवं स्रोत साधनको पहिचान एवम् परिभाषित गरिएको दस्तावेज ९म्यअगफभलतठ लाई आवधिक योजना भनिन्छ ।

गाउँवासीहरूको आधारभुत आर्थिक अवसरहरू तथा सामाजिक सेवाहरूमा पहुंच कसरी अभिवृद्धि गर्ने ? विकासको प्रतिफल प्राप्त गर्न वञ्चित भएका वर्ग समुदाय, लिङ्ग एवं विभिन्न उमेर समूहको समतामूलक विकास कसरी गर्ने ? जिल्लाको प्राकृतिक, आर्थिक तथा सामाजिक स्रोतको दिगो उपयोग सुनिश्चित गर्न सरकारी, गैरसरकारी तथा निजी लगानीलाई कसरी प्रोत्साहित र निर्देशित गर्ने ? गाउँपालिकाको वातावरण संरक्षण र सम्बर्द्धन कसरी गर्ने ? गाउँपालिकाको आर्थिक सामाजिक विकास र जनसङ्ख्याको वितरण तथा वस्ती विकासलाई उपयुक्त दिशातर्फ कसरी प्रवाहित गर्ने ? गाउँपालिकाको स्थानगत ९क्उबतष्बिा स्वरूपलाई ख्याल गरी विकासमा सन्तुलन कसरी ल्याउने ? आदि विकासका महत्वपूर्ण पक्षहरूका सम्बन्धमा उचित किसिमको निर्णयमा पुग्न आवियोले पथ प्रदर्शन गर्दछ ।

नेपालको संविधान, २०७२ को धारा ५९ मा राज्यको संरचना र राज्य शक्तिको बाँडफाँड सम्वन्धी व्यवस्था छ । जसअनुरुप स्थानीय स्तर देखिनै जनताको सार्वभौम सत्ताको प्रयोग गर्ने अनुकूल वातावरण वनाई मुलुकको शासन व्यवस्थामा जनताको बढि भन्दा बढि सहभागिता प्रवर्द्धन गर्न र स्थानीय जनतालाई स्थानीय स्तरमा नै सेवा उपलव्ध गराउन तथा स्थानीय स्तर देखि नै लोकतन्त्रको संस्थागत विकास गर्न विकेन्द्रीकरण तथा अधिकारको निक्षेपणका आधारमा स्थानीय स्वायत्तताको विकासको अवधारणा अघि सारिएको छ ।

प्रत्येक गाउँपालिकाले आफ्नो गाउँपालिकाको विकासका लागि दीर्घकालीन सोचका आधारमा आवधिक र वार्षिक विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने तथा आवधिक योजना कम्तिमा ५ वर्षको हुनुपर्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको छ । यसै सन्दर्भमा तयार गरिएको भिमरुक गाउँपालिकाको आवधिक विकास योजना ले विकासलाई स्थानीय स्तरमा संस्थागत गरी दिगो विकासका अवधारणा अनुसार लैजान सहभागितात्मक प्रक्रियासँग आवद्ध गराउने प्रयास स्वरुप भिमरुक गाउँपालिकाले यो आवधिक विकास योजना तर्जुमा गरी लागु गर्न लागेको हो ।

आवधिक विकास योजना तर्जुमा गर्दा केन्द्र र जिल्ला तहका सबै सरोकारवालाहरुको सहभागिता र स्वामित्वमा तयार गरी लागु गर्नु भनेको भविष्यमा हासिल हुने नतिजाको सकारात्मक परिवर्तनको निश्चितता प्रदान गर्नु हो । यसका लागि दीर्घकालीन सोच र लक्ष प्राप्त गर्न नतिजामुखी क्रियाकलापहरु पहिचान गर्न जरुरी हुन्छ ।

यसै कुरालाई मध्य नजर गरी तयार गरिएको भिमरुक गाउँपालिकाको आवियोले पनि उक्त अवधि भित्र गाउँपालिकाले चाहेको निर्दिष्ट दिशा (Desired Direction) तर्फ के कति सफल हुन सक्यो भन्ने कुरा सो सम्बन्धमा गरिएको समिक्षा तथा मूल्याङ्कनबाट जानकारी हासिल हुन सक्दछ । गाउँपालिकाको समष्टिगत योजना तर्जुमा र कार्यान्वयन पक्ष हेर्दा यसलाई आन्तरिक र वाह्य पक्षको अबस्थामा वर्गिकरण गर्न सकिन्छ । आन्तरिक योजना तर्जुमा र कार्यान्वयन पक्षमा गाउँपालिका र विषयगत कार्यालय अन्तरगतका योजना तथा कार्यक्रमहरु पर्दछन जुन गाउँपालिकाको रेखदेख र नियन्त्रणको क्षेत्रमा पर्दछन् । यस्तै वाह्य पक्षका कार्यक्रम र योजना भन्नाले गाउँपालिकाको पूर्ण नियन्त्रणमा नहुने तर निर्णयमा प्रभाव पार्दै नीतिगत सुधार र मार्ग दर्शनमा सहयोग गर्ने प्रकारका हुने गर्दछन् । यसमा खासगरी गैर सरकारी संस्था, सामुदायिक संघ, संगठन र निजी क्षेत्रका कार्यक्रमका साथै केन्द्रीय र क्षेत्रीय स्तरबाट संचालित योजना र कार्यक्रमहरु पर्दछन् । तथ्याङ्क, सूचना, जानकारीको निरन्तर अद्यावधिक हुन नसकेको अवस्थामा वाह्य पक्षबाट संचालित योजना तथा कार्यक्रमको नतिजाको समिक्षा/मूल्याङ्कन गर्न कठिन हुन जान सक्छ । त्यसैले समयमा सहि र सम्पूर्ण सूचना तथा तथ्यांकको संग्रह, विश्लेषण र उपयोग योजना तर्जुमाका लागि अपरिहार्य पक्ष हो ।

## १.२ गत योजनाको संक्षिप्त समिक्षा

यस झिमरुक गाउँपालिका अन्तर्गत रहेका साविकका ओखरकोट,बादीकोट,बांगेमरोठ,तोरबाङ र तुषारा गा.वि.स.गरी ५ वटा गा.वि.स.र लिवाङ गा.वि.स. (७, ८र ९ वडाहरु) हरुमा विगतमा आवधिक योजना तयार गरि कार्यान्वयन गर्ने गरेको पाइदैन । बार्षिक बजेट तथा योजना तर्जुमा प्रक्रियालाई आधार मानेर योजना कार्यान्वयन हुने गरेको हुदा आवधिक योजनाको महत्वबोध नभएको हुन सक्दछ । स्थानीय विकासका महत्वपूर्ण सवालहरुका सम्बन्धमा उचित किसिमको निर्णयमा पुग्न,विकास कार्यक्रमलाई दीर्घकालिन सोच र उद्धेश्यबाट अभिप्रेरित गर्न,स्थानीय सम्भावनाहरुलाई आर्थिक तथा सामाजिक सम्बृद्धिमा रुपान्तरण गर्न,विकासका अवरोधकको पहिचान गरी समाधानको किटान र श्रोत साधनको विनियोजनलाई मार्ग निर्देशन गर्न,स्थानीय आवश्यकता र प्राथमिकता बिच तालमेल कायम गर्न,विकास प्रक्रियामा नेतृत्व,स्वामित्व र सहयोगी भूमिकाको स्पष्ट कार्यक्षेत्र किटान र जिम्मेवारी निर्धारण गर्न,सेवा सुविधालाई सर्बसुलभ,गुणस्तरीय र बिश्वसनिय बनाउन आवधिक विकास योजना तर्जुमा गर्नु पर्ने सरकारको बाध्यकारी प्रावधान हुदा हुदै पनि प्रक्रियाको रुपमा योजना तर्जुमा गरी अभिलेखीकरण गरिदा जनताका वास्तविक मागहरुलाई सम्बोधन गर्न नसकिने र विकासको प्रतिफल आम जनमानसमा जान नसकी सन्तुलित विकास हुन नसकेको हो ।
विगतमा आवधिक विकास योजना तर्जुमा कमै मात्रामा हुने गरेको र तयार भएको अवस्थामा पनि तलका बिषयहरुलाई ध्यान दिन नसक्दा आवधिक योजना कार्यान्वयन फितलो हुन गइ आशातित उपलब्धि हासिल हुन नसकेको प्रष्ट हुन्छ ।
जनतालाई केन्द्रबिन्दुमा राखेर सम्पूर्ण योजना तर्जुमा प्रक्रियामा लक्षित बर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गराउने जनकेन्द्रित विकास,पारदर्शी,जवाफदेही,स्वच्छ एवं सदाचारयुक्त,परिणाममुखी र जनसहभागितामुलक सुशासन प्रक्रिया,यथासम्भव स्थानीय श्रोत साधन र सिपको प्रयोग गरी योजनामा दिगोपना ल्याउने,निर्णय प्रक्रियामा सम्पूर्ण सरोकारवालाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ,समावेशीकरण,गरिबीको रेखामुनी रहेका एवं विपन्न र सीमान्तकृत बर्गका लागि आयमूलक एवं रोजगारमूलक कार्यक्रम सञ्चालन गरी गरिबी न्यूनिकरण गर्ने ,स्वदेशी एवं बिदेशी पूजी आकर्षित गरी लगानी प्रवर्द्धन गर्ने ,सबै जातजाती,धर्म,लिङ्ग,बर्ण,भूगोल,सीमान्तकृत बर्ग,अपाङ्ग,गरिब एवं पिछडिएको बर्ग,दलित,मधेशी आदि सबैको सेवा सुविधामा पहुँच पुगी समतामूलक विकास,समन्वय र साझेदारी,क्षमता अभिबृद्धि गर्न, भूउपयोग,सामाजिक न्याय,विकासका नयाँ चुनौतीहरुको सम्बोधन,केन्द्रिय एवं प्रादेशिक योजनासंग तादात्म्यता,एकीकृत बस्ती विकास, वाताबरण मैत्री,बालमैत्री,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण,दिगो विकास र मानव संसाधन विकास जस्ता विकासका नयाँ आयामहरुमा विगतका योजनाहरुले खासै ध्यान पुऱ्याएको देखिदैन । जनताको साझा अवधारणा स्थापित गर्ने,विकास प्रक्रियामा सबैको जागरुकता र संगठित प्रयासको पहल गर्ने,जनतालाई अधिकार प्रति सचेत र कर्तब्य प्रति जागरुक बनाउने,स्वयंसेबी,अपनत्व,सहअस्तित्व,सहिष्णुता र मित्रताको प्रवर्द्धन गर्ने महत्वपुर्ण औजारको रुपमा रहेको सामाजिक परिचालनलाई विगतका योजनाहरुमा समावेश गरेको पाइदैन । जसले गर्दा विकासको प्रतिफल समान रुपमा वितरण हुन नसकी धनी र गरिब बिचको खाडल बृद्धि भएको पाईन्छ ।
साविकका ओखरकोट,बादीकोट,बांगेमरोठ,तोरबाङ र तुषारा गा.वि.स.गरी ५ वटा गा.वि.स.र लिवाङ गा.वि.स. (७,८ र ९ वडाहरु)हरुको विकासका लागि विगतमा भएका प्रयासहरू, लिइएका नीतिगत निर्णयहरू, विगतमा संचालित योजना तथा कार्यक्रमहरूको विवेचना एवम् उपलब्धिको संक्षिप्त मूल्याङ्कन गर्ने कोशिस गरिएको छ । देहायका कुराहरूलाई आधार मानी विगतका प्रयास तथा उपलब्धीहरुको समीक्षा गरिएको छ ।

(क) गाउँपालिका वस्तुस्थिति चित्रणमा समावेश गरिएका तथ्याङ्क, सूचना र विश्लेषणबाट आएका निष्कर्षहरु ।

(ख) वार्षिक प्रगति प्रतिवेदनहरू ।

(ग) सम्बन्धित क्षेत्रमा भएका अध्ययन प्रतिवेदनहरू । यसका लागि परिमाणात्मक र गुणात्मक रूपमा गाउँपालिकाको विकास गति कतातिर अघि बढेको छ ? यसको दर के कस्तो छ ? र यसले के के कुरामा प्रभाव पारेको छ ? आदि कुराहरु समीक्षात्मक रूपमा स्पष्ट पार्ने कोशिश गरिएको छ । विगतका प्रयास र उपलब्धिको विवेचना गर्दा भौतिक निर्माण कार्यक्रमहरू (Hardware Programme) को मात्र नभई मानवीय विकास वा दक्षता अभिवृद्धि सम्बन्धी (Software) कार्यक्रमहरूको समेत विवेचना गरिएको छ ।

### समीक्षाका प्रकियाहरु

विगतको गाउँपालिका वस्तुस्थिति विवरण समिक्षाका लागि निम्न प्रक्रियाहरु अवलम्वन गरिएको थियो ।

(क) सम्पूर्ण सहभागीहरुलाई पूर्व निर्धारित पाँच वटा विषयगत समुहहरु (आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, बन तथा वातावरण र संस्थागत श्रोत तथा क्षमता विकास) मा विभाजन गरिएको थियो ।

(ख) प्रत्येक विषयगत समुहलाई गाउँपालिका वस्तुस्थिति पुस्तक उपलव्ध गराई निम्नानुसारका विषयबस्तुहरु माथि समिक्षा गर्न अनुरोध गरिएको थियो ।

- योजना तर्जुमा तथा कार्यान्वयनको क्रममा देखिएका सकारात्मक पक्ष तथा कमी कमजोरीहरु ।
- योजना कार्यान्वयनको समयमा आईपरेका विभिन्न जोखिमपक्षहरुले प्रत्यक्ष वा परोक्षरुपमा पारेको प्रभाव ।
- अन्य विविध जानकारीहरु ।

## आवियो तर्जुमाका विधि तथा प्रक्रियाहरु

राष्ट्रको स्रोत तथा साधनलाई निश्चित समयभित्र तोकिएको लक्ष्य हासिल गर्न कुशलतापूर्वक उपयोग गर्नुपर्ने आवश्यकतालाई महसुस गरी आर्थिक तथा सामाजिक विकासलाई प्रवर्द्धन गर्ने नीतिगत अस्त्र (Policy tools) को रूपमा योजनाको अवधारणा (Concept of development planning) ले लोकप्रियता पाउँदै आएको छ । विगतमा योजना तर्जुमा गर्दा मुलुकको भविष्यको स्वरूप कस्तो हुनुपर्ने हो सोको परिकल्पना गरी सोको आधारमा लक्ष्य निर्धारण गरेर सुरु गरिने प्रचलन रहेको थियो । यसप्रकारको योजना बढी केन्द्रमुखी रहने तथा स्थानगत समस्याहरूप्रति बढी संवेदनशील नहुने हुँदा पछिल्लो समयमा स्थानीय समुदायको सहभागितामा योजना बनाउनका लागि सम्भावना र योजना तर्जुमा प्रक्रियालाई विकेन्द्रीत गरिएकोछ । विकेन्द्रीत योजना तर्जुमा प्रक्रियामा स्थानीय समस्याहरूको विस्तृत विश्लेषण गरी विद्यमान अवस्थाको आँकलन गरेर भविष्यमा कहाँ पुग्नुपर्ने हो सोको आधारमा लक्ष्य किटान गर्ने कोशिस गरिएकोछ ।

अतः आवधिक विकास योजना तर्जूमाको प्रारम्भमा गाउँपालिकाको विद्यमान अवस्था विश्लेषण गर्न आवश्यक पर्ने तथ्याङ्क संकलन र विश्लेषण तयार हुने सूचनाका आधारमा विकासका लागि गाउँपालिकाको गन्तव्य (Destination) को पहिचान र त्यहाँ पुग्नका लागि मौजुदा समस्या र सवालहरू (Problems and Issues) एवम् उपलब्ध अवसर र सम्भावनाहरू (Opportunities and Potentials) का आधारमा विगतको प्रवृत्ति ९एबकत तचभलम० समेतलाई ध्यानमा राखी आगामी पाँच आर्थिक बर्षमा गाउँपालिकालाई कस्तो अवस्थामा पुऱ्याउने भन्ने कुरामा सरोकारवालाहरुलाई अभिमुखीकरण, सरोकारवालासँग विभिन्न समयमा चरणबद्ध छलफल र अन्तरक्रिया गरी यो आवधिक विकास योजना तयार गरिएको छ ।

यो आवियो पूर्णतः स्थानगत आधार (Spatial Basis) मा तर्जुमा गरिएको योजना भएकाले यो एकातिर विद्यमान अवस्था, विकासका समस्या/सवालहरू एवम् चुनौतीका आधारमा र अर्कोतर्फ स्थानीय स्तरमा उपलब्ध सीप, क्षमता एवम् अवसर र सम्भावनाहरूमा केन्द्रित भई वास्तविक धरातलमा रहेर तयार गरिएको छ ।

## सन्दर्भ सामाग्रीहरुको अध्ययन तथा पुनरावलोकन

झिमरुक गाउँपालिकाको आवियो तर्जुमा गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४,राष्ट्रिय जनगणना २०६८ का प्रतिवेदनहरु, झिमरुक गाउँपालिकाको अध्यावधिक वस्तुगत विवरण २०७४, जिल्ला स्थित सरकारी कार्यालयहरुका बार्षिक प्रगति प्रतिवेदनहरु, साविकका गाउँ विकास योजना समिक्षा प्रतिवेदनहरु, विषयगत कार्यालयहरुको बार्षिक आय व्यय विवरणहरु, साविकका गाविसको बार्षिक आय व्यय विवरणहरु, विद्यालय क्षेत्र विकास योजना, खानेपानी तथा सरसफाइ गुरु योजना, जिल्ला यातायात गुरुयोजना आदिको अध्ययन तथा पुनरावलोकन गरिएको थियो ।

## पूर्व योजना तर्जुमा कार्यशाला गोष्ठी

झिमरुक गाउँपालिकाको आयोजनामा गाउँपालिकाका पदाधिकारी, गाउँपालिका स्थित राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, पूर्व निर्वाचित गाउँपालिकाका पदाधिकारीहरु, गाउँपालिका स्थित विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, नागरिक समाज, गैसस, नीजि क्षेत्रका प्रतिनिधिहरु, गाउँपालिकाका सचिव, सञ्चार क्षेत्रका प्रतिनिधिहरु, महिला, बालबालिका, अपाङ्गता भएका, दलित, आदिवासी जनजाती समुदायका प्रतिनिधिहरुको सहभागितामा आवधिक विकास योजना तर्जुमाको अवधारणा, महत्व, विधि, प्रक्रिया, समय तालिका, जिम्मेवारी तालिका सम्वन्धमा आवश्यक छलफल तथा निर्णयहरु गरिएको थियो । सोही पूर्व तयारी कार्याशाला गोष्ठीमा तय गरिएको विधि अवलम्वन गरी झिमरुक गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा गरिएको छ ।

**गाउँपालिकाको वस्तुगत विवरण (गाउँपालिका पार्श्वचित्र) तयारी**

आवधिक विकास योजना तर्जुमा गर्नु पूर्व भाग एकका रुपमा गाउँपालिकाको वस्तुगत विवरण तयार गरिएको थियो । पूर्व योजना तर्जुमा कार्यशाला गोष्ठीले तय गरेको सूचना संकलन ढाँचाका आधारमा सूचना संकलन र विश्लेषण गरी भ्धिमरुक गाउँपालिकाको गाउँपालिका पाश्र्व चित्रको तयारी गर्ने कार्य गरियो । सो कार्य सम्पन्न गर्न पाँच वटा विषयगत समुहहरु गठन गरिएका थिए । गाउँपालिका वस्तुगत विवरण तयारी क्रममा सम्भाव भए जतिका सूचनालाई भौगोलिक सूचना प्रणाली ९न्भयनचबउजष्अ क्ष्लायचकबतष्यल क्थकतभक(न्क्ष्क० मा आधारित नक्सामा प्रस्तुत गरिएको छ । मस्यौदाको रुपमा तयार गरिएको गाउँपालिका पाश्र्व चित्र पुनः गाउँपालिकाका सबै सरोकारवालाहरुको उपस्थितिमा समुहगत र पूर्ण सत्रमा प्रस्तुतिकरण सहित छलफल गराई प्राप्त पृष्ठपोषणहरुलाई समेत समावेश गरी गाउँपालिका वस्तुगत विवरणलाई अन्तिम रुप दिइएको थियो । यसरी तयार गरिएको गाउँपालिका वस्तुगत विवरणमा आधारित भै यो आवधिक विकास योजना दस्तावेज तयार गरिएको हो ।

**योजना तर्जुमा कार्यशाला गोष्ठी**

आवधिक विकास योजना को प्रमुख मार्ग निर्देश मानिएको दीर्घकालिन सोच व्यापक सहभागितामूलक प्रक्रियाबाट तयार गरिएको थियो । २०७४ साल आश्विन ३० देखि ३१ गतेसम्म (दुई दिन) विभिन्न चरण हुँदै र प्रक्रियाहरुको अबलम्वन गर्दै यो आवधिक विकास योजना तर्जुमा गरिएको हो । आवधिक विकास योजना तर्जुमा गर्ने सिलसिलामा निम्नानुसारको विधि तथा प्रक्रियाहरु अवलम्वन गरिएका थिए । आवियो तर्जूमाका विभिन्न चरणहरुमा स्थानीय प्रतिनिधिको समेत सहभागिता रहेको थियो । यसरी यो आवियोलाई अन्तिम रुप दिन केन्द्र र जिल्लास्तरका सबै सरोकारवालाहरुबाट प्राप्त परामर्श, राय सुझाव र सरसल्लाह समेटी अन्तिम रुप दिइएको छ । आवियो तर्जुमाका क्रममा निम्नानुसार कार्यहरु गरिएको थियो ।

- गाउँपालिका स्तरका सबै सरोकारवालाहरु (राजनीतिक दल, गाउँपालिका स्थित विषयगत कार्यालय, गैसस, नागरिक समाज, वित्तिय क्षेत्र, नीजि क्षेत्र, सुरक्षा निकाय) को सहभागितामा पूर्व तयारी कार्यशाला गोष्ठीको आयोजना गरी आवियोको महत्व, यसको तयारीका प्रक्रियाहरु तथा सरोकारवालाहरुको भूमिकाका बारेमा छलफल गरी सहमति निर्माण गरिएको थियो ।
- आवियो तयार गर्ने सन्दर्भमा भ्धिमरुक गाउँपालिकाको अवसरहरु, संभावनाहरु, समस्याहरु र चुनौतीहरुका बारेमा विषयगत समुहहरुमा छलफल गरी पहिचान गरियो ।
- आवधिक विकास योजनाका उपलव्धीहरुका बारेमा विषयगत समूहमा छलफल गरियो ।
- सहभागितामूलक पद्धति अवलम्वन गरी गाउँपालिकाको दीर्घकालीन सोच र निर्देशक सिद्धान्तहरुको निर्धारण गरियो
- नतिजामा आधारित आवधिक विकास योजना तर्जुमा गर्ने सिलसिलामा तर्कवद्ध ढाँचामा समुहगतरुपमा क्षेत्रगत उद्धेश्य, विषयगत उद्धेश्य, सूचकहरु, क्रियाकलापहरु र सोको लागि आवश्यक पर्ने बजेटहरुको समेत निर्धारण गरी आवियो तयार गरिएको छ ।
- सो आवियो कार्यान्वयन गर्नका लागि वर्तमान मानव संसाधन र भौतिक सुविधाको अवस्था कस्तो छ भनी सो बारेमा समेत समिक्षा गरियो ।
- आवियो तयार गर्ने सिलसिलामा कार्यान्वयन तथा अनुगमन योजना समेत निर्माण गरिएको छ ।

**आवियोको दस्तावेज तयारी तथा लेखन**

दुई दिने कार्याशालाबाट प्राप्त सामाग्रीहरुको आधारमा तयार गरिएको आवधिक विकास योजना को मस्यौदा दस्तावेजलाई अन्तिम रुप दिने सिलसिलामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्य बिषय विज्ञहरुबाट समेत सुझावहरु लिने कार्य भएको थियो । यसका अतिरिक्त प्यूठान जिल्लाबाट प्रतिनिधित्व गर्नु हुने माननीय सांसदज्यूहरुसँग छलफल गरि सुझाब संकलन गर्ने कार्य समेत गरिएको थियो । यसरी विभिन्न क्षेत्रबाट प्राप्त सुझावलाई समावेश गरी तयार गरिएको आवियो दस्तावेजलाई गाउँपालिका स्थित सरोकारवालहरुको सुझाब सहित अन्तिम रुप दिन गाउँपालिकाका प्रमुख सरोकारवालाहरु रहेको कार्यशाला गोष्ठीको आयोजना गरिएको र सोहि गोष्ठीबाट प्राप्त सुझावहरु समावेश गरी तयार गरिएको अन्तिम मस्यौदा दस्तावेजलाई स्विकृतीका लागि भ्धिमरुक गाउँपालिकामा पेश गरिएको थियो ।

**गाउँ सभाद्धारा स्विकृत**

विभिन्न चरण र प्रक्रिया अवलम्वन गरी आ.ब.२०७५/७६ देखि २०७९/८० सम्मका लागि तयार गरिएको आवियो दस्तावेजलाई २०७५ साल आषाढ मसान्तमा गाउँसभाले अनुमोदन गरी सोहि अनुसार लागु गर्ने निर्णय भएको छ ।

## १.३ बिद्यमान अवस्थाको विश्लेषण

### गाउँ विकासका सवल पक्षहरु, कमजोरी पक्षहरु,अवसरहरु तथा चूनौतिहरु

झिमरुक गाउँपालिकामा विकासका विभिन्न क्षेत्रमा लगानीको अभावले अपेक्षाकृत फाइदा लिन सकिराखेको अवस्था छैन जसको मूल कारण अशिक्षा, पुराना मूल्य मान्यता, स्रोत साधनको अपर्याप्तता र मानवीय शक्तिको अभाव मूल रुपमा रहेको छ । गाउँपालिकालाई चिनाउने पर्यटन, पशुपालन लगायत विभिन्न क्षेत्रको विकासबाट समेत मनग्य फाइदा लिन सक्ने अवसर हुँदा हुँदै पनि यहाँको विकासको गति न्यून रहेको भने यथार्थ नै हो । आवधिक विकास योजना तर्जुमा गर्ने विभिन्न चरणहरुमा गाउँपालिकाको यीनै विकासका प्रमुख संभावना, अवसर, समस्या तथा चूनौतिहरुको घनिभुत रुपमा छलफल तथा विश्लेषण गरी आवधिक विकास योजनालाई मुर्त रुप दिने कार्य भएको थियो । यसप्रकार गाउँपालिकाको समष्टिगत विकासमा देखिएका सम्भावनाहरु, चूनौतिहरु, अवसर र समस्याहरुको छलफल गरी आएका निचोडहरुको छोटकरीमा देहाय वमोजिम प्रस्तुत गरिएको छ ।

### १.३.१ सबल पक्षहरु

ब्यबसायिक कृषि तथा पशुपालन र विभिन्न प्रकारका प्राकृतिक श्रोतहरु तथा पर्यटकीय क्षेत्रहरुको कारण तिनीहरुको उचित व्यवस्थापन गर्न **स**केमा यस गाउँपालिकामा प्राकृतिक श्रोतहरु तथा पर्यटन व्यवसायबाट गाउँपालिकाको विकास हुने संम्भावना रहेको देखिन्छ । गाउँपालिकाको विकासको संम्भावनालाई देहाय वमोजिम विशिष्टिकरण गर्न सकिन्छ ।

#### क. परम्परागत सिप र प्रविधिको विकास तथा विस्तार

स्थानीय सिप र प्रविधिको विकास आधुनिक प्रविधि संगै समायोजन गरी तथा विस्तार गर्न सकेमा गाउँपालिकाको विकासमा योगदान हुने देखिन्छ । गाउँपालिकाको जातजाती, भाषा, धर्म, सँस्कृति र भौगोलिक क्षेत्र अनुसार समग्र गाउँपालिकाबासीहरुमा स्थानीय तथा परम्परागत ज्ञान, सीप, र प्रविधिहरु प्रचलनमा रहेको पाइन्छ । उक्त ज्ञान, सीप र प्रविधिहरु समयानुसार परिमार्जन हुँदै समेत आएका छन् । त्यसैगरी कृषि, व्यवसाय, वन, शिक्षा तथा स्वास्थ्य जस्ता क्षेत्रमा विभिन्न निकायहरुबाट नागरिकहरुमा ज्ञान तथा सीपको हस्तान्तरण हुँदै आएको छ । उक्त सीप तथा प्रविधि हस्तान्तरण कार्यक्रमबाट वस्तु तथा सेवा उत्पादन गर्ने वातावरण निर्माण भएको छ । हाल गाउँपालिकामा विकासको माध्यमबाट पूर्वाधार, यातायात, संचार सेवा र सुविधा तथा सूचना प्रविधि सुविधाको बढोत्तरी र विस्तारले स्थानीय तथा परम्परागत ज्ञान, सीप र प्रविधि परिचालन र बृद्धि समेतमा सहयोग पुग्ने अपेक्षा लिइएको छ ।

#### ख. वैकिङ तथा सहकारी विकास

गाउँपालिकामा स्थानीय उत्पादन, व्यापारिक तथा बजारको हिसावले संभावनायुक्त भएको हुँदा सहकारी तथा वैकिङ्ग क्षेत्रको विकास र विस्तार गर्न सकिने संभावना रहेको छ । छरिएर रहेको पूँजिलाई सहकारी र वैकिङ्गको माध्यमबाट एकीकृत गरी सहकारीलाई बढी प्राथमिकता दिन सकिने प्रशस्त संभावना रहेको छ । विभिन्न किसिमका आर्थिक तथा सामाजिक र पूर्वाधार विकास सम्बन्धी कार्यहरुको बृद्धि र विकासले वैकिङ्ग तथा सहकारी विकासको संभावनामा बृद्धि गरेकोछ । गाउँपालिकामा बढदै गएको यस्ता प्रकारका विकासका गतिविधिले वैकिङ तथा सहकारी विकासमा अभिबृद्धि हुँदै आएको पाइन्छ ।

#### ग. जलश्रोतको प्रयोग

यस झिमरुक गाउँपालिका भएर वहने बिभिन्न खोलाहरुबाट थुप्रै जलविद्युत योजनाहरु संचालन गरी रोजगारीको सिर्जना गर्ने तथा त्यसबाट आय रोयल्टी वापत आय आर्जन गरी गाउँपालिकाको विकासको लागि आवश्यक स्रोत जुटाउन सकिने सम्भावना रहेको छ भने यिनी खोलाहरुबाट गाउँपालिकाको खेती योग्य भूमीमा सिँचाइ सुविधा पुर्‍याई रोजगारी र आर्थिक

विकासका नयाँ क्षेत्रहरुको ढोका खुल्न सक्ने देखिन्छ । यसबाट गाउँपालिकामा खाद्यन्न उत्पादनमा बृद्धि भइ खाद्य सुरक्षाको अवस्थामा सुधार गर्न योगदान पुग्ने देखिन्छ ।

### घ. वन व्यवस्थापन मार्फत वातावरण सेवा भुक्तानी

झिमरुक गाउँपालिकामा वनको वैज्ञानिक तथा दिगो व्यवस्थापन गरी वनमा आश्रित उपभोक्ता तथा समुदायलाई यसको उपयोग गर्ने संस्था तथा कम्पनी र राज्यले कार्वन सिक्वेष्ट्रशन तथा संचिती गरी श्रोत तथा वातावरण संरक्षणमा योगदान गरे वापत वातावरणीय सेवा भुक्तानीको प्रशस्त संभावना रहेकोछ । यसको अलावा यस गाउँपालिकामा प्रशस्त मात्रामा औषधीजन्य जडिबुटीको सम्भावना रहेको हुँदा त्यसको विकास र विस्तार गरी आम गाउँबासीको आर्थिक उपार्जन गर्न सक्ने प्रर्याप्त सम्भावना रहेको देखिन्छ ।

### १.३.२ गाउँ पालिकाका सुधार गर्नु पर्नेपक्षहरु

विकासका विभिन्न अवसर र सम्भावनाहरुको बावजुद यो झिमरुक गाउँपालिका आर्थिक तथा सामाजिक विकास लगायत उद्योग, वाणिज्य, संस्थागत विकास, स्थानीय शासन र उत्तरदायित्व, शान्ति सुरक्षा आदि विभिन्न क्षेत्रमा विविध समस्याहरुबाट गुज्रिएको छ । गाउँ विकासका विगतका प्रयास र उपलब्धीहरु एवं वस्तुस्थिति विवरण तथा सहभागितात्मक छलफलबाट पहिचान गरिएका कमजोरी पक्षहरुलाई बुँदागत रुपमा संक्षिप्तमा रुपमा तल प्रस्तुत तथा विश्लेषण गरिएको  छ ।

### क. गरिबी, वेरोजगारी र असमानता

जिल्लाको औषत गरिबीको दर ३२.१९ प्रतिशत रहेको  सन्दर्भमा यस झिमरुक गाउँपालिकाको ३०.७ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि बाँची रहेका छन । यो तथ्याङ्कले यस गाउँपालिकाको गरिवीको विकराल अवस्थालाई चित्रित गर्दछ । साथै गाउँपालिकामा सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास कार्यक्रमहरुको अपर्याप्तता, परिणाममुखी तथा प्रभावकारी कार्यान्वयनको कमीको कारण गाउँपालिकामा आर्थिक तथा सामाजिक विकासले खासै गति लिन सकेको छैन् । उत्पादनशील मानव संसाधन विशेष गरी युवाशक्ति विदेश पलायन हुने कम बढ्दो रुपमा रहेको छ । यसैगरी लैङ्गिक, वर्गीय, जातीय तथा क्षेत्रीय असमानता पनि विद्यमान छ । विकासको प्रतिफलहरुमा आम नागरिकहरु विशेष गरी लक्षित वर्गको पहुँच र अवसरमा कमी भएका कारण असमानतामा कमी आउन सकेको छैन । गाउँपालिकाको रणनीतिक योजना र कार्यक्रमको कमीका कारण रोजगारीको अवसरमा पनि गाउँवासीको पहुँचमा कम रहेको देखिन्छ । जसअनुसार गाउँपालिकाको समग्र विकासमा समयसापेक्ष रुपमा खासै सुधार भएको पाइदैन ।

### ख. सेवा सुविधामा न्यून पहुँच र उपलब्धता

सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारहरुको न्यून उपलब्धता, संस्थागत विकास, श्रोत परिचालन र सुशासनमा हुनुपर्ने सुधार नभएका कारण विकास कार्यहरु परिणाममुखी र प्रभावकारी हुन सकेका छैनन् । फलस्वरुप गाउँपालिकाबासी विशेष गरी पिछडिएको गाउँका बासिन्दाहरुमा आधारभूत सेवा तथा सुविधाहरु समेत उपलब्ध हुन सकेको छैन । उपलब्ध सेवा सुविधामा पनि लक्षित वर्ग, क्षेत्र र समुदायका मानिसहरुको पहुँच पुग्न सकेको छैन ।

### ग. उपलब्ध प्राकृतिक श्रोत साधनको न्यून उपयोग

गाउँपालिकामा वन, जलश्रोत तथा जैविक विविधता जस्ता नविकरणीय प्राकृतिक श्रोतहरु पर्याप्त उपलब्ध रहेको साथै अन्य प्राकृतिक श्रोतहरु समेतको प्रशस्त संभावना भएर पनि श्रोत साधन, प्राविधिक ज्ञान, सीप, क्षमता, उपयुक्त संस्थागत व्यवस्था, कार्यक्रम र लगानीको कमीका कारण उक्त श्रोतहरुको लागि उपलब्ध साधनहरुको परिचालन हुन सकेको छैन । यस सम्बन्धी उपलब्ध नीति नियम पनि व्यवहारिक रहेका छैनन् र उपलब्ध श्रोत, साधन र लगानी प्रर्याप्त रहेको छैन । कार्यक्रमहरु अपर्याप्त, कमजोर संस्थागत क्षमता र कार्य वातावरण समेत अनुकुल र भएका कार्यहरु समेत पारदर्शी, समावेशी र नतिजामूलक छैनन् ।

### घ. भू-उपयोग तथा दीर्घकालिन र व्यवहारिक योजनाको अभाव

उपलब्ध नीति, ऐन, नियम तथा निर्देशिकाका बाबजुद हालसम्म यस गाउँपालिकामा कुनै पनि रणनीतिक योजना बन्न सकेका छैनन् ।गाउँपालिकामा अति आवश्यक भू-उपयोग लगायत कुनै पनि दीर्घकालिन तथा रणनीतिक योजनाहरु

तर्जुमा समेत हुन सकिरेहका छैनन् र तर्जुमा भएका योजनाहरुको पनि व्यवहारिक प्रयोगको स्थिति ज्यादै कमजोर रहेकोछ । स्वास्थ्य, शिक्षा, वन तथा वातावरणीय क्षेत्रको जिल्ला स्तरका रणनीतिक योजनाहरु वनेका छन तर गाउँपालिका विशेष भएर योजनाहरु वनाइ कार्यान्वयन भएको अवस्था देखिँदैन ।

**ङ. न्यून सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको विकास**

अत्यावश्यक स्वास्थ्य सेवा गाउँपालिकाको सबै क्षेत्रमा उपलब्ध हुन सकेको छैन । उपलब्ध भएको सेवा पनि नियमित, गुणस्तरीय र भरपर्दो छैन । उपलब्ध शिक्षा गुणस्तरीय, व्यवहारिक तथा रोजगार उन्मुख छैन । खानेपानी, सरसफाइ, सिँचाई तथा अन्य पूर्वाधारमा कमी र नियमित हुन सकेको छैन । उपलब्ध पूर्वाधारमा समेत सर्वसाधारणको पहुँच पुग्न सकेको छैन । जनतासँग प्रत्यक्ष सरोकार राख्ने गाउँपालिकाको कार्यालय भवन हुदाहुदै अन्य सुविधा उपलब्ध नभएका कारण सम्बन्धित गाउँपालिकामा कार्य संचालन नभएर जिल्ला सदरमुकामबाट संचालन हुँदै आएका छन् । जिल्लाको सबै गाउँ वस्तीहरु सडक सञ्जालबाट जोडिने कुरा धेरै टाढाको विषय रहेकोले यो गाउँपालिका पनि यातायातको राष्ट्रिय सञ्जालमा जोडिन सकेको छैन जसबाट यहाँको सेवा र सुविधाको अवस्था कस्तो छ भनेर आँकलन गर्न कठिन छैन । त्यसैगरी विद्युत सेवा सबै वस्तिहरुमा पुग्न सकेको छैन जसले गर्दा कृषि कार्य लगायत आर्थिक गतिविधिमा अवरोध पुग्न गएको छ ।

**च. गाउँपालिकाको न्यून श्रोत परिचालन क्षमता**

कमजोर संस्थागत क्षमता, आवश्यक ज्ञान तथा सीप, भौतिक सुविधा र कार्य प्रक्रियाको कमीको कारण आन्तरिक श्रोतको परिचालन हुन सकेको छैन भने उपलब्ध अनुदान, श्रोत तथा साधन समेत परिणाममुखी र प्रभावकारी उपयोग हुन सकेको छैन । गाउँपालिका एवं स्थानीय शासन साझेदार विशेष गरी लक्षित वर्ग तथा समुदायहरुको क्षमताको न्यूनताका कारण आन्तरिक र वाह्य श्रोत साधनको प्रभावकारी परिचालन हुन सकिरहेको छैन । संभाव्य श्रोतहरुको अध्ययन तथा खोजि, अनुमान तथा प्रक्षेपण, सम्बन्धित निकाय तथा पक्षसँग समन्वय, नीतिगत अड्चन तथा ऐन नियमहरु संसोधन गर्न सकिएको छैन र न्यून क्षमताका कारण प्रभावकारी रुपमा विकास आयोजनामा आन्तरिक, केन्द्र, वाह्य, नीजि तथा सामुदायिक श्रोत तथा साधनको परिचालन हुन सकिरहेको छैन ।

**छ. अपेक्षित संस्थागत क्षमता तथा कार्यदक्षतामा कमी**

गाउँपालिका तथा स्थानीय विकासका साझेदारहरुको कमजोर संस्थागत क्षमता विकासले विभिन्न समस्या भोग्नु परिराखेको अवस्था रहेको छ । गाउँपालिकामा कार्यरत विषयगत कार्यालयहरु, संघ/संस्थाहरुमा योजना तर्जुमा, कार्यान्वयन, सूचना व्यवस्थापन, अनुगमन तथा प्रतिवेदनका साथै दक्ष कर्मचारीहरुको अभाव रहेको देखिन्छ । साथै उनीहरुमा समय सापेक्ष अनुरुपको क्षमता विकासका कार्यक्रमको कमीका कारण योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, समन्वय लगायत विभिन्न कार्यमा अपेक्षाकृत प्रगति हासिल गर्न सकिराखेको अवस्था पाइदैन । देशमा लम्बिदो राजनीतिक संक्रमणकाल, राजनीतिक अस्थिरता र शान्ति सुरक्षा एवं भौतिक पूर्वाधार विकासको मन्द गतिका कारण कतिपय गाउँपालिकामा सम्बन्धित गाउँपालिकाहरुबाटै सेवा तथा कार्य सञ्चालन हुन सकेको छैन, परिणाम स्वरुप यसबाट जनताले थुप्रै समस्या भोग्न परिराखेको अवस्था छ ।

**ज. नयाँ पिँढिको कृषि पेशाप्रति उदासिनता**

कृषि पेशाको लागि आवश्यक सुविधाहरुको कमी, बजारको सुनिश्चितताको कमीका कारण त्यसबाट प्राप्त प्रतिफलको कमी भई युवाहरुको कृषि पेशा प्रति आकर्षण घट्दै गएको छ । खास गरी युवा वर्गको झुकाव कम हुँदै जानुले गाउँपालिकाको आर्थिक विकासमा समस्याहरु देखा परिराखेको अवस्था सहजै अनुमान गर्न सकिन्छ । यसले गर्दा कृषिमा संलग्न भइ कृषि उत्पादनमा लाग्नुपर्ने युवा जनशक्ति विदेशिने क्रम तिव्ररुपमा बढेको छ । यस तर्फ गाउँपालिकाको विकास प्रत्यक्ष सरोकार राख्ने जिम्मेवार निकायले ध्यान पुऱ्याउन आवश्यक छ ।

**झ. अन्धविश्वास, लैङ्गिक तथा सामाजिक असमानता कायम हुनु**

राजनीतिक, सरकारी, गैरसरकारी तथा नागरिकको तर्फबाट थुप्रै प्रयासका बाबजुद लामो समय देखि जकडिएर रहेको अन्धविश्वास, लैंगिक तथा सामाजिक असमानता तथा विभेदमा अपेक्षित उपलब्धी हासिल हुन सकेको छैन । अझै पनि

छुवाछुत, बोक्सी तथा हलिया प्रथा जस्ता कुरीतिहरु समाजमा विद्यमान छन । स्थानीय विकास व्यवस्थापन लगायत स्थानीय शासन तथा निर्णय प्रक्रियामा नागरिक तथा लक्षित समुदायको संलग्नता समावेशी छैन र स्थानीयस्तरमा प्रवाहित सेवा तथा सुविधाहरु अधिकारमा आधारित, समतामूलक तथा नतिजामूलक छैनन् । फलस्वरुप लैंगिक तथा सामाजिक असमानता बढ्दो क्रममा रहेको छ जुन गाउँ विकासको एक समस्याको रुपमा विद्यमान रहेकोछ ।

### १.३.३ अवसरहरु

सहभागितात्मक रुपमा गाउँपालिकाका सम्पूर्ण सरोकारवाला व्यक्ति, निकाय तथा संघ सस्थाहरुको सहभागितामा भएको छलफल, विगतका प्रयास र उपलब्धीहरुको समीक्षा तथा वस्तुस्थिति विवरणबाट पहिचान भएका गाउँ विकासका अवसरहरुलाई देहाय वमोजिम प्रस्तुत गरिएको छ । यी अवसरहरु गाउँपालिकाको सामान्य रुपमा प्रस्तुत गरिएको अवधारणा मात्र हुन यसको अलावा थप नयाँ अवसर पनि हुन सक्दछन त्यसलाई पनि यस आवियोले अवसरको रुपमा लिन कुनै वाधा पार्ने छैन ।

#### क. गाउँपालिकामा विभिन्न स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरु कार्यरत रहनु

गाउँपालिकाको विकास गर्ने उद्देस्य राखी झिमरुक गाउँपालिकामा केहि राष्ट्रिय तथ अन्तराष्ट्रिय गैससहरु कार्यरत रहेका छन् जसबाट गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा सहयोग लिन सक्ने प्रयाप्त अवसरहरु छन । यस्ता संस्थाहरुको सहयोगबाट गाउँपालिकामा भएको गरिवी, अशिक्षा र पछौटेपनमा कमी ल्याउन योगदान पुगिरहेको छ । साथै संघ संस्थाहरुसँगको सहयोग र समन्वयमा गाउँपालिकाको सम्भावनालाई समृद्धिमा रुपान्तरण गर्न सकिने हुँदा गाउँपालिकामा कार्यरत यस्ता संघ संस्थाहरु गाउँपालिकाको लागि एक अवसरको रुपमा लिइएको छ ।

#### ख. दक्ष जनशक्ति उत्पादन र परिचालन गर्नु

प्यूठान जिल्लामा प्राविधिक र व्यवहारिक शिक्षा, परामर्श र अवसरको अभावका कारण जिल्लाका उत्पादनशिल जनशक्ती विशेष गरी ठूलो संख्यामा युवाहरु विदेश पलायन हुने गरेका छन । यसका साथै देश तथा वाह्य बजारमा प्राविधिक सीपयुक्त मानव संसाधनको अत्याधिक माग रहेकोछ । फलस्वरुव गाउँपालिकामा कार्यरत सरकारी, गैर सरकारी र नीजि क्षेत्रको लगानी तथा साझेदारीमा गाउँपालिकाका मानवीय शक्तिलाई दक्ष र सिपालु बनाउन सकिने अवसर गाउँपालिकाको लागि रहेको छ ।

#### ग. कृषिमा उन्नत प्रविधिको प्रयोग

यस झिमरुक गाउँपालिकामा खाद्य उत्पादनको प्रचुर सम्भावना भएकाले कृषिउत्पादनको व्यवसायीकरण तथा बजारीकरणबाट गाउँ विकासमा फड्को मार्न संभव छ । सूचना तथा संचार प्रविधिमा आएको आमूल परिवर्तनसँग कृषि प्रविधि उपयोग गरी गाउँपालिकाको आर्थिक विकासको गतिलाई तिब्रता दिन सकिन्छ । खास गरी गाउँपालिकामा बढि सम्भावनाको रुपमा देखिएको कृषि, पशुपालन तथा मौरीपालनलाई यससँग जोडन सकिन्छ ।

#### घ. संस्थागत क्षमता तथा सुशासन अभिबृद्धि

प्रभावकारी विकास प्रक्रियामा संस्थागत विकास, श्रोत परिचालन तथा सुशासन प्रमुख माध्यमको रुपमा रहेको हुन्छ । नेपालको समग्र विकास प्रक्रियामा जस्तै यस गाउँपालिकाको विकास प्रक्रियामा संस्थागत विकास श्रोत परिचालन र सुशासन सम्बन्धी समस्याहरु विद्यमान रहेका छन् । फलस्वरुप विकास कार्यहरु परिणाममुखी र प्रभावकारी हुन सकेका छैनन । यस सम्बन्धी उपलब्ध कानूनी व्यवस्था, औजार तथा रणनीतिहरुको राजनीतिक, प्रशासनिक र नागरिकस्तरबाट समेत परिपालना गर्न सके गाउँ विकासको अवधारणा अनुसार विकास कार्यलाई दिशानिर्देश गरी अपेक्षित परिणाम तथा प्रभावकारीता हासिल गर्न संभव हुनेछ ।

**ङ. स्वर्गद्धारी र गौमुखी जस्तो महत्वपूर्ण धार्मिक तिर्थस्थल यस** गाउँपालिका**को नजिक रहनु**

ऐतिहासिक तथा पौराणिक महत्व बोकेको स्वर्गद्धारी मन्दिरको प्रवेशद्धार यो गाउँपालिका रहेको छ यस्तो अवस्था हुनु यो गाउँपालिकाको लागि एउटा महत्वपूर्ण अवसर हो । यसको अतिरिक्त यस गाउँपालिकामा पर्यटक आर्कषण गर्न सक्ने थुप्रै प्राकृतिक स्थानहरु रहेका छन् ।

**च. प्राकृतिक संम्पदाहरुको भण्डार**

झिमरुक गाउँपालिका विभिन्न प्रकारका बहमुल्य प्राकृतिक सम्पदाहरुको भण्डार हो । यसबाट रोजगारीको सिर्जना गर्न सकिने, स्थानीय करबाट गाउँपालिकाको विकासको लागि स्रोत जुटाउन सकिने तथा स्थानीय व्यक्तिहरुको उपचारमा पनि प्रयोग गर्न सकिने आदिकारणले जडिबुटिलाई यस गाउँपालिकाको महत्वपूर्ण अवसरको रुपमा लिन सकिन्छ ।

### *१.३.४* चुनौतिहरु

गाउँ विकासका विगतका प्रयास र उपलब्धीहरु एवं वस्तुस्थिति विवरण तथा सहभागितात्मक छलफलबाट पहिचान गरिएका चूनौतिहरुलाई बुँदागत रुपमा संक्षिप्तमा तल प्रस्तुत तथा विश्लेषण गरिएको छ ।

**क. समग्र विकासलाई सम्बोधन गर्ने अनुकुल नीति नियम नहुनु**

गाउँपालिकाको भौतिक, भौगोलिक, सामाजिक, आर्थिक र साँस्कृतिक विशेषता अनुकुल नीति, नियम र योजनाको अभाव रहेको छ । भएका नीति, नियम, व्यवस्था र योजनाहरु पनि व्यवहारिक र समय सापेक्ष देखिदैनन् । त्यसमा पनि पहाडी क्षेत्रको लागि आवश्यक पर्ने उपयुक्त नीति नियमको खाँचो रहेको छ ।

**ख. जलवायू परिवर्तनको प्रभाव**

कार्वन लगायत हरित गृह ग्यासहरुको बढ्दो उत्सर्जनको कारण विश्व तापमानमा बृद्धि भएको छ र यसबाट विशेष गरी विकासोन्मुख तथा अल्पविकसित देश त्यसमा पनि ग्रामीण जनताको जनजीविका, श्रोत र साधनमा नकारात्मक प्रभाव परिरहेको छ । समयमा वर्षा नहुनु, हिउ नपर्नु, लामो समय खडेरी हुनु, अतिबृष्टि, खण्डबृष्टि तथा अनावृष्टि हुनु, गर्मी तथा जाडोमा बृद्धि हुनु, तापक्रम बढ्नु, वनस्पतिको जीवनचक्रमा बदलाव देखिनु, कृषि तथा वनबालीमा रोग किराको प्रकोपमा बृद्धि हुनु जस्ता जलवायु परिवर्तनका लक्षणहरु यस गाउँपालिकामा पनि पर्ने निश्चित छ । यसका साथै हिउँ पग्लने क्रममा बृद्धि, हिमताल फुट्ने, बाढीपहिरो जस्ता समस्यामा बृद्धि भैरहेको छ । यसको प्रभाव घटाउन अनुकुलन योजनाहरु बन्न र लागू हुन सकिरहेका छैनन् । फलस्वरुप विपद् र यसबाट हुने मानवीय तथा भौतिक क्षतिमा बृद्धि देखिएकोछ ।

**ग. पुरातनवादी संस्कृति/संस्कार कायम रहनु**

समय र विकासको सोचमा आमूल परिवर्तन आएको भएता पनि गाउँ विकासका प्रमुख साझेदारहरु यस प्रति सचेत रहेको नागरिकले महशुस गर्न पाएका छैनन् । अधिकांश सरोकारवाला संस्था र व्यक्तिमा पुरातनवादी सोच र संस्कार कायम रहेको देखिन्छ । यसबाट विकास कार्य नतिजामुखी र प्रभावकारी हुन सकेको छैन । विकासलाई अझैपनि भागवन्डामा सिमित राखिएको छ । प्राथमिकताको नीतिलाई अझैपनि अवलम्बन गर्न सकेको अवस्था छैन ।

**घ. आन्तरिक रोजगार सृजना गर्न नसक्नु तथा युवा शक्ति पलायन हुनु**

गाउँपालिकाको सम्भावनालाई रोजगारी सृजना गर्ने कुनै पनि नीति नियम गाउँपालिका एवं जिल्लामा छैन । फलस्वरुप उत्पादनशिल श्रमशक्ति विशेष गरी युवाशक्ति जिल्लाबाट पलायन भइरहेका छन् । यो क्रम बढ्दो क्रममा रहेको छ । साथै बैदेशिक रोजगारमा जाँदा भएका घाइते र मृतकको संख्या पनि दिनहुँ बढ्दो क्रममा रहेको छ ।

### ङ. राज्यबाट विकासको प्राथमिकता निर्धारण गर्न नसक्नु र श्रोत साधन उपलब्ध गराउन नसक्नु

विकासमा प्राथमिकता अनुसार श्रोत साधनहरुको ब्यवस्था गर्न नसक्नु राज्यको कमजोरीको रुपमा रहेको छ । साथै गाउँपालिकाको विविधतालाई हेरी विकासका कार्यक्रमहरु लैजान नसक्नुले गाउँपालिकाको विकासमा समस्याहरु देखिएका छन र यहाँको चूनौति पनि यही नै रहेको छ ।

## १.४ संघीय तथा प्रादेशिक आवधिक योजनासंगको सम्बन्ध

यस गाउँपालिकाको आवधिक विकास योजनाको अन्तर सम्वन्ध प्रादेशिक आवधिक योजनासंग रहने छ । गाउँपालिका भित्र संचालन गर्न सकिने ठूला आयोजनाहरु गाउँपालिकामा उपलब्ध हुने साधन र श्रोतले नपुग्ने हुदा प्रादेशिक एवं संघीय योजनाको रुपमा लिईएको छ । प्रादेशिक आवधिक विकास योजनाको तयार हुने रणनीति अनुसार एवं प्राथमिकताका क्षेत्र अनुसार नै यस गाउँपालिकाको आवधिक विकास योजना तयार गरिएको छ । यस आवधिक विकास योजनाले कृषि, खानेपानी तथा सिचाई, सडक, विद्युत्त, शिक्षा, र वनलाई विशेष जोड दिदै सु-शासनको माध्यमबाट समुन्नत गाउँ विकास गर्ने परिकल्पना गरेको छ ।

यसै गरि चौधौं योजना २०७३/०७४- ०७५/०७६ को रणनीति अनुसार निम्न विषय र क्षेत्रमा योगदान गर्दछ ।

- ☐ कृषि क्षेत्रको रुपान्तरण,पर्यटन,औद्योगिक एवम् साना तथा मझौला ब्यबसायको विस्तार मार्फत उत्पादन बृद्धि गर्ने ।
- ☐ उर्जा,सडक तथा हवाई यातायात,सूचना तथा संचार,ग्रामीण-शहरी तथा त्रिदेशीय आवद्यता विकासका लागि पूर्वाधार निर्माण गर्ने
- ☐ सामाजिक विकास र सामाजिक सुरक्षा एवम्  सामाजिक संरक्षणमा जोड दिदै मानव विकासमा उच्च तथा दिगो सुधार गर्ने ।
- ☐ आर्थिक,सामाजिक एवं शासकीय सुधार,कुशल एवम् जवाफदेही सार्वजनिक वित्त,स्वच्छ पारदर्शी र जनमैत्री सार्वजनिक सेवा एवम् मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै समग्र सुशासन प्रवर्द्धन गर्ने ।
- ☐ लैङ्गिक समानता,समावेशीकरण,वातावरण संरक्षण,विज्ञान र प्रविधिको उच्चतम् प्रयोग एवं संस्थागत क्षमता बढाउने ।

यस आवधिक विकास योजनाले दिगो विकास लक्ष्य हासिल गर्ने कममा कृषि क्षेत्रलाई बढी महत्व दिएको हुंदा यसबाट स्वरोजगारमा वृद्धि गर्ने, भोकमरी घटाउने कार्यमा योगदान गर्दछ । त्यसै गरि आवधिक योजनाले समावेशी विकास, लैङ्गिक समानता र सशक्तिकरणमा जोड दिईएको छ । लैङ्गिक समता अभिवृद्धि, वाल शिक्षा, सुरक्षित मातृत्व, एच.आइ.भि.एड्स, जातीय विभेद प्रथा विरुद्ध चेतनामूलक कृयाकलापहरुलाई आवधिक विकास योजनाले विशेष जोड दिएको छ । सुरक्षित खानेपानी र सरसफाइका क्रियाकलापहरुलाई आवधिक योजनाले बिशेष प्राथमिकतामा राखेको छ । त्यसै गरि जलवायू परिवर्तन र यसको प्रभावलाई न्यून गर्ने क्रियाकलापहरु जस्तैः वन विकास, वन संरक्षण, भू-क्षय नियन्त्रण, पानीको मुँहान संरक्षण एवं मानवजन्य प्रकोप नियन्त्रण गर्ने क्रियाकलापहरु आवधिक विकास योजनामा समावेश भएका छन ।

# परिच्छेद–२: गाउँ विकास अवधारणा

## २.१ पृष्ठभूमि

आवधिक गाउँपालिका विकास योजना मूलतः स्थानगत विशेषताहरुमा आधारित एकीकृत तथा बहु-विषयक योजना हो । यसले गाउँपालिकाको समष्टिगत सामाजिक तथा आर्थिक विकासका लक्ष्य तथा उद्देश्यहरु निर्धारण गरी निश्चित अवधि भित्र सो हासिल गर्न उपयुक्त नीति, सिद्धान्त,रणनीति तथा प्राथमिकताहरु एवं श्रोत साधनहरुको पहिचान एवं परिभाषित गरी बर्तमान अवस्थाबाट लक्षित अवस्थामा पुग्नका लागि प्रस्तावित मार्गचित्र एवं रुपरेखा तयार गर्दछ । यस आवधिक योजनामा योजनाको दूरदृष्टि,लक्ष्य,उद्धेश्य,रणनीति,नीति,कार्यक्रम र नतिजा सूचकहरु र बजेट आदिको प्राथमिकीकरण, विनियोजन,कार्यान्वयन र अनुगमन मुल्याङ्कनको ब्यबस्था समावेश गरी नतिजामूलक सूचकको आधारमा संगठित,सुब्यबस्थित र नियोजित आर्थिक योजनाको रुपमा तयार गरिएको हुन्छ । आवधिक विकास योजनाले स्थानीय विकासका साझेदार एवं सरोकारवालाको पहिचान गरी प्रभावकारी परिचालनको वातावरण समेत तयार गर्दछ । यसको लागि गाउँपालिकामा विकासका सबै सरोकारवालाको सहभागिता तथा भूमिकाको आवश्यकता पर्दछ । आवधिक विकास योजनामा स्थानगत विशेषताहरुको आधारमा गाउँपालिका विकासको एकीकृत तथा विषयगत प्रयासहरु समेटिनु पर्दछ । स्थानीय सरकार संचालन ऐन,२०७४ स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४ ले गाउँपालिकालाई स्थानीय तहको एकीकृत विकास योजना तर्जुमा गर्दा कम्तीमा ५ वर्ष अवधिको आवधिक विकास योजना तर्जुमा गर्नु पर्ने र सो को आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पर्ने वाध्यकारी प्रावधानको व्यवस्था गरेको छ । उक्त व्यवस्था अनुसार गाउँपालिकालाई आवधिक विकास योजना तर्जुमाको लागि नेपाल सरकार राष्ट्रिय योजना आयोगले आवधिक विकास योजना तर्जुमा सम्बन्धी निर्देशिका तयार गरी जारी गरेको थियो । उक्त निर्देशिका बमोजिम गाउँपालिकामा गाउँपालिकाको नेतृत्वमा आवधिक विकास योजना तर्जुमा तथा सो अनुसार बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पर्ने व्यवस्था गरेको छ । निर्वाचित जनप्रतिनिधि वहाल रहेको हालको अवस्थामा आवधिक विकास योजना तर्जुमा र सो अनुसार बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरेमा गाउँपालिका विकासका आयोजना तथा कार्यक्रमले मूर्त रुप लिन सक्छ । यस कार्यलाई मूर्तरुप दिन गाउँपालिका तथा सम्बन्धित सरोकारवालाहरुले अथक प्रयास गर्नु पर्ने हुन्छ । यसै सन्दर्भमा झिमरुक गाउँपालिकाले आर्थिक वर्ष २०७५/७६ देखि आ.व.२०७९/८० सम्मको लागि आवधिक विकास योजना तयार गरी लागु गर्ने कोशिस गरेको छ ।

निर्वाचित जनप्रतिनिधिहरुको नभएको र स्थानीय निकायहरुको सञ्चालन कर्मचारी तथा मनोनित पदाधिकारीबाट हुँदै आएको सन्दर्भमा देशमा राजनीतिक तथा नीतिगत परिवर्तन भएको र संक्रमणकालिन अवस्थाको अन्त्यसंगै नेपालको संविधान,२०७२ जारी भएपछि स्थानीय तहको विकासको प्रयासलाई गतिदिन आवियोको आवश्यकता महशुस गरिएको हो । तर राज्य पुनःसंरचनाको प्रक्रिया र संक्रमणकालिन विद्यमान राजनीतिक तथा प्रशासनिक अवस्था केही बर्ष कायम रहने भएपनि झिमरुक गाउँपालिकाले यहाँ क्रियाशिल विभिन्न राजनीतिक दलका नेताहरु तथा अन्य सरोकार निकाय र संघ संस्थाहरुको सहभागितामा गाउँपालिकाको आवियो तर्जुमा गर्ने सोंच अगाडि बढायो, जसको लागि सामाजिक तथा वातावरणिय विकासका लागि युवा सञ्जालको प्राविधिक सहयोग र झिमरुक गाउँपालिकाको आर्थिक सहयोग जुट्यो र आवधिक विकास योजना तर्जुमा गर्ने कार्य अगाडि बढ्यो जसअनुसार आवधिक विकास योजना दस्तावेज तयार भएको छ । गाउँपालिका विकासको अवधारणा गाउँपालिका विकासको राजनीतिक सहमतिको दस्तावेज हो । यसलाई गाउँपालिकामा क्रियाशिल सबै राजनीतिक दल तथा प्रमुख सरोकारवालाको सहभागिता र सहयोगमा तयार गरिएकोछ र जसले आवियो तर्जुमा कार्यलाई दिशानिर्देश गरेकोछ । यसै अनुरुप आवियो तर्जुमा सम्बन्धी राष्ट्रिय योजना आयोगद्वारा जारी निर्देशिका, नेपाल सरकारको विद्यमान राष्ट्रिय नीति तथा चौधौं त्रिवर्षीय योजना र कार्यक्रम अनुसार गाउँपालिकाको नेतृत्वमा झिमरुक गाउँपालिकाको यो आवधिक विकास योजना तयार गरी लागु गर्ने कोशिस गरिएको छ ।

## २.२ दीर्घकालिन सौंच

स्पष्ट दीर्घकालिन सोचको निर्माणले गाउँपालिकाको योजनाबद्ध विकासलाई टेवा पुग्ने भएकाले भविष्यमा विभिन्न क्षेत्रगत योजनाहरु तर्जुमामा समेत स्पष्टता आइ चाहेको उपलब्धी हासिल गर्न सकिन्छ । यसप्रकार सोको लागि आवश्यक

उपयुक्त नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकताहरु पहिचान एवं परिभाषित भएमा योजनाले लक्षित गरेको सूचकहरु पुरा गर्न सकिन्छ । भ्मिमरुक गाउँपालिकाका विकासका प्राथमिकताका क्षेत्रहरुमा कृषि,जडिबुटि, पर्यटन तथा विद्युतको विकासमा केन्द्रित गरिएको छ । यस आवधिक विकास योजना (आवियो) मा पनि यस बमोजिम गाउँ विकासको गति निर्धारण गरिएको छ । योजनावद्ध विकासको अर्को खुड्किलोको रुपमा गाउँपालिकाको समग्र पक्षलाई समेटी गाउँपालिकाको सुदूर भविष्यको परिकल्पनाका साथ वर्तमान अवस्था, भावी चुनौति र संभावनालाई दृष्टिगत गरी प्रथम पटक तय गरिएको यो आवधिक विकास योजनाको दीर्घकालिन सोच "भ्मिमरुक गाउँपालिकाको समृद्धिको आधार,व्यबसायिक कृषि,पर्यटन तथा वाणिज्य,सुरक्षित आवास र पूर्वाधार"रहेको छ ।

## २.३ उद्देस्य

वातावरणीय पक्षलाई ध्यानमा राख्दै आय आर्जनमा बृद्धि, सामाजिक स्थितिमा सुधार, भौतिक पूर्वाधारको विस्तार तथा विकास हुने र जनतामा सुशासनको अनभुति भएको हुने ।

- प्रतिव्यक्ति आय अमेरिकी डलर ६८१ बाट ८४२ पुगेको हुने
- साक्षरता प्रतिशत ७२.११ बाट ९० पुगेको हुने
- औसत आयु ६४.३३ बाट ७० पुगेको हुने
- वर्षै भरि सडक पहुँच भएका जनसंख्या प्रतिशत १९ बाट ५० प्रतिशत हुने
- उर्जा स्रोतमा पहुँच पुग्ने जनसंख्या प्रतिशत ५८.६९ बाट ८० पुगेको हुने
- सञ्चारका साधनहरुमा पहुँच पुगेको परिवार संख्या २० प्रतिशत बाट ५० प्रतिशत पुगेको हुने

## २.४ परिमाणात्मक लक्ष्य

- गाउँपालिकावासीको आर्थिक तथा सामाजिक स्थितिमा सुधार आएको हुनेछ ।
- मानव सुचाकाङ्क ०.४१३ बाट ०.४९० पुगेको हुनेछ
- जिल्लाको गरिवी दर ३२.१९ प्रतिशतबाट १६.५० प्रतिशतमा झरेको हुनेछ ।
- जिल्ला गरिवी मापन ३३.९३ बाट ३१.१२ पुगेको हुनेछ ।

## २.५ रणनीतिहरु

यस आवियोले विकास कार्यलाई नतिजामुखी, प्रभावकारी र गुणस्तरीय बनाउने, रोजगारी केन्द्रित आर्थिक बृद्धि हासिल गर्ने, वातावरण सन्तुलनमा टेवा पुऱ्याउने, समावेशी आर्थिक-सामाजिक रुपान्तरणमा सघाउ पुऱ्याउने एवं सेवा प्रवाहलाई प्रभावकारी बनाउने कार्यलाई व्यवस्थित गरी सुशासन प्रत्याभूति गर्ने समष्टिगत रणनीति अवलम्वन गर्नेछ । गाउँपालिकामा देहायका विशिष्ट रणनीतिहरु अबलम्बन गरिनेछ ।

- पर्यटन र पूर्वाधारलाई गाउँपालिका विकासको अग्रणी क्षेत्र र प्रमुख साधनको रुपमा अवलम्बन गर्ने ।
- परम्परागत कृषि प्रणालीलाई व्यवसायिक प्रणालीमा रुपान्तरण गरी कृषिको व्यवसायीकरण र विविधिकरणको माध्यमबाट कृषिमा आधुनिकीकरण गर्ने ।
- गाउँपालिका भित्र तथा वाहिर रहेको मानवीय तथा वित्तीय पूँजि आकर्षित गरी व्यवसाय व्यापार तथा सेवा क्षेत्रको विकास तथा विस्तारद्धारा युवाशक्तिलाई गाउँपालिका विकास अभियानमा संलग्न गराउने ।
- सन्तुलित एवं समावेशी विकास, रोजगारी सिर्जना, सामाजिक सद्भाव र गरिबी न्यूनीकरण र दीगो शान्तिमा योगदान पुग्ने कार्यक्रममा जोड दिने ।

- सामाजिक सद्भाव कायम राखी दीगो शान्ति हासिल गर्न समन्यायिक तथा लैंगिक समता एवम् सामाजिक समावेशीकरणमा विशेष प्राथमिकता दिई स्थानीय स्वामित्व सहित विकास कार्यमा जोड दिने ।
- लक्षित वर्गको सामाजिक, आर्थिक, राजनैतिक सशक्तिकरणको लागि सामाजिक परिचालन कार्यक्रमको सुदृढीकरण गर्ने ।
- विकास तथा सेवा प्रवाहलाई सर्वसुलभ, सहज, नतिजामूलक, पारदर्शी र प्रभावकारी बनाउन विशेष गरी लक्षित वर्ग र समुदायको संलग्नता बढाउन नागरिक संस्थाहरुको क्षमता विकासका कार्यहरुमा बृद्धि गर्ने ।
- वन, जलाधार तथा संरक्षित क्षेत्रको एकीकृत व्यवस्थापन मार्फत दिगो रुपमा प्रकृति संरक्षण गर्ने ।
- जलवायु परिवर्तन, विपद जोखिम व्यवस्थापन, पर्यावरण तथा बालमैत्री स्थानीय शासन प्रणालीलाई विकास आयोजना तथा कार्यक्रमहरुमा साझा सबालको रुपमा सम्बोधन गर्ने ।
- मानव संसाधन, जल, जमीन, जंगल र जडिबुटीलाई स्थानीय प्रविधिमा आधारित, वातावरणमैत्री र समुचित ढंगबाट उपयोग गर्ने ।
- भू-उपयोग योजना, एकीकृत व्यवस्थित वस्ती तथा शहरी विकास, उप जलाधार र जलस्रोत संरक्षण क्षेत्रको योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने ।
- प्रभावकारी सेवा प्रवाहका लागि सूचना प्रविधिमा आधारित क्षमता विकास कार्यक्रमलाई बढावा दिई सञ्चालन गर्ने ।
- नतिजामूखी अनुगमन प्रणाली अवलम्बन गर्ने ।
- स्थानीय शासनलाई जनमुखी, उत्तरदायी र पारदर्शी बनाउन, अध्ययन तथा सर्वेक्षण, नागरिक संलग्नता, पालना अनुगमन, सार्वजनिक संवाद, नतिजा मापन तथा प्राप्त नतिजाहरुको प्रसारण र प्रकाशन गर्ने
- योजनाको नियमित प्रगति समीक्षा, प्रभाव मूल्याङ्कन र तेश्रो पक्षको संलग्नतामा समग्र योजनाको नतिजामूलक ढाँचामा बार्षिक समीक्षा, सामाजिक परीक्षण, मध्यावधि तथा अन्तिम मूल्याङ्कन गरी नतिजाहरु सार्वजनिक गर्ने ।
- जनस्वास्थ्यलाई अभिवृद्धि गर्न प्रचारात्मक कार्य तथा स्वास्थ्य पूर्वाधारको विकासमा ध्यान दिने ।
- विकासका अवसरहरुमा स्थानीय उत्पादन र जनशक्तिलाई सहुलियत र प्रोत्साहन गर्ने ।

## २.६ प्राथमिकताका क्षेत्रहरु

गाउँ विकासका पाँच वटा विषयगत क्षेत्रहरु सो अन्तर्गतका विषयगत उपक्षेत्रहरुको प्राथमिकताक्रम निम्नानुसार निर्धारण गरी विषयगत क्षेत्र योजना तथा कार्यक्रम तर्जुमा गरिएको छ । गाउँ विकासका समष्टिगत उद्देश्य हासिल गर्न विषयगत उद्देश्यहरू निर्धारण गरी नतिजा सूचक किटान गरिन्छन् । त्यसै अनुसार विषयगत योजना तर्जुमा समितिहरूद्वारा गाउँपालिकाको समष्टिगत उद्देश्य तथा लक्ष्य प्राप्त गर्न सघाउने गरी निम्न आधारहरुमा आ-आफ्नो क्षेत्र (Sector) को क्षेगत्रत रूपमा विषयगत उद्देश्यहरू पहिचान गरिएकोछ ।

१.गाउँपालिका वस्तुस्थिति विश्लेषणबाट गाउँपालिकाको समृद्धि प्राप्तिका लागि देखिएका अवसरहरु, सम्भावनाहरु, सवालहरू (Issues), समस्याहरु (Problems) तथा चुनौतिहरू (Challenges)

२. गाउँपालिकाको दीर्घकालीन सोच (Vision of the Rural Municipality), निर्देशक सिद्धान्तहरू, लक्ष्य, उद्देश्य तथा रणनीति

३. सञ्चालनमा रहेका विभिन्न विकास योजनाहरु (केन्द्रीय, विषयगत, जिल्लागत,गाउँपालिकागत) बीचको अन्तरसम्बन्ध विषयगत उद्देश्यहरु पहिचान गर्दा गाउँपालिका भित्रको विभिन्न स्थानहरुको स्थानगत आधारमा गरिएकोछ । साथै निर्धारण गरिएका विषयगत उद्देश्यहरूका विशेषताहरु देहाय बमोजिम रहेका छन् ।

- सम्बन्धित राष्ट्रिय नीति, उद्देश्यहरु र मौजुदा कानूनी व्यवस्थासँगको तादाम्यता
- दीगो विकास लक्ष्य प्राप्तिमा सहयोगी
- पहिचान गरिएका समस्याहरूको समाधान गर्दै नतिजा हासिल गर्न उपयोगी,

- सामाजिक रूपमा जनताको स्वीकृति र स्वामित्वबोध ।

विषयगत उद्देश्यहरू निर्धारण गरिसकेपछि आ-आफ्नो विषयगत क्षेत्रको विषयगत प्राथमिकता समेत निर्धारण गरिएका छन् । प्राथमिकताका क्षेत्रहरु निर्धारण गर्दा मूख्यतया देहायका कुराहरूलाई आधार मानिएको छ ।

(क) गाउँ विकासको दीर्घकालीन सोच र विकास सिद्धान्तहरू,

(ख) गाउँ विकासको समष्टिगत उद्देश्यहरू, परिमाणात्मक लक्ष्य तथा विषयगत उद्देश्यहरु,

(ग) स्थानीय तहमा उपलब्ध स्रोत, साधन र सीपको परिचालन

(घ) गाउँपालिकामा उपलब्ध विकासका अवसर, सम्भावनाहरू, समस्या र चुनौतीहरु

(ङ) विगतका प्रयास, उपलब्धि र सिकाईको लाभ ।

**आर्थिक विकास**

गाउँपालिका वस्तुस्थिति विश्लेषणका आधारमा गाउँपालिका अर्थतन्त्रको अग्रणी क्षेत्र (Lead sector) पहिचान गरिएको छ । झिमरुक गाउँपालिकाको अर्थतन्त्रको मेरुदण्डका रुपमा कृषि र पशुपालनलाई लिइएको छ । साना तथा घरेलु उद्योग पनि अर्थतन्त्रको लागि सम्भावना बोकेको क्षेत्र मानिएको छ । यस अनुसार आर्थिक विकासको क्षेत्रको विषयगत प्राथमिकताको क्रम निम्न अनुसार निर्धारण गरिएको छ ।

१.कृषि तथा पशुसेवा

२.उद्योग तथा वाणिज्य

३.पर्यटन

४.सहकारी

**सामाजिक विकास**

झिमरुक गाउँपालिकामा क्षेत्री ४४.१९ प्रतिशत,,ब्राम्हण १३.५२ प्रतिशत,मगर ११.२२ प्रतिशत,सन्यासी ६.१७ प्रतिशत,नेवार १.६४ प्रतिशत गरी जम्मा ७६.७४ प्रतिशत जातजाति र कामी १३.८२ प्रतिशत,सार्की ४ प्रतिशत र दमाई ३.५१ प्रतिशत गरेर २१.३३ प्रतिशत दलितहरुको बसोवास रहेको छ । छरिएर रहेको बस्ती भएका कारण सबै जनताहरुमा सेवा सुविधाहरुका पहुँच पुग्न सकेको अवस्था छैन । आर्थिक रुपले मात्र नभई सामाजिक हिसाबले पनि पछाडि रहेको यस गाउँपालिकाको सामाजिक विकासको लागि निम्न अनुसारको प्राथमिकता क्रम निर्धारण गरिएको छ ।

१. शिक्षा

२. स्वास्थ्य

३. खानेपानी तथा सरसफाइ

४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

५. खेलकूद तथा युवा

६. सांस्कृतिक विकास, ऐतिहासिक र पुरातात्विक स्थलहरूको संरक्षण ।

**पूर्वाधार विकास**

गाउँपालिकाको भौतिक पूर्वाधार विकासको क्षेत्रमा पनि थुप्रै काम गर्नुपर्ने आवश्यकता महशुस गरिएको छ । सिमित स्रोत साधनहरुको यथार्थतालाई ध्यानमा राखि यस विषयगत क्षेत्रको लागि निम्न अनुसार प्राथमिकताक्रम निर्धारण गरिएको छ ।

१. सडक,पुलपुलेसा तथा यातायात ब्यबस्था

२.सिंचाई,

३.भवन तथा शहरी विकास

४.साना जलविद्युत तथा बैकल्पिक उर्जा

वातावरण तथा विपद् व्यवस्थापन

दीगो विकासको अवधारणामा आधारित भई यस क्षेत्रको लागि प्राथमिकता तय गरिएकोछ । यस क्षेत्रको लागि तय गरिएको प्राथमिकताका क्षेत्रहरुको क्रम यस प्रकार रहेको छ ।

१. वन तथा भू-संरक्षण

२. वातावरण संरक्षण तथा जलवायु परिवर्तन

३. फोहोरमैला व्यवस्थापन

४. विपद् व्यवस्थापन

संस्थागत विकास,सेवा प्रवाह,सुशासन र अन्य

संस्थागत विकास,सेवा प्रवाह,सुशासन र अन्य को सन्दर्भमा निम्नानुसारको प्राथमिकताका क्षेत्रहरु पहिचान गरी प्राथमिकताको क्रम निर्धारण गरिएको छ ।

(क) मानव अधिकार,सुशासन र सदाचारिता

(ख) स्थानीय तथ्याङ्क संकलन र अभिलेख ब्यबस्थापन

(ग) मानव संसाधन विकास,श्रम तथा रोजगारी

(घ) सामुदायिक विकास र सामाजिक सशक्तिकरण

(ङ) संगठन विकास,क्षमता अभिबृद्धि र शासकिय सुधार

तालिका नं.१ विषयगत क्षेत्रका प्राथमिकताहरु

| **विषयगत क्षेत्र** | **विषयगत क्षेत्र प्राथमिकताहरु** |
|---|---|
| आर्थिक विकास | १. कृषि तथा पशु सेवा |
| | २. उद्योग तथा वाणिज्य |
| | ३. पर्यटन |
| | ४.सहकारी |
| सामाजिक विकास | १. शिक्षा खेलकुद तथा युवा |
| | २. स्वास्थ्य तथा जनसंख्या |
| | ३. खानेपानी तथा सरसफाइ |
| | ४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| पूर्वाधार विकास | १. सडक,पुल पुलेशा तथा यातायात ब्यबस्था<br>२. सिंचाई<br>३. भवन तथा शहरी विकास<br>४.साना जलविद्युत तथा बैकल्पिक उर्जा |
| वातावरण तथा विपद् व्यवस्थापन | १. वन तथा भू-संरक्षण |
| | २. वातावरण संरक्षण तथा जलवायु परिवर्तन |
| | ३. फोहोरमैला व्यवस्थापन |
| | ४.विपद् ब्यबस्थापन |
| संस्थागत विकास,सेवा प्रवाह,सुशासन र अन्य | १.मानव अधिकार,सुशासन र सदाचारिता<br>२.स्थानीय तथ्याङ्क संकलन र अभिलेख ब्यबस्थापन<br>३.मानव संसाधन विकास,श्रम तथा रोजगारी<br>४.सामुदायिक विकास र सामाजिक सशक्तिकरण<br>५.संगठन विकास,क्षमता अभिबृद्धि र शासकिय सुधार |

## २.७ निर्देशक सिद्धान्तहरु

आवधिक विकास योजनाको प्रभावकारी कार्यान्वयनका लागि निम्नानुसारका निर्देशक सिद्धान्तहरु पहिचान गरिएको छ।

### (क).समावेशी र सहभागितामूलक योजना तर्जुमा तथा कार्यान्वयन

१. योजना तर्जुमा तथा कार्यान्वयनका हरेक चरणहरुमा सबै क्षेत्र, वर्ग, समुदाय र लिङ्गको समावेशी र समानुपातिक प्रतिनिधित्वको सुनिश्चित गरिनेछ ।

२. सामाजिक परिचालनको माध्यमबाट महिला, बालबालिका, मुस्लिम, पिछडिएको र सिमान्तकृत वर्ग, अपाङ्गता भएका समुदायहरुको सशक्तीकरण गरी आर्थिक रुपले सक्षम बनाउन पहल गरिनेछ ।

### (ख) आर्थिक विकासमा जोड

३. स्थानीय श्रोत, साधन र सीपको अधिकतम उपयोग गरी दिगो आर्थिक विकासमा टेवा पुऱ्याईनेछ ।

४. कृषि क्षेत्रमा यूवाहरुको आकर्षण बढाई यूवा स्वरोजगार कार्यक्रमहरुलाई प्राथमिकता दिईनेछ ।

५. कृषि, पशु, तरकारी तथा फलफूल र माछापालन व्यवसायलाई प्रमुख नगदेवालीको स्रोतका रुपमा विस्तार गरिनेछ ।

### (ग). वातावरण सन्तुलन तथा दिगो विकास

६. साँस्कृति सम्पदाको संरक्षण र व्यवस्थापन गरी पर्यटन विकासमा जोड दिईनेछ ।

७. प्राङगारिक र पर्यावरणीय कृषिमा विस्तार गरी गाउँपालिकावासीको स्वास्थ्यमा सुधार गरिनेछ ।

८. भौतिक पूर्वाधार विकास तथा संरचना निर्माण सम्बन्धी कार्यलाई वातावरणमैत्री बनाइनेछ ।

९. जलवायु परिवर्तनबाट उत्पन्न समस्या निराकरणको लागि वन क्षेत्रसँग सम्बन्धित न्यूनीकरण तथा अनुकुलनको उपायहरु अवलम्बन गरी समग्र गाउँपालिकाको विकास गरिनेछ ।

१०. प्राकृतिक श्रोत तथा वन पैदावरमा स्थानीय समुदायको पहुँच बढाउने संयन्त्रको विकास गरिनेछ ।

११. प्राकृतिक श्रोतको दिगो विकासका साथै वातावरणमैत्री विकास अवधारणा अनुसार विकासका कार्यहरु संचालन गरिनेछ

### (घ). संस्थागत तथा क्षमता विकास

१२. विद्यालय तथा स्वास्थ्य व्यवस्थापन समिति तथा समुदायमा आधारित समूह र सञ्जालहरुको क्षमता अभिबृद्धि गरी उनीहरुलाई अझ बढी क्रियाशिल र प्रभावकारी बनाईनेछ ।

१३. उपभोक्ता समितिलाई आयोजना निर्माण तथा सञ्चालन सम्बन्धी तालिमको व्यवस्था, आयोजना सञ्चालनलाई प्रभावकारी तथा पारदर्शी बनाइनेछ ।

१४. महिला, वालवालिका लगायत लक्षित वर्गको संस्थागत र क्षमता विकास गरी विकास व्यवस्थापन तथा निर्णय प्रक्रियामा लक्षित वर्गको संलग्नता सुनिश्चित र प्रभावकारी बनाइनेछ ।

१५. आमा समूह, महिला समूह तथा सञ्जालहरुलाई सशक्त बनाई तथा वैधानिकता प्रदान गरी समावेशी समानतामैत्री वातावरण निर्माण गरिनेछ ।

१६. महिला, वालवालिका लगायत लक्षित वर्गको कार्यक्रम व्यवस्थित रुपमा तर्जुमा तथा प्रभावकारी रुपमा कार्यान्वयन गरी मूलप्रवाहीकरण गरिनेछ ।

### (ङ). स्थानीय सुशासन र जनउत्तरदायित्व

१७. स्थानीय सुशासनका लागि नागरिकको संलग्नता निगरानी उत्तरदायित्व र पारदर्शिताका कार्यहरु संचालन गरिनेछ ।

१८. संस्थागत सुढृढीकरण, गुणस्तरियता र पारदर्शिता तथा दीगोपनालाई विकास कार्य सञ्चालनको प्रमुख रणनीतिको रुपमा अपनाइनेछ ।
१९. साझेदारहरु बिच नियमित अन्तरक्रिया, छलफल र बहसका माध्यमबाट विकास निर्माण कार्यलाई अझ बढी समन्वयात्मक र सहभागितामूलक बनाईनेछ ।
२०. सूचनाको हक सम्बन्धी कानूनी व्यवस्थाको लागि आवश्यक संयन्त्रको विकास गरी सूचना उपलब्धताको सुनिश्चितता गरिनेछ ।
२१. गाउँपालिका सूचना तथा डकुमेण्टेशन केन्द्रको संस्थागत विकास गरी उक्त केन्द्रलाई गाउँपालिकाको सूचना बैंकको रुपमा स्थापना गरिनेछ ।

### (च). सुरक्षित, गुणस्तरीय र प्रभावकारी सेवा

२२. सार्वजनिक सेवा प्रवाहलाई अधिकारमुखी बनाई नागरिक वडापत्रमा उल्लेख भए बमोजिक सेवा तथा सुविधा प्रवाह गरिनेछ ।
२३. सार्वजनिक सेवा तथा वस्तुमा आमनागरिक तथा सेवाग्राहीहरुको पहुँच बृद्धि गरी स्थानीयस्तरमा प्रवाहित सेवा तथा सुविधाहरु अधिकारमा आधारित, सहज, सर्वसुलभ, गुणस्तरीय बनाइनेछ ।
२४. गाउँपालिकाको समग्र भौगोलिक क्षेत्रको अध्ययन गरी कृषि उत्पादनमा विभिन्न वाली विरुवाहरुको र पशु विकासका लागि पकेट क्षेत्रहरु निर्माण गरी खाद्य तथा आर्थिक क्षेत्र सुदृढ बनाईनेछ ।

### (छ). वस्ती विकास र भू-उपयोग

२५. वस्ती र बजार विकास गर्दा वन तथा वातावरणमा प्रतिकुल असर नहुने तथा प्राकृतिक विपदको जोखिम न्युनीकरण हुने गरी कार्य सञ्चालन गरिनेछ ।
२६. वस्ती बजार विकास तथा सेवा प्रवाहमा सार्वजनिक, निजी सामुदायिक तथा सार्वजनिक निजी साझेदारी अवधारणा बमोजिम गरिनेछ ।
२७. बजार र वस्ती विकासमा सहज वातावरण निर्माणका साथै वाह्य श्रोततथा साधनको अधिकतम परिचालन गरिनेछ ।
२८. बजार र वस्ती विकास कार्यमा स्थानीय जनघनत्व तथा साँस्कृतिक समावेशी तथा ऐतिहासिक धरातललाई जगेर्ना गरिने छ ।

### (ज). सामाजिक न्याय तथा मानव अधिकार

२९. सरकारी, गैर सरकारी तथा नीजि क्षेत्रको संस्थागत संरचनामा विपन्न एवं सिमान्तकृत वर्गको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गरिनेछ ।
३०. सामाजिक परिचालनलाई स्थानीय समुदायको सशक्तीकरणको प्रमुख रणनीतिको रुपमा सञ्चालन गरिनेछ र यस कार्यमा स्थानीय स्तरका सहजकर्तालाई परिचालन गरिनेछ ।
३१. समाजमा पिछडिएको वर्ग, दलित, जनजाति, महिलाको विकासका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
३२. ज्येष्ठ नागरिक बृत्ति लगायत अन्य सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्ने वातावरण बनाई यसको प्रभावकारिता अध्ययन गरिनेछ ।

### (झ). समुदाय निजी क्षेत्र एवं गै.स.सं.को परिचालन तथा साझेदारी

३३. सेवा प्रवाह तथा पूर्वाधार विकास कार्यमा सार्वजनिक, निजी, सामुदायिक तथा सार्वजनिक निजी साझेदारी अवधारणा बमोजिम गरिनेछ ।
३४. नीजि क्षेत्रलाई विकास निर्माणमा परिचालन गर्नका लागि स्थानीयस्तरमा लगानीमैत्री वातावरण निर्माणका साथै वाह्य श्रोत तथा साधनको अधिकतम परिचालन गरिनेछ ।

३५. समुदाय, नीजि क्षेत्र तथा गैसस जस्ता साझेदारहरु बीच अन्तरक्रिया छलफल र वहसका माध्यमवाट विकास निर्माण कार्यलाई अझ बढी समन्वयात्मक, सहभागितामूलक र प्रभावकारी बनाइनेछ ।
३६. सरकारी, गैर सरकारी तथा सामुदायिक संस्थाको संरचनामा विपन्न एवं सिमान्तकृत वर्गको अर्थपूर्ण सहभागीतालाई सुनिश्चित गर्ने नीति लिइनेछ ।
३७. सार्वजनिक सेवा तथा कार्यक्रमको पारदर्शिता, प्रभावकारिता र उत्तरदायित्वको अभिबृद्धिका लागि उपलब्ध कानूनी व्यवस्था अनुसार सार्वजनिक सुनुवाई र परीक्षण, सामाजिक परीक्षण, नागरिक अनुगमन तथा निगरानीको औजारहरु प्रयोग गरी सुधारका प्रतिवद्धताको पालना गरिनेछ ।

### (ञ). दिगो शान्ति र सामाजिक सद्भाव

३८. सामाजिक सद्भाव तथा दिगो शान्ति अभिबृद्धि हुने गरी गाउँ विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
३९. सामाजिक सदभाव र दीगो शान्तिका लागि सामाजिक न्याय, कानूनी शासन तथा सुशासन अभिबृद्धि गरिनेछ ।
४०. बालबालिका, महिला, अपाङ्गता, तेश्रो लिङ्गी, मुस्लिम, बञ्चितिकरणमा पारिएको समुह, द्वन्द्व पिडित घरपरिवारको आर्थिक तथा सामाजिक उत्थानका लागि आवश्यक पर्ने कार्यक्रमहरु तर्जुमा गरी लागु गरिनेछ ।

### (ट) नतिजामूलक अनुगमन (Result-Based Monitoring)

४१. बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा आवधिक विकास योजनाको सूचकको आधारमा गरिनेछ ।
४२. नतिजामुखी खाका अनुसार बार्षिक योजनाको अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
४३. आयोजना तथा कार्यक्रमको तेश्रो पक्षद्वारा अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटी स्थापित गरिनेछ ।
४४. कार्य सम्पादनको आधारमा राम्रो काम गर्ने संघ, संस्था तथा निकाय र कर्मचारीलाई प्रोत्साहन दिने व्यवस्था कार्वान्वयन गरिनेछ । यसको लागि अवरोध विश्लेषण औजार उपयुक्त हुन सक्छ ।

## २.८ गाउँपालिकाको एकीकृत सोच तालिका

सोच तालिका (Logical Framework) लाई एउटा विश्लेषणात्मक प्रविधिको रुपमा लिइन्छ । जसले विकासका लक्ष्यहरु, उद्देश्यहरु, प्रतिफलहरु तथा तिनीहरुको कारण सम्पादन-नतिजा (Cause-Conduct-Consequence), सम्वन्धलाई पहिचान गर्न सघाउँछ । यसले विकासको लक्ष्य तथा उद्देश्य प्राप्त भए नभएको थाहा पाउन सकिने गरी सूचकहरुको निर्धारण गर्दछ । साथै विकास आयोजनाको सफलता र असफलतालाई असर पार्ने बाह्य शक्तिहरु र तिनले पार्ने प्रभावहरुको बारेमा पूर्वानुमान समेत गर्दछ । यस प्रकार सोच तालिकालाई विकास आयोजना कार्यान्वयनको क्रममा प्रभावकारी अनुगमन तथा मूल्याङ्कनलाई सुनिश्चित गर्ने योजना तर्जुमा प्रविधि (Planning tool) को रुपमा स्विकारिएको छ ।

भिमरुक गाउँपालिकाको प्रथम आवधिक विकास योजना अवधिमा हासिल गर्न निर्धारण गरिएका समष्टिगत लक्ष्य, विषयगत उद्देश्य तिनका वस्तुपरक रुपमा मापन गर्न सकिने सूचकहरु, पुष्ट्याईका आधारहरु र जोखिम पक्षहरु निम्नानुसार रहेका छन् ।

तालिका नं.२ गाउँपालिकाको विकासको एकीकृत सोच तालिका

| नतिजाहरु | कार्यसम्पादनका सूचकहरु | | | पुष्ट्याईका आधारहरु | जोखिम पूर्वानुमान |
|---|---|---|---|---|---|
| | विवरण | आधार तथ्याङ्क | लक्ष्य | | |
| **समष्टीगत लक्ष्य** | | | | | |
| गाउँबासीको आर्थिक तथा सामाजिक स्थितिमा सुधार । | गरिवीको रेखामुनीको जनसंख्याको प्रतिशत | ३२.१९ | १६.५० | | • स्थानीय स्तरमा जनप्रतिनिधि हुनेछन् ।<br>• राजनैतिक स्थिरता कायम हुनेछ । |
| | प्रतिदिन अमेरिकी डलर १.२५ भन्दा कम आम्दानी भएका जनसंख्या प्रतिशत | ३३.९३ | ३१.१२ | नेपाल मानव विकास प्रतिवेदन | |
| **समष्टीगत उद्देश्य** | | | | | |
| वातावरणीय पक्षलाई ध्यानमा राख्दै आय आर्जनमा बृद्धि, सामाजिक स्थितिमा सुधार, भौतिक पूर्वाधारको विस्तार तथा विकास गर्ने र जनतामा सुशासनको अनुभुति भएको हुने । | साक्षरता प्रतिशत | ७२.११ | ९० | गाउँपालिका प्रोफाइल | |
| | औसत आयु वर्ष | ६४.३३ | ७० | | |
| | जनसंख्या बृद्धिदर | २.३ | २ | | |
| | विद्युतमा पहुँच पुगेको जनसंख्या प्रतिशत | ५८.६९ | ८० | | |
| | सञ्चारका साधनहरुमा पहुँच पुगेको जनसंख्याको प्रतिशत | २० | ५० | | |
| | सार्वजनिक निकायबाट प्रदान गरिने सेवामा जनताको संतुष्टिको प्रतिशत | | ८० | | |

तालिका नं.३ गाउँपालिकाको विकासका विषयगत उद्देश्यहरु

| **विवरणात्मक संक्षेप** | **कार्यसम्पादन सूचकहरु** | | | **पुष्ट्याईका आधारहरु** | **जोखिम पूर्वानुमान** |
|---|---|---|---|---|---|
| | **विवरण** | **आधार तथ्याङ्क** | **लक्ष्य** | | |
| **आर्थिक विकास** | | | | | |
| **बिषयगत उद्देश्यः** कृषि, जडिवुटी, पशुपालन, तथा पर्यटन व्यवसायको विकास तथा विस्तार मार्फत गाउँपालिका वासीहरुको आर्थिक अभिबृद्धि भएको हुने । | खाद्यान्न सञ्चितीको अवस्था | ३३५१ मे.ट. | ४००० | कृषि विकास शाखाको बार्षिक प्रगति प्रतिवेदन | • कृषि विकास शाखाको सकृयता<br>• पर्याप्त बजेट विनियोजन र समयमा उपलव्धता<br>• राजनीतिक दलको सहयोग |
| | वर्षै भरी सिँचाई सुविधा प्राप्त क्षेत्रफल (हे.) | ५०० | ६४० | | |
| | गैर कृषि क्षेत्रमा संलग्न व्यक्तिहरुको संख्या | २३ प्रतिशत | ४० | | |
| | उपयोगमा आएको थप जमिनको क्षेत्रफल | ३९.७२ प्रतिशत | ५० | | |
| **सामाजिक विकास** | | | | | |
| **बिषयगत उद्देश्यः** गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइमा सम्पूर्ण गाउँपालिकावासीको पहुँच बृद्धि हुने र समताको सिद्धान्त अनुसार कार्यक्रमहरु सञ्चालित भइ गाउँपालिकाका सम्पूर्ण लक्षितवर्गहरु लाभान्वित हुने । | ६ वर्ष माथिको साक्षरता दर | ९५.११ | १०० | • केन्द्रिय तथ्याङ्क विभागका प्रकाशनहरु<br>• सम्बन्धित कार्यालय तथा विभागका प्रतिवेदनहरु<br>• जिल्ला सूचना केन्द्रका प्रकाशनहरु<br>• सन्तुष्ट सेवाग्राही सर्वेक्षण ।<br>• गाउँ विकास समितीको बार्षिक प्रतिवेदन । | • वजेटको उपलव्धता<br>• दरवन्दी अनुसारको पदपूर्ति<br>• अनुगमन तथा मूल्याङ्कनको नियमितता |
| | महिला साक्षरता दर | ६४.१० | ८० | | |
| | विद्यालय तहको सहजै देखिने भर्ना दर ग्भ्च | १०८ | १०० | | |
| | प्राथमिक विद्यालयमा खुद भर्ना दर ल्भ्च | ९५.९ | १०० | | |
| | सामुदायिक विद्यालयको प्राथमिक तहको विद्यार्थी शिक्षक अनुपात | ३९.१ | ४०.१ | | |
| | तालिम प्राप्त शिक्षक प्रतिशत | ९८ | १०० | | |
| | मातृ मृत्यु दर प्रति लाखमा | १७० | १५० | | |
| | पाँच वर्षमुनिको बाल मृत्युदर प्रतिहजारमा | ४३ | ३८ | | |
| | कुपोषण दर | ४३ | १० | | |
| | आधारभूत स्तरको खानेपानीको स्रोतमा दिगो पहुँच पुगेको जनसंख्या प्रतिशत | ८७.०१ | १०० | | |
| | स्वच्छ खानेपानी सेवा लाभान्वित जनसंख्याको प्रतिशत | १०.३३ | २० | | |
| | शौचालय प्रयोग गर्ने घरधुरी प्रतिशत | ६९.६१ | १०० | | |
| | शिक्षक तथा सरकारी सेवामा (निजामती, प्रहरी, शैनिक) महिलाको प्रतिनिधित्व प्रतिशत | ३१.८४ | ४० | | |
| **विवरणात्मक संक्षेप** | **कार्यसम्पादनका सूचकहरु** | | | **पुष्ट्याईका आधारहरु** | **जोखिम पूर्वानुमान** |
| | **विवरण** | **आधार तथ्याङ्क** | **लक्ष्य** | | |
| **भौतिक पूर्वाधार** | | | | | |
| **बिषयगत उद्देश्यः** | सडक यातायातले छोएको | १०० | १०० | • सडक डिभिजन, | • बजेटको |

| | | | | | |
|---|---|---|---|---|---|
| सडक, विद्युत, सञ्चार र भवन तथा आवास जस्ता भौतिक पूर्वाधारको विकास भई जनताको आर्थिक स्तरमा सुधार भएको हुनेछ । | गाउँको प्रतिशत | | | दुर सञ्चार, विद्युत प्राधिकरण, खानेपानी तथा सरसफाइ कार्यालयका प्रतिवेदन तथा प्रकाशनहरु<br>• जिल्ला सूचना केन्द्रको अभिलेख<br>• स्थलगत सर्वेक्षण | उपलब्धता |
| | टेलीफोन सेवा पाउने जनसंख्या प्रतिशत | ५० | ८० | | |
| | इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | ५ | २० | | |
| | रेडियो टेलिभिजन सेवामा पहुँच पुगेको घुरधुरी संख्या | १० | २७ | | |
| | उर्जा स्रोतमा पहुँच पुग्ने जनसंख्या प्रतिशत | ५८.६९ | ८५ | | |
| | योजनाबद्ध वस्ति विकास भएका वस्तीहरु | ० | ५ | | |
| **वन, वातावरण तथा विपद् व्यवस्थापन** | | | | | |
| **बिषयगत उद्देश्य:** वन क्षेत्रको उचित व्यवस्थापन र वातावरणीय पक्षको सुधार हुनुको साथै विपदका घटनामा न्युनीकरण भई गाउँपालिकाबासीको सामाजिक, आर्थिक स्थिति सुधार हुने । | वनले ढाकेको क्षेत्रफल प्रतिशत | ४६.०३ | ५० | जिल्ला बन कार्यालयको बार्षिक प्रगति प्रतिवेदन | |
| | वनपैदावरको उपयोग गरी आय आर्जन गर्ने घरिपरिवारको संख्या | ५६७८१ | ७०००० | | |
| | कुल उर्जा खपतमा स्वच्छ उर्जाको अनुपात | ५८.६९ | ७५ | | |
| | प्राकृतिक विपद्बाट भएको वार्षिक मृत्यु संख्या | | | | |
| | प्राकृतिक विपद्बाट भएको वार्षिक अनुमानित क्षति रु हजारमा | | | | |
| **संस्थागत श्रोत,क्षमता विकास तथा सुशासन** | | | | | |
| **बिषयगत उद्देश्य:** स्थानीय निकाय, गैसस, सञ्चार, निजि क्षेत्र, सहकारी संस्था, सामुदायिक संस्थाहरुको संस्थागत विकास गरी आपसी समन्वय र साझेदारी गर्दै सुशासनको स्थितिमा सुधार ल्याउने । | स्थानीय तहको स्रोत बार्षिक बजेटमा आन्तरिक आयको प्रतिशत | उपलब्ध नभएको | ५० | वाषिक बजेट विवरण | -सम्बन्धित सरोकारवालाको प्रतिवद्धता |
| | सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना तथा सामाजिक परीक्षण गराएको | उपलब्ध नभएको | १०० | प्रगति प्रतिवेदन | गाउँपालिकाको प्रतिवद्धता |
| | समयमै लेखा परीक्षण गराएको | उपलब्ध नभएको | १०० | लेखा परीक्षण प्रतिवेदन | सम्बन्धित निकायको प्रतिवद्धता |
| | तोकिएको समयमा सामाजिक सुरक्षा भत्ता वितरण गरी प्रतिवेदन पेश गरेको | उपलब्ध नभएको | १०० | जिससको अभिलेख | सम्बन्धित निकायको प्रतिवद्धता |
| | गाउँ सभाबाट कार्यक्रम तथा बजेट पास गरी कार्यान्वयन गर्ने | | | गाउँ सभाको माइन्यूट तथा | सम्बन्धित निकायको |

| | | | | | |
|---|---|---|---|---|---|
| | र नियमित रुपमा गाउँपालिकामा प्रतिवेदन पेश गर्ने गैससहरुको प्रतिशत | | | वार्षिक कार्यक्रमको योजना पुस्तक | प्रतिवद्धता र गाउँपालिकाको प्रभावकारी भूमिका |

## २.९ गाउँपालिकाको विकासका लागि आवश्यक र उपलब्ध श्रोत अनुमान प्रक्षेपण तथा क्षेत्रगत लगानी

आवधिक विकास योजना अनुसार गाउँपालिकाको विकासका लागि आगामी ५ वर्षलाई अनुमानित बजेट, उपलब्ध हुन सक्ने बजेट तथा उपलब्ध हुन सक्ने बजेटका श्रोतहरु तथा अपुग श्रोतको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

## २.१० गाउँपालिकाको विकासको क्षेत्रगत लगानी तथा श्रोतको बाँडफाँड

आगामी ५ वर्ष अवधिमा गाउँपालिकाको विकासका गतिविधिलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न र सेवा प्रवाहलाई प्रभावकारी र सयम सापेक्ष बनाउन स्थानीय निकाय, विषयतगत कार्यालय, अ/गैसस, विकास साझेदार, नीजि क्षेत्र तथा समुदाय समेतको साझेदारीमा जम्मा रु. १ अरब ९८ करोड ४५ लाख ६० हजार श्रोत परिचालनको लागि प्रस्ताव गरिएको छ । जसमध्ये आर्थिक विकासमा २८.८७ प्रतिशत, सामाजिक विकासमा १८.२५ प्रतिशत, भौतिक पूर्वाधार विकासमा ४७.५९ प्रतिशत एवं वातावरण तथा विपद व्यवस्थापनमा ४.१८ प्रतिशत र १.११ प्रतिशत मात्र संस्थागत विकास तथा सुशासनमा परिचालनको लागि प्रस्तावित गरिएको छ । विषय तथा क्षेत्र अनुसार बजेट बाँडफाँडको स्थिति तल प्रस्तुत गरिएकोछ ।

तालिका नं.४: विषयगत क्षेत्रका प्राथमिकताहरु

| **विषयगत क्षेत्र** | **विषयगत क्षेत्र** | **आव ०७९/८० सम्मको बजेट (रु हजारमा)** | **प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | कृषि, पशु, खाद्य सुरक्षा तथा सहकारी उद्योग, वाणिज्य, सँस्कृति तथा पर्यटन | ५७२९५० | २८.८७ |
| सामाजिक विकास | स्वास्थ्य तथा जनसंख्या<br>शिक्षा, खेलकुद तथा युवा<br>महिला, बालवालिका तथा लक्षित वर्ग<br>खानेपानी तथा सरसफाइ | ३६२१६० | १८.२५ |
| पूर्वाधार विकास | यातायात, साना जल विद्युत तथा लघु उर्जा, संञ्चार, तथा सार्वजनिक निर्माण,सिंचाई,भवन तथा शहरी विकास | ९४४५०० | ४७.५९ |
| वातावरण तथा विपद् व्यबस्थापन | बिपद व्यवस्थापन<br>वन तथा भू-संरक्षण, वातावरण संरक्षण तथा जलवायु पविर्तन,फोहरमैला व्यबस्थापन,विपद् व्यबस्थापन | ८३००० | ४.१८ |
| संस्थागत विकास,सेवा प्रवाह,सुशासन र अन्य | मानव अधिकार,स्थानीय तथ्याङ्क संकलन,मानव संशाधन विकास,श्रम तथा रोजगारी,शासाकिय सुधार | २१९५० | १.११ |
| **जम्मा** | | १९,८४,५६० | १०० |

## २.११.गाउँपालिकाको विकासको लगानीका श्रोत तथा श्रोत अनुमान

आवधिक विकास योजना अनुसार गाउँपालिका विकासका लागि आगामी ५ वर्षलाई जम्मा रु. १ अरब ९८ करोड ४५ लाख ६० हजार श्रोत परिचालनको लागि प्रस्ताव गरिएको छ । उक्त बजेट मध्ये स्थानीय निकाय, विषयगत कार्यालय,

अ/गैसस, विकास साझेदार, नीजि क्षेत्र र समुदायबाट समेत आगामी ५ वर्ष अवधिमा गाउँपालिका विकासका लागि कूल **१** अरब ९८ करोड, ४५ लाख, ६० हजार रुपैयाको श्रोत उपलब्ध हुन सक्ने अनुमान गरिएको छ । उपलब्ध हुन सक्ने कूल श्रोत मध्ये विषयगत शाखाबाट ५० प्रतिशत, स्थानीय निकायको समानीकरण अनुदानबाट ३० प्रतिशत, विकास साझेदारबाट ६ प्रतिशत, अ/गैससबाट ४ र समुदायबाट १० प्रतिशत नगद, श्रम र भौतिक साधनको योगदान रहने अनुमान गरिएको छ । यसै अनुरुप गाउँपालिका विकासका कार्यक्रमहरु सञ्चालन गर्न प्रस्ताव गरिएको छ ।

**दीर्घकालीन सौंच**

"झिमरुक गाउँपालिकाको समृद्धिको आधार
व्यबसायिक कृषि,पर्यटन तथा वाणिज्य,सुरक्षित आवास र पूर्वाधार"

**लक्ष्य**

सामाजिक न्यायसहितको मध्यम आय भएका गाउँपालिकाको स्तरमा पुग्ने ।

**समष्टिगत उद्देश्य**

१. व्यबसायिक कृषि,पर्यटन,उर्जा पशु, घरेलु उद्योग, सहकारी र पर्यटनको विकास गरी गाउँपालिकावासीको रोजगारी र आयआर्जनमा बृद्धि गरी उनीहरुको आयआर्जन बृद्धि गर्ने
२. महिला, बालबालिका, दलित, जनजाती, अपाङ्गता भएका व्यक्तिहरु तथा युवाहरुको जीवनस्तरमा सुधार ल्याउन प्रभावकारी स्वास्थ्य तथा गुणस्तरीय शिक्षा प्रदान गरी समानुपातिक तथा समावेशीको आधारमा गाउँपालिकाको समस्टिगत विकास गर्ने ।
३. गाउँपालिकाभरी भौतिक पूर्वाधारको विकास गरी गाउँवासीहरुको आर्थिक तथा सामाजिक स्थितिमा पहुँच पुऱ्याउने
४. वन क्षेत्रको उचित व्यवस्थापनद्धारा वनपैदावरमा आधारित श्रोतहरुको अधिकतम परिचालन गरी वातावरणीय पक्षमा सुधार ल्याई गाउँवासीको सामाजिक, आर्थिक स्थितिमा सुधार ल्याउने
५. स्थानीय निकाय, गैसस, सामाजिक संस्थाहरुको संस्थागत विकास गरी निजी क्षेत्रसँग समन्वय र साझेदारी गर्दै संस्थागत विकास गरी मानव अधिकारको स्थितिमा सुधार ल्याउने ।
६.ओखरकोटलाई राजनीतिक अध्ययन केन्द्र बनाउने ।

## परिच्छेद-३: गाउँ विषय क्षेत्रगत योजना (आर्थिक विकास)

आर्थिक विकासका अवसर तथा चुनौतीहरु,सोच,लक्ष्य,उद्धेश्य,रणनीति तथा कार्यनीति,प्रमुख कार्यक्रमहरु,कार्यान्वयन कार्ययोजना र अपेक्षित उपलब्धीहरु देहाय बमोजिम रहेका छन् ।

३.१.१ कृषि

१. पृष्ठभूमि

जनसङ्ख्याको अधिकांश संख्या रोजगारी तथा जीविकाको लागि कृषिमा निर्भर रहेको एवम् कृषि क्षेत्रमा साना र मझौला किसानहरूको बढी संलग्नता रहेको छ । मूलतः कृषि प्रणाली निर्वाहमुखी हुनु र यसमा संलग्न श्रमिकहरूको उत्पादकत्व निकै कम रहँदा यस क्षेत्रबाट श्रमशक्तिको पलायन बढ्दो छ । सिंचाइ सुविधाको अभावमा कृषि क्षेत्रमा उपलब्धि गुमिरहेको छ । कतिपय स्थानमा सुख्खा खडेरीले खाद्यान्न उत्पादनमा प्रतिकूल प्रभाव परेको छ । नेपालको संविधानले खाद्यसम्बन्धी अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको सन्दर्भमा प्राकृतिक तथा अन्य सङ्कटका कारण उत्पन्न हुनसक्ने खाद्य सङ्कटको अवस्थालाई मध्यनजर गर्दै प्रमुख खाद्यान्नको आत्मनिर्भरताका लागि आवश्यक व्यवस्था गर्नुपरेको छ । गाउँपालिकाको भौगोलिक परिवेश, उपलब्ध कृषि शिक्षा, अनुसन्धान, उन्नत बिउबिजन र प्रविधि, स्रोतसाधन, कृषि उद्यमी, युवा तथा सीमान्त कृषक वर्गको चाहना, तुलनात्मक लाभ र स्थानीय आवश्यकता तथा गाउँपालिकाले जिल्लास्तरमा गरेका सम्झौता, प्रतिबद्धता, लक्ष्य तथा नीतिहरूमा गरेका प्रतिबद्धतालाई ध्यानमा राख्दै कृषिजन्य उत्पादन एवम् व्यापारमा प्रतिस्पर्धा,व्यवसायीकरण, यान्त्रिकीकरण र विविधीकरण गरी कृषि क्षेत्रको रूपान्तरण गर्नु जरुरी छ । साथै सरकारी, सहकारी र निजी साझेदारीको अवधारणा अङ्गीकार गर्दै कृषि पेशालाई उच्च सम्मानजनक बनाई आयआर्जन तथा रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, व्यापार सन्तुलन, दिगो र सन्तुलित विकास, खाद्य तथा पोषण सुरक्षामा जोड दिनु आवश्यक छ । बढ्दो जनसङ्ख्याको चापलाई धान्न सक्ने गरी खाद्य तथा अन्य आधारभूत आवश्यकता पूरा गर्न कृषि उत्पादन र उत्पादकत्व बढाउनुपर्ने स्थिति रहेको छ । तथापि गाउँपलिकामा हरेक वर्ष कृषिजन्यवस्तुहरूको आयातलाई अपेक्षित मात्रामा न्यूनीकरण गर्न सकिएको छैन । वैदेशिक रोजगारीका लागि युवा जनशक्तिको पलायन, कृषि सामग्री आपूर्तिको कमजोर स्थिति, माटोको उत्पादकत्वमा ह्रास, कृषिमा यान्त्रिकीकरणको अभाव र बढ्दो लागत, आयातित कृषिजन्य वस्तुहरूसँगको प्रतिस्पर्धा, कृषिभूमिको अत्याधिक खण्डीकरण, अव्यवस्थित सहरीकरणले भू-उपयोगमा भइरहेको परिवर्तन र जलवायु परिवर्तनजस्ता कारणले कृषि क्षेत्रमा आशातीत उपलब्धि हासिल हुन सकेको छैन ।

२.अवसर तथा चुनौतीहरु

अवसर

भौगोलिक तथा जैविक विविधताले उपलब्ध गराएका विभिन्न सम्भाव्यताहरू हुनु, कृषि विकासको स्पष्ट मार्गदर्शनका रूपमा रहेको कृषि विकास रणनीति तय गरेर कार्यान्वयन गर्न सकिने, गाउँपालिकामै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सुरुवात हुनु, विदेशबाट फर्किएका युवाहरू सीप, ज्ञान, पुँजी र उन्नत प्रविधिसहित कृषि क्षेत्रमा आकर्षित हुँदै जानु, जैविक कृषि र कृषि वनप्रति किसानहरूको आकर्षण बढ्नु, व्यापारको पहुँच एवम् ठूला संस्थागत र अन्य निजी क्षेत्रहरू समेतको यस क्षेत्रमा आकर्षण बढ्दै जानु कृषि क्षेत्रका अवसर हुन् । यातायातका सुविधा बढ्दै जानुका अतिरिक्त पछिल्ला वर्षहरूमा कृषि ऋण, कृषि बिमा, नयाँ प्रविधिहरूको उपयोग र सिँचाइ सुविधामा विस्तारले समेत यस क्षेत्रमा थप अवसरहरू सिर्जना हुँदैछन् ।

चुनौतीहरु

अधिकांश कृषकहरू साना र मझौला स्तरका भएको हुँदा जलवायु परिवर्तन र विभिन्न प्राकृतिक प्रकोपसँग जुध्ने क्षमता विकास गर्नु र वर्षेनी युवा जनशक्तिको विदेश पलायनले गर्दा कृषि क्षेत्रमा परेको नकारात्मक असरलाई सम्बोधन गर्नुका साथै अव्यवस्थित सहरीकरण, जग्गाको खण्डीकरण, घडेरीकरण, दोहोरो भू-स्वामित्वको स्थिति र जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कृषिभूमिलाई उपयोगमा ल्याउनुपर्ने चुनौती छ । स्थानीय बालीनालीमा कमी र स्थानीय खानेकुराको उपयोगमा सोचेअनुसार प्रगति हुन नसक्नु अर्को चुनौती हो । त्यस्तै कृषि क्षेत्रमा भएको लगानी, कृषि ऋणको सहज उपलब्धता, कृषि प्रसार सेवामा कृषकहरूको पहुँचमा वृद्धि र कृषिजन्य वस्तुहरूको उत्पादन, वितरण, आयात एवम् निर्यातलाई लागत-प्रभावी बनाउनु, गुणस्तर एवम् स्वच्छता नियमन कार्य प्रभावकारी तुल्याउँदै कृषिजन्य वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नु, गुणस्तरीय बिउ, मलखाद, कीटनाशक तथा साना र मझौलास्तरका कृषियन्त्रको सुलभता, कृषि सामग्रीको समयानुकूल आपूर्ति बढाउनु र कृषि पेशालाई प्रतिस्पर्धी, नाफामूलक, सम्मानजनक र व्यावसायिक रूपमा स्थापित गर्नु पनि चुनौतीपूर्ण छन् ।

३.सोच, लक्ष्य तथा उद्धेश्य

सोच

कृषिमा आधुनिकिकरण सहितको ब्यबसायीकरण र खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति ।

लक्ष्य

दिगो र व्यावसायिक विकासद्वारा कृषि क्षेत्रलाई प्रतिस्पर्धी र आयआर्जन उन्मुख बनाउने ।

उद्देश्य

१. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि उपजमा आत्मनिर्भर उन्मुख हुनु ।
२. निर्वाहमुखी कृषि प्रणालीलाई नाफामूलक, दिगो एवम् व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु ।
३. कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी र आम्दानी वृद्धि गर्नु ।
४. कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी स्थानीय अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।

४. रणनीति

१. कृषि क्षेत्रको उत्पादकत्व र प्रतिस्पर्धी क्षमता विकास गर्ने ।
२. तुलनात्मक लाभ हुनसक्ने स्थानीय बालीनाली र आधारभूत खाद्य वस्तुको उत्पादनबाट आधारभूत आय हासिल गर्ने ।
३. कृषि क्षेत्रको अतिरिक्त श्रमशक्तिलाई कृषि तथा गैरकृषिमा आधारित सेवा र उद्योग क्षेत्रतर्फ आकर्षित गरी यस क्षेत्रमाथि को निर्भरता कम गर्ने ।
४. जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने ।
५. कृषि तथा पशुसेवामा प्रयोग भइरहेको स्थानीय सिपलाई आधुनिक सिप र प्रविधिमा अनुमिलन गराइ दिगो कृषि विकास गर्ने,
६. सिंचाइका उपयुक्त प्रविधि समेतको उपयोग गरी सिंचित क्षेत्र विस्तार गर्ने ।

५ कार्यनीति

- माटोको स्वस्थता कायम गरी उर्वराशक्ति दीर्घकालीन रुपमा कायम राख्न गोठेमल, कम्पोष्ट मल, पशुमुत्र संकलन, जैविक मल, हरियो मलको प्रयोगमा जोड दिईनेछ ।
- गाउँपालिका भित्रै श्रोत केन्द्रको विकास गरी कृषि उत्पादनको लागि आवश्यक उन्नत वीउ-विजन, वेर्ना आदिमा गाउँपालिकालाई आत्म निर्भर बनाइनेछ ।
- गरिव तथा साना कृषक/लक्षित वर्गको पारिवारिक पोषण तथा खाद्य सुरक्षामा टेवा पुऱ्याउन जलवायु परिवर्तनसंग अनुकुलन हुने खालको जैविक विविधतामा आधारित खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ ।
- खाद्य सुरक्षाको स्थितिमा सुधार ल्याउन स्थानीय वालीहरुको उत्पादन र प्रयोगमा जोड दिईनेछ ।
- व्यवसायिक कार्यक्रमबाट समेटिन नसकेका कृषक समुदायका लागि साधारण कृषि कार्यक्रम संचालन गरि आयआर्जन हुन सक्ने कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।
- वातावरण तथा मानव स्वास्थ्यमा प्रतिकुल असर पर्न नदिन तथा दीर्घकालिन कृषि विकासको निम्ति रासायनिक विषादीको प्रयोगलाई निरुत्साहित गर्दै बाली उपचार शिबिर संचालन, एकीकृत जीव व्यवस्थापन, जैबिक तथा वनस्पतिक बिषादी निर्माण पद्धतिमा जोड दिईनेछ ।
- दीर्घकालिन रुपमा कृषि जैविक विविधताको संरक्षण एवं सम्वर्द्धन गरी पर्यावरणीय सन्तुलन अभिबृद्धि गरिनेछ ।
- बजारमुखी उत्पादनमा जोड दिने र कृषि वस्तुहरुको व्यवसायिक उत्पादन नजिक संकलन केन्द्रको व्यवस्था गरी बजारीकरणमा सहयोग पुऱ्याइनेछ ।
- कृषिक्षेत्रको व्यवसायीकरण र विविधीकरण गरी रोजगारका अवसर बढाउन सरकारी गैर सरकारी एवं नीजि क्षेत्रसँगको सहकार्यमा दक्ष जनशक्ति विकास गरिनेछ ।
- कृषि ऋणको पहुँच बृद्धि गर्न विशेष पहल गरिनेछ ।

- कृषि व्यवसायमा महिला, दलित र अन्य लक्षित वर्गको संलग्नतालाई विशेष जोड दिइनेछ ।
- कृषि व्यवसायीकरणका लागि अगुवा कृषक विकास र परिचालनमा जोड दिइनेछ ।
- साना र सीमान्त कृषकलाई समूह/सहकारीमा आवद्ध गराई कम आयतन र उच्च मूल्य -Low Volume and High Value_ का बाली/वस्तु उत्पादन गर्न प्रोत्साहन गरिनेछ ।
- निर्माणाधिन सडकको आसपासमा व्यवसायिक खेती प्रणालीको मूल्य अन्तरसम्बन्ध -Value Chain_ विकास गरी प्रवर्द्धन गरिनेछ ।
- व्यवसायिक तरकारी खेती तथा फलफुल उत्पादनमा नीजि क्षेत्रलाई अग्रसर गराईनेछ ।
- कृषिका विभिन्न चरणका गतिविधिहरु बीच अन्तरसम्बन्ध (Value Chain System) कायम गरी कृषि व्यवसायको विकास गरिनेछ ।
- कृषकको परम्परागत ज्ञान, सिप, प्रविधि र अभ्यासहरुको हकहितको संरक्षण तथा संवर्द्धन गरिनेछ ।
- सम्भाव्यताको आधारमा पकेट छनौट तथा कृषक समूह गठन गरी उपलब्ध साधन र श्रोतलाई प्राथमिकता क्रममा परिचालन गरी कृषि तथा पशुजन्य उत्पादन बढाईनेछ ।
- दीगो कृषि क्षेत्र विकासका लागि योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, तथा मुल्यांकन प्रक्रियामा विकेन्द्रिकृत र सहभागितात्मक कृषि प्रसार प्रणाली अवलम्वन गरिनेछ ।

६.प्रमुख कार्यक्रमहरू

क. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि

१. मूल्य श्रृङख्लाका सबै चरणहरू बिउदेखि अन्तिम उत्पादन, उत्पादनदेखि प्रशोधन, बजार पूर्वाधारदेखि सडक पहुँच र सञ्जालीकरण तथा प्रविधिदेखि गुणस्तरको आश्वस्तता र निर्यातसम्मको विकास ।
२. उत्पादन सामग्रीहरू, रासायनिक मल, प्राङ्गारिक मल, उन्नत बिउ बिजन, सिँचाइ, मेसिनरी औजार, जैविक तथा रासायनिक विषादी तथा बिमा प्रिमियममा लागत सहभागिताको आधारमा अनुदानको व्यवस्था ।
३. समूहमा आधारित साना सिँचाइ निर्माण तथा मर्मत सम्भार, सहकारीमा आधारित साना सिँचाइ पूर्वाधार निर्माण, प्लास्टिक पोखरी निर्माण गरी सिञ्चित क्षेत्र विस्तार ।
४. महिलाकरण हुँदै गएको कृषि र श्रमको अभावलाई सम्बोधन तथा कृषि व्यवसायीकरण गर्न यान्त्रिकीकरणमा प्रोत्साहन ।
५. कृषि यन्त्र औजार उपकरणमा अनुदान दिने र कृषि सहकारीसँगको सहकार्यमा सामुदायिक बिउबिजन प्रशोधन तथा वितरण कार्यलाई सहजीकरण गर्न सामुदायिक सेवाकेन्द्र स्थापना ।
६. कृषक समूह तथा सहकारीहरूलाई बिउ भण्डारण घर, उपकरण खरिद सहयोग, थ्रेसिङ फ्लोर निर्माण र बिउबिजन आत्मनिर्भर कोष स्थापनामा सहयोग ।
७. मसिना तथा बास्नादार धान उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन । चैते धान प्रवर्द्धनका लागि बृहत्तर धान उत्पादन कार्यक्रम सञ्चालन ।
८. मौरीपालन र च्याउ खेती प्रवर्द्धनका कार्यक्रमको लागि आर्थिक तथा प्राविधिक सहयोग र रेशम खेतीको सम्भाव्यता र मागबमोजिम किम्बु क्षेत्र विस्तार ।
९. बिउ आलु उत्पादक कृषक तथा कृषक समूहलाई विशेष सहयोगी कार्यक्रम सञ्चालन ।
१०. आगामी १० वर्षभित्र फलफूलमा आत्मनिर्भरताका लागि फलफूल दशक घोषणा गरी आवश्यक कार्यक्रमहरू सञ्चालन । ह्रास भएका सुन्तला बगैँचाहरूको सुदृढीकरणका लागि प्याकेज कार्यक्रम सञ्चालन ।
११. तरकारी खेती, मत्स्यपालन, पुष्प व्यवसाय, मौरीपालन तथा च्याउ खेतीमा युवाहरूलाई आकर्षित गर्न युवा लक्षित कार्यक्रम सञ्चालन गरी व्यवसाय सञ्चालनमा लागत
१२. सहभागिताको आधारमा अनुदानको कार्यक्रम सञ्चालन ।
१३. कृषक, कृषि उद्यमी, समूह र कृषि सहकारीलाई प्रतिफलमा आधारित प्रोत्साहन अनुदान ।

१४. जैतुन नर्सरी स्थापना, बगैँचा व्यवस्थापन र प्रशोधनमा सहयोगी कार्यक्रम सञ्चालन ।
१५. अलैँची, बेसार, अदुवा, पुष्प लगायतका क्षेत्रको विकास र विस्तार तथा प्रशोधन उद्योग स्थापना ।
१६. कृषि पेसालाई मर्यादित बनाउन हरेक वर्ष उत्कृष्ट कृषक पुरस्कार वितरण ।
१७. उत्कृष्ट पुरस्कृत कृषकहरूलाई जिल्ला स्तरिय तथा राष्ट्रिय कृषि मेला तथा कार्यक्रमहरूमा सहभागी गराउने ।
१८. बाली, पशुधन तथा मत्स्य बिमासम्बन्धी सचेतनाको कार्यक्रम सञ्चालन ।
१९. स्थानीय स्तरमा रहेको कृषि प्रविधिलाई आधुनिक प्रविधिसंग अन्तरघुलनका लागि बिषय विज्ञबाट छोटो अवधिको तालिम,गोष्ठी तथा अन्तरक्रियाको संचालन गर्ने ।

ख. कृषिजन्य वस्तुहरूको व्यवसायीकरण र बजारीकरण

१. शीतभण्डार र शीतघर निर्माणमा बाली वस्तुको किसिम, भौगोलिक क्षेत्र, सम्भावित जोखिम र लागत सहभागिताको आधारमा अनुदान दिने ।
२. विभिन्न कृषि उपजको मूल्य श्रृङ्खलामा आधारित भई कृषक समूह र सहकारी, उद्यमी तथा निजी व्यवसायीहरूका व्यावसायिक योजनाहरूलाई प्रतिस्पर्धी अनुदान ।
३. सार्वजनिक निजी साझेदारीमा 'एक गाँउ एक उत्पादन' कार्यक्रम सञ्चालन ।
४. कृषि उपज सङ्कलन केन्द्रहरू, हाट बजार, थोक बजार र कृषि उपज बजार पूर्वाधार विकास । फलफूल तथा तरकारी थोक बजारको पुनर्निर्माण र सौतामारे र सिदी बजारमा फलफूल बजारको निर्माण ।
५. बजारको जानकारीका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग र कृषि उपज मूल्य सङ्कलन तथा लाभ लागत अध्ययन ।
६. कृषि भूमिको उर्वरा शक्ति र बाली उत्पादन क्षमताको आधारमा विशिष्टीकृत कृषि उत्पादन क्षेत्रलाई पकेट क्षेत्रमा वर्गीकरण गरी उक्त क्षेत्रहरूमा उन्नत र गुणस्तरीय बिउ, बेर्ना, बिरुवा र माछाका भुराका अतिरिक्त कृषि यन्त्र उपकरण र औजारको सेट, स्रोत केन्द्र स्थापना, कृषि उपज सङ्कलन केन्द्र, कृषि हाट बजार केन्द्र, प्रशोधन केन्द्र, शीतभण्डार, गोदाम घर र व्यावसायिक तालिम केन्द्र, प्राङ्गारिक मल कारखाना, जैविक विषादी उत्पादन केन्द्र, फ्लोर मिलको निमार्णका लागि पुँजीगत अनुदान ।

ग. कृषि सूचना तथा सञ्चार, प्रसार र तालिम

१. एकीकृत सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना र कृषकको घरदैलोमा आधुनिक कृषि प्रविधि पुऱ्याउन हरेक वडामा कृषि प्राविधिकको व्यवस्था ।
२. सामाजिक उद्यमशीलताको अवधारणालाई पनि व्यापक उपयोग गर्ने गरी कृषक तथा प्राविधिकहरूको प्राविधिक तथा व्यावसायिक क्षमता अभिवृद्धि ।
३. कृषि तथा ग्रामीण विकासमा स्नातक अध्यनरत विद्यार्थीहरूलाई छात्रबृति कार्यक्रम कार्यान्वयन ।
४. वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई व्यावसायिक कृषि तथा पशुपालनसम्बन्धी आधारभूत ज्ञान र सीप अभिवृद्धि गराउन तालिम कार्यक्रम सञ्चालन ।

घ. कृषि क्षेत्रको अनुसन्धान तथा सर्वेक्षण

१. कृषि अनुसन्धान केन्द्रको स्थापना ।
२. कर सुविधा, कृषि व्यवसाय इन्क्युबेटर र पूरक अनुदान मार्फत कृषिमा नव-प्रवर्तन र कृषि उद्यमशीलताको विकास र प्रवर्द्धन गर्न नव-प्रवर्तन तथा कृषि उद्यमशीलता कार्यक्रम सञ्चालन ।
३. कृषि तथा पशुपन्छीसम्बन्धी आधारभूत तथ्याङ्क नियमित रूपमा सङ्कलन तथा प्रकाशन ।
४. कृषकहरूको वर्गीकरण गरी सामाजिक सुरक्षाका लागि सहभागितामूलक कृषक सामाजिक सुरक्षा कोष स्थापना र सञ्चालन ।

ङ. गुणस्तर नियमन, मानव तथा पशु रोग व्यवस्थापन एवम् विपद् व्यवस्थापन तथा सचेतना

१. विषादी न्यूनीकरण अभियान कार्यक्रम तथा तरकारी बालीमा विषादीको अवशेष तथा जोखिम विश्लेषण गरी प्रतिवेदन सार्वजनिक तथा सचेतना कार्यक्रम सञ्चालन ।
२. कृषि व्यवस्थापन सूचना प्रणाली स्थापना गरी कृषि क्षेत्रमा हुने विभिन्न विपद् तथा जोखिम सम्बन्धमा पूर्व जानकारीको व्यवस्था ।
३. मुख्य बजार केन्द्रहरू र बृहत् व्यवसायिक उत्पादन क्षेत्रमा विषादी द्रुत परीक्षण प्रयोगशाला र घुम्ती प्रयोगशाला स्थापना तथा प्रयोग,विषादी तथा गुणस्तर मापन प्रयोगशालाको स्थापना गर्ने दक्ष जनशक्तिको विकास गर्ने ।

**७.कार्यान्वयन कार्ययोजना**

| क्र.सं. | क्रियाकलाप | स्थान | समय | अनुमानित बजेट रु | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बजार र यातायातको राम्रो प्रबन्ध हुनुपर्ने | सौतामारे,सिदी बजार | २०७५ | १०,००,००० | गाउँपालिका | |
| २ | बेमौसमी तरकारीको उत्पादन गर्नको लागि टनेलको ब्यबस्था | पोप्रीडाडा,तालेघर,खरिपाटा. सौतामारे, बदाचौर, वलला,बाग्मारा पातिहाल्न | २०७६ | ५,००,००० | गाउँपालिका | |
| ३ | सुन्तला,कागतीको बिरुवा रोप्ने ब्यबस्था | कडापानी, दीकनेटा सौतामारे | २०७५ | २००,,००० | गाउँपालिका | |
| ४ | बेमौसमी तरकारी उत्पादन समुह संजाल निर्माण र परिचालन | धाकेदिही,हल्ते,आहालखोला | २०७५ | ५०००००० | गाउँपालिका | |
| ५ | उत्पादनको संकलन केन्द्र निर्माण | धाकेदिही,हल्ते,आहालखोला | २०७८ | २०,००,००० | गाउँपालिका | |
| ६ | माटो परिक्षण गरी, वैज्ञानिक तरिकाबाट खेती | लेडेमेला, डकु बलिटोल | २०७७ | २,५०,००० | गाउँपालिका | |
| ७ | कृषकहरुलाई तालिमको व्यवस्था | लेडेमेला, डकु बलिटोल | २०७५ | ५०,००० | गाउँपालिका | |
| ८ | सुन्तला जात फलफूल पकेट क्षेत्र विकास गर्ने | हराना चौके, एकराते चौर, सुमन्ते काना, बझाबाँगे, पोखरी वौडा | २०७७ | ८,००,००० | गाउँपालिका | |
| ९ | उन्नत जातका समय अनुकुलताका विउविजनहरु, मल उपलब्ध गराउनु | हराना चौके, एकराते चौर, सुमन्ते काना, बझाबाँगे, पोखरी वौडा | २०७८ | १००००० | गाउँपालिका | |
| १० | अदुवा तथा बेसार खेती | तुषारा,काप्रेखोला, हिडडाडा | २०७५ | १००००० | गाउँपालिका | |
| ११ | जडिबुटीको खेती | तुषारा,काप्रेखोला, हिडडाडा | २०७६ | २००००० | गाउँपालिका | |
| १२ | स्याउ, नासपाती, दाँते ओखर वेर्ना उपलब्ध गराउने | झुडदी,दिहाल्ना | २०७५ | ३०००००० | गाउँपालिका | |
| १३ | अमिला जातका फलफूलहरु टिमुर, कूरिलोका वेर्ना तथा माटो परिक्षण गर्ने | झुडदी,दिहाल्ना | २०७९ | ३००००० | गाउँपालिका | |
| १४ | आलु खेती, विउ उपलब्ध हुनु पर्ने | गब्दी | २०७९ | १००००० | गाउँपालिका | |
| १५ | लसुन पकेट एरिया घोषणा | हाडेपानी | २०८० | ५००००० | गाउँपालिका | |

८. अपेक्षित उपलब्धि

आधार वर्ष २०७४/७५ मा धान,मकै, गहुँ, दलहन, तरकारी, फलफूल, आलु र माछाको वार्षिक उत्पादन न्यून रहेकोमा योजना अवधिको अन्तिम वर्ष २०७९/८० मा धान, मकै, गहुँ, दलहन, तरकारी, फलफूल, आलु र माछा वार्षिक उत्पादनमा बृद्धि भएको हुनेछ । भौगोलिक अवस्था सुहाउँदो कृषि यान्त्रिकीकरण तथा कृषि प्रविधिको विकास, प्रसार र अनुसरण भएको एवम् कृषिजन्य उद्योगका लागि आवश्यक कच्चापदार्थ उत्पादन, प्राङ्गारिक कृषि वस्तुहरूको उत्पादन र कृषि वस्तुहरूको भण्डारण क्षमता, सङ्कलन केन्द्रहरूलगायत बजार पूर्वाधार वृद्धि भएको हुनेछ ।

३.१.२ पशुपन्छी

१. पृष्ठभूमि

पशुपन्छीपालन क्षेत्र यस गाउँपालिकाको सम्भावित विकासको आधार रहेको सन्दर्भमा यस क्षेत्रको विशेष आर्थिक महत्व रही आएको छ । पशुजन्य पदार्थको उपलब्धतामा आत्मनिर्भर बन्न पशुपालन क्षेत्रलाई उच्च प्राथमिकतामा राखी उल्लेखनीय प्रगति हासिल गर्नका लागि उन्नत नस्ल, पशु आहार, पशु स्वास्थ्य र व्यवसायीकरणका क्षेत्रमा थप अनुसन्धान र विकास गर्न आवश्यक छ । त्यस्तै दिगो विकास लक्ष्यमा उल्लिखित भोकमरीको अन्त्य, खाद्य र पोषण सुरक्षाजस्ता लक्ष्य प्राप्त गर्न पशुपन्छी विकास कार्यक्रमको ठूलो भूमिका रहन्छ । गाउँपालिकामा हाल प्रतिवर्ष दूध ४ हजार मेट्रिक टन, मासु १ हजार मेट्रिक टन र अन्डा २० हजार ओटा उत्पादन भई प्रतिव्यक्ति प्रतिवर्ष दूध, मासु र अन्डाको उपलब्धता क्रमशः ०.७ लिटर, १.७ किलोग्राम र ०.४ ओटा रहेको छ । पशुजन्य पदार्थहरूको उपभोगबाट न्यूनतम पौष्टिक तत्वहरूको आपूर्तिका लागि प्रतिव्यक्ति प्रतिवर्ष दूध ९१ लिटर, मासु १४ किलोग्राम र अन्डा ४८ ओटा हुनुपर्नेमा हाल दूध उत्पादन ३० प्रतिशतले, मासु उत्पादन १७ प्रतिशतले र अन्डा उत्पादन ७ प्रतिशतले न्यून रहेको देखिन्छ ।

२. चुनौती तथा अवसर

चुनौती

कृषिप्रसार कार्यक्रम मार्फत कृषकको थलोमा सेवा सुविधा पुऱ्याउनु, कृषक समूह/समितिको सङ्ख्यामा वृद्धि भए अनुरूप संस्थागत विकास, व्यावसायिक दक्षता, स्रोत परिचालन र कारोबार आदिमा गुणात्मक विकास गर्दै लैजानु, चरन तथा खर्क क्षेत्रको विकास एवम् व्यवस्थापन गरी उपयोग सम्बन्धी उपयुक्त नीति कार्यान्वयनमा ल्याउनु, कृषि तथा पशु विकास कार्यक्रमहरू कार्यान्वयनमा विभिन्न सेवाग्राहीहरूबीच समन्वय कायम गर्नु, प्रविधिको विकास,अनुसन्धान र बजार पूर्वाधार एवम् बजार संरचना विकासमा निजी क्षेत्रको सहभागिता बढाउनु, स्थानीय स्तरमा गुणस्तरीय पशुजन्य उत्पादन एवम् उपभोगप्रति जनचेतना वृद्धि गर्नु र पशु सेवामा संलग्न प्राविधिकहरूलाई उपयुक्त वातावरण तयार गरी स्वदेशमै काम गर्न प्रोत्साहित गर्नु यस क्षेत्रका चुनौती रहेका छन् । तीव्र सहरीकरण, नेपालीको आय आर्जनमा भएको वृद्धि, खाद्य व्यवहार परिवर्तन आदिले गर्दा दूध, मासु तथा अन्डाको माग बढिरहेको सन्दर्भमा विद्यमान उत्पादन वृद्धिले धान्न सकेको छैन पशुजन्य उत्पादनको स्वच्छता तथा गुणस्तर कायम गराउन चुनौती छ । पशुपन्छी उत्पादन प्रणालीलाई प्रतिस्पर्धी बनाउन उच्च उत्पादन लागतले समस्या परेको छ ।

अवसर

पशुपन्छी सम्बन्धी छुट्टै शाखा स्थापना भई यस क्षेत्रमा विशेष ध्यान पुग्ने स्थिति सिर्जना हुनु, गाउँपालिकास्तरमा पशुसेवा प्रसार संयन्त्र र पशु सेवा प्राविधिकहरूको बढ्दो उपलब्धताबाट पशु विकासको व्यापक सम्भावना हुनु, पशुपन्छी विकास क्षेत्रमा निजी क्षेत्रको बढ्दो आकर्षण हुनु, पशुपन्छी विकास गतिविधि प्रति कृषक तथा सर्वसाधारण जागरूक हुनु र प्रोटिनजन्य वस्तुको माग बढ्दै जानु यस क्षेत्रका अवसर हुन् । साथै विभिन्न कारणहरूले गर्दा यहाँका बासिन्दाहरूको क्रयशक्ति बढ्नु खानपानको व्यवहारमा भएको परिवर्तनले पशुजन्य उत्पादनको माग तीव्र गतिमा बढ्नु र छिमेकी जिल्लाका बजारमा पहुँच पाउनुले यस क्षेत्रको विकासमा अवसरहरू प्रदान गरेको छ । व्यावसायिक पशुपालनमा पशु बिमाको आकर्षण बढ्दै जानु, सडक, विद्युत, सञ्चारजस्ता पूर्वाधारको विस्तारले पशुपन्छी पालनमा यान्त्रिकीकरण, प्रविधिको अवलम्बन, आधुनिकीकरण र व्यवसायीकरणमा लाग्ने वातावरण बन्दै जानुलाई अवसरको रूपमा लिन सकिन्छ ।

३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

३.१ सोच
पशुपालन आय आर्जनको आधार,झिमरुकबासीको रहर ।

३.२ लक्ष्य
स्वच्छ एवम् गुणस्तरीय पशुपन्छीजन्य उत्पादनका माध्यमबाट गाउँपालिकालाई खाद्यमा आत्मनिर्भर बनाउने ।

३.३ उद्देश्य
१. झिमरुक गाउँपालिकालाई पशुपन्छीजन्य उत्पादनमा बृद्धि गरी कुपोषण हटाउनु र खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउनु ।
२. पशुपन्छी पालनलाई प्रविधियुक्त, परिणाममुखी, व्यावसायिक र प्रतिस्पर्धी बनाई पशुपन्छीजन्य पदार्थको आयात घटाउँदै निर्यात प्रवर्द्धन गर्नु ।
३. पशुपन्छी पालनलाई महिला, युवा तथा सबै वर्गको स्वरोजगारको माध्यमका रूपमा विकसित गर्दै आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्नु ।
४. पशुजन्य पदार्थवाट मानव स्वास्थ्यमा पर्नसक्ने नकारात्मक असर न्यूनीकरण गर्न स्वस्थ पशुपन्छी उत्पादन गर्नु ।

३.४ रणनीति
१. पशुपन्छी उत्पादक कृषक, समुदाय, सहकारी संस्था एवम् निजी उद्यमीहरूको प्रतिस्पर्धी क्षमता वृद्धि गर्दै पशुपन्छीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न एकीकृत रूपमा प्राविधिक, वित्तीय सेवा उपलब्ध गराउने ।
२. पशुपन्छीजन्य व्यवसायमा पछि परेका महिला, युवा तथा विभिन्न कारणले जोखिममा रहेका लक्षित वर्गको स्वरोजगार तथा आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्ने ।
३. पशुपन्छीजन्य मूल्य श्रृङ्खला सुधार, बजार संरचना, सूचना प्रणाली र अन्य पूर्वाधारको विकास तथा सुधारका साथै पशुपन्छीजन्य उत्पादनको गुणस्तरमा अभिवृद्धि गर्दै स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमुखी पशुपन्छी पालन पद्धतिको विकास गर्ने ।
४. पशुपन्छी व्यवसायको प्रवर्द्धन गर्ने ।

३.५ कार्यनीति
१. सम्भाव्यताको आधारमा गाउँपालिकालाई गाई/भैसीपालन, बाखा तथा भेडा पालन, कुखुरापालन, बंगुरपालन लगायतका पकेट क्षेत्रमा विभाजन गरी पशुपालन व्यवसायलाई प्रोत्साहन गरिनेछ ।
२. पशुजन्य उत्पादनको लागत कम गरी प्रतिस्पर्धात्मक क्षमता बढाउन उपलव्ध प्रविधि सरल र सुलभ रुपमा कृषक समक्ष पुऱ्याईनेछ ।
३. भौगोलिक, प्राविधिक र आर्थिक सम्भावनाका आधारमा बृहत उत्पादन क्षेत्रहरुको स्थापना, विकास तथा सुदृढिकरण गर्दै व्यवसायिक पशु पालनका लागि सरकारी, सहकारी तथा नीजि क्षेत्र बीचको साझेदारी र सहकार्यलाई दीगो तुल्याईनेछ ।
४. सम्भाव्यताको आधारमा पकेट छनौट तथा कृषक समूह गठन गरी उपलव्ध साधन र श्रोतलाई प्राथमिकता क्रममा परिचालन गरी पशुजन्य उत्पादन बढाईनेछ ।
५. पशु विकास कार्यक्रमलाई नीजी स्तरमा सञ्चालन गराउन आवश्यक सेवा उपलब्ध गराईनेछ ।
६. पशुपालन व्यवसाय विकास र विस्तारको लागि कृषि ऋणको विस्तारका लागि विशेष पहल गरिनेछ ।
७. पशुपालन व्यवसायमा महिला, दलित र अन्य लक्षित वर्गको संलग्नतालाई विशेष जोड दिइनेछ ।
८. अगुवा पशु कृषक विकास र परिचालनमा जोड दिइनेछ ।
९. व्यवासायिक रुपमा बाखा, भेडा, कुखुरा पालन फर्म संचालन गर्ने कृषकलाई कृषि विकास बैंक तथा जिल्लामा संचालित अन्य बैंकबाट ऋण लगानी गर्न प्रोत्साहन गरिनेछ ।

१०. पशु स्वास्थ्यबारे  कृषकहरुलाई तालिम उपलब्ध गराउने र आधुनिक प्रविधिको प्रयोगद्वारा कृषकहरुको आय र रोजगारी अभिवृद्धि गर्न जोड दिईनेछ ।
११. सामुदायिक पशु विमा मार्फत पशुपालन व्यवसायलाई अभिबृद्धि गरिनेछ ।
१२. गाउँपालिकामा स्थानीय श्रोत व्यक्तिलाई (अनुभवी अगुवा कृषक) परिचालन गरिनेछ ।
१३. गाउँपालिकालाई अन्डा, मासु र दूधमा क्रमशः एक, दुई र तीन वर्षभित्रमा आत्मनिर्भर बनाउन दूध, मासु र अन्डा विशेष मिसन कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ ।
१४. पशुपन्छीको नस्लसुधार, पौष्टिक दाना आहाराको व्यवस्था, पशुपन्छी स्वास्थ्य सेवा एवम् उत्पादित पशुजन्य पदार्थको बजारीकरणका चारै पक्ष पक्षलाई समानान्तर रूपमा अगाडि बढाई एकीकृत रूपमा सेवा प्रदान गर्ने गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
१५. गाई, भैंसी, बङ्गुर र बाखाको कृत्रिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी बनाई तथा कृत्रिम गर्भाधान सेवा पुग्न नसक्ने स्थानमा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नस्लका पशुहरूको सङ्ख्यामा वृद्धि गरिनेछ ।
१६. गुणस्तरीय पशुआहाराको उपलब्धता बढाउन चरन विकास, डालेघाँस, भुईघाँस उत्पादन, बिउ वृद्धि, दाना, औषधी र घाँस सम्मिश्रण, मिनरल ब्लक आदि उत्पादन र प्रयोगका साथै कृषिजन्य उप-पदार्थहरूको सदुपयोगलाई प्रोत्साहन गरिनेछ ।
१७. पशुपन्छी पालक साना किसानलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ । युवाको बढ्दो विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशुपन्छी पालनमा आकर्षित गर्ने गरी युवालक्षित कार्यक्रमलाई प्राथमिकताका साथ प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । पशुपन्छी पालनमा बढ्दो महिला सहभागिता र महिला किसान सशक्तीकरणलाई केन्द्रित गर्दै साना तथा व्यावसायिक महिलामुखी कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
१८. उन्नत नश्लका पशुपंक्षीको उपलब्धता सरल र सुलभ तुल्याउनुको साथै नश्ल सुधारको माध्यमबाट स्थानीय पशुहरुमा गुणात्मक सुधार ल्याईनेछ ।
१९. दुध,मासु, अण्डा रअन्य पशु उत्पादनको बृद्धि गर्न उच्च हिमाली भूभाग सुहाउँदो उन्नत जातको व्यवसायिक पशुपालन प्रवर्द्धन गरिनेछ ।
२०. पशुजन्य उत्पादनको प्रतिस्पर्धात्मक क्षमता बढाउन सहयोग पुऱ्याउने खालका उपलब्ध प्रविधि सरल र सुलभ रुपमा कृषक समक्ष पुऱ्याईनेछ ।
२१. पशु आहारमा सुधार ल्याउन विभिन्न घाँसेवाली, पशु चरण तथा डाले घाँसको सम्वर्द्धन गर्ने नीति अवलम्वन गरिनेछ ।
२२. भेडा बाखा विकास कार्यक्रमलाई नीजि स्तरमा सञ्चालन गराउन आवश्यक सेवा उपलब्ध गराईनेछ ।
२३. पशु सेवा प्रवाह तथा विकास कार्यक्रममा गैसस, नीजि क्षेत्र र समूह परिचालन अवधारणा लागू गरिनेछ ।
२४. जलवायु परिवर्तनको प्रभावसंग अनुकुल हुने पशु जातको बृद्धि र वितरणलाई प्रथमिकता दिईनेछ ।

३.६ प्रमुख कार्यक्रमहरू

क. उत्पादन र उत्पादकत्व वृद्धि गर्ने आधार तयार तथा सुदृढीकरण उन्नत नस्लका पशुको उपलब्धतामा वृद्धि

१. गाई, भैंसी, बाखा र बङ्गुरको कृत्रिम गर्भाधानबाट उन्नत नस्लका पशुहरूको सङ्ख्या वृद्धि र नस्ल सुधार अभियान कार्यक्रम ।
२. कृत्रिम गर्भाधान सेवा नपुगेको क्षेत्रमा प्राकृतिक गर्भाधानको लागि राँगो, साँढे, बोका, थुमा तथा वीर वितरण ।
३. उन्नत नस्लका गाईभैंसीको स्रोत केन्द्र स्थापना कार्यक्रमको विस्तार ।

पशु आहाराको उपलब्धतामा वृद्धि

४.घाँसमा आधारित पशुपालन प्रवर्द्धन गर्न अभियानको रूपमा फरेज मिसन कार्यक्रम सञ्चालन ।

५.एक गाउँ एक घाँस स्रोत केन्द्र स्थापना गरी घाँसको विकास र विस्तार ।
६.चरन विकास, डाले घाँस, भुँइ घाँस उत्पादन, बिउ वृद्धि, दाना, औषधी र घाँस सम्मिश्रण आदि उत्पादन र प्रयोगका साथै कृषिजन्य उपपदार्थहरूको सदुपयोगलाई प्रोत्साहन ।
७.खेर गइरहेका सार्वजनिक वा अनुत्पादक वन क्षेत्रको जग्गा कबुलियत गरी करारमा उपलब्ध गराउन आवश्यक समन्वय ।

पशु स्वास्थ्य सेवाको संस्थागत विकास र सुदृढीकरण
९.खोरेत, पी.पी.आर, रेबिज, स्वाइन फिबर, रानीखेतजस्ता रोगको रोकथामका लागि प्रयोगका क्षेत्रमा थप लगानी, पूर्वाधारको विकास तथा स्तरोन्नति ।
१०.पशुरोग अन्वेषणका लागि आधारभूत प्रयोगशालाको स्थापना ।

कार्यान्वयन कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | स्थान | समय | अनुमानित बजेट रु | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ठाउँ अनुसारको पशुहरुको व्यबस्था गराइदिने | सौतामारे,लाकुरी, बेताने,बाग्मारा | २०७५ | ४,००,००० | गाउँपालिका | |
| २ | पशुस्वास्थ्यका लागि भेटेनरी व्यबस्था | ,, ,, | २०७६ | ५,००,००० | गाउँपालिका | |
| ३ | आय आर्जनमा बाखा पालन व्यवसायलाई प्राथमिकता दिने | चौके | २०७७ | ३,००,००० | गाउँपालिका | |
| ४ | कमदलेमा मौरी पालन व्यवसाय | चौके | २०७६ | २,५०,००० | गाउँपालिका | |
| ५ | भैसी,बाखा,कुखुरा,मौरी पालन | तुषारा,काप्रेखोला, हिडडाडा | २०७५ | ५,००,००० | गाउँपालिका | |
| ६ | पशु विमा योजना | ८ वटै वडा | २०७५ | १,००,००,००० | गाउँपालिका | |
| ७ | भकारा सुधार कार्यक्रम | ८ वटै वडा | २०७५ | १,००,००,००० | गाउँपालिका | |

अपेक्षित उपलब्धि
सम्पूर्ण कृषकहरुले आफ्नो आवश्यकता परिपुर्तिको लागि दूधको उत्पादन गरेता पनि दुधको बजारीकरण फस्टाएको छैन । उत्पादित दुध स्थानीय बजारमा अवस्थित केहि डेरी र मिठाइ पसलले प्रयोगमा ल्याएको देखिन्छ । गाउँपालिकाका केहि वडाहरुको वरिपरी दुग्ध उद्योगको स्थापना भए पनि सबल रुपमा दुध बजार सञ्चालनमा आएका छैनन् तसर्थ हाल उत्पादन भइरहेको दुधमा बृद्धि वार्षिक ०.१ हजार मे. टनबाट ०.५ हजार मे. टन, मासुको उत्पादन वार्षिक ०.१ हजार मे. टनबाट ०.४ हजार मे. टन र अन्डाको उत्पादन वार्षिक १५ हजारबाट १७ हजार पुगी दूध, मासु र अन्डाको उत्पादनमा गाउँपालिका आत्मनिर्भर भएको हुनेछ । पशुपन्छी क्षेत्रबाट योजना अवधिका पाँच वर्षमा अनुमानित थप १ हजार प्रत्यक्ष रोजगारी सिर्जना भएको हुनेछ ।

३.१.३. उद्योग तथा वाणिज्य
१. पृष्ठभूमि
उद्योग क्षेत्र आर्थिक विकासको इन्जिन हो । औद्योगिक विकासले रोजगारी सिर्जना, वस्तु र सेवाको मूल्य अभिवृद्धि, आवश्यक वस्तु तथा सेवाको उपलब्धता गर्न सहयोग पुर्‍याउँदछ । सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितादद्वारा दिगो एवम् बृहत् आधारसहितको औद्योगिक विकास मार्फत रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरण गर्नमा उद्योग क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ । औद्योगिक लगानीले उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, स्थानीय स्रोतसाधन र प्रविधिको उपयोग, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा योगदान गर्दछ । यस गाउँपालिकामा औद्योगिक लगानीमैत्री वातावरण नहुनु, विद्युत्को आपूर्तिमा कमी हुनु, औद्योगिक पूर्वाधारहरूको पर्याप्त विकास नहुनु, आवश्यक जनशक्ति

पलायन हुनु आदिले गर्दा औद्योगिक विकासले गति लिन र अपेक्षित रूपमा अर्थतन्त्रको विस्तार हुन नसकिरहेको अवस्था छ

२. चुनौती तथा अवसर

चुनौती

औद्योगिक उत्पादनमा गुणस्तरीयता कायम गर्न नसक्नु, औद्योगिक क्षेत्रमा विद्युत् आपूर्ति चौबिसै घण्टा हुने अवस्था सिर्जना गर्नु, औद्योगिक क्षेत्रमा पूर्वाधारको विकास बढाउँदै जानु, सञ्चालित उद्योगहरूलाई उत्पादन तथा उत्पादकत्वका दृष्टिले प्रतिस्पर्धी बनाउनु, मौजुदा उद्योगलाई रूग्ण हुनबाट जोगाउनु, रूग्ण उद्योगलाई पुनर्स्थापना गर्नु, नयाँ प्रविधिको प्रयोग गर्नु, प्रतिस्पर्धात्मक वातावरणको सामना गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

अवसर

लगानीका लागि अनुकूल वातावरण सिर्जना हुँदै जानु, युवाहरूलाई औद्योगिक विकासमा परिचालन गर्ने सम्भावना बढ्नु, श्रम सम्बन्धमा सुधार हुनु, पूर्वाधार निर्माणमा सरकारको लगानी बढ्दै जानु,सूचना तथा आधुनिक सञ्चार प्रविधिको विकास र विस्तार हुनु र शिक्षित एवम् सीपयुक्त जनशक्ति स्थानीय स्तरमै तयार हुँदै गएको कारणले उत्पादकत्व र उत्पादनमा वृद्धि हुन सक्ने सम्भावनाहरू विद्यमान हुनु औद्योगिक विकासका लागि अवसरहरू हुन् ।

३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

३.१ सोच

उद्योग क्षेत्रको योगदानमा वृद्धि गरी आर्थिक रूपान्तरण गर्नु ।

३.२ लक्ष्य

औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा रोजगारीमा वृद्धि गर्ने ।

३.३ उद्देश्य

१. उद्योग क्षेत्रको उत्पादन वृद्धि गरी राष्ट्रिय उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु ।
२. औद्योगिक क्षेत्रमा लगानी वृद्धि गरी रोजगारीका अवसर सृजना गर्नु ।

४ रणनीति

१. उद्योगहरूलाई आवश्यक पर्ने पूर्वाधार व्यवस्था गर्न नीतिनिर्माण र कार्यान्वयनमा जोड दिने ।
२. स्थानीय स्रोत एवम् सीपको उपयोग गरी लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउने ।
३. अन्तर गाउँपालिका तथा जिल्ला बीचको औद्योगिक अन्तरसम्बन्ध सुदृढ गरी सन्तुलित विकासमा उद्योग क्षेत्रको योगदान बढाउने ।
४. लगानीकर्ता तथा स्थानीय व्यापारीलाई औद्योगिक लगानीमा प्रोत्साहन गर्न नीतिगत व्यवस्था गर्ने ।
५. लगानीमैत्री वातावरण सिर्जना गर्न आवश्यक नीतिगत, संस्थागत, कानुनी तथा प्रक्रियागत सुधार गर्ने ।

५ कार्यनीति

१. औद्योगिक विकासको लागि उद्योग दर्तादेखि बहिर्गमनसम्मको प्रक्रियालाई सरलीकरण गर्नेगरी औद्योगिक रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
२. उद्योगलाई आवश्यक कच्चा पदार्थ आपूर्ति सुनिश्चितता गर्न आवश्यक व्यवस्था गरिनेछ ।
३. उद्योगलाई आवश्यक विद्युत् र अन्य ऊर्जाको व्यवस्था गरिनेछ ।
४. उद्योगहरूलाई आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने संस्थाको क्षमता विकास गरिनेछ ।

५. औद्योगिक क्षेत्र तथा विशेष आर्थिक क्षेत्रहरूमा आवश्यक पूर्वाधारहरूको विकास तथा व्यवस्थापनमा सुधार ल्याइनेछ ।
६. 'एक गाउँ एक विशेष उत्पादन'सम्बन्धी कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।
७. लक्षित विपन्न तथा गरिब समूहलाई घरेलु, साना तथा मझौला उद्योगमार्फत रोजगारी सिर्जना गरिनेछ ।
८. गाउँपालिका उपलब्ध बहुमूल्य प्राकृतिक श्रोतबाटबाट अधिकतम फाइदा लिन प्रशोधन केन्दैको स्थापनामा विशेष जोड दिइनेछ ।
९. घरेलु तथा साना उद्योग स्थापना र संचालनमा स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको अधिकतम परिचालनमा जोड दिइनेछ ।
१०. लघु, घरेलु तथा साना उद्यमीको विकासको लागि वस्तुगत उत्पादक संघको स्थापनाको लागि प्रोत्साहन गरिनेछ ।
११. लघु तथा घरेलु उद्यमीको उत्पादन प्रवर्द्धनका लागि वार्षिक रुपमा मेला तथा प्रदर्शनीको आयोजना गरिनेछ ।
१२. लघु, घरेलु तथा साना उद्योग, वाणिज्य, संस्कृति र पर्यटन प्रवर्द्धन र विकासको लागि एकद्वार प्रणाली अनुसार कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।
१३. लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, विकास र विस्तारमा योगदान पुऱ्याउन आवश्यक कानूनी व्यवस्था, संस्थागत संरचना तथा पूर्वाधारहरुको निर्माणमा विशेष पहल गरिनेछ ।
१४. जडिबुटी लगायत स्थानीय कच्चा पदार्थ, सीप, श्रम, श्रोत र प्रविधिको उपयोग गर्ने उद्योगको स्थापना र सञ्चालन गर्ने कार्यलाई प्रोत्साहन दिइनेछ ।
१५. सञ्चालित उद्योग व्यवसायहरुमा महिला, लक्षित वर्ग र समुदायलाई समावेशी र समानुपातिक रुपमा सहभागिता गराइनेछ ।

६ प्रमुख कार्यक्रमहरू

क. औद्यौगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्रसमेत)
१. विशेष आर्थिक क्षेत्र स्थापना तथा सञ्चालन
२. आठ ओटै वडामा सार्वजनिक-निजी साझेदारीमा कम्तीमा एक/एक ओटा उद्योग स्थापना ।

ख. घरेलु तथा साना उद्योग विकास कार्यक्रम
१. युवा लक्षित कार्यक्रम, समावेशी क्षमता विकास कार्यक्रमजस्ता कार्यक्रमहरू सञ्चालन ।
२. उद्यमीहरूका लागि तालिम प्रदान गरी उपयुक्त प्रविधि हस्तान्तरण ।
३. महिला उद्यमशिलता विकास कोष स्थापना गरी महिला उद्यमीहरूलाई कर्जामा पहुँच वृद्धि ।

ग. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम
१. लघु उद्यम विकास कार्यक्रमको स्थापना गरी आठ वटै वडामा लागु ।
२. घरेलु तथा साना उद्योग विकास कार्यक्रम तथा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत ५० जनालाई तालिम प्रदान ।

घ. ग्रामीण विकास उद्यम तथा विप्रेषण कार्यक्रम
१. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूलाई उद्यमी बन्न उत्प्रेरित गर्ने खालका तालिम कार्यक्रमहरू सञ्चालन तथा प्राविधिक सहयोग ।
२. बजार मागअनुसारका उद्योग स्थापना गर्नका निम्ति आधार तथ्याङ्क सङ्कलन गर्ने एवम् बजार नक्साङ्कन तयार ।

ङ. वातावरणीय क्षेत्र सहयोग कार्यक्रम
१. अधिक वातावरण प्रदूषण गर्ने उद्योगमा कोइलाको वैकल्पिक उपयोगको सम्भाव्यता सम्बन्धी अध्ययन ।
२. प्लास्टिक झोलाको विकल्प सम्बन्धी अध्ययन ।

७.कार्यान्वयन कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | स्थान | समय | अनुमानित बजेट रु | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कृषि सहकारी बैंक स्थापना गर्ने | वडा नं ८ | २०७५ | ५०,००,००० | गाउँपालिका | |
| २ | फर्निचर उद्योगका लागि उपयुक्त स्थान हेरिकन थ्रीफेज लाईन्को व्यवस्था मिलाउनु पन | सौतामारे, डाडाखर्क, वाल्ला भेडाचौर, वडडाडा, फेदी | २०७५ | १,००,००० | गाउँपालिका | |
| ३ | बाँस, पराल, तितेपाती जस्ता जडिबुटी तथा अन्य वस्तुहरु बाट घरेलु उद्योग संचालन | सौतामारे, डाडाखर्क, वाल्ला भेडाचौर, वडडाडा, फेदी | २०७७ | १०,००,००० | गाउँपालिका | |
| ४ | जनचेतनाको अभिबृद्धिका साथै उत्पादन योग्य उद्योग छनोट र प्रोत्साहन गर्नुपन | गोलखाडा, कौधे, मुदा, सुपा, चुधारा | २०७५ | १,००,००,००० | गाउँपालिका | |
| ५ | मसला,मैनबत्ती,अगरबत्ती, काष्ठकलाको उद्योग संचालन | गोलखाडा, कौधे, मुदा, सुपा, चुधारा | २०७५ | ५,००,००० | गाउँपालिका | |
| ६ | फर्निचर उद्योग, ग्रील उद्योग, माछापालन, कुखुरा पालन, दूध डेरीको तथा गाई, भैंसी पालन | वाङ्गेफेदी, चुधारा | २०७६ | १०,००,००० | गाउँपालिका | |
| ७ | महिलालाई सिलाई, कटाई,सम्बन्धि अनुदान रकमको व्यवस्था गर्ने | वडा नं १ देखि ८ | २०७५ | ८,००,००० | गाउँपालिका | |
| ८ | जुस मिल तथा कोल्ड स्टोर निर्माण | तुषारा, गोपखरा | २०७५ | ५,००,००० | गाउँपालिका | |
| ९ | मार्वल उद्योग संचालन | वडाखोला | २०७५ | २५,००,००० | गाउँपालिका | |

८. अपेक्षित उपलब्धि

उद्योगहरूको स्थापना तथा विस्तारमा वृद्धि र बजार सम्बन्धको विस्तार भएको, आधुनिक प्रविधिको अधिकतम प्रयोगसँगै गुणस्तरीय वस्तुहरूको उत्पादनद्वारा व्यापार बढ्न गई औद्योगिक एवम् बौद्धिक सम्पत्तिको संरक्षण तथा संवर्द्धन भएको हुनेछ । आगामी पाँच वर्षभित्र उद्यमीहरूलाई तालिम दिइएको हुनेछ भने साना तथा मझौला उद्योगहरू स्थापना भएका हुने छन् । लघु उद्यमी सृजना भई उद्योग क्षेत्रमा रोजगारी सिर्जना भएको हुनेछ ।

३.१.४ वाणिज्य

१. पृष्ठभूमि

वाणिज्य क्षेत्रको विकासले वस्तु तथा सेवाको सहज आपूर्ति र गाउँमा उत्पादित वस्तु तथा सेवाको निर्यातबाट आर्थिक वृद्धि हुन सक्दछ । स्थानीय स्तरमा उत्पादित वस्तुको व्यापार साथै सेवाको व्यापारबाट स्थानीय अर्थतन्त्रले बढी फाइदा लिन सक्दछ । तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका क्षेत्रको पहिचान गरी वाणिज्य क्षेत्रको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको विकास र विस्तार गर्ने उद्देश्यका साथ वाणिज्य क्षेत्रको प्रवर्द्धनमा जोड दिनु पर्ने हुन्छ । तर स्थानीय व्यापारले अपेक्षित सफलता हासिल गर्न सकेको छैन । आयात प्रतिस्थापन हुने वस्तुको आन्तरिक उत्पादनमा कमी भई आयातमा वृद्धि हुन नसकी निर्यात कमजोर हुने भएकाले प्रत्येक वर्ष बस्तु उत्पादन बढाउदै जानु पर्ने देखिन्छ ।

२. चुनौती तथा अवसर

चुनौती

स्थानीय वस्तुले लाभ लिन सक्ने बजारको खोजी गर्नु, वस्तु तथा सेवाको गुणस्तर परीक्षण, प्रमाणीकरण, लेबलिङ र प्याकेजिङ सम्बन्धी क्षमता अभिवृद्धि गर्नु, विशेष आर्थिक क्षेत्र पूर्ण रूपमा सञ्चालनमा ल्याउनु, मागअनुरूप पर्याप्त मात्रामा ऊर्जा उपलब्ध गराउनु एवम् कमजोर औद्योगिक श्रम सम्बन्धजस्ता विषयहरू सम्बोधन गर्नु, पेट्रोलियम पदार्थ,

आत्मनिर्भर हुनसक्ने कृषिजन्य उत्पादनका साथै विलासिताका वस्तुहरूको आयातमा उच्च रूपमा भएको वृद्धि निरुत्साहित गर्नु वाणिज्य क्षेत्रका प्रमुख चुनौती हुन् । त्यस्तै बस्तु निकासी प्रयोगमा ल्याउनु, आयात हुने वस्तुहरूको स्थानीय स्तरमै उत्पादन बढाउनु, प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्दै व्यापार बढाउन पर्याप्त पूर्वाधार विकास गर्नु,सरोकारवाला सबैको सहयोग र सहकार्य प्राप्त गर्नु, व्यापारका नयाँ क्षेत्रहरूको पहिचान, विविधीकरण र प्रवर्द्धन गर्न प्रर्याप्त स्रोतसाधनको व्यवस्था गर्नु पनि यस क्षेत्रका चुनौती हुन् ।

अवसर

वाणिज्य क्षेत्रमा स्थानीय नीति, ऐन, नियमहरू निर्माण गरी निर्यात प्रवर्द्धन र आन्तरिक उत्पादन वृद्धिमा ठोस सहयोग पुग्ने अवसर वाणिज्य क्षेत्रमा प्राप्त छ । त्यस्तै छिमेकी गाउँहरुको आर्थिक वृद्धिबाट व्यापारका क्षेत्रमा यस गाउँपालिकाले लाभ लिन सक्ने अवस्था हुनु,ब्यापारमा अन्तरसम्बन्ध बढदै जानु, ऊर्जा सङ्कट समाधान गर्न सरकार प्रतिबद्ध रहनुले वाणिज्य क्षेत्रमा थप अवसर सृजना गरेको छ.। त्यस्तै, नयाँ सञ्चार तथा यातायात प्रविधिहरूको जगमा उत्पादित बस्तुको व्यापार हुने क्रम बढ्ने अवसर छ । स्थानी लगानी र व्यापारलाई एकीकृत ढङ्गले हेर्ने नीतिगत व्यवस्थाका साथै क्षोन्तरिक कनेक्टिभिटीमा व्यापक लगानी एवम् गुणस्तर र प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नु अनिवार्य छ ।

३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

३.१ सोच

वाणिज्य क्षेत्रको विकास र विस्तार गरी आर्थिक समृद्धि प्राप्त गर्नु ।

३.२ लक्ष्य

आन्तरिक निर्यात व्यापार प्रवर्द्धन गरी रोजगारी वृद्धि गर्दै लैजाने ।

३.३ उद्देश्य

१. आन्तरिक व्यापार प्रवर्द्धन गर्दै स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीप बढी प्रयोग हुने वस्तुको निकासी प्रवर्द्धन मार्फत प्राप्त हुने लाभलाई ग्रामीण तहसम्म विस्तार गर्नु ।
२. तुलनात्मक लाभका वस्तु तथा सेवाको मूल्य र गुणस्तरलाई प्रतिस्पर्धी बनाउनु ।

४ रणनीति

१. वाणिज्य क्षेत्रलाई आय आर्जनको प्रमुख सम्भागको रूपमा स्थापित गर्न यस क्षेत्रको स्थानीय व्यापार र लगानीलाई एकीकृत दृष्टिले सहजीकरण गर्ने ।
२. निर्यात हुने वस्तु तथा सेवाको उत्पादकत्वमा वृद्धि गर्न उत्पादनशील आयात र व्यवस्थापनमा जोड दिँदै निर्यात प्रवर्द्धन गर्ने ।
३. निर्यात व्यापारका लागि पहिचान गरिएका र गरिने वस्तुको वस्तुगत व्यापार विविधीकरण गर्ने ।
४. वाणिज्य सम्बद्ध विद्यमान संरचना, पूर्वाधार एवम् आधारहरूको क्षमता अभिवृद्धि तथा सुदृढीकरणमा जोड दिँदै यसको अधिकतम उपयोग गर्ने ।

५ कार्यनीति

१. निर्यातका लागि सम्भाव्य मुख्य-मुख्य वस्तु तथा सेवाको निर्यात रणनीति तयार गरिनेछ ।
२. उच्च मूल्य र कम आयतन भएका वस्तु र सेवाहरूको निकासी बढाइनेछ ।
३. निर्यातयोग्य वस्तु तथा सेवाको उत्पादन र विकासमा स्थानीय श्रम, सीप र प्रविधिको उपयोग गर्दै पृष्ठ तथा अग्र सम्बन्धहरू सुदृढ गरिनेछ ।
४. निजी क्षेत्रको प्रतिस्पर्धी क्षमता अभिवृद्धिका लागि निजी क्षेत्रसँगको साझेदारीमा वस्तुको उत्पादन, गुणस्तर सुधार र निर्यात प्रवर्द्धन गरिनेछ ।
५. उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण एवम् विस्तार गर्न वाणिज्य नीति निर्माण गरिनेछ ।
६. बाह्य लगानीलाई व्यापारिक वस्तु उत्पादन र रोजगारी वृद्धिमा प्रोत्साहन गरिनेछ ।
७. स्वस्थ व्यापार व्यवसायको अभिवृद्धिको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

८. परम्परागत सीप र कौशल भएका वस्तु तथा सेवाको उत्पादनलाई संरक्षण प्रवर्द्धन र व्यवसायीकरण गरिनेछ ।
९. आन्तरिक बजार तथा वस्तु र सेवाको बजारीकरणको संरचना र क्षमता अभिवृद्धि गरिनेछ ।
१०. स्थानीय उत्पादनको बिक्रिबाट लाभ लिन संस्थागत व्यवस्था तथा पूर्वाधार विकास गरिनेछ ।
११. बजार केन्द्र तथा नाकाहरुलाई व्यापारिक केन्द्रको रुपमा विकास गर्न प्रयास गरिनेछ ।
१२. लघुवित्त प्रदायक संस्थाहरुसँगको सम्पर्कको विकास र बजारसँगको सम्बन्ध विस्तार गरी गरीव तथा पिछडिएका वर्ग, द्वन्द्वपीडित समूहलाई समेत लक्षित गरी लघु उद्यमलाई विस्तार गरिनेछ ।
१३. लघुउद्यम तथा साना उद्योग मार्फत स्वरोजगार व्यवसाय सिर्जना र विकासका लागि लघु कर्जा कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।
१४. गाउँपालिकामा वाणिज्य वैंकको शाखा विस्तार गर्न तथा नयाँ बैंक स्थापनामा विशेष पहल गरिनेछ ।
१५. लघु उद्यमी व्यावसायिक सहकारीको विकास गरिनेछ ।

६ प्रमुख कार्यक्रमहरू

क. वस्तु विकास कार्यक्रम
१. तुलनात्मक तथा निर्यातयोग्य वस्तुहरूको उत्पादन वृद्धि, गुणस्तर सुधार तथा समग्र मूल्य श्रृङ्लाको विकास ।
२. निजी क्षेत्रसँगको लागत साझेदारीमा उच्च मूल्य कम तौल भएका वस्तुहरू जस्तैः अदुवा, अल्लोलगायतका उच्च निर्यात सम्भावना भएका वस्तुहरूको उत्पादन वृद्धि र गुणस्तर सुधारमा सहयोग ।
३. भण्डारण गृहहरू र प्रशोधन केन्द्रहरू निर्माण ।
४. कृषिमा आधारित कच्चा पदार्थका लागि आर्थिक एवम् प्राविधिक सहयोग ।
५. ब्रान्डिङ, प्याकेजिङ र लेवलिङमा सहयोग पुग्ने कार्यक्रमहरू प्राथमिकताका साथ कार्यान्वयन ।

ख. व्यापार सम्बद्ध क्षमता विकास कार्यक्रम
१. निजी क्षेत्रको व्यापारजन्य क्षमता अभिवृद्धिको लागि कार्यक्रम सञ्चालन ।
२. निर्यातयोग्य वस्तुहरूको कटिङ, ब्रान्डिङ, लेबलिङ र प्याकेजिङका तालिमहरू सञ्चालन ।
३. महिला उद्यमीहरूलाई उपयुक्त घरेलु उद्यमसम्बन्धी तालिम सञ्चालन ।
४. अदुवा, अल्लो जस्ता उच्च मूल्य कम आयतन भएका वस्तुहरूको प्रशोधन गर्ने नयाँ प्रविधिको हस्तान्तरण ।

७.कार्यान्वयन कार्ययोजना

| क.सं. | क्रियाकलाप | स्थान | समय | अनुमानित बजेट रु | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कृषि सहकारी बैंक स्थापना गर्ने | वडा नं ८ | २०७५ | १०,००,००० | गाउँपालिका | |
| २ | नजिकै स्थान वाट पायक पर्ने ठाउँमा सहकारी बैंक स्थापना | काशीपोखरा | २०७६ | १०,००,००० | गाउँपालिका | |
| ३ | बाणिज्य बैंकको स्थापना | ८ वटै वडामा | २०७५ देखि २०८० | १,६०,००,००० | गाउँपालिका | |

८. अपेक्षित उपलब्धि
गाउँपालिकागत रुपमा व्यापार विविधीकरण भएको,योजना अवधिको अन्तिम वर्ष कुल उत्पादनसँग वस्तु निकासी अनुपात १.१५ प्रतिशतबाट ३.१५ प्रतिशत र वस्तु तथा सेवा निकासीको अनुपात १ प्रतिशतबाट २ प्रतिशत पुगेको हुनेछ । साथै व्यापारले स्थानीय रोजगारीको सृजना एवं कर संकलनमा सघाउ पुग्ने देखिन्छ । गाउँपालिकामा कम्तिमा १ वटा बाणिज्य बैंक तथा निजि बैंक र सहकारी बैंकको स्थापना भएको हुनेछ ।

## ३.१.५.पर्यटन

१. पृष्ठभूमि

प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक तथा धार्मिक दृष्टिबाट प्यूठान नेपालकै एक प्रमुख पर्यटकीय गन्तव्य जिल्ला हो । पर्यटकीय गन्तव्यहरूको विविधीकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरूको पहिचान, विकास तथा पर्यटकीय पूर्वाधारहरूको विकास गरी पर्यटन क्षेत्रलाई स्थानीय अर्थतन्त्रको एक प्रमुख आधारको रूपमा विकास गर्न जरूरी छ । पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसरमा वृद्धि गरी गरिबी न्यूनीकरण गर्दै जनताको जीवनस्तरमा सुधार गर्नु आवश्यक छ । आन्तरिक पर्यटकहरुको वृद्धिले सिर्जित अवसरबाट लाभ प्राप्त गरी पर्यटन आगमन द्रुततर रूपमा वृद्धि हुने राम्रो सम्भावना रहेको छ । यसबाट उच्च रोजगारी सिर्जना र आयको वितरणमा पनि सहयोग पुग्नेछ । पर्यटन क्षेत्रको स्थानीय अर्थतन्त्रमा योगदान बढ्न सक्ने अवस्था रहे तापनि पर्यटनबाट आशातीत प्रतिफल प्राप्त हुन सकेको छैन । खासगरी पर्यटन पूर्वाधार विकास नहुनु, राजनैतिक सङ्क्रमणको अन्त्य नभएका कारणले पर्यटन आगमन, बसाइ र उनीहरूले गर्ने खर्चमा उल्लेखनीय वृद्धि हुन सकेको छैन ।

२. चुनौती तथा अवसर

चुनौती

जिर्ण पुरातात्विक सम्पदाहरूलाई पुनर्निर्माण गरी पहिलेको अवस्थामा पुनर्स्थापन गर्दै पर्यटन क्षेत्रलाई पूर्वावस्थामा फर्काउनु यस क्षेत्रको प्रमुख चुनौती हो । भूकम्प तथा अन्य प्राकृतिक प्रकोपहरुबाट पर्यटन क्षेत्रमा परेको नकारात्मक प्रभावलाई प्रवर्द्धन गर्दै यस क्षेत्रको पुनरूत्थान गर्नु, प्राचीन सम्पदाहरूमा बढ्दो अतिक्रमणलाई रोक्नु, पर्याप्त पर्यटकीय सूचनाको

व्यवस्था गर्नु, सडक यातायातलाई थप भरपर्दो बनाउनु, पर्यटन क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण तथा नयाँ पर्यटकीय गन्तव्य स्थलहरूको खोजीसँगै पूर्वाधार विकासमार्फत पर्यटकीय उपजको विकास गरी पर्यटकीय सेवा तथा गन्तव्यको विविधीकरण गर्नु समेत चुनौतीका रूपमा रहेका छन् ।

अवसर

यस जिल्लामा आशकोट पर्यटन,गौमुखी पर्यटन विकास समेतका पूर्वाधार अध्ययन तथा सोचको विकास हुनु,अद्वितीय पर्यटकीय क्षेत्र रहनु, पर्यटकीय क्षेत्रमा पूर्वाधार विकास हुँदै जानु, होमस्टेको सोच अगाडी बढ्नु,स्थानीय पर्यटकहरुको उच्च चापबाट मध्यम आयवर्गको वृद्धि तीव्र हुँदै जानु, पर्यटन पूर्वाधार वृद्धिमा सरकारको जोड रहनु र निजी क्षेत्रको पर्यटन क्षेत्रमा लगानी वृद्धि हुनु यस क्षेत्रको विकासका अवसरका रूपमा रहेका छन् ।

३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

३.१ सोच

आर्थिक समृद्धिका लागि पर्यटन विकास ।

३.२ लक्ष्य

पर्यटन क्षेत्रको विकास मार्फत आर्थिक वृद्धि र रोजगारीका अवसर अभिवृद्धि गर्ने ।

३.३ उद्देश्य

१. गाउँपालिकालाई आकर्षक तथा थप सुरक्षित गन्तव्यको रूपमा विकास गर्दै पर्यटन आगमनमा उल्लेखनीय वृद्धि गरी जनताको आयस्तरमा वृद्धि गर्नु ।
२. पर्यटकीय गन्तव्य स्थल तथा उपजमा विविधीकरण र विकास गर्नु ।
३. गाउँपालिका अन्तर्गतका प्रमुख पर्यटकीय उपजहरूको बजारीकरण तथा प्रवर्द्धन गर्नु ।

४ रणनीति

१. पर्यटन प्रर्वद्धन र विकास गर्न सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँग साझेदारी एवम् सहकार्य गर्ने ।
२. ग्रामीण पर्यटन मार्फत यस क्षेत्रका लाभलाई जनस्तरसम्म पुऱ्याउने ।
३. सबै मौसममा पर्यटकीय क्रियाकलापहरू सञ्चालनका लागि आन्तरिक पर्यटनलाई प्रोत्साहन गर्ने ।

४. स्थापित तथा नयाँ पर्यटकीय गन्तव्य स्थलहरूको एकीकृत र समन्वयात्मक रूपमा पूर्वाधार विकास गर्ने र पर्यटन क्षेत्रको विकास र विविधीकरण गर्न बाह्य लगानी आकर्षित गर्ने ।

५ कार्यनीति

१. प्रमुख पर्यटकीय स्थलहरूसम्म सहज पहुँच बनाउन पर्यटन पदमार्ग मार्फत एकीकृत पर्यटकीय र मनोरञ्जन स्थल निर्माण तथा सञ्चालनमा निजी क्षेत्रको लगानी प्रोत्साहन गरिनेछ ।
२. पर्यटन पूर्वाधार विकासमा स्थानीय निकाय, स्थानीय समुदाय तथा निजी क्षेत्रको नेतृत्वदायी भूमिका र सहभागितालाई प्रोत्साहित गरिनेछ ।
३. पर्या-पर्यटन तथा कृषि पर्यटनलाई प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई थप वातावरणमैत्री बनाइनेछ ।
४. प्रत्येक वडामा एक/एक पर्यटक गन्तव्य तोकी ती स्थानहरूमा पूर्वाधार विकास गरिनेछ ।
५. पर्यटन क्षेत्रबाट प्राप्त हुने लाभलाई न्यायोचित वितरण गर्नसमेत पर्यटकीय गन्तव्यको विविधीकरण गरिनेछ ।
६. प्रति पर्यटक खर्च वृद्धिका लागि पर्यटकको बसाइ अवधि लम्ब्याउने र यसका लागि पर्यटकीय सेवा सुविधा तथा सुरक्षाको प्रत्याभूति बढाउने वातावरण निर्माण गरिनेछ ।
७. पर्यटन प्रवर्द्धन गर्न पर्यटन गन्तव्यहरूको व्यापक रूपमा प्रचार एवम् प्रवर्द्धन गरिनेछ ।
८. पर्यटन क्षेत्रको लाभलाई ग्रामीण तहसम्म पुऱ्याउन होमस्टेलाई एक प्रमुख माध्यमको रूपमा विकास गरिनेछ ।
९. धार्मिक प्रतिष्ठानहरूको प्रवर्द्धन गर्दै सबै जातजातिको रीतिरिवाज परम्परा आदि झल्कने गरी स्थानीय स्तरको सांस्कृतिक सङ्ग्रहालय निर्माण गरिनेछ ।
१०. छिमेकी जिल्ला र गाउँपालिकाहरूलाई केन्द्रित गरी निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
११. पर्यटन विकास गुरुयोजना बनाई योजनाबद्ध विकासमा जोड दिईनेछ ।
१२. सामुदायिक तथा व्यक्तिगत होमस्टेहरु दर्ता गरी कानूनी दायरामा ल्याउन सहजीकरण गरिनेछ ।
१३. पर्यटकीय मार्ग तथा स्थलहरु पहिचान गरी तिनको सुधार र व्यवस्थित गर्न प्रयास गरिनेछ ।
१४. सार्वजनिक निजी साझेदारीको नीतिअनुसार पर्यटन व्यवसायको विकास तथा बिस्तार गरिनेछ ।

६ प्रमुख कार्यक्रमहरू

क. पर्यटन पूर्वाधारहरूको विकास

१. प्रमुख पर्यटकीय स्थलहरूसम्म आवश्यक पूर्वधारहरू (विश्रामस्थल, चमेना गृह, शौचालय,पोर्टर सेल्टर, पर्यटक संरचना केन्द्र आदि) सहित सहज पहुँच हुने गरी स्थानीय निकाय,
२. समुदाय तथा निजी क्षेत्रको सहकार्य र सहभागितामा पर्यटन पदमार्ग लगायत एकीकृत पर्यटकीय र मनोरञ्जन स्थल निर्माण तथा सञ्चालन ।

ख. नीतिगत तथा संस्थागत सुधार

१. पर्यटन क्षेत्रको सुधार र आन्तरिक पर्यटन प्रवर्द्धनका लागि सम्बन्धित ऐन, नियमहरू तथा आवश्यक नयाँ नियमावलीको तर्जुमा ।
२. पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको सुदृढीकरण ।

ग. पर्यटन प्रवर्द्धन

१. पर्यटनको प्रतिफल ग्रामीण जनस्तरसम्म पुऱ्याई गरिबी न्यूनीकरणमा सघाउन पर्या- पर्यटन, कृषि पर्यटन तथा ग्रामीण पर्यटन विकासका लागि सामुदायिक एवम् निजी होमस्टेको स्तरवृद्धि लगायतका प्रवर्द्धनात्मक कार्यक्रम ।

२. निजी क्षेत्रको सहकार्यमा पर्यटकीय उद्योगको व्यवस्थापनमा सुधार एवम् प्रभावकारिता वृद्धि गर्न वेवसाइटमा आबद्ध गरी पर्यटन विभागको कार्य सञ्चालनमा अटोमेसन पद्धतिको कार्यान्वयन ।

३. पर्यटन प्रवर्द्धनका लागि निजी तथा अन्य क्षेत्र समेतको सहभागितामा प्रचारप्रसार अभियान कार्यक्रमहरू सञ्चालन ।

४. पर्वतीय पर्यटनको विकासका लागि हिमालहरूको सहज रूपमा सूचना प्राप्त हुने गरी हिमालचुलीहरूको पिक प्रोफाइल तयार ।

७.कार्यान्वयन कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | स्थान | समय | अनुमानित बजेट रु | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कम्पाउण्ड, गेट, संग्राहलय, वृहत पोखरी, प्रतिक्षालय, पोखरी निर्माण | पाना पात्ला, स्नाथान | २०७५ | २०,००,००० | गाउँपालिका | |
| २ | सिदुका ढुंगा, शिल्या मन्दिर, सुपादेउराली, वराहथान, नरसिंह स्थान मन्दिरहरु व्यवस्थित रुपमा निर्माण | पोखिडाडा, वडडाडा, वाभारा वेताने, सौतामारे, सौतामारे फेदी | ०७६/०७७ | २५,००,००० | गाउँपालिका | |
| ३ | यातायात, पर्यटकीय स्थलहरुको प्रचार प्रसार खानेपानी ब्यबस्थापन | संभाव्य गन्तब्य स्थलहरु | २०७५ | ५,००,००० | गाउँपालिका | |
| ४ | कोटको उचित सरक्षण र प्रचार प्रसार | पोखिडाडा | २०७५ | १००,००० | गाउँपालिका | |
| ५ | माईथानमा पिकनिक स्पट विकास | पोखिडाडा | २०७५ | १,००,००० | गाउँपालिका | |
| ६ | कुसुण्डे औजार, देवी मन्दिर, पुराना मन्दिरहरु, सुपादेउराली मन्दिर, भाषा, संस्कृति, संस्कारको विकास गर्न प्राविधिक ज्ञान, शिक्षा र आर्थिकको व्यवस्था गर्ने | चौके, पोखरी, उपल्लो वौडा, कौधेखण्ड | २०७६ | २,००,००० | गाउँपालिका | |
| ७ | पर्यटकीय भ्यू टावर निर्माण गर्ने | कुभिन्डे,हिले,म-र्चुल | २०७६ | १३०००००० | गाउँपालिका | |
| ८ | पिकनिक स्पट निर्माण | पर्कावाङ गोइनी, हलहले र घगेदमार, भेडा राख्ने चौरमा | २०७५ | ७२०००००० | गाउँपालिका | |
| ९ | किटधारी पदयात्राको लागि गेट निर्माण | झिमरुक ७ | २०७५ | ५०,००० | गाउँपालिका | |
| १० | कोटघर मन्दिर निर्माण गन | कोटघर | २०७५ | ३,००,००० | गाउँपालिका | |
| ११ | पिकनिक प्वायन्ट,लालीगुराँस रंगशाल मुर्चुल भ्यूटावर निर्माण, कम्यूनिटी लज, होम स्टे स्थापना, शिव मन्दिर, निर्माण, शिवालय मन्दिर निर्माण | हलहले, स्नाथान, रवला पोखरी, प्रतिक्षालय दिहाल्ना, | २०७५ | १५,००,००० | गाउँपालिका | |
| १२. | ईष्नाथानलाई धार्मिक पर्यटनको साथसाथै मानवशास्त्रीय अध्ययनको केन्द्रको रुपमा विकास | वडा नं ८ | २०७८ | १५०००००० | गाउँपालिका | |
| १३ | ओखरकोटको पुरातात्विक अध्ययन | वडा नं ५ | २०७७ | १३०००००० | गाउँपालिका | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गरी ऐतिहासिक पर्यटकिय स्थलको रुपमा विकास गर्ने | | | | | |
| १४ | ढाडामा पर्यटकिय आकर्षणका लागि व्यबस्थित रक गार्डेन निर्माण गरी पर्यटन विकासमा टेवा पुऱ्याउने | वडा नं ५ | २०७९ | २५०००००० | गाउँपालिका | |
| १५ | कौछेखण्ड जंगललाई जंगल सफारी क्षेत्रको रुपमा विकास गरी पर्यटन प्रवर्द्धन गर्ने | वडा नं ४ | २०७६ | १५०००००० | गाउँपालिका | |
| १६ | ओखरबोटमा श्रोत केन्द्रको स्थापना | वडा नं ५ | २०७९ | १५०००००० | गाउँपालिका | |
| १७ | पोखरी निर्माण | वडा नं ८ : पाल्लेटोल, दिहाल्ना | २०७६ | २५००००००० | गाउँपालिका | |
| १८ | पर्यटन संग्रालय निमौण | वडा नं ८ | २०७८ | १०००००००० | गाउँपालिका | |
| १९ | होमस्टे संचालन | सम्पूर्ण वडाहरु | २०७९ | १०००००००० | | |

८. अपेक्षित प्रतिफल

योजनाको अन्त्यमा विदेशी पर्यटन आगमन सङ्ख्या वार्षिक १ हजार, विदेशी पर्यटकहरूको सरदर बसाइ अवधि ५ दिन र सरदर दैनिक खर्च ६० अमेरिकी डलर पुगेको हुनेछ। यसै गरी आन्तरिक पर्यटकहरुको संख्यामा बृद्धि भई पर्यटन क्षेत्रबाट पहिलो,दोस्रो र तेस्रो वर्ष क्रमशः ५० जना , ७० जना  ८५ जनाको रोजगारी सिर्जना भएको हुनेछ।

३.१.६.सहकारी

१. पृष्ठभूमि

सरकारी र निजी क्षेत्र पुग्न नसकेका क्षेत्रको आर्थिक-सामाजिक विकासमा सहकारी क्षेत्रको योगदान रहन्छ। सहकारी क्षेत्रलाई लघुवित्त कारोबारसँगै उत्पादन, बजारीकरण र सेवा प्रवाहमा संलग्न गराई उत्पादनमूलक कार्यमा संलग्न गराउनुपर्ने आवश्यकता रहेको छ। यसले छरिएर रहेका श्रम, सीप, प्रविधि र पुँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट समग्र अर्थतन्त्रमा योगदान दिन सक्दछ। खासगरी कृषि क्षेत्रमा सहकारीले गरेको योगदान प्रशंसनीय छ। सहकारी क्षेत्रले थप सम्भावित क्षेत्रहरूमा आफ्नो उपस्थिति नदेखाइसकेको हुनाले यसको विकास, विस्तार र प्रवर्द्धन आवश्यक रहेको छ। सहकारी क्षेत्रमा  विभिन्न प्रकृतिका प्रारम्भिक सहकारी संस्थाहरू,जिल्ला सहकारी सङ्घ, विषयगत सहकारी सङ्घहरू। सहकारी/संस्थामा  दुई हजार बयानब्बे भन्दा बढी सदस्यहरू आबद्ध रहेका छन्। सहकारी क्षेत्रमा महिला सदस्यको सहभागिता करिब ६१.१८ प्रतिशत रहेको छ भने नेतृत्वमा महिलाको पहुँच ३४ प्रतिशत पुगेको छ। महिलामात्र सदस्य रही सञ्चालित सहकारी संस्था हाललाई नभएको देखिन्छ। यस क्षेत्रले नागरिकहरूलाई प्रत्यक्ष र अप्रत्यक्ष रोजगारीको अवसर प्रदान गरेको अनुमान छ। जिल्लामा सञ्जाल विस्तार भएको यस क्षेत्रले विपन्न वर्ग, दुर्गम क्षेत्र, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्ता भएका व्यक्ति, अल्पसङ्ख्यक सबै वर्ग, क्षेत्र र समुदायलाई समेट्न सफल भएको छ।

२. चुनौती तथा अवसर

चुनौती

सहकारी सम्बन्धी ऐन-नियममा समयसापेक्ष परिमार्जन गर्ने, उत्पादनशील क्षेत्रमा सहकारीको योगदान बढाउने, ठूलो सङ्ख्यामा रहेका सहकारी संस्थाहरूमा वित्तीय सुशासन कायम गर्ने, सहकारी संस्थाहरूमा विपन्न वर्गलाई समेट्ने र बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन गर्ने चुनौती रहेका छन्।

अवसर

सहकारिताका माध्यमबाट उत्पादन तथा गरिबी निवारणको लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने, सहकारीमा सहभागीहरूको शिक्षा तथा क्षमता अभिवृद्धि गर्ने, स-साना बचतलाई परिचालन गरी पुँजी निर्माणमा योगदान पुऱ्याउने,

जनतामासामुदायिक तथा सहयोगी भावनाको विकास गर्ने र स्थानीयस्तरमा वित्तीय अन्तरसम्बन्ध कायम गर्ने अवसर रहेका छन् ।

३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

३.१ सोच

स्थानीय स्रोत, श्रम, सीप र पुँजीको अधिकतम परिचालन मार्फत आर्थिक-सामाजिक रूपान्तरण ।

३.२ लक्ष्य

उपलब्ध स्थानीय स्रोत, श्रम, सीप र पुँजीको सामूहिक रूपमा परिचालन गरी सामाजिक सशक्तीकरण गर्ने ।

३.३ उद्देश्य

१. सहकारीमा आधारित उत्पादन, उद्यम र सेवा व्यवसायको विकास र विस्तार गरी गाउँपालिकाको दिगो र समतामूलक आर्थिक सामाजिक विकासमा योगदान पुऱ्याउनु ।
२. सहकारीको सिद्धान्त र मूल्यहरूको प्रवर्द्धन गर्दै सहकारीको व्यवस्थापनका विधि र प्रक्रियामा सुधार गरी सुशासन कायम गर्नु ।

४ रणनीति

१. सहकारी संस्थाहरूलाई उत्पादनशील तथा सामाजिक व्यवसायका क्षेत्रमा क्रियाशील गराउने ।
२. सहकारीको माध्यमबाट आर्थिक-सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने ।
३. अनुगमन तथा नियमनलाई प्रभावकारी बनाई सहकारी क्षेत्रमा सुशासन कायम गर्ने ।

५ कार्यनीति

१. सहकारी संस्थालाई कृषि, पर्यटन, उद्योग, ऊर्जाजस्ता प्रत्यक्ष उत्पादनशील क्षेत्रमा परिचालन गरिनेछ ।
२. सहकारी संस्थाहरूको व्यवस्थापनमा दक्षता अभिवृद्धि गर्न तालिमको व्यवस्था गरिनेछ ।
३. कृषि तथा ग्रामीण सहकारी संस्थाहरूको उत्पादनलाई बजारीकरण गर्नका लागि सघाउ पुऱ्याउन विभिन्न बजार तथा बजार सूचना केन्द्रको विकास गरिनेछ ।
४.स्थानीय निकाय, विकास साझेदार र सामुदायिक संस्थाहरू समेतबाट सहकारी क्षेत्रमा वित्तीय तथा प्राविधिक सहायता परिचालन गरिनेछ ।
६. सहकारीमा आबद्ध विपन्न महिला, सीमान्तकृत गरिब, अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएको समुदाय र श्रमिकलाई स्वरोजगारमूलक उद्योग तथा व्यवसाय स्थापना गर्न आवश्यक पर्ने पुँजी र सीपमूलक तालिम उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
७. महिला, गरिब, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकको जीवनस्तरमा सुधार ल्याउन सहकारी पद्धतिको व्यवसायमा पहुँच बढाइनेछ ।
१०.सहकारी सूचना प्रणालीको विकास गरी सोको प्रयोगबाट अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।
११.सहकारीका बचतकर्ताहरूको बचतको सुरक्षाको प्रत्याभूति गर्न बचत सुरक्षण (बिमा) को व्यवस्था गरिनेछ ।
१२.वित्तीय अवस्था र कारोबार आकारको आधारमा सहकारी संस्थाको वर्गीकरण गरिनेछ ।
१३.सहकारी क्षेत्रको विकासका लागि आवश्यक कानुनी व्यवस्था, दीर्घकालीन रणनीतिक योजनाको तर्जुमा एवम् उपयुक्त सङ्गठन संरचनाको निर्माण गरिनेछ ।
१४.कृषि उपजहरुको उत्पादन,प्रसोधन र बजारको विकासमा सहकारी संस्थाहरुको परिचालन र योगदानमा बृद्धि गरिनेछ ।
१५.गाउँपालिकामा रहेका कृषि तथा पशु सम्बन्धि सहकारीलाई कृषक समूह, सामुदायिक समितिको लागि आबश्यक प्राबिधिक, बिउ, बिजन उपलब्ध गराईनेछ ।
१६.कृषकद्वारा उत्पादित बस्तुहरुको बजारीकरणलाई गाउँपालिकाको कृषि, वन तथा वाताबरण समिति मार्फत क्षमता अभिबृद्धि गरि परिचालन गरिनेछ ।
१७.कृषि तथा पशुजन्य उपजहरुको बजारीकरणमा सहकारी एवं निजी क्षेत्रलाई परिचालन गरिनेछ ।
१८.सहकारीमा संलग्न कृषक, सहकारी र समूहको संस्थागत तथा क्षमता विकासमा जोड दिईनेछ ।

१९.सक्रिय सहकारी संस्थाहरुको माध्यमद्वारा कृषि सेवाको प्रचारप्रसार एवं कृषि उपजको बजारीकरण गर्न कृषि सहकारी प्रवर्द्धन अभियान सञ्चालन गरिनेछ ।
२०.सहकारी शिक्षा, तालिम,सूचना प्रणालीलाई व्यापक बनाइनेछ ।

६ प्रमुख कार्यक्रमहरू
क. सहकारी क्षेत्रको प्रवर्द्धन कार्यक्रम
१. कृषि, उद्योग र सेवाको क्षेत्रमा रोजगारीको सिर्जना तथा उत्पादन वृद्धि ।
२. स्थानीय प्राथमिकताका क्षेत्रहरूको विकासका लागि प्रोत्साहन तथा सहभागितामा आधारित पुँजीगत अनुदान ।
३. लक्षित समूह सहकारी प्रवर्द्धन र पहुँच अभिवृद्धि कार्यक्रमः सहकारी सचेतना, संस्था गठन, विकास, शिक्षा र तालिम तथा आयोजना सञ्चालनका लागि क्षमता विकास, बिउ पुँजी, प्राविधिक सहयोग वा सहभागितामा आधारित पुँजीगत अनुदान उपलब्ध गराउने ।

ख. उद्यमशीलता तथा क्षमता विकास
१. सहकारी सङ्घ-संस्थाका पदाधिकारी र कर्मचारीहरूलाई सहकारी व्यवस्थापन तथा उद्यमशीलता र नेतृत्व विकासका तालिम ।
२. प्रशिक्षक तथा प्रशिक्षण विधि, पाठ्यपुस्तक पाठ्यक्रम तथा पाठ्य सामग्रीहरूको स्तरोन्नति र सुधार ।

३.७.कार्यान्वयन कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | स्थान | समय | अनुमानित बजेट | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सहकारी बैंकको स्थापना | गाउपालिका भवन नजिकै | २०७६ | ७,००,००० | सहकारी संघ | |
| २ | भुल्के सहकारी संस्थालाई प्राविधिक बजेट | भुल्के | २०७८ | १०,००,००० | सहकारी संघ | |
| ३ | महिला सहकारी संस्थाहरुलाई अनुदान सहयोग | सहकारी संचालन भएका वडा | नियमित | ८०,००,००० | गाउँपालिका | |
| ४ | सहकारी संचालकहरुलाई क्षमता विकास तालिम | सहकारी संचालन भएका वडा | नियमित | २०,००,००० | गाउँपालिका | |

३.८. अपेक्षित उपलब्धि
सहकारी संस्थाको सङ्ख्या २४ बाट बृद्धि भइ ५० पुगेको र सहकारी सदस्य सङ्ख्या वृद्धि भई ५००० पुगेको हुनेछ । सहकारी सङ्घसंस्थामा महिला सदस्यको प्रतिनिधित्व ५० प्रतिशत र सहकारी क्षेत्रबाट प्रत्यक्ष रोजगारी पाउनेको सङ्ख्या ५० पुगेको हुनेछ । तालिम प्राप्त सहकारीकर्मीहरूको सङ्ख्या १,००० पुगी नेतृत्व विकास व्यवस्थापन सीप विकास भएको हुनेछ । बचत तथा ऋण सहकारी संस्थाको विश्वसनीयता बढेको हुनुका साथै सहकारीको माध्यमबाट सम्भाव्य आर्थिक क्षेत्रमा लगानी अभिवृद्धि भई गाउँको समग्र अर्थ व्यवस्थामा टेवा पुगेको हुनेछ

आर्थिक विकास सम्बन्धी विद्यामान समस्याको विश्लेषण

तालिका नं.५ आर्थिक विकास क्षेत्रका समस्या तथा सवालहरु, समाधानका उपायहरु

| **समस्यँ तथा सवालहरू** | **तत्काकालिन असर** | **मुख्यकारणहरू** | **समाधानका सम्भावित उपायहरू** | **संभावित विषयगत उद्देश्य** | **लिनुपर्ने मुख्य-मुख्य रणनीतिहरू** |
|---|---|---|---|---|---|
| **(क) कृषि** | | | | | |
| उन्नत बिउ तथा स्थानीय बिउको अभाव | ▪उत्पादनमा कमि,<br>▪स्थानीय बालीहरु लोप हुदै जानु<br>▪बिउमा परनिर्रभरता बढ्दै जानु | ▪सिचाईको अभाव<br>▪प्राविधिक जनशक्तिको कमि<br>▪निर्वाहमूखी खेती,<br>▪बिउको मूल्यबृद्रि | ▪बिउको आपुर्ति<br>▪सिचाईको व्यवस्था<br>▪ढुवानीको लागत घटाउने<br>▪कृषि सडकको निर्माण | ▪उत्पादन तथा उत्पादजकत्व बढाउने,<br>▪खाद्य सुरक्षामा जोड ।<br>▪कृषकको खेती प्रणालीमा सुधार ल्याउने । | ▪स्थलगत सर्वेक्षण तथा अनुगमन गर्नु पर्ने,<br>▪कृषि नीतिमा परिमार्जन हुनु पर्ने,<br>▪कृषकहरुमा सीपको विकास |
| सिचाई | ▪उत्पादनमा कमी,<br>▪आकाशे पानीको भरमा खेती गर्नु पर्ने अवस्था ।<br>▪ खाद्य सुरक्षामा कमी । | ▪आर्थिक लगानीको कमी,<br>▪लागत खर्च बढि हुनु ,<br>▪लगानी अनुसारको कार्यान्वयज<br>▪पक्ष कमजोर तथा फितलो,<br>▪भिरालो जमिन | ▪लगानी बढाउने,<br>▪कृषि सडकको बिस्तार,<br>▪ कार्यान्वयनलाई चुस्त दुरस्त गर्ने,<br>▪अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाउने । | ▪उत्पादन तथा उत्पादकत्व बढाउने,<br>▪खाद्य सुरक्षामा जोड,<br>▪कृषिको व्यवसायीकरण गर्ने । | ▪स्थलगत सर्वेक्षण तथा अनुगमन गर्ने ।,<br>▪ कृषि नीतिमा परिमार्जन गर्न सिफारिस गर्ने ,<br>▪ बिभिन्न प्रकृतिका सिचाई प्रणालीमा सुधार गर्ने । |
| कृषि प्रसार सेवा, कृषकको नजिकमा समयमा र सस्तोमा उपलब्ध हनु नसक्नु | ▪सेवाग्राही कृषकमा प्रबिधिक सेवाको कमि हुने<br>▪परम्परागत खेतीमा आस्रित भैरहनु पर्ने ।<br>▪उत्पादनमा कमी | ▪सरकारको ध्यान नपुग्नु<br>▪जनतामा त्यस प्रतिको जागरुकताको कमी | ▪सेवा केन्द्रको बिस्तार गरी कृषि प्रसार सेवाको सहज उपलब्धता<br>▪गैर सरकारी संघ संस्थाहरुलाई अग्रसर गराउनु पर्ने<br>▪स्थानीय स्रोत व्यक्तिको विकास र परिचालन | ▪कृषि ज्ञानमा बृद्रि<br>▪ सेवामा सरलता,<br>▪स्थानीय संघसंस्थाहरुको परिचालन । | ▪अगुवा कृषकलाई स्रोत व्यक्तिको रुपमा उपयोग गरीसेवा प्रदान गर्ने ।<br>▪कृषि प्राविधिकमा स्थानीय व्यक्तिहरुलाई प्राथमिकता दिने । |

| समस्यँ तथा सवालहरू | तत्काकालिन असर | मुख्यकारणहरू | समाधानका सम्भावित उपायहरू | संभावित विषयगत उद्देश्य | लिनुपर्ने मुख्य-मुख्य रणनीतिहरू |
|---|---|---|---|---|---|
| अर्गानिक उत्पादनको प्रमाणीकरण हुन नसक्नु | ▪ अर्गानिक खेतीप्रति कृषकहरु आकर्षित नहुनु, | ▪प्रसार प्रसार नहुनु<br>▪प्रमाणिकरणमा जटिलता,<br>▪गाउँपालिकाले प्राथमिकता नदिनु<br>▪तुलनात्मक लाभबारे कृषकले थाह नपाउनु । | ▪प्रमाणिकरणको ब्यबस्था जिल्लामा हुनु पर्ने<br>▪खाद्य तथा गुणस्तर विभागको व्यबस्था हुनु पर्ने । | ▪उत्पादन तथा उत्पादकत्व बढाउने,<br>▪खाद्य सुरक्षा गर्ने ।<br>▪आयआर्जनमा बृद्वि,<br>▪रोजगारको अवसरको सिर्जना | ▪अर्गानिक मल उत्पादनसम्बन्धी तालिम प्रदान गर्ने<br>▪अर्गानिक खेतीको महत्वबारे प्रचार प्रसार गर्ने<br>▪प्रमाणीकरणको कार्यालय स्थापना गर्ने । |
| कृषिक्षेत्रमा अनुसन्धानको कमि | ▪स्थानीय बाली संरक्षण हुन नसक्नु<br>▪वर्णशंकर जात विकास हुन नसक्नु<br>▪जलवायु परिवर्तन र बाताबरणीय अनुकुलन हुने गरी सहभागितात्मक अनुसन्धानबाट नयाँ जात र खेतीको तरिका विकास हुन नसक्नु | ▪बिउ बिकी बितरण बिस्तारमा कमि<br>▪ बिउ बिजनमा परनिर्भरता<br>▪अनुसन्धानमा कम ध्यान | ▪अन्नबाली विशेष अनुसन्धान केन्द्र स्थापना हुनुपर्ने । | ▪हावा पानी सुहाउँदो बालिको जात विकास गर्ने | ▪अन्नबाली विषयमा अनुसन्धान केन्द्र स्थापनाका लागि गाउँपालिकाले माग गर्नुपर्ने |
| बजारीकरण र भण्डारण | ▪मौसमी उत्पादनको बिक्री नहुनु,<br>▪ स्थानीय उत्पादनले राम्रो मूल्य नपाउनु | ▪बजारको व्यवस्थापन हुन नसक्नु<br>▪प्याकेजिङ्ग, लेबलिङ्ग तथा भण्डारणको अभाव, | ▪बजार व्यवस्थापन,<br>▪रष्टिक स्टोर र सेलार स्टोरको व्यवस्था हुनु पर्ने<br>▪प्याकेजिङ्गको ब्यवस्था हुनु पर्ने । | ▪कृषि उत्पादनको बजार सहज बनाउने,<br>▪आयअर्जनमा बृद्वि | ▪पकेट क्षेत्रको छनौट,<br>▪लगानीमा बृद्वि,<br>▪कृषि औजारको ब्यबस्थापन । |

| समस्यँ तथा सवालहरू | तत्काकालिन असर | मुख्यकारणहरू | समाधानका सम्भावित उपायहरू | संभावित विषयगत उद्देश्य | लिनुपर्ने मुख्य-मुख्य रणनीतिहरू |
|---|---|---|---|---|---|
| ▪प्रभावकारी अनुगमन र समन्वयमा कमि<br>▪ स्थानीय निकायहरुले कृषिमा बजेट बिनियोजन नगर्नु । | ▪परम्परागत खेती प्रणाली<br>▪स्रोत साधनको दुरुपयोग<br>▪गरिबी घट्न नसक्नु<br>▪कार्यान्वयनमा दोहोरोपना देखिनु । | ▪सरकारी कार्यालय तथा गैर सरकारी कार्यालय बीच कार्यान्वयनमा समन्वय नहुनु<br>▪गाउँपालिका तथा जिल्ला स्तरमा समन्वयको अभाव<br>▪सरकारी नीति अनुरुप कृषिमा १५ प्रतिशत लगानी हुन नसकेको । | ▪योजना कार्यन्वयन गर्दा सरकारी तथा गैर सरकारीनिकायहरु विच समन्वय गर्नु पर्ने ।<br>▪प्रभावकारी अनुगमन हुनु पर्ने<br>▪गाउँपालिकाले कृषिमा १५ प्रतिशत बजेट विनियोजन गरी खर्च गर्नु पर्ने । | ▪विपन्न बर्गका किसान एकल महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु आदिको जीवन स्तरमा सुधार ल्याउने । | ▪समूह सहकारीलाई सक्रिय बनाउने ।<br>▪सरकारी निकायहरुले कृषकमुखी कार्यक्रम ल्याउने<br>▪निर्णय प्रकृयामा महिला सहभागिता बढाउने । |
| **(ख) पशु विकास** | | | | | |
| ▪ पशु सेवा केन्द्रको अभाव | ▪ पशु विकास कार्यक्रम संचालन गर्दा उत्पादनशील जातको पशु प्राप्त गर्न नसक्नु<br>▪ कृषकले चाहेको पशु खरिद गर्न नसक्नु । | ▪ सरकारी स्रोत केन्द्र तथा फर्म नहुनु ।<br>▪ जिल्लामा निश्चित स्थानमा पशु पकेट क्षेत्र नहुनु<br>▪ कृषकहरुले पशुपालन पेशा छोडदै जानु<br>▪ कवुलियती वनका कारण चरन क्षेत्र संकुचित हुदै जानु | ▪ सम्भावित क्षेत्रमा आवश्यक सेवा (अनुदान सहयोग) उपलब्ध गराई श्रोत केन्द्रको विकास गर्नु पर्ने<br>▪ सरकारी स्तरबाट श्रोत केन्द्र स्थापना गर्नु पर्ने | ▪ बिभिन्न जातका पशुको विकास तथा बिस्तार | ▪ निजि तथा सरकारी सहकार्यमा श्रोत केन्द्र विकास गर्ने |
| ▪ पशु सेवा केन्द्रमा कृषकको सहज पहुँच हुन नसक्नु | ▪ कृषकहरुले प्राविधिक सेवा प्राप्त गर्न नसक्ने | ▪ भौगोलिक क्षेत्र अनुसार सेवा केन्द्रको क्षेत्र निर्धारण नहुनु<br>▪ एक सेवा केन्द्रले धेरै गाउँपालिका समेटनु पर्ने | ▪ प्रत्येक वडामा एक प्राविधिकको व्यवस्था गर्नुपर्ने | ▪ सबै वडामा पशु सम्बन्धी सेवा सर्वसुलभ बनाउने । | ▪ एक वडा एक सेवा प्राविधिक नीति लागु गर्न पहल गर्नुपर्ने |

| समस्यँ तथा सवालहरू | तत्काकालिन असर | मुख्यकारणहरू | समाधानका सम्भावित उपायहरू | संभावित विषयगत उद्देश्य | लिनुपर्ने मुख्य-मुख्य रणनीतिहरू |
|---|---|---|---|---|---|
| ▪ पशुपालनको उत्पादकत्वमा कमी | ▪ कृषकहरुले पशुपालन पेशालाई छोडदै जानु<br>▪ शिक्षित व्यक्ति पशुपालनमा नलाग्नु<br>▪ बजारमा पशुजन्य पदार्थको अभाव | ▪ कम उत्पादनशिल पशुपालन<br>▪ पशु चरिचरनमा पोषणयुक्त घाँसको अभाव<br>▪ उन्नत प्रविधिको प्रयोग नहुनु<br>▪ समयमा प्राविधिक सेवा उपलब्ध नहुनु | ▪ बढि उत्पादनदिने पशु पालन गर्ने<br>▪ उन्नत घाँसको विकास गर्ने<br>▪ पशुपालनमा आकर्षण गर्ने कार्यक्रम सञ्चालन गर्ने<br>▪ प्राविधिक सेवाको प्रत्याभूति गर्ने | ▪ उन्नत पशु र प्रविधिको विकास तथा विस्तार गर्ने | ▪ उन्नत प्रजनन सेवा प्रवाह गर्ने<br>▪ चरन क्षेत्रको सुधार गर्ने<br>▪ पशुपालन व्यवसायलाई ऋण अनुदान उपलब्ध गराउने |
| ▪ भैसीको दुध र दुग्धजन्य उत्पादनले सहज बजार नपाउनु | ▪ दुधको सही मूल्य प्राप्त गर्न नसक्नु । | ▪ चरनक्षेत्रमा उत्पादित दुध बजारमा लैजान यातायातको अभाव<br>▪ दुधको संरक्षित तथा प्रशोधित वस्तु उत्पादन हुन नसक्नु | ▪ भैसीको चीज उत्पादन उद्योग स्थापना गर्नु पर्ने | ▪ उद्योगको विकास गरी रोजगारी श्रृजना गर्ने । | ▪ निजि तथा सरकारी सहकार्यमा चिज उद्योग विकास |

| समस्यँ तथा सवालहरू | तत्काकालिन असर | मुख्यकारणहरू | समाधानका सम्भावित उपायहरू | संभावित विषयगत उद्देश्य | लिनुपर्ने मुख्य-मुख्य रणनीतिहरू |
|---|---|---|---|---|---|
| ▪ पशु उत्पादनको बजारीकरण नहुनु | ▪ उत्पादित उन, दुध र मासुले उचित मूल्य प्राप्त गर्न नसक्नु<br>▪ पशुपालनमा भेडापालन घटदैजानु | ▪ पशुजन्य उत्पादनको बजारमा पहुँच नहुनु<br>▪ उन, मासु तथा दुधको प्रशोधन उद्योग नहुनु<br>▪ स्थानीय उत्पादनलाई बाह्य उत्पादनले प्रतिर्स्थापन गर्नु जस्तै उन<br>▪ पशुजन्य उत्पादनलाई मूलय अभिबृद्धि हुनेगरी प्रशोधन र बजारीकरण गर्ने शीप कृषकहरुमा विकास हुन नसक्नु | ▪ पशुपालक कृषकलाई अनुदान कार्यक्रम संचालन गर्ने<br>▪ प्रशोधन र बजारिकरणका आधुनिक प्रविधि भित्राउने( डेरी गलैचा आदि)<br>▪ बाह्य बजारमा निर्यात गर्न संकलन केन्द्र स्थापना गने<br>▪ गाउँपालिकालाई सडक मार्गले जोड्नुपर्ने | ▪ आयआर्जन बृद्धि गर्न वजारीकरण विस्तार गर्ने | ▪ पशुपालन तथा पशुजन्य उत्पादनको प्रशोधनमा जोड दिने । |
| **(ग) सहकारी** | | | | | |
| सहकारी संस्थाहरुको निष्कृयता | ▪ सेवा प्रवाहको अभाब<br>▪ पुँजीलाई एकिकृत गर्न कठिनाई | ▪ अनुदानमुखी हुनु | ▪ अनुगमन र मुल्यानकन हुनुपर्ने । | ▪ संस्था एकीकरण र कामको आधारमा विभाजिकरण गर्नु पर्ने | ▪ सरकारी निकायको उपस्थिति उल्लेख्य मात्राका हुनु पर्ने । |
| लागानीमा विस्तार नहुन | ▪ उद्यमी तथा व्यबसायी हरुले आयोजना संचालन गर्न नपाउनु<br>▪ बैकले ब्याज आर्जन गर्न नसक्नु । | ▪ जनशक्तिको ब्यवस्था नहुनु ।<br>▪ धितो असुरक्षित हुनु ।<br>▪ कार्य क्षेत्र धेरै टाढा हुनु | ▪ जनशक्ति परिपुर्ति हुनु पर्ने ।<br>▪ बजार ब्यवस्था तथा सडक सुविधा हुनुपर्ने । | ▪ जनशक्तिको विस्तार गरी लगानीमा बृद्धि गर्ने । | ▪ सडकको व्यवस्था,<br>▪ बजारको व्यवस्था<br>▪ कार्यक्षेत्र धेरैठुलो भएकोले शाखा विस्तार हुनुपर्ने ।<br>▪ सुरक्षा प्रबन्ध गरी बैकिङ कारोबार गर्न सहकारीलाई प्रोत्साहन गर्ने |

| समस्यँ तथा सवालहरू | तत्काकालिन असर | मुख्यकारणहरू | समाधानका सम्भावित उपायहरू | संभावित विषयगत उद्देश्य | लिनुपर्ने मुख्य-मुख्य रणनीतिहरू |
|---|---|---|---|---|---|
| ब्यापार र व्यवसाय नफस्टाउनु | ▪ लगानी सहीरुपमा नहुनु<br>▪ समयमै रकम असुल गर्न गाह्रो । | ▪ महत्व नबुभ्कनु । | ▪ जनचेतना जगाउने | ▪ ब्यापार र व्यबसाय प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने | ▪ सक्षम र इमान्दार व्यबसायीलाई सम्मान र पुरस्कारको व्यवस्था गर्ने |
| लगानीको लागि पूँजीको कमि | ▪ स्रोत र साधानको परिचालन हुन नसक्नु ।<br>▪ बेरोजगारी संख्यामा बृद्धि | ▪ वित्तियमा सेवाको अभाव तथा लगानीका निकायको कमि | ▪ लगानी गर्ने निकायहरुको पहुँच बढाउनु पर्ने । | ▪ बैक, लघुवित्त, सहकारी जस्ता वित्तीय संस्थाको सेवा सर्वसुलभ बनाउने । | ▪ सरकारी तवरबाट लगानी क्षेत्रलाई सरल र सहज बनाउनु पर्ने । |
| उद्योग स्थापना गर्न कठिनाई | ▪ स्रोत र साधनको सही सदुपयोग नहुनु<br>▪ कच्चा पर्दाथको सही सदुपयोग नुहुनु<br>▪ रोजगारीको सम्भावना न्यून हुनु । | ▪ सडक सञ्जाल नहुनु<br>▪ प्राविधिक कर्मचारीको कमि<br>▪ व्यवसायप्रति जनचेतनाको कमि<br>▪ प्रतिकुल वातावरण र मौसम | ▪ जनचेतना जगाउनु पर्ने<br>▪ सडक र विद्युतको विकास गर्नु पर्ने<br>▪ ब्यवसायीक तथा प्राविधिक शिक्षमा जोड दिनुपर्ने । | ▪ स्थानीय कच्चा पदार्थ र स्थानीय प्रविधिमा आधारित उद्योगहरु स्थापनामा जोड दिने<br>▪ स्थानीय खपतको उत्पादनमा जोड दिने | ▪ निजी क्षेत्रलाई प्रोत्साहित गर्ने<br>▪ स्थानीय कच्चा पदार्थको मूल्य श्रृंखलाबृद्धि गर्ने ।<br>▪ सहुलियत दरको कर्जाको व्यवस्था गर्ने । |

*स्रोत: समुह छलफलबाट पहिचान गरिएको, २०७४*

आर्थिक विकासको सम्भावना र अवसरहरुको विश्लेषण

तालिका नं.६ आर्थिक क्षेत्रका अवसरहरु, संभावनाहरु, कमजोर पक्षरु र चूनौतीहरु

| अवसरहरु | सम्भावनाहरु | कमजोर पक्षहरु | चूनौतीहरु |
|---|---|---|---|
| जैविक विविधता (जंगल, जनावर, जल, जढीबुटी, जनशक्ति, जमिन, जाँगर ) | ▪ उच्च हावा पानीमा उत्पादन हुने १० वटा अन्न बालीको बिउ तथा अन्न उत्पादन बाहिर पठाउन सकिने । | ▪ स्थानीय समुदायले स्थानीय उत्पादनलाई महत्व नदिनु ।<br>▪ समाज परनिर्भरता तर्फ उन्मुख | ▪ जलबायु परिबर्तन,<br>▪ रोगको पहिचान गर्न कठिनाई ।<br>▪ स्थानीय सीपको आधुनिकीकरण हुन नसक्नु |

| अवसरहरु | सम्भावनाहरु | कमजोर पक्षहरु | चूनौतीहरु |
|---|---|---|---|
| | ■ कालो जौ, काउनु, मार्से रातो चामल जस्ता औषधि जन्य, पोषणयुक्त, धार्मिक महत्वका अन्न उत्पादनबाट आयआर्जन बढाउन सकिने<br>■ सामाजिक, साँस्कृतिक, भौगोलिक लगायत जैबिक बिबिधता भएको । | हुनु ।<br>■ उपलब्ध सम्भावनाको प्रचारप्रसार हुन नसक्नु ।<br>■ रोग किराको प्रकोप | |
| स्याउ, सिमी, | ■ आसपासका क्षेत्रमा उच्च क्षेत्रमा स्याउ, सिमी खेति संरक्षण गर्न सकिने ।<br>■ क्गउउभच इचनबलष्अ उत्पादन सुर्खेत, काठमाण्डौ छिमेकी देश भारतमा पैठारी गर्न सकिने ।<br>■ रोजगार तथा व्यावशायीकरण गर्न सकिने ।<br>■ आयआर्जनमा बृद्धि | ■ प्रमाणीकरणको अभाब<br>■ सडक यातायात नहुनु<br>■ गाउँपालिकामा प्रशोधन उद्योग नहुनु ।<br>■ संकलन केन्द्र लगायत लगानीको अभाब ।<br>■ रोग किराको आक्रमण ।<br>■ संरक्षणको अभाबले जथाभाबी संकलन | ■ सहयोगी पूर्वाधारको कमी<br>■ चारित्रिक गुणको सुक्ष्म बिश्लेषणको अभाव<br>■ कमजोर नियमन ९त्र्भनगबितष्यल० व्यवस्था |
| चरण क्षेत्र | ■ चरिचरणलाई व्यावस्थित गरी पशुपालनबाट अधिकतम आयआर्जन गर्न सकिने । | ■ उन्नत घास खेती व्यवस्थित चरण विकास कार्यक्रम संचालन नहुनु । | ■ ग्लोवल वार्मिङले चरिचरन क्षेत्रको उत्पादनशीलतामा क्षति भईरहेको । |
| मौरी पालनको पालनको लागि उपयुक्त वातारण र मौरीका स्थानीय प्रजातीहरु | ■ मौरीपालनको र गुणस्तरीय मह उत्पादन<br>■ औषधिमा प्रयोग ।<br>■ आय आर्जनको उत्तम विकल्प ।<br>■ विदेशी पर्यटकलाई अर्कषण गर्ने ।<br>■ रोजगारीको सिर्जन। | ■ मौरी प्रबिधिकको अभाव<br>■ मह प्रशोधन तथा गुणस्तरमा कमी<br>■ सुधारीएको घारको अभाव, परम्परागत घारको मौरीपालन<br>■ रोग किरा | ■ मौरीपालन प्रविधि सिकाउने जनशक्ति नहुनु ।<br>■ जंगली जनावरबाट मौरी माथि हुने आक्रमण न्यूनीकरण गर्न नसकिनु ।<br>■ औषधि उपचारमा कमी |
| उत्पादन गरिएका बस्तुहरुको बजारीकरण गर्न अभाव | उत्पादन भएका बस्तुहरु बढी मात्रामा बिग्रिने गर्दछ | पोक्षिडाँडा,बडडाँडामा यातायात सुविधाा हुन नसक्नु | सौतामारे र सिदीमा बजार र यातायातको राम्रो ब्यबस्थापन |

| अवसरहरु | सम्भावनाहरु | कमजोर पक्षहरु | चूनौतीहरु |
|---|---|---|---|
| बडडाँड,बेताले,पोखीडाँडा र सौतामारेमा सिंचाईको अभाव | उत्पादनमा कमी | सिंचाई कुलोको राम्रो व्यबस्थापन नहुनु | गुहारीखोला सिंचाई कुलो निर्माण गर्नु पर्ने,काब्रेचौर,बेताने,जुरेढुङ्गा,बरखोला,बिडडाँडा,सौतामारे,ठूलो खोलाबाट बडाचौर,टिमुर खर्क,पातीहाल्न,वाला खरीपाटा,बागमारा,गजमने,पोखरी डाँडा सिंचाई कुलो,आलुको लागि कोल्ड स्टोर निर्माण |
| समयमा बिउबिजन नपाउनु | समयमा खेति गर्न नपाउनु , उत्पादनमा कमि आउनु | कृषि कार्यालय नहुनु | कृषि कार्यालय हुनुपर्ने , सोतामारे फेदी, बिडडाँडा सोतामारे लाकुरी,खराब बेताने , बग्मारा |
| पशुपालन व्यबस्था नहुनु | यस वडामा भैरहेको ब्यबसायहरुको राम्रो विधि हुनु | ठाउँ अनुसारको पशुहरु नहुनु | ठाउँ अनुसारको पशुहरुको ब्यबस्था गराइदिने |
| सुन्तला खेतीको राम्रो निर्मुलीकरण नहुदा | उत्पादन गरिएको सुलीहरु सडेर वा कुहेर जानु | सौतामारे सामुहिक सुन्तला खेति नगर्दा | सोतामरेको कृषि कार्यालय हुनुपर्ने |
| बेमौसमी तरकारी खेतिको उत्पादन गर्न नसक्नु जस्तै , काँक्रा, टमाटर , खुर्सानी | समयमा तरकारीहरुको प्रयोग गर्न नपाउनु | बेमौसमी तरकारी उत्पादन गर्नको लागि टनेलको अभाव | बेमौसमी तरकारीको उत्पादन गर्नको लागि टनेलको ब्यबस्था पोप्री डाँडा , तलेघर ,खरिपाटा. सोतामारे बदाचौर वालला , बग्मारा पातिहाल्न |
| कृषि तथा खाद्य सुरक्षा | प्राबिधिक सेवाको पहुचमा कमि, फिमरुक गा.पा. २ का सबै बस्तीहरु | जनचेतनाको कमी, प्रबिधिक शिक्षाको अभाव | कृषि जनचेतना तथा आधूनिक प्राबिधिक तालिम उपलब्ध गराउने |
| किटनाशक औषधि | कृषि उत्पादन कमि | सडक विकास नहुनु | कृषि सडकलाई सबै तिर विस्तार गर्ने |
| बजार ब्यबस्थापनको अभाव | बिबिध सभाब्य कृषि उत्पादन गर्न जन शक्तिमा आलस्यता | मोटर बाटो सबै बस्तिमा नपुग्नु | कोदो संचालन केन्द्र बनाउनु पर्ने, कासिपोखरामा |
| कृषि तथा खाद्य सुरक्षा | कृषकको आर्थिक उन्नति नहुनु | माटो परीक्षण नहुनु तथा सिंचाई अभाव | बिभिन्न ठाउँको माटो परिक्षणउत्पादन योग्य बाली छनोट आवश्यक सिचाई ब्यबस्था गर्नुपर्छ |

| अवसरहरु | सम्भावनाहरु | कमजोर पक्षहरु | चूनौतीहरु |
|---|---|---|---|
| ब्यबसायिक तथा कृषि उत्पादनमा बिबिध कारण पकेट एरिया नछुटयाउनु | ब्यबसायिक सोचमा कमि | परम्परागत खेती प्रणाली | भ्मिरुक ३ मा रहेको सबै नयाँ पुरानो कुलोहरुको क्रमिक स्तर उन्नति गर्नुपर्ने :वबेर भेडावारी कोटफेर, सिस्नेखोला सिचाई पोखरी निर्माण गर्नु पर्छ |
| नगदे बाली र बेमौसमी उत्पादन | कृषकहरुको संस्थागत र सामाजिक बिकास नहुनु | उत्पादनले उचित मुल्य र बजार नपाउनु | कृषकहरुलाई समुहगत बिभाजिन गराई उत्पादन एक एक हुदाहुदै उत्पादन गर्न लगाउनु पछ |
| कृषि पकेट एरियामा यान्त्रीकरणको अभाब जस्तै : दाकेडी, ह्ल्ते, आहालखोला, आलु तरकारी | कृषकको शाररिक परिक्षणमा दुख | यातायात, प्राविधिक, खाद्य सुरक्षा अभाब | कृषकहरुलाई संजाल, समुह बनाई बिभिन्न उत्पादन सम्बन्धि तालिम संचालन गर्नुपर्छ |
| सिचाईको अभाव :<br>वर्वाङ, चिसावाङ, शिरखोला नेता, जेमुरखोला, गोलछेटारी, दाद्रा, शिरखोला देखि दहखोला सम्म सि.कुलो | उत्पादनमा कमी आउनु | परम्परागत खेती गर्नु,<br>आकाशे पानीमा भरपर्नु,<br>सिचाई कुलो नहुनु । | सिचाई कुलो निर्माण गर्नु,<br>कृषि क्षेत्रमा आधुनिकरण गर्नु,<br>उन्नत जातका समय अनुकुलताका विउविजनहरु, मल उपलब्ध गराउनु । |
| प्लाष्टिक पोखरोको अभाव :<br>भण्डारी पोखरा, तोरवाङ, घगे, कुभिन्डे, चिचिन्डे, मर्कावाङ, लेखे, सल्लेरी वस्तीहरुमा फलफूल, जडिबुटि तथा विउविजनको अभाव : | पानीको मुहानको अभाव हुनु<br>दक्ष प्राविधिकको अभाव | आकाशे पानीमा भरपर्नु,<br>जनचेतनाको कमी हुनु । | वस्ती-वस्तीमा प्लाष्टिक पोखरी निर्माण गर्ने ।<br>चिचिङ, कुभिन्डे, लेख, सल्लेरीलाई सुन्तला, कमला र स्याउको पकेट क्षेत्र भएका वस्तीहरु ।<br>मर्कावाङ, भण्डारी, पोखरा, नेता, नेणने वस्तीहरुमा अदुवा, हलेदो, जडिबुटि र तरकारी खेतीको लागी पकेट क्षेत्र मानिन्छ |
| पशु तथा भेटनरीको अभाब | भ्मिरुक १ मा कृषि सम्बन्धि संस्था नहुदा बिउ बिजन उपलब्ध हुन नसक्नु , कार्यालयनै उपलब्ध नहुनु | भवनको अभाब हुनु , आवश्यक कर्मचारीको ब्यबस्था नभएको | जग्गा उपलब्ध गराई भवन निर्माण गरि संस्था माग गर्ने साथै आवश्यक कर्मचारी ब्यबस्था गर्ने |
| उद्योगको विकास | रोजगारीको कमीले गरीबी, | चेतनाको विकास भएन | साना घरेलु उद्योग स्थापना गर्नु पर्ने जस्तै-फर्निचर उद्योग, ग्रील उद्योग (वाङ्गेफेदी, चुधारा), माछापालन, कुखुरा पालन, दूध डेरीको तथा गाई, भैंसी पालन (सबै ठाउँमा) बाखा |

| अवसरहरु | सम्भावनाहरु | कमजोर पक्षहरु | चूनौतीहरु |
|---|---|---|---|
| | | | पालन, तरकारी खेती, गोलभेडा-वैडा पोखरी, गोलखाडा, कौधे, मुदा, सुपा, च्याक-(हरिय, चुधारा) |
| .बैंकको अभाव | सेवा सुविधा नहुनु, टाढा जान पऱ्यो, | सम्भावना अध्ययन भएन, | वार्डमा बैंक शाखा कार्यालय स्थापना गर्न पहल गर्ने |
| घरेलु उद्योगको अभाव :<br>सहकारी व्यवस्थापनको अभाव : | जनचेतनाको कमी हुनु ।<br>आर्थिक अवस्था कमजोर हुनु । | आर्थिक अभावको कारण ।<br>जनचेतनाको कमी हुनु । | दालमोट, अगरबत्ती, टपरी, साबुन, मैनबत्ती, चोया, चियाबाट उत्पादन गर्नको लागी आर्थिक व्यवस्थापन ।<br>सहकारी सु.व्यवस्थापनको लागी आर्थिक व्यवस्था गर्ने ।<br>गाउँस्तरमा सहकारीबारे जनचेतनामूलक कार्यक्रम संचालन गर्ने । |
| पर्यटकीय स्थल नहुनु | गाउको पहिचान नहुनु तथा आर्थिक वृद्धिमा कमी | पहिचान नहुनु ।<br>आर्थिक लगानी नहुनु । | कुभिन्डेमा भिउ टावरमा पर्यटकीय स्थान निर्माण गर्ने ।<br>सुकपोखरामा पिकनिक स्पट तयार गर्ने ।<br>पर्कावाङ गोइनी र घगेदमार चौरमा पिकनिक स्पट निर्माण । |
| टेवरे, दारीम चौर, आहाल खोला | बचत गर्ने सुबिधा नहुदा राख्न नसक्नु, खर्च बढ्नु | उपयुक्त शिर्षक र उत्पादनमुलक कुरामा भन्दा अन्यमा लगानी बढ्नु | प्रत्येक ठाउँमा दैनिक बचतलाई प्रोत्साहन गनुपर्छ<br>बिभिन्न आर्थिक बचत र लगानी सम्बन्धि आर्थिक ठाउँ मा जनचेतन,सहकारी, शिक्षा संचालन गनुपर्छ |
| पर्यटन विकास नहुनु | सस्कृति लोप, युवा शक्ति पलायन चेतना र सामाजिक भावनाको अभाब | पर्यटन सम्बन्धि सकारात्मक धारणाको अभाब | यहाँको बिबिध कुलपुजा र साकृतिक सामग्रीको सरक्षण र प्रचार प्रसार गर्नुपर्छ |

३.५ आर्थिक विकास क्षेत्रको सोच तालिका

तालिका नं. ७ आर्थिक विकासको सोँच तालिका

| विवरणात्मक संक्षेप | कार्यसम्पादन सूचकहरु | आधार तथ्याङ्क | | लक्ष्य | | | | | जम्मा लक्ष्य | पुष्ट्याईका आधारहरु | जोखिम पूर्बानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाइ | परिमाण | आ.व. ७५/७६ | आ.व. ७६/७७ | आ.व. ७७/७८ | आ.व. ७८/७९ | आ.व. ७९/८० | | | |
| कृषि | | | | | | | | | | | |
| क्षेत्रगत उद्देश्य १: कृषिजन्य वस्तुको उत्पादन | **बार्षिक उत्पादन** | | | | | | | | | कृविशाखाको बार्षिक प्रगति | बजेट उपलब्ध हुनेछ । |
| | खाद्यान्न | मे.टन | २०० | २०० | २०० | २०० | २०० | २०० | १००० | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तथा उत्पादकत्वमा बृद्धि गरी खाद्य सुरक्षामा सुधार गर्नु । | तरकारी | मे.टन | ५० | १० | १० | १० | १० | १० | ५० | प्रतिवेदन तथा अन्य अध्ययन प्रतिवेदन | मौसम अनुकुल रहनेछ ।<br>सिँचित क्षेत्र विस्तार भएको हुनेछ । |
| | फलफूल | मे.टन | २० | ४ | ४ | ४ | ४ | ४ | २० | | |
| | द्यलहन | मे.टन | १० | ५ | ५ | ५ | ५ | ५ | २५ | | |
| | आलु | मे.टन | ५० | १५ | १५ | १५ | १५ | १५ | ७५ | | |
| | **बार्षिक उत्पादकत्व** | | | | | | | | | | |
| | खाद्यान्न | मे.टन/हे | | | | | | | | कृविशाखाका ` बार्षिक प्रगति प्रतिवेदन तथा अन्य अध्ययन प्रतिवेदन | बजेट उपलब्ध हुनेछ<br>मौसम अनुकुल रहनेछ ।<br>सिँचित क्षेत्र विस्तार भएको हुनेछ । |
| | तरकारी | मे.टन/हे | | | | | | | | | |
| | फलफूल | मे.टन/हे | | | | | | | | | |
| | दलहन | मे.टन/हे | | | | | | | | | |
| | आलु | मे.टन/हे | | | | | | | | | |
| प्रतिफल नं. १.१: उन्नत विउ विजन, वेर्ना र स्थानीय बालीको प्रयोगमा बृद्धि भएको हुने । | बीउ प्रतिस्थापन दर | प्रतिशत | १५ | २० | २० | २० | २० | २० | १०० | | |
| | खाद्यान्न बार्षिक उत्पादन | मे.टन./हे | ६ | | | | | | | | |
| | तरकारी बीउको बार्षिक उत्पादन | मे.टन. | १ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.०५ | | |
| | स्थानीय बाली खेती हुने क्षेत्रफल | हे. | | | | | | | | | |
| | फलफूलको वेर्ना उत्पादन | संख्या | | | | | | | | | |
| प्रतिफल नं. १.२: सिँचित क्षेत्रफलको विस्तार भएको हुने | साना सिंचाइबाट सिंचित क्षेत्रफल | हे. | | | | | | | | | |
| | नयाँ आयोजनाबाट सिँचित हुने क्षेत्रफल | हे. | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल नं. १.३: कृषिमा विकास भएको नयाँ प्रविधिको प्रयोगमा बृद्धि भएको हुने । | क्षेत्रीय स्तरको अगुवा कृषक तालिम पाएका कृषक | संख्या | १५ | २० | २५ | ३० | ३५ | ४० | | जि कृविकाको बार्षिक प्रगति प्रतिवेदन | आवश्यक बजेटको व्यवस्था हुने |
| | कृषिमेला/ प्रदर्शनीको | संख्या | १ | १ | १ | १ | १ | ५ | | जि कृविकाको बार्षिक प्रगति प्रतिवेदन | |
| प्रतिफल नं. १.४: उत्पादित फलफूल तथा तरकारीको बजारसम्मको पहुंचमा बृद्धि भएको हुने । | रष्टिक स्टोर | संख्या | ० | | १ | १ | १ | १ | | | आवश्यक बजेटको व्यवस्था हुने |
| | फलफूलको लागि सेलार स्टोरको | संख्या | १ | १ | १ | १ | १ | १ | | | |
| | फलफूलसंकलन केन्द्र | संख्या | ० | १ | | १ | | १ | ३ | | |
| प्रतिफल नं. १.५: प्राङ्गरिक खेती प्रणालीमा बृद्धि भएको हुनेछ । | रासायनिक मल तथा कीटनाशक बिषादीको नकारात्मक असरबारे जानकार अगुवा किसान | ज्ना | ० | १३५ | १३५ | १३५ | १३५ | १३५ | | ■स्थलगत सर्वेक्षण<br>■कृवि शाखाको प्रतिवेदन | ■गाउँपालिकाको प्रभावकारी समन्वय<br>■बजेटको उपलव्धता |
| | प्राङ्गरिक नमूना व्यावसायिक फार्म | संख्या | ० | १ | १ | १ | १ | १ | | | |
| | प्रति वडा प्राङ्गरिक तरकारी उत्पादन फार्म | संख्या | ० | १ | १ | १ | १ | १ | | | |
| | प्राङ्गरिक तरकारी उत्पादन बिक्री स्थल | संख्या | ० | ० | ० | १ | ० | ) | | | |
| प्रतिफल नं १.६ कृषक र प्राविधिकहरुको क्षमता अभिबृद्धि भएको हुने । | तालिम प्राप्त कृषकहरु | संख्या | ५० | ७० | ९० | ११० | १३० | १५० | १५० | | |
| | ग्रामीण कृषि कार्यकर्ता तालिम प्राप्त कृषकहरु | संख्या | १६ | २१ | २६ | ३१ | ३६ | ४१ | ४१ | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | तालिम प्राप्त प्राविधिकहरु | संख्या | ६ | ७ | ८ | ९ | १० | ११ | ११ | | |
| प्रतिफल नं. १.९ कृषि क्षेत्रमा युवा शक्तिको सहभागिता अभिबृद्धि भएको हुने । | युवाहरुद्वारा संचालित कृषि सम्बन्धी व्यवशायी परियोजना | संख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| **पशु सेवा** | | | | | | | | | | | |
| **क्षेत्रगत उद्देश्य १:** पशु जन्य वस्तुको उत्पादन र उत्पादकत्व बृद्धि गर्नु । | **उत्पादन (हजार मे.टन/संख्या हजारमा)** | | | | | | | | | | |
| | दुध | | | | | | | | | | |
| | मासु | | | | | | | | | | |
| | अण्डा | | | | | | | | | | |
| प्रतिफल नं. १: उन्नत बर्णशंकर पशुहरुको संख्यामा बृद्धि भएको हुने । | उन्नत बर्णशंकर पशु | | | | | | | | | | |
| | गाई | संख्या | | | | | | | | पशु सेवा शाखाको बार्षिक प्रोफायल तथा बार्षिक प्रगति प्रतिबेदनहरु | ■ बजेटउपलब्ध हुनेछ<br>■ पशु नश्लको उत्पादनमा व्यवशायीको संलग्नता हुनेछ । |
| | भैंसी | संख्या | | | | | | | | | |
| | बाखा | संख्या | | | | | | | | | |
| | वंगुर | संख्या | | | | | | | | | |
| | उन्नत प्रजनन् सेवा दिने प्रजनन् केन्द्र | संख्या | | | | | | | | | |
| प्रतिफल नं. २: पशु आहारा आपुर्तिमा बृद्धि भएको हुने । | उपयोगमा आएको थप चरन क्षेत्र | हे. | | २० | ४० | ६० | ८० | १०० | १०० | पशु सेवा शाखाको बार्षिक प्रोफायल तथा बार्षिक प्रगति प्रतिबेदनहरु | बजेट उपलब्ध भएको हुनेछ । कृषकहरुको रुचि बढेको हुनेछ । |
| | उन्नत घाँस विकास भएको थप चरन क्षेत्र | हे. | | ३ | ६ | ९ | १२ | १५ | १५ | | |
| | डाले घाँस लगाइएको क्षेत्र | हे. | | २ | ४ | ६ | ८ | १० | १० | | |
| | उन्नत घाँस लगाइएको जग्गा | हे. | | १ | २ | ३ | ४ | ५ | ५ | | |
| प्रतिफल नं. ३: व्यवसायिक पशुपालनमा बृद्धि भएको | व्यवशायिक दुध उत्पादन फार्म | संख्या | | १ | २ | ३ | ४ | ५ | ५ | | ■ कृषकहरु पशु |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हुने । | व्यवशायिक भैंडा बाखापालन फर्म | संख्या | १७ | २० | २२ | २४ | २५ | २५ | २५ | | पालन पेशाप्रति आकर्षण बढनेछ । |
| | सुधारिएको मासु पसल | संख्या | | | | | | २ | २ | | |
| प्रतिफल नं. ४ गाउँपालिकामा पशु उपचार सेवाको पहुँचमा वृद्धि भएको हुने । | पशु उपचार सेवाको पहुँच पुगेको किसानको | प्रतिशत | १६ | २० | २२ | २४ | २६ | ३० | ३० | पशु सेवा शाखाको बार्षिक प्रोफायल तथा बार्षिक प्रगति प्रतिबेदनहरु र सेवा केन्द्र स्तरीय प्रोफायल | |
| | नियमित भ्याक्सिन सेवा | संख्या | ७५०० | ९००० | १०५०० | १२०० | १३५०० | १५००० | १५००० | | |
| | गाउँपालिका पशु उपचार केन्द्र (निजी समेत) | संख्या | | | | | | | | | |
| प्रतिफल नं. ५: उन्नत प्रविधिमा आधारित पशुपालन विकास भएको हुने । | उन्नत पशु पालन प्रविधिको तालिम प्राप्त कृषक | संख्या | | | | | | | ४० | | |
| | सुधारिएको गोठ प्रयोग गर्ने कृषक | संख्या | | | | | | | ६० | | |
| | पशुपालनमा उन्नत कृषि औजार/मेसिनरीको प्रयोग गर्ने कृषक | संख्या | | | | | | | | | |
| प्रतिफल नं. ६: दलित, जनजाती, महिला तथा पिछडिएको बर्गहरुको पोषणमा सुधार भएको हुने । | वितरित कुखुराको चल्लाको संख्या | | | | | | | | | | |
| | कुखुराको पकेट कार्यक्रमको संख्या | | | | | | | | | | |
| | बंगुर तथा बाखापालन कार्यक्रम संचालनमा आर्थिक सहयोग पाउने परिवारको संख्या | | | | | | | | | | |
| **पर्यटन** | | | | | | | | | | | |
| **क्षेत्रगत उद्देश्य १** सेवा | गाउँपालिकामा आउने | संख्या | १००० | ११०० | १३०० | १५०० | १८०० | २००० | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सुविधाहरुको गुणस्तरमा बृद्धि गरी पर्यटकीय क्षेत्रहरु प्रति आन्तरिक एवम् बाह्र्य पर्यटकहरुको संख्यामा बृद्धि गर्नु | पर्यटक | | | | | | | | | | |
| | पर्यटकहरुको औसत बसाइ | दिन | २ | ३ | ३ | ३ | ३ | ३ | | | |
| प्रतिफल नं.१ : पर्यटनको लागि आवश्यक पूर्वाधारमा बृद्धि भएको हुने । | व्यवस्थित रुपमा संचालन भएको एकीकृत पर्यटन सूचना केन्द्र | | | १ | २ | ३ | २ | ८ | | जिसस पर्यटन शाखाको प्रतिबेदन र सरकारी गैर सरकारी कार्यालयको बार्षिक प्रतिबेदन | सरकारी तथा नीजि तवरबाट लगानीमा बृद्धि |
| | पर्यटन मार्गको लम्बाइ | किमी | | | | | | | | | |
| | होटल | संख्या | | | | | | | | | |
| | होमस्टे | संख्या | ५ | १० | १० | १० | १० | १० | ५५ | | |
| | रेस्टुरेन्ट | संख्या | | | | | | | | | |
| | रिसोर्ट | | | | | | | | | | |
| | पर्यटन पुस्तकालयको सञ्चालन | | | १ | ३ | २ | २ | ८ | | | |
| प्रतिफल नं. २: पर्यटकीय सम्पदाहरुको स्तरोन्नति भएको हुने । | स्तरोन्नती भएका सम्पदाहरु | | | | | | | | | | |
| | धार्मिक मठ मन्दिर | संख्या | | | | | | | | जिसस पर्यटन शाखा तथा गैससहरुको प्रतिबेदन | सरकारी तथा बैदेशिक लगानी |
| | गुम्वा | संख्या | | | | | | | | | |
| | तीर्थस्थल | संख्या | | | | | | | | | |
| | तातो पानीका स्रोतहरु | संख्या | | | | | | | | | |
| | पर्यटन गुरु योजना निर्माणको अवस्था | | निर्माण भएको | अध्यावधिक | अध्यवधिक | अध्यवधिक | अध्यवधिक | अध्यवधिक | अध्यवधिक | | |
| प्रतिफल नं. ३: पर्यटन सम्बन्धी नयाँ सम्भावनाको पहिचान हुने । | पर्यटन अध्ययन अनुसन्धानको | संख्या | २ | १ | | १ | | १ | ३ | | |
| प्रतिफल नं. ४: पर्यटनसम्बन्धी | उत्पादित जनशक्ति | संख्या | २०० | २५ | २५ | २५ | २५ | २५ | १२५ | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जनशक्तिमा बृद्धि भएको हुने । | | | | | | | | | | | |
| प्रतिफल नं. ५: पर्यटन व्यसायको प्रवर्धन भएको हुने । | गठन भएका स्थानीय लोक संस्कृति संरक्षण मञ्च | संख्या | ५ | २ | २ | २ | २ | २ | १० | गाउँपालिकाको प्रतिवेदन | धार्मिक तथा सांस्कृतिक बिबिधताको संरक्षण |
| | स्थानीय चाडपर्व सम्बन्धी क्यालेन्डर प्रकाशन | पटक | ० | | | १ | | | १ | गाउँपालिकाको प्रतिवेदन | जिससको सक्रियता |
| **बैक तथा वित्तीय क्षेत्र** | | | | | | | | | | | |
| **क्षेत्रगत उद्देश्य :** जनताको बैंकिङ्ग सेवाको पहुँचमा बृद्धि भएको हुने | जनसंख्या प्रति बैंक शाखा | | | | | | | | | | |
| | बैक तथा वित्तीय संस्थाहरुमार्फत कर्जा प्राप्त गर्ने जनसंख्या | संख्या | | | | | | ४०० | | | |
| | ग्राहक | संख्या | | | | | | | | | |
| | निक्षेपको परिमाण | रु हजारमा | | | | | | | | | |
| | कर्जा परिमाण | रु हजारमा | | | | | | | | | |
| प्रतिफल नं.१.१: बैंकिङ्ग सेवाको पहुँचमा बृद्धि भएको हुने । | बैकहरुको विस्तारित शाखाहरु | संख्या | १ | २ | २ | २ | २ | ८ | | | |
| | कृषि तथा लघु कर्जाको परिमाण | रु हजारमा | | | | | | | | | |
| घरेलु तथा साना उद्योग | | | | | | | | | | | |
| क्षेत्रगत उद्देश्य : लघु, घरेलु, साना उद्योगहरुको स्थापना र संचालन मार्फत रोजगारीको सिर्जना हुने । | स्वरोजगार प्राप्त व्यक्तिहरु | संख्या | | | | | | | | कार्यालयको प्रतिबेदन | वजेटको उपलव्धता |
| | दर्ता भएको उद्योग | संख्या | | | | | | | | कार्यालयको प्रतिबेदन | |
| प्रतिफल नं. १: व्यवसाय विकास सेवामा | सिप मुलक तालिम पाएका व्यक्तिहरु | संख्या | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उद्यमीहरुको पहूँचमा बृद्धि भएको हुने । | | | | | | | | | | | |
| प्रतिफल नं. २: स्थानीय स्रोत साधन र सिपमा आधारित लघु उद्यमको विकास र विस्तार भएको हुने । | विस्तार भएका वडा | संख्या | | | | | | | | | |
| | उद्यमी | संख्या | | | | | | | | प्रगति प्रतिवेदन | |
| | महिला उद्यमी | संख्या | | | | | | | | | |
| | विस्तार उद्योगको | संख्या | | | | | | | | | कच्चा पदार्थको संख्या |
| | जिल्ला उद्यम विकास प्रवर्द्धन समिति | | | | | | | | | | |
| सहकारी | | | | | | | | | | | |
| **क्षेत्रगत उद्देश्य १:** सहकारी क्षेत्रको विस्तार मार्फत समावेशी पहुँचमा बृद्धि भई अतिरिक्त रोजगारीका अवसरहरुको सिर्जना र सहकारीका सदस्यहरुको आयमा बृद्धि भएको हुने । | सहकारी | संख्या | २४ | | | | | | | | |
| | बार्षिक कारोवारको रकम | रु हजार | | | | | | | | सम्बन्धित कार्यालयको बार्षिक प्रतिवेदन | |
| प्रतिफल नं १:स्थानीय स्रोत साधनमा आधारित सहकारीहरुको संस्थागत विकास भएको हुने। | आफ्नै भवन भएका सहकारी संस्थाहरु | संख्या | ० | ५ | ५ | ५ | ५ | ५ | २५ | | ▪ बजेटको उपलव्धता |
| **प्रतिफल २ः** प्रारम्भिक सहकारी संस्थाको संस्थागत विकास भएको हुने । | प्रारम्भिक सहकारी संस्थाहरुको | संख्या (हजारमा) | | २४ | | | | | | | |
| **प्रतिफल ३ः** महिलाहरुबाट गठन भएका प्रारम्भिक | महिलाहरुबाट गठन एवं संचालन भएका थप | संख्या | ३ | १ | १ | १ | १ | १ | ५ | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सहकारी संस्थाहरुको संस्थागत विकास भएको हुने । | सहकारी संस्थाहरु | | | | | | | | | | |
| **प्रतिफल नं** ४:सहकारी सम्बन्धी संघ संस्थाहरुको संख्यामा बृद्धि भएको हुने । | विषयगत सहकारी संघहरु | संख्या | २४ | ३० | ३५ | ४० | ५० | ६० | ६० | | |
| | सहकारी डिभिजन कार्यालय | | | १ | १ | १ | १ | १ | १ | | |

## परिच्छेद ३: गाउ विषय क्षेत्रगत योजना

### ३.२.सामाजिक विकास

सामाजिक विकासका अवसर तथा चुनौतीहरु,सोच,लक्ष्य,उद्धेश्य,रणनीति तथा कार्यनीति,प्रमुख कार्यक्रमहरु,कार्यान्वयन कार्ययोजना र अपेक्षित उपलब्धीहरु देहाय बमोजिम रहेका छन् ।

### ३.२.१.शिक्षा

१. पृष्ठभूमि

नेपालको संविधानले शिक्षासम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । यसैगरी राज्यका निर्देशक सिद्धान्तमा शिक्षालाई नागरिकका आधारभूत आवश्यकताको रूपमा वर्गीकरण गरी सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्व रहेको विषय प्रष्ट पारिएको छ । नेपाललाई अल्पविकसित राष्ट्रहरूको सूचीबाट मुक्त गराई विकासोन्मुख राष्ट्रको सूचीमा समावेश गराउन एवम् दिगो विकासका लक्ष्यअनुरूप समावेशी र समन्यायमा आधारित शिक्षा सबैमा पुऱ्याउनसमेत शिक्षा क्षेत्रको विकास अपरिहार्य छ । शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रूपान्तरणको संवाहकका रूपमा विकास गर्ने, सबै तह एवम् विधाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने, शिक्षालाई रोजगारी उन्मुख बनाउने, गुणस्तरमा सुधार एवम् व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी आर्थिक सामाजिक विकासका लक्ष्यहरू हासिल गर्नेतर्फ शिक्षा क्षेत्रका नीति तथा कार्यक्रमहरू उन्मुख रहेका छन् । आर्थिक वर्ष २०७३/७४ सम्ममा कक्षा एकमा बालविकासको अनुभवसहित भर्ना हुन आउने बालबालिका ६२.४ प्रतिशत, प्राथमिक तह (१-५) को खुद भर्ना दर ९६.६ प्रतिशत, आधारभूत तह (१-८) को खुद भर्ना दर ८९.४ प्रतिशत तथा माध्यमिक तह (९-१२) को खुद भर्नादर ३७.७ प्रतिशत पुगेको छ । कक्षा १-१० को टिकाउ दर ३७.९ प्रतिशत, कक्षा १-५ सम्मको कक्षा छाड्ने दर ३.९ प्रतिशत र दोहोऱ्याउने दर ७.६ प्रतिशत रहेको छ । यसैगरी खुद भर्नादरमा लैङ्गिक समानतामा पनि उल्लेखनीय प्रगति भएको छ । यस्तो समानता प्राथमिक तहमा ०.९९, आधारभूत तहमा १.०० र माध्यमिक तहमा ०.९९ रहेको छ । १५ देखि २४ वर्ष उमेरको साक्षरता ८३.१६ प्रतिशत पुगेको छ ।

२. चुनौती तथा अवसर

चुनौती

शिक्षाका सबै तहमा गुणस्तर अभिवृद्धि गर्ने, शिक्षालाई व्यावसायिक तथा रोजगारीमूलक बनाउने, सबै तहको शिक्षालाई समतामूलक र समावेशी बनाउने, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई आमनागरिकको पहुँचसम्म पुऱ्याउने, शिक्षकहरूको माग र आपूर्तिबीच सन्तुलन कायम गर्ने, लगानीअनुरूपको प्रतिफल सुनिश्चित गर्ने, संविधान प्रदत शिक्षासम्बन्धी हकहरूको उपभोग गर्ने साथै समग्र शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने कार्य चूनौतीपूर्ण छ । यसैगरी कक्षा १-१० को ३७.९ प्रतिशत रहेको टिकाउ दरलाई वृद्धि गर्ने, कक्षा १-५ सम्मको कक्षा छाड्ने दर ३.९ प्रतिशत र दोहोऱ्याउने दर ७.६ प्रतिशत रहेकाले यी दरहरूलाई घटाउने साथै गत वर्ष गएको महाभूकम्पबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्स्थापन र पुनर्निर्माण गर्ने चुनौती पनि रहेको छ ।

अवसर

सबै तह र विधाका शैक्षिक पूर्वाधारहरूको विस्तार भएको, महिला, दलित, जनजाति र अपाङ्गता भएका एवम् सीमान्तकृत समुदायका बालबालिका र विद्यार्थीहरूको सबै तहमा भर्ना दरमा उल्लेखनीय रूपमा वृद्धि भएको, साधारण शिक्षाका अतिरिक्त माध्यमिक र उच्च शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमको विस्तार भएको र उच्च शिक्षासम्म प्राविधिक तथा व्यावसायिक धारलाई विस्तार गर्न मार्ग प्रशस्त भएको छ । यस्तै समुदायमा शिक्षाप्रतिको आकर्षण बढेको, स्वास्थ्य तथा सरसफाइ,

वातावरण संरक्षण र आफ्ना हक अधिकारप्रतिको सजगता बढेको, शैक्षिक सूचना प्रणाली र शैक्षिक सुशासनका लागि आधारशिला तयार भएको साथै शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार भएको आदि कारणहरूले गुणात्मक शिक्षाको विकास गर्ने अवसर सिर्जना भएको छ ।

३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

३.१ सोच

शिक्षामा सबैको पहुँच र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी, मानव पुँजीको विकास ।

३.२ लक्ष्य

१. सबैलाई जीवनोपयोगी शिक्षाका अवसरहरू प्रदान गर्दै जीवनपर्यन्त सिकाइ उन्मुख तथा नवप्रवर्तनशील शैक्षिक प्रणाली विकास गर्ने ।
२. गाउँपालिकाको आवश्यकता अनुरूप गुणस्तरीय, व्यावसायिक र सीपयुक्त शिक्षा प्रदान गर्ने ।
३. रोजगारी एवम् स्वरोजगारीका लागि सीपमूलक शिक्षाको विस्तार गर्ने ।

३.३ उद्देश्य

१. शिक्षामा समतामूलक अवसरहरू सुनिश्चित गर्दै शिक्षालाई सीपयुक्त, समय-सान्दर्भिक र गुणस्तरयुक्त बनाउनु ।
२. वैकल्पिक उपायहरूको अवलम्बनबाट सबै तह एवम् प्रकारको शिक्षा र सीपमूलक तालिममा पहुँच अभिवृद्धि गर्नु ।
३. शैक्षिक प्रशासनमा निरन्तर सुधार र सुशासनलाई संस्थागत गर्नु ।

३.४ रणनीति

१. जीवनपर्यन्त शिक्षा, अनिवार्य आधारभूत शिक्षा तथा नि:शुल्क आधारभूत र माध्यमिक शिक्षा पद्धतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।
२. रोजगारी र उद्यमशीलता विकास गर्न प्राविधिक र व्यावसायिक शिक्षाको विस्तार गर्ने ।
३. सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने ।
४. आर्थिक रूपले विपन्न, लोपोन्मुख र सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको शिक्षामा पहुँच सुनिश्चित गर्ने ।
५. उच्च शिक्षालाई पहुँचयोग्य, प्रतिस्पर्धी र अनुसन्धानमूलक बनाउने ।
६. सार्वजनिक र निजी तहबाट प्रदान गरिने शिक्षाबीचको गुणस्तरमा रहेको अन्तर घटाउने ।

३.५ कार्यनीति

१. साक्षरता तथा साक्षरोत्तर कार्यक्रमहरूको समन्वयात्मक रूपले विकास, योजना तथा सञ्चालनका लागि स्थानीय सरकारहरूसँग सहकार्य गरिनेछ ।
२. अनौपचारिक शिक्षा र औपचारिक शिक्षाको दोहोरो प्रवेशको अवसर प्रदान गरी प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण गरिनेछ । यसका साथै निरक्षर र नवसाक्षरलाई जीवनपर्यन्त शिक्षा दिन सामुदायिक अध्ययन केन्द्रमार्फत साक्षरता स्वयंसेवक परिचालन गरिनेछ ।
३. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा सुनिश्चित गर्न खुला एवम् वैकल्पिक शिक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।
४. शिक्षक दरबन्दी मिलान कार्यलाई प्रभावकारी रूपमा अघि बढाई विद्यालयहरूमा शिक्षकहरूको समतामूलक वितरण सुनिश्चित गरिनेछ ।
५. शिक्षा क्षेत्रमा निजी क्षेत्रको सहभागितालाई थप व्यवस्थित र नियमन गर्ने तथा निजी र सार्वजनिक विद्यालयका शिक्षाको गुणस्तरको अन्तरलाई कम गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
६. विद्यालय शिक्षामा जीवनोपयोगी तथा व्यवहार कुशल सीप र मूल्यमा आधारित शिक्षालाई समेट्ने गरी पाठ्यक्रमको परिमार्जन गरी कार्यान्वयनमा ल्याइने तथा कक्षा १-३ को पाठ्यक्रम स्थानीय रूपमा विकास गरिनेछ ।
७. निजी क्षेत्र, गैरसरकारी क्षेत्र, स्थानीय निकाय र विकासका साझेदारहरूसँगको सहकार्यबाट प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरू विस्तार गरिनेछ ।
८. पूर्वप्राथमिक कक्षा र प्रारम्भिक बालविकाससँग सम्बन्धित सिकाइ सामग्रीहरूको स्तर तथा सान्दर्भिकता सुनिश्चित गरी तिनलाई बालविकास केन्द्रका बालबालिकाको स्तरअनुरूप बनाइनेछ ।
९. विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि तथा विद्यार्थीको सिकाइ सुनिश्चिततताका लागि भाषालाई शिक्षण सिकाइको माध्यमका रूपमा अपनाई शिक्षामा स्थानीय भाषिक नीति अवलम्बन गरिनेछ ।

१०. विद्यार्थीको सिकाइ अभिवृद्धिका लागि निरन्तर मूल्याङ्कन पद्धति तथा प्रारम्भिक बाल कक्षामा पढाई सीप विकास विधिहरूको प्रभावकारी उपयोग गर्दै लगिनेछ ।
११. विद्यालय तहको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन र जवाफदेहिता सुनिश्चित गर्न विद्यालयहरूको सञ्चालन तथा कार्यसम्पादनस्तरको वार्षिक रूपमा कार्य सम्पादन परीक्षण गर्ने र कार्यसम्पादनमा आधारित व्यवस्थापन तथा लगानीको प्रावधान लागु गरिनेछ ।
१२. शिक्षकहरूको प्राज्ञिक उन्नयन एवम् पेशागत विकासका लागि माग तथा आवश्यकताका आधारमा छोटा तथा मध्यम अवधिका तालिम सञ्चालन गरिनेछ ।
१३. जनसङ्ख्या र भूगोलको आधारमा विद्यालयहरूको नक्साङ्कन गरी पुनर्संरचना गरिनेछ ।
१४. सबै प्रकारका शैक्षिक संस्थाहरूको भौतिक अवस्थामा सुधार गरी विपद्प्रतिरोधी बनाइनेछ । विद्यार्थीहरूको सिकाइमा विपद् व्यवस्थापन विषयहरू समावेश गरिनेछ ।
१५. दलित, छात्रा, जनजाति, लोपोन्मुख जातजाति, गरिब तथा जेहेन्दार विद्यार्थीहरूका लागि आवश्यकताका आधारमा छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
१६. विद्यालय भवन निर्माणका नमुना डिजाइनहरू बहु प्रकारका विपद् प्रति संवेदनशील र अपाङ्गमैत्री हुने गरी बनाइनेछ ।
१७. आधारभूत तहको परिक्षालाई मर्यादित बनाउन स्थानीय सहकार्य एवं सहमति निर्माण गरिनेछ ।

### ४.६ सामाजिक विकास सम्बन्धी कार्यनीतिहरु

- हरेक वडामा बाल क्लब, युवा सञ्जाल, एकल महिला सञ्जाल, आदिवासी जनजातिका सञ्जालहरु गठन गरी उनीहरुको क्षमता विकास र आयआर्जनका कार्यक्रमहरुलाई प्राथमिकता दिईने छ ।
- महिला स्वयम सेवीकाहरुको न्यूनतम पारिश्रमिक निर्धारण गर्न र मा.शि.का. तालिम प्राप्त स्वयमसेविकाहरुलाई निशुल्क अनमि कोर्ष गराउने व्यवस्थाका लागि सरकारसँग पहल गरिनेछ ।
- स्वास्थ्य व्यवस्थापन समितिमा बालबालिकाहरुको सहभागिता सुनिश्चित गरिने छ ।
- अपाङ्गगता भएका व्यक्तिहरुको निशुल्क उपचारको व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ ।
- गाउँपालिकालाई बाल श्रम र बालविवाह मुक्त गाउँपालिका बनाउन उच्च प्राथमिकताका साथ कार्यक्रमहरु संचालन गरिनेछ ।
- महिला माथि हुने विभिन्न किसिमको हिंसाको अन्त्य गर्न सामाजिक जागरण कार्यक्रमहरु सञ्चालनमा ल्याईने छ ।
- बालबालिकाको स्थिति पत्र तयार गरी सोहीका आधारमा कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- खानेपानी सुविधालाई सम्पूर्ण घरधुरीमा विस्तार गर्न जिर्ण आयोजनाहरुको पूनर्स्थापना, नयाँ ग्रामीण आयोजनाहरुको सञ्चालन तथा साना शहरी खानेपानी आयोजनाको तर्जुमा गरिने छ ।
- खानेपानीका परम्परागत स्रोतहरुको दिगो ब्यवस्थापनमा विशेष ध्यान दिइने छ ।
- स्थानीय स्तरमा गठित खानेपानी तथा सरसफाइ स्वच्छता समितिहरुको क्षमता विकास र क्रियाशीलतामा ध्यान दिइने छ ।
- घरेलु सौचालय निर्माणलाई खानेपानी सुविधासँग आवद्ध गराई घरधुरीलाई सौचालय निर्माण र सामुदायीक सरसफाईमा प्रोत्साहित गरिने छ ।
- जिल्ला खुला दिशा मुक्त भैसकेको अवस्थामा सौचालयको प्रयोग र सरफाइ सुधारमा थप कार्यक्रमहरु ल्याइनेछ ।

३.६ प्रमुख कार्यक्रमहरू

क. प्रारम्भिक बालशिक्षा

१. चार वर्ष उमेर समूहका सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अवसर प्रदान गर्न विद्यालय संरचनाभित्रै प्रारम्भिक बालशिक्षा सञ्चालन ।
२. समुदाय केन्द्रित गरी नयाँ पूर्व-प्राथमिक विद्यालय विस्तार ।

३. प्रारम्भिक बालशिक्षालाई व्यवस्थित सञ्चालनका लागि आवश्यक पर्ने शैक्षिक सामग्री व्यवस्थापन अनुदानको व्यवस्था ।
४. पूर्वप्राथमिक शिक्षकको क्षमता विकास तथा प्रारम्भिक बाल शिक्षा कार्यक्रमको दिगो तथा गुणात्मक विकासका लागि स्थानीय स्तरमा सहकार्य ।

ख. आधारभूत शिक्षा
१. आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन ।
२. तोकिएका क्षेत्रहरूमा विद्यालय दिवा खाजा कार्यक्रम, छात्रवृत्तिका कार्यक्रमहरू, वैकल्पिक शैक्षिक कार्यक्रम ।
३. समयमै नि:शुल्क पाठ्यपुस्तक वितरण ।
४. गुणस्तर सुधारका लागि न्यूनतम सिकाइ वातावरण निर्माण ।
५. शिक्षक व्यवस्थापन, पद तथा दरबन्दी मिलान, शिक्षक तालिम ।
६. बालमैत्री शिक्षण सिकाइ प्रवर्द्धनका लागि सिकाइ सामग्री अनुदान, प्रारम्भिक कक्षामा पढाइ सीप विकास कार्यक्रम, बहु वर्ग शिक्षण, मातृभाषामा शिक्षा ।
७. पुस्तकालय तथा सिकाइ कुना स्थापना ।

ग. माध्यमिक शिक्षा
१. माध्यमिक शिक्षामा पहुँच तथा टिकाउ दर बढाउन न्यूनतम सिकाइ वातावरण तयार गर्ने कार्यक्रम सञ्चालन ।
२. माध्यमिक शिक्षामा गुणस्तर अभिवृद्धिका लागि नमूना विद्यालयको विकास तथा सञ्चालन ।
३. विद्यालयमा प्रधानाध्यापकको छुट्टै पदीय व्यवस्था ।
४. शिक्षक तालिम, विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापना ।
५. कक्षा ९ देखि नै व्यावसायिक र प्राविधिक शिक्षाको पहुँच विस्तार ।

घ. अनौपचारिक शिक्षा
१. सामुदायिक अध्ययन केन्द्रमार्फत साक्षरता कार्यक्रम सञ्चालन गरी सबै वडालाई साक्षर घोषणा गर्ने कार्यक्रम ।
२. सामुदायिक अध्ययन केन्द्रको क्षमता विकास गरी निरन्तर शिक्षा कार्यक्रम सञ्चालन ।
३. अनौपचारिक शिक्षाबाट प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण ।

ङ. शैक्षिक व्यवस्थापन
१. शैक्षिक संस्थामा नयाँ बन्ने भौतिक संरचनाहरू विभिन्न खाले विपद् प्रतिरोधी तथा अपाङ्गमैत्री बनाउने र समग्र शैक्षिक व्यवस्थापन सुधारका लागि केन्द्रदेखि स्थानीय तहसम्मका जनशक्तिको क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन ।

७.कार्यान्वयन कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | स्थान | समय | अनुमानित बजेट | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शैक्षिक वर्ष ०७५।०७६ बाट कक्षा ९ मा प्राबिधिक धारा तर्फको कृषि बिषय संचालन गर्ने | बलभद्र र सर्वोदय मा.बि | २०७५ | ७,८०,००० | गाउँपालिका | |
| २ | जनचेतना कार्यक्रम | रिपाहा, कनिकेरा, काशिपोखारा ,काँडापानी, गोदावरी | २०७५ | १००००० | गाउँपालिका | |
| ३ | सम्पूर्ण बिद्यालयमा कम्प्युटरं, मा. बि. मा प्रोजेक्टर | बलभद्र , सर्वोदय, कमेरपानी , बालजीवन, | २०७५ | ८,३७,००० | गाउँपालिका | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बिश्वज्योती , बालज्योतिमा बाल विकास कक्षा थप | | | | |
| ४ | सम्पूर्ण बिद्यालयमा घेरबार गर्ने | ,, ,, | २०७५ | ६००००० | गाउपालिका | |
| ५ | कमेरपानी आ बि मा ४ कोठे भवन तथा सोको फर्निचर र सौचालय | कमेरपानी | २०७५ | ३२,००,००० | गाउपालिका | |
| ६ | खेलमैदान निर्माण | पधेरापत्ला, कमेरपानी, गडीकोट, चिफ्लेटि, माझकटेरी | २०७६ | ३०,००,००० | गाउपालिका | |
| ७ | बलभद्र र सर्बोदयमा कृषि तर्फ प्राविधिक बिद्यालय संचालन गर्ने . | | २०७८ | १०००००० | गाउपालिका | |
| ८ | विद्यालयमा आवतजावत गर्न गोरेटो बाटो निर्माण | तुषारापानी, वडा-८ | २०७७ | ५००००० | गाउपालिका | |
| ९ | बिद्यालयको स्तरोन्नती | रातामाटा, झुङडी , पाडेमेला,टिमुर चौर | २०७९ | ३२१७८००० | गाउपालिका | |
| १० | अंग्रेजी भाषा शिक्षणको लागि दरबन्दीको ब्यबस्था | वडा नं ४ | २०७८ | ४५००००० | गाउँपालिका गैरसरकारी संस्था | |
| ११ | प्राविधिक शिक्षाको लागि स्थान छनोट एवं स्थापना | वडा नं ८ | २०७८ | ५०००००००० | गाउँपालिका गैरसरकारी संस्था | |

८. अपेक्षित उपलब्धि

योजनाको अन्त्यमा १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर १०० प्रतिशत पुगेको हुनेछ । कक्षा एकमा बालविकासको अनुभवसहित भर्ना हुन आउने बालबालिकाहरूको सङ्ख्या १०० प्रतिशत पुगेको र आधारभूत तह कक्षा १-८ को खुद भर्नादर ९८ प्रतिशत तथा माध्यमिक तह कक्षा ९-१२ को खुद भर्नादर ९५ प्रतिशत पुगेको हुनेछ । साथै, कक्षा ८ र १० को टिकाउ दर क्रमश: ९० र ८० प्रतिशत पुगेको हुनेछ । सबै वडाहरूमा सामुदायिक अध्ययन केन्द्र स्थापना भएको हुनेछ । गुणस्तरीय प्राविधिक तथा व्यावसायिक तालिमको पहुँचका लागि आधार सुनिश्चित भएको हुनेछ ।

३.२.२ स्वास्थ्य

१. पृष्ठभूमि

संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने एवम् स्वास्थ्य सेवामा समान पहुँच प्राप्त हुने विषयलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवम् गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैको स्वस्थ जीवन प्रत्याभूत गरी दिगो विकास सुनिश्चित गर्नुपर्ने दायित्व पनि संविधानबाटै निर्देशित छ । स्वास्थ्य सेवाका विभिन्न कार्यक्रमहरूको फलस्वरूप शिशु मृत्युदर र नवजात शिशु मृत्युदर घटेको छ । साथै पाँच वर्षमुनिको बाल मृत्युदर ३८ तथा मातृ मृत्युदर २५८ मा झरेको छ । यसैगरी परिवार नियोजनको साधन प्रयोग दर ७७.३४ प्रतिशत रहेको छ भने कुल प्रजनन दर २.२ रहेको छ । तौल नपुगेका बच्चाको प्रतिशत घटेर २८.८ पुगेको छ । स्वास्थ्यसम्बन्धी उपरोक्त संवैधानिक व्यवस्था एवम् दिगो विकासका लक्ष्य हासिल गर्न योगदान गर्ने सोचका साथ स्वास्थ्य क्षेत्रको प्रवर्द्धन गर्न आवश्यक भएको छ ।

२. चुनौती तथा अवसर

चुनौती

संविधानले व्यवस्था गरेको सङ्घीय स्वरूप, भौगोलिक एवम् जनसङ्ख्याको अनुपात अनुरूप स्वास्थ्य संस्थाहरूको न्यायोचित वितरण गर्नु, निःशुल्क वितरण गरिने औषधी आवश्यकताका आधारमा उपलब्ध गराउनुका साथै त्यसको गुणस्तर सुनिश्चित गर्नु, स्वास्थ्य सेवा प्रवाहको नियमित नियमन र अनुगमन गर्नु, सबैको लागि स्वास्थ्य बिमा लागु गर्नु, वैदेशिक सहयोगको परिचालन तथा उपयोगलाई प्रभावकारी बनाउन समन्वय कायम गर्नु र स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा सुचारु गर्नु स्वास्थ्य क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

अवसर

स्वास्थ्य संस्थाहरूको जिल्लाव्यापी सञ्जाल तयार हुनु, दक्ष स्वास्थ्यकर्मी तथा अत्याधुनिक प्रविधि र उपकरणहरूको उपलब्धता, सर्वसाधारणहरूको स्वास्थ्य सेवा र पोषणको महत्वबारे बढ्दो जागरण र प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि गरिएको विभिन्न नीतिगत व्यवस्थाका कारण स्वास्थ्य सेवालाई थप व्यवस्थित र गुणस्तरयुक्त बनाउने अवसर प्राप्त भएको छ ।

३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

३.१ सोच

गुणस्तरीय स्वास्थ्य सेवामा सबै जनताको पहुँच मार्फत स्वस्थ र सबल नागरिक विकास ।

३.२ लक्ष्य

सबै नागरिकलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाहरू निःशुल्क रूपमा उपलब्ध गराउने ।

३.३ उद्देश्य

१. सबै वर्ग र समुदायका नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु
२. स्वस्थ जनशक्ति तयार गर्नु, रोग प्रतिरोधात्मक क्षमता बढाउनु तथा पोषणयुक्त खाद्य सामग्रीमा पहुँच बढाउनु ।

३.४ रणनीति

१. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारी रूपमा सेवा उपलब्ध गराउने ।
२. पोषणयुक्त खानेकुराको बारेमा चेतना बढाउँदै यससम्बन्धी सेवाको पहुँच आम नागरिकसम्म पुऱ्याउने ।
३. नवजात शिशु मृत्युदर, शिशु मृत्युदर र बाल मृत्युदर घटाउने र औसत आयु बढाउने ।
४. स्वास्थ्य क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको संलग्नता वृद्धि गरी ती क्षेत्रहरूबाट हुने लगानीलाई व्यवस्थित गर्ने ।
५. गाउँपालिकामा उपलब्ध जडीबुटीको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास गर्ने ।

३.५ कार्यनीति

१. स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरी स्वास्थ्य सेवा सबै नागरिकले प्राप्त गर्नसक्ने व्यवस्था मिलाइनेछ ।
२. आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ ।
३. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरी क्रमशः सम्पूर्ण स्वास्थ्य सेवा प्रदान गर्दै लगिनेछ ।
४. स्वास्थ्य तथा पोषणबारे व्यापक जनचेतना जागृत हुने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
५. सर्ने वा नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
६. स्वास्थ्य व्यबस्थापन समिति तथा स्वास्थ्यसँग सम्बन्धित निकायहरूलाई सक्षम तथा जवाफदेही बनाइनेछ ।
७. मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन विद्यमान बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
८. 'सुनौला हजार दिन' सम्बन्धी जनजागरण अभियानलाई निरन्तरता दिइनेछ ।
९. प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशु स्वास्थ्य सेवा बारेमा जनचेतना अभिवृद्धि गरिनेछ ।

१०. नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको लागि प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ ।

११. आयुर्वेद पद्धतिको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त संरचनाको विकास र विस्तार तथा आयुर्वेदिक औषधी उत्पादनमा जोड दिइनेछ ।

३.६. प्रमुख कार्यक्रमहरू

क. सेवा प्रवाहमा सुधार

१. बाल स्वास्थ्य तथा पोषण ।
२. परिवार स्वास्थ्य तथा सुरक्षित मातृत्व ।
३. नसर्ने रोगको रोकथाम तथा उपचार ।
४. अन्य कीटजन्य रोग नियन्त्रण एवम् प्राकृतिक प्रकोप व्यवस्थापन ।
५. मुख तथा मानसिक स्वास्थ्य ।
६. विद्यालय स्वास्थ्य कार्यक्रममार्फत नि:शुल्क आँखा जाँच ।
७. थप स्वास्थ्य सेवाहरूको विस्तार ।
८. रक्त सञ्चार सेवाको स्थापना तथा विस्तार ।
९. वडास्तरमा पूर्ण खोप घोषणा कार्य गरी उपलब्धताको सुनिश्चितता ।

ख. भौतिक पूर्वाधार विकास तथा सुधार

१. गाउँपालिका तहमा १५ शैयाको सुविधा सम्पन्न अस्पताल स्थापना ।
२. मापदण्ड अनुरूप भूकम्प लगायत अन्य विपद् प्रतिरोधी तथा अपाङ्गमैत्री स्वास्थ्य संरचनाहरूको निर्माण, मर्मतसम्भार एवं स्तरोन्नति
३. असुरक्षित संरचनाहरूको निर्माण, पुनर्निर्माण तथा मर्मतसम्भार ।

ग. औषधी, औजार तथा उपकरण व्यवस्था

१. बहुवर्षीय सम्झौताका आधारमा औषधी खरिद ।
२. गुणस्तरीय अत्याधुनिक स्वास्थ्य औजार उपकरणको व्यवस्था, अभिलेखीकरण, योजनाबद्ध मर्मतसम्भार तथा प्रतिस्थापन ।

घ. जनशक्ति विकास तथा गुणस्तरीय स्वास्थ्य सेवा

१. सबै सरकारी स्वास्थ्य संस्थाहरूमा दरबन्दीबमोजिम चिकित्सकको व्यवस्था ।
२. क्षमता विकासको एकीकृत कार्यक्रम ।
३. अस्पतालजन्य फोहोर मैलाको व्यवस्थापन सम्बन्धी अनुसन्धान ।

ङ. पोषणसम्बन्धी कार्यक्रम

सुनौला हजार दिन अभियान ।

३.७.कार्यान्वयन कार्ययोजना

| क.सं. | क्रियाकलाप | स्थान | समय | अनुमानित बजेट | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | झिमरुक गा.पा वडा नं ४ मा बर्थिङ् सेन्टर स्थापना गर्ने | वाङ्गे फेदी गोलखण्ड | २०७७ | ५०००००० | गाउँपालिका | |
| २ | ग्रामिण क्षेत्रमा पोषण सम्बन्धि जनचेतना मुलक कार्यक्रम संचालन गर्ने | ८ वटै वडाहरुमा | २०७५ | ३०००००००० | गाउँपालिका | |
| ३ | मेडिकल र स्वास्थ्य चौकीको व्यवस्था | घगे, मर्कावाङ र | २०७५ | ७०००००० | गाउँपालिका | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | हुनुपर्ने साथै टोल टोलमा स्टेचरको व्यवस्था हुनुपर्ने । | चिचिन्डे | | | | |
| ४ | आ .ब ०७५/०७६ बाट प्रयोगशाला सामग्री र जनशक्ति व्यबस्थापन गर्ने | बादिकोट स्वा. चौकी | २०७६ | ६५००००० | गाउँपालिका | |
| ५ | दुईवटा सामुदायिक स्वास्थ इकाई भवन तथा जनशक्ति स्थापन | देउराली र समुन्त | २०७५ | १६००००० | गाउँपालिका | |
| ६ | बादिकोट स्वा संस्थामा हिटर ,ग्यास सिलिंडर, प्रसुती बेड तथा प्राबिधिक औजार | बादिकोट | २०७५ | ३५०००० | गाउँपालिका | |
| ७ | खोप तथा गाउँघर क्लिनिक संचालन हुने ठाउँमा भवनको व्यवस्थापन | चौडे, चुधारा, नाङ्गेफेदी, वेग | २०७८ | २६००००० | गाउँपालिका | |
| ८ | महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहन भत्ता तथा तालिमको व्यवस्था | सम्पूर्ण वडाहरुमा | २०७९ | ६००००० | गाउँपालिका | |
| ९ | स्वास्थ्य सम्बन्धि जनचेतनामुलक कार्यक्रम | सम्पूर्ण वडाहरुमा | २०७८ | ३०००००० | गाउँपालिका र गैसस | |

३.८. अपेक्षित उपलब्धि

योजना अवधिमा पाँच वर्षमुनिको बाल मृत्युदर घटेर ३० पुगेको, मातृ मृत्युदर १४५ पुगेको, नवजात शिशु मृत्युदर घटेर २० पुगेको, कुल प्रजनन दर २.१ पुगेको, ८७ प्रतिशत क्षयरोगी बिरामीहरू पत्ता लागेको र पाँच वर्षमुनिका बच्चाहरूमध्ये पुड्कोपना भएका बच्चाहरूको प्रतिशत घटेर ३२ पुगेको हुनेछ ।

३.२.३ खानेपानी तथा सरसफाइ

१. पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवा आधारभूत मानव अधिकारको रूपमा स्थापित छ । खानेपानीको पहुँचलाई नेपालको संविधानमा मौलिक हकको रूपमा नै व्याख्या भएबाट यस क्षेत्रमा थप जोड दिनु आवश्यक भएको छ । हाल आधारभूत स्तरको खानेपानी सेवाको संरचना पुगेको जनसङ्ख्या ८७.०१ प्रतिशत र सरसफाइ सुविधाबाट लाभान्वित जनसङ्ख्या ६९.७१ प्रतिशत पुगेको छ । उच्च/मध्यमस्तरको खानेपानी सेवाबाट लाभान्वित जनसङ्ख्या १५ प्रतिशत रहेको छ । खानेपानीको विस्तार र गुणस्तर वृद्धि गर्ने साथै सतह स्रोतबाट पानीको आपूर्ति नपुग भएको अवस्थामा वर्षात्को पानी सङ्कलन गर्ने पद्धति विकास गर्नु आवश्यक छ । खानेपानीको स्रोतको संरक्षण र उचित उपयोग गर्ने,साविकका गाउँपालिकाहरु खुला दिसामुक्त घोषणा भइसकेको सन्दर्भमा गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त क्षेत्रको रुपमा घोषणा गरी वातावरणीय सरसफाइमा विशेष जोड दिइएको छ । यी सबै प्रयासबाट खानेपानी तथा सरसफाइ क्षेत्रको दिगो विकास लक्ष्य हासिल गर्ने अपेक्षा गरिएको छ ।

२. चुनौती तथा अवसर

चुनौती

वातावरणीय प्रभाव, जलवायु परिवर्तन र अव्यवस्थित बस्ती विकासका कारण खानेपानीका स्रोतहरू सुक्दै जानु र स्रोत प्रदूषित हुनु, स्वास्थ्यलाई खानेपानी तथा सरसफाइ सुविधाको अभिन्न अङ्गका रूपमा लैजान नसक्नु, निर्माणाधीन आयोजनाहरू समयमै सम्पन्न गर्न नसकिनु, बढ्दो जनसंख्याका कारण खानेपानीको अत्यधिक माग रहनु,बस्तीमा ढलनिकास व्यवस्थित गरी नदीनाला, पोखरी आदिको संरक्षण र स्वच्छता कायम गर्न कठिनाइ हुनु एवम् खानेपानी तथा सरसफाइका क्षेत्रमा संलग्न सरोकारवालाहरूबीच प्रभावकारी समन्वय हुन नसक्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् । साथै सरसफाइलाई दिगोपना कायम राख्नु र समग्र गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त पालिकाको रुपमा घोषणा गर्नु चुनौतीको रुपमा देखिएका छन् ।

अवसर

छुट्टै विशिष्टीकृत निकायको रूपमा खानेपानी तथा सरसफाइ कार्यालय रहनु, पानी तथा सरसफाइ सेवा एवम् संरचनाको विकास तथा विस्तारमा स्थानीय निकाय, विकास साभ्केदार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, गैरसरकारी संस्था तथा उपभोक्ता समितिहरू र नागरिकको सहभागिता बढ्दै जानु, विभिन्न तहमा खानेपानी तथा सरसफाइ तथा स्वच्छता समन्वय समितिहरू क्रियाशील रहनु र सरसफाइ कार्यक्रमले सामाजिक अभियानको रूप लिनु आदि कारणहरूले गर्दा यस क्षेत्रमा आशातीत सुधार गर्न सकिने अवस्था सिर्जना हुन गएको छ ।

३. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

३.१ सोच

खानेपानी तथा सरसफाइ सेवाबाट नागरिकको स्वास्थ्य तथा जीवनशैलीमा सुधार ।

३.२ लक्ष्य

सबै जनसङ्ख्यालाई आधारभूत खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने ।

३.३ उद्देश्य

१. गाउँपालिका भित्रको सबै जनसङ्ख्यालाई आधारभूत स्तरको खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु ।
२. मध्यम तथा उच्च स्तरको खानेपानी तथा सरसफाइ सेवा विस्तार गर्नु ।

४ रणनीति

१. आधारभूत स्तरको खानेपानी सेवा सबै जनसङ्ख्यालाई उपलब्ध गराउने ।
२. सबै जनसङ्ख्यालाई आधारभूत स्तरको सरसफाइ तथा शौचालयको सुविधा पुऱ्याउने ।
३. जलवायु अनुकूलन आयोजनाको निर्माण, जलाधार क्षेत्र तथा परम्परागत स्रोतको संरक्षण र भूमिगत पानीको पुनर्भरणको व्यवस्था गर्ने ।
४. ढल तथा फोहरमैला व्यवस्थापनको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने ।

५ कार्यनीति

१. खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी योजना तर्जुमा गरिनेछ ।
२. खानेपानी,सरसफाइ तथा स्वच्छता निर्देशिका,२०७४ बमोजिम गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त घोषणाका लागि कार्यक्रमहरु तय गरेर कार्यान्वयन गरिनेछ ।
३. पूर्ण सरसफाइका १+५+१ सूचकहरु कार्यान्वयनका लागि क्षमता विकासका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
४. खानेपानी आयोजनाको दिगो सुचारुपनाका लागि उपभोक्ता समितिहरुको क्षमता विकासमा जोड दिइनेछ ।
५. खानेपानी तथा ढलसम्बन्धी महसुललाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।
६. 'एक घर एक शौचालय' को व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ ।
७. सञ्चालनमा रहेका सबै खानेपानी तथा सरसफाइ आयोजनाहरू सम्पन्न गरिनेछ ।
८. सार्वजनिक स्थल, संस्था र मानिसको आवागमन बढी हुने स्थानहरूमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।
९. खानेपानी र अन्य प्रयोजनको लागि पानीको विवेकशील प्रयोगको निम्ति जनचेतना अभिवृद्धि गरिनेछ ।
१०. खानेपानीका स्रोतहरूको अभिलेखन गरिनेछ ।
११. गाउँपालिकामा खानेपानी, ढल निकास तथा प्रशोधन आयोजनाहरूको अध्ययन गरी निर्माण कार्य प्रारम्भ गरिनेछ ।
१२. पानी सुरक्षा योजना लागु गरिनेछ ।

६ प्रमुख कार्यक्रमहरू

क. आधारभूत खानेपानी सेवा

१. क्रमागत रूपमा सञ्चालन भइरहेका खानेपानी आयोजनाहरूको 'एक घर एक धारा' अवधारणामा आधारित भई निर्माण एवम् विस्तार ।

२. गाउँपालिका क्षेत्रमा खानेपानी सेवा विस्तार, निर्माण र सञ्चालनका कार्यक्रमहरू सञ्चालन ।
३. सुख्खाग्रस्त क्षेत्रमा खानेपानी आयोजनाहरू निर्माण ।
४. वर्षात्को पानी सङ्कलन तथा उपयोग खानेपानी आयोजनाहरू सञ्चालन ।

ख. खानेपानी गुणस्तर तथा सेवास्तर अभिवृद्धि
१. खानेपानी गुणस्तर सुधारका लागि खानेपानी सुरक्षा योजना, पानी प्रशोधन प्रविधिलगायतका गुणस्तर सुधारसम्बन्धी कार्यक्रमहरू सञ्चालन ।
२. बढी जनघनत्व भएका वडाहरूमा ठूला तथा साना खानेपानी आयोजनाहरू सञ्चालन ।

ग. मर्मतसम्भार, पुनर्निर्माण तथा पुनर्स्थापना
१. विगतमा सम्पन्न भई हाल आंशिक वा पूर्ण रूपमा क्षतिग्रस्त आयोजनाहरू मर्मत सुधार ।
२. खानेपानी आयोजनाहरू दिगो रूपमा सञ्चालन हुने गरी पुनर्निर्माण तथा सेवा पुनर्स्थापनासम्बन्धी कार्यक्रम सञ्चालन ।
३. ठूला, मझौला र साना सबै प्रकारका खानेपानी तथा सरसफाइ आयोजनाहरूको मर्मतसम्भार व्यवस्थापन योजना तयार तथा कार्यान्वयन ।

घ. सरसफाइ सुविधा र सेवा स्तर अभिवृद्धि
१. देशव्यापी अभियानको रूपमा सञ्चालन गरिने वातावरणीय सरसफाइ आयोजनाअन्तर्गत पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन ।
२. सार्वजनिक स्थान र संस्थागत क्षेत्रमा सफा शौचालय कार्यक्रम ।

ङ. क्षमता अभिवृद्धि तथा संस्थागत सुधार
१. संस्थागत सुधार तथा क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रमहरू सञ्चालन ।
२. खानेपानी सेवा नियमन तथा अनुगमन र सूचना व्यवस्थापनलाई सबलीकरण ।
३. स्थानीय निकाय, उपभोक्ता समिति, सामुदायिक, गै.स.स. र सम्बद्ध निकाय तथा आयोजनाका कर्मचारीहरूको सीप, ज्ञान तथा क्षमता अभिवृद्धि ।
४. खानेपानी सेवा नपुगेको क्षेत्रहरूका पहिचान गरी सेवा पहुँच विस्तार ।
५. खानेपानी चुहावट हुने स्थानहरूको पहिचान गरी व्यवस्थापन कार्यक्रमहरू सञ्चालन ।

७.कार्यान्वयन कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | स्थान | समय | अनुमानित बजेट | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | फोहरमैला ब्यबस्थापनको लागि डम्पिंग साइटको ब्यबस्था गन | ८ वटै वडाहरु | २०७५ | ५००००० | गाउँपालिका | |
| २ | धारा खोलाको पानी हवाल्दारनी चौर पुर्याउनु र पोखरी निर्माण | हवाल्दारनी चौर | २०७५ | ७००००० | गाउँपालिका | |
| ३ | बरखोला, विदडाँडा खानेपानी गज्माने, पोखरीडाँडा खा.पा.निर्माण बिस्तार | बरखोला, विदडाँडा | २०७५ | १०००००० | गाउँपालिका | |
| ४ | बालुवा बाघमारा पधेरो खोलाको पानी बाघमारा माछापोखरी पुरयाउने | बाघमारा, माछापोखरी | २०७५ | ५००००० | गाउँपालिका | |
| ५ | बाटोघाटोमा साथै गाउटोलमा डस्टबिन | ८ वटै वडाहरु | २०७५ | २००००० | गाउँपालिका | |
| ६ | सार्बजनिक शौचालय निर्माण | देउराली, चिप्लेटी, काशिपोखरा, | २०७६ | १५००००० | गाउँपालिका | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | शिलिंगे, मैदान, | | | | |
| ७ | ईरीखोलाबाट गडीकोटमा लिफ्ट व्यवस्था गर्ने | गडीकोट | २०७७ | ७५०००० | गाउँपालिका | |
| ८ | दिकनेटामा मुहान र टंकी मर्मत गर्नुपर्छ | काशिपोखरा, चिप्लेटी | २०७५ | २००००० | गाउँपालिका | |
| ९ | खा. पा. मुहान र टंकी मर्मत | झिमरुक २ चिप्लेटी | २०७५ | १२५००० | गाउँपालिका | |
| १० | फोहोर मैला ब्यबस्थापन सम्बन्धित सडक नाटक, प्याली, सभाहरु जस्ता कार्यक्रम संचालन गर्ने | ८ वटै वडाहरु | २०७५ | १६०००० | गाउँपालिका | |
| ११ | पुर्ण सरसफाइका अभियानहरु संचालन गर्ने | ८ वटै वडाहरु | २०७५ | ४०००००० | गाउँपालिका | |
| १२ | ५ वर्ष भित्र एक घर एक धारा नीति अवलम्वन गर्नु पर्ने | ८ वटै वडाहरु | ०७५ ,७६,७७ | १५०००००० | गाउँपालिका | |
| १३ | एक घर एक धारा सहित खानेपानी योजना निर्माण | दिहालना,कडेनी | २०७९ | ३८००००० | गाउँपालिका | |
| १४ | खानेपानी आयोजना निर्माण तथा सबै घरघुरीमा सौचालय निर्माण र फोहोर व्यवस्थापन | तारेवाङ,घगे, दहखोला, नेटा, नेवारे, कुरीचौर | २०७८ | १५०००००० | गाउँपालिका | |

८.अपेक्षित उपलब्धि

योजनाको प्रथम वर्षमा ८६ प्रतिशत, दोस्रो वर्षमा ८८ प्रतिशत र तेस्रो वर्षमा ९० प्रतिशत खानेपानी सेवा पुगेको हुनेछ । आधारभूत सरसफाई सेवामा प्रथम वर्षमा ८४ प्रतिशत, दोस्रो वर्षमा ८७ प्रतिशत र तेस्रो वर्षमा ८९ प्रतिशत जनताको पहुँच पुगेको हुनेछ । उच्च/मध्यमस्तरको खानेपानी सेवाको पहुँच प्रथम वर्षमा २० प्रतिशत, दोस्रो वर्षमा २५ प्रतिशत र तेस्रो वर्षमा ३० प्रतिशत जनतामा पुगेको हुनेछ भने निर्माण भएर पनि सञ्चालनमा नरहेका खानेपानी आयोजनाहरूको मर्मतसम्भार तथा पुनर्स्थापना भई सञ्चालनमा आएको हुनेछ । पूर्ण सरसफाइयुक्त गाउँ,टोल घोषणा हुनेछन् ।

३.२.४. लैंगिक समानता तथा सामाजिक समावेशीकरण

१. पृष्ठभूमि

महिलाहरूको आर्थिक, सामाजिक विकास र सशक्तीकरणका लागि संविधानमा महिलाको हक प्रत्याभूत गरिएको छ । लैङ्गिक मूलप्रवाहीकरणका लागि विभिन्न ऐन, नियम, रणनीति र कार्ययोजना कार्यान्वयनमा आएका छन् । विविध सरकारी प्रयासका कारण महिला घरमूली ४६.५२ प्रतिशत, सम्पत्तिमाथि महिलाको स्वामित्व ८.५० प्रतिशत, महिला साक्षरता ६४.१० प्रतिशत र श्रम सहभागिता दर ५० प्रतिशत पुगेको छ । अहिले पनि लैङ्गिक हिंसा र बालविवाह महिला विकासको अवरोधको रूपमा रहेको छ । आमाको नामबाट नागरिकता प्राप्त गर्न सकिने, महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुने, महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक हुने, स्थानीय सरकारका सबै निकायमा महिलाको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता रहने, महिलाले शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने, गाउँ कार्यपालिकामा चारजना तथा नगर कार्यपालिकामा पाँचजना महिला सदस्य रहने, गाउँपालिका र नगरपालिकाको प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेगरी गाउँसभा र नगरसभाको गठन हुने महत्वपूर्ण हक अधिकारहरू नेपालको संविधानमा व्यवस्था गरिएको छ । त्यसैगरी सामाजिक समावेशीकरणको सवालमा नेपालको संविधानले आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान,

श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता हुन पाउने हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ । यसैगरी संविधानमा समावेशीकरणलाई बढी व्यवस्थित तथा प्रभावकारी बनाउने उद्देश्यले राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग,आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारू आयोग र मुस्लिम आयोगको व्यवस्था गरिएको छ । महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम समुदाय, पिछडा वर्ग, अल्पसङ्ख्यक, लोपोन्मुख जाति, दुर्गम पहाडी तथा हिमाली क्षेत्रका बासिन्दा, विपन्न वर्गजस्ता बञ्चितमा परेका तथा पारिएका समुदाय तथा व्यक्तिहरूको लागि सीप विकास तालिम, छात्रवृत्ति, कर्जा र रोजगारमूलक लक्षित कार्यक्रम, शिक्षा तथा सार्वजनिक क्षेत्रको रोजगारीमा आरक्षण, मातृभाषाको संरक्षण र संवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन हुँदै आएका भए तापनि विभिन्न जाति, वर्ग एवम् क्षेत्रबीच आर्थिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा रहेको अन्तरको अन्त्य गर्नु आवश्यक भएको छ ।

२. चुनौती तथा अवसर

चुनौती

आर्थिक-सामाजिक जीवनमा महिलालाई पुरुषकै हाराहारीमा ल्याउनु, लैङ्गिक हिंसा तथा घरेलु हिंसा घटाउनु, महिलाहरूबीच जातीय, क्षेत्रीय र वर्गीय विभेद समाप्त पार्नु, ग्रामीण महिलाहरूको आर्थिक अवस्थामा सुधार ल्याउने कार्यक्रम सञ्चालनमा ल्याउनु र बालविवाह, दाइजो प्रथा र बोक्सीजस्ता कुरीतिजन्य व्यवहार अन्त्य गर्नु लैङ्गिक समानता क्षेत्रका चुनौतीहरू हुन् । लक्षित समुदायमा गरिबी व्याप्त हुनु, विभिन्न समुदायहरू तथा वर्गहरूबीच आर्थिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा निकै ठूलो अन्तर रहनु, स्रोतसाधन तथा सेवा सुविधामा यस्ता समुदायको न्यायोचित पहुँच हुन नसक्नु, नकारात्मक सामाजिक मूल्य-मान्यता हुनु, प्रशासनिक संरचनामा
न्यून प्रतिनिधित्व रहनुजस्ता चुनौतीहरू रहेका छन् ।

अवसर

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लागि राष्ट्रिय स्तरमा विभिन्न खाले ऐनहरु बनिसकेका र उक्त ऐनको आधारमा बिभिन्न खाले प्रावधान जस्तै सबै सरोकारवाला निकायहरूमा लैङ्गिक सम्पर्क विन्दुहरूको स्थापना, घरेलु हिंसाबाट पीडित महिलाहरूका लागि सुरक्षित अल्पकालीन आश्रयस्थलको व्यवस्था हुनु, सामुदायिक सेवा केन्द्र सञ्चालन हुनु, लैङ्गिक हिंसा निवारण कोष र एकल महिला सुरक्षा कोषको स्थापना तथा सञ्चालन हुनु, अदालतमा लैङ्गिक हिंसासम्बन्धी सुनुवाइका लागि छिटोछरितो प्रक्रिया अवलम्बन गरिनु, संविधानमा महिलासम्बन्धी हकहरूलाई मौलिक हकको रूपमा स्थापित गरिनु र सङ्घदेखि स्थानीय तहसम्म महिला प्रतिनिधित्वको सुनिश्चितता, लैङ्गिक हिंसालाई महिला समानता र सशक्तीकरणको बाधकको रूपमा राज्यद्वारा स्वीकार गरी त्यसको निराकरणको लागि विभिन्न नीति, योजना तथा कार्यक्रम सञ्चालन गरिनुलाई यस क्षेत्रको अवसरको रूपमा लिइएको छ । त्यसैगरी नेपालको संविधानले विभिन्न जाति, वर्ग र पिछडिएको क्षेत्रका नागरिकलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता हुन पाउने हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको, समावेशीकरणलाई बढी व्यवस्थित तथा प्रभावकारी बनाउन विभिन्न पहलहरु भएको, आफ्नो धर्म, संस्कृति, भाषाको संरक्षण र संवर्धनका लागि सचेतना तथा क्रियाशीलतामा अभिवृद्धि भएको र राज्यका विभिन्न अङ्ग तथा क्षेत्रमा यस्ता समुदायहरूको प्रतिनिधित्व बढ्दै गएकाले समावेशीकरणको प्रक्रियालाई प्रभावकारी बनाउने अवसर सिर्जना भएको छ ।

३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

३.१ सोच

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत सबै नागरिकको मर्यादित, न्यायपूर्ण र अर्थपूर्ण सहभागितामा मुलुकको समावेशी विकास ।

३.२ लक्ष्य

सामाजिक र आर्थिक अवसरहरूमा समान सहभागिता सुनिश्चित गरी लैङ्गिक मूलप्रवाहीकरण र सशक्तीकरणका माध्यमबाट आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा पछाडि परेका समुदायहरूको जिवनस्तामा सुधार गर्ने ।

३.३ उद्देश्य

१. सबै वर्ग र क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्दै महिलाको मुलभूत अधिकार सुनिश्चित गर्नु ।
२. लैङ्गिकतामा आधारित हिंसा, भेदभाव र बहिष्करणको अन्त्य गर्नु ।
३. राजनीतिक, आर्थिक, सार्वजनिकलगायत सम्पूर्ण निर्णायक तहमा महिलाहरूको सार्थक र समान पहुँचका लागि समान अवसरहरूको सिर्जना गर्नु ।
४. आर्थिक, सामाजिक वा शैक्षिक अवसरबाट बञ्चितिमा परेका दलित, जनजाति, पिछडा वर्ग,सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यका लागि मुलुकमा उपलब्ध साधनस्रोत, सेवा तथा सुविधामा पहुँच सुनिश्चित गर्नु ।

४ रणनीति
१. गाउँपालिकामा उपलब्ध स्रोतसाधनहरूमा महिला, आदिवासी जनजाति, दलित तथा अपाङ्गता भएका व्यक्ति एवम् पिछडा वर्गको पहुँच बढाउने ।
२. निर्णय प्रक्रिया तथा संरचनामा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट अर्थपूर्ण सहभागिता सुनिश्चितता गर्ने ।
३. सीप विकास तालिम प्रदान गरी रोजगारीका अवसरहरू उपयोग गर्न सक्षम तुल्याउने ।
४. आदिवासी जनजाति, दलित तथा पिछडा वर्गको भाषा तथा संस्कृतिको संरक्षण एवम् संवर्द्धन गर्ने ।
५. लैङ्गिक मूलप्रवाहीकरण गर्दै स्थानीय स्तरका प्रत्येक तह र विकास प्रक्रियाका सबै चरणमा महिलाहरूको उल्लेखनीय र निर्णयमा प्रभाव पार्न सक्ने गरी अर्थपूर्ण सहभागिता बढाउने ।
६. लक्षित तथा सीमान्तकृत महिलाहरूको क्षमता अभिवृद्धि र जीवनस्तर सुधारका लागि संरक्षणात्मक सेवा उपलब्ध गराई सशक्तीकरण गर्ने ।
७. मातृस्वास्थ्य र प्रजनन स्वास्थ्यलगायतका आधारभूत स्वास्थ्य सेवाहरूका बारेमा महिलाको चेतना बढाई ती सेवामा सहज पहुँच सुनिश्चित गर्ने ।

५ कार्यनीति
१. महिलाहरूको हक अधिकारको संरक्षणको लागि लैङ्गिक हिंसा निवारण लगायत आवश्यक नयाँ कानुनहरूको निर्माण र प्रभावकारी कार्यान्वयन एवम् सोको अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
२. विकास कार्यक्रम/आयोजनाहरूलाई बढीभन्दा बढी रोजगारीमूलक र लैङ्गिक दृष्टिले उत्तरदायी बनाउन आयोजनाका सबै चरणमा लैङ्गिक पद्धतिहरूको विकास, कार्यान्वयन र अनुगमन गरिनेछ ।
३. सबै निजी र गैरसरकारी क्षेत्रको नीति निर्माण, कार्यक्रम कार्यान्वयन लगायत प्रतिफलमा महिलाको सारभूत प्रतिनिधित्व सुनिश्चित हुने व्यवस्था गरिनेछ ।
४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लागि प्रभावकारी सूचना व्यवस्थापन प्रणालीको विकास गरिनेछ ।
५. लैङ्गिक हिंसासम्बन्धी कार्यलाई समाजमा नै दबाबपूर्वक मिलाउने पद्धतिलाई निरुत्साहित गर्न सामुदायिक संस्थाहरूको परिचालन गरिनेछ ।
६. लैङ्गिक हिंसाका नयाँ स्वरूपहरूको अध्ययन अनुसन्धानको थालनी तथा लैङ्गिक हिंसामुक्त गाउँपालिकाको घोषणा गर्नको लागि सूचकहरूको विकास गरिनेछ ।
७. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद र बहिष्करण विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरी तिनको रोकथाम र नियन्त्रणका लागि कानुनी उपचार प्रणालीलाई सहज, छिटो र सबैको लागि पहुँचयोग्य बनाइनेछ
८. आर्थिक सामाजिक रूपले विपन्न एवम् एकल महिलाको लागि आयआर्जन, क्षमता विकास र सशक्तीकरण गर्ने कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ ।
९. अपाङ्गता भएका व्यक्ति र विशेष गरी महिलामाथि हुनसक्ने हिंसाको अन्त्य गर्दै रोजगारी र स्वरोजगारीका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. महिलाहरूलाई व्यवसाय सञ्चालन तथा आयमूलक कार्य गरी स्वरोजगारी, उद्यमशीलता विकास गर्न सहुलियत ऋण तथा वित्तीय पहुँचको व्यवस्था मिलाइनेछ ।
११. महिलाको श्रम र समयको बचत गर्ने प्रविधिको विकास र प्रयोगमा जोड दिइनेछ ।
१२. लैङ्गिक उत्तरदायी बजेट विनियोजन गर्दै यो प्रणालीलाई संस्थागत गरिनेछ भने लैङ्गिक उत्तरदायी बजेट परिक्षणलाई एक अभिन्न अंगको रुपमा विकास गरिनेछ ।
१३. गाउँपालिकामा उपलब्ध स्रोतसाधनहरूमा महिला, आदिवासी जनजाति, दलित, अल्पसङ्ख्यक नागरिकहरूको पहुँच बढाइनेछ र यी बर्गहरुको आर्थिक तथा सामाजिक विकासका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
१४. विकासका सबै क्षेत्रको निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित गरिनेछ र नागरिकहरूलाई सीप विकास तालिम प्रदान गरी उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।
१५. समुदाय सशक्तिकरण, नागरिक संलग्नता तथा सामाजिक परिचालन अवधारणा, अभ्यास र प्रभाव अध्ययन तथा विश्लेषण गरी साझा अवधारणा तयार तथा कार्यक्रममा एकरुपता ल्याउन प्रयास गनिरेछ ।
१६. विद्यमान उपलब्ध लैससास (न्म्क्ष) संबन्धी नीति, रणनीतिको कार्यान्वयन गरिनेछ ।
१७. गरीब, महिला तथा लक्षित वर्ग र समुदायलाई बढी भन्दा बढी लाभ पुग्ने कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

६ प्रमुख कार्यक्रमहरू

क. महिला विकास कार्यक्रम

१. आर्थिक तथा सामाजिक रूपले पछाडि परेका विपन्न महिलाको वैयक्तिक, आर्थिक तथा सामाजिक सशक्तीकरणको लागि समुदाय तहमै सामाजिक परिचालन ।
२. महिला समिति अन्तर्गत व्यवसायिक समूहको विकास र गरिबी विरुद्ध महिला अभियान ।
३. बालबालिकाउपर हुने शारीरिक तथा मानसिक ज्यादतीविरुद्ध अभिभावकीय सचेतना ।
४. विपद् जोखिमसम्बन्धी आपत्कालीन संरक्षण सेवामा महिला समूहहरूको परिचालन ।
५. मानव बेचबिखन नियन्त्रणको लागि गाउँस्तरीय समिति गठन, सामुदायिक कार्ययोजना तर्जुमा तथा कार्यान्वयन ।

ख. लैङ्गिक हिंसा निवारणका लागि एकीकृत विकास कार्यक्रम

१. ग्रामीण समुदायमा लैङ्गिक समानता कायम गर्न महिला तथा बालबालिकामाथि हुने हिंसाको रोकथामका लागि वर्तमान कानुनी अवस्थाबारे सचेतना अभिवृद्धि ।
२. महिला तथा बालबालिकाका संविधान प्रदत अधिकार तथा कानुनमा भएका पछिल्ला परिवर्तन सम्बन्धी जानकारीमूलक कार्यक्रम
३. एकल महिला सुरक्षा कोष सञ्चालन तथा एकल महिलाको क्षमता अभिवृद्धि ।

क. सीपमूलक कार्यक्रम

१. दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित, पिछडिएको क्षेत्रका नागरिक र आर्थिक रूपले विपन्न खस आर्यहरूलाई रोजगारमूलक सीप विकाससम्बन्धी तालिम तथा क्षमता अभिवृद्धि ।

ख. पेशा, भाषा तथा संस्कृतिको संरक्षणसम्बन्धी कार्यक्रम

१. दलित, आदिवासी जनजाति,समुदायका परम्परागत पेशाहरूको विकास, संरक्षण र संवर्द्धन तथा पेशाको आधुनिकीकरण
२. भाषा एवम् संस्कृतिको संरक्षण र संवर्द्धन ।

ग. लक्षित कार्यक्रम

महिला, आदिवासी जनजाति, दलित, पिछडा वर्ग, किसान, श्रमिकहरूको आर्थिक तथा समाजिक विकासका लागि लक्षित कार्यक्रमहरूको माध्यमबाट उपलब्ध रोजगारीका अवसरहरूको उपयोग गर्न सक्षम बनाउने

७.कार्यान्वयन कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | स्थान | समय | अनुमानित बजेट | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | परमपरागत सोच विचारमा परिवर्तन गराउनका लागि चेतनामुलक कार्यक्रम संचालन गर्ने | ८ वटै वडाहरु | २०७५ | ८,००,००० | गाउँपालिका | |
| २ | स्थानीय पाठ्यक्रममा जातीय विभेद सम्बन्धि बिषयबस्तु राखी शिक्षा प्रदान गर्ने | ८ वटै वडाहरु | २०७५ | १०,००,००० | गाउँपालिका | |
| ३ | महिलाहरुलाई सिपमुलक तालिम | गडेरपानि, धौलीपोखरा, काशिपोखरा, चोरमारे | २०७५ | ५,००,००० | गाउँपालिका | |
| ४ | सामाजिक जनचेतनाका कार्यक्रम संचालन गर्ने, पिछडिएका वर्गमा सामाजिक चेतना विकास गर्ने, तालिम गर्ने गराउने | ८ वटै वडाहरु | २०७५ | १०००००० | गाउँपालिका | |
| ५ | महिलाहरुलाई सवै स्थानिय स्तरमा रहेका हरेक क्रियाकलापमा सहभागि गराउने, महिला शशक्तिकरणको कार्यहरु संचालन गर्ने | ८ वटै वडाहरु | २०७५ | ४०००००० | गाउँपालिका | |
| ६ | अगरबत्ती बनाउने, सिलाई कटाइ, बाखापालन, मैनबत्ती र टपरी बनाउने, चुरीहक र साबुन बनाउने तालिमको व्यवस्था | ८ वटै वडाहरु | २०७६ | ५०००००० | गाउँपालिका | |

८. अपेक्षित उपलब्धि

आर्थिक तथा सामाजिक जीवनमा पुरुष र महिलाको उपस्थिति समानता उन्मुख भएको, राज्य संयन्त्रमा महिला प्रतिनिधित्व न्यूनतम ३३ प्रतिशत पुगेको, प्रत्यक्ष रूपले लैङ्गिक उत्तरदायी बजेट विनियोजनको अनुपात कम्तीमा २५ प्रतिशत पुगेको, महिला विकास कार्यक्रममार्फत समूह सदस्य सङ्ख्यामा बृद्धि भएको, लैङ्गिक हिंसा घटेको, हिंसा पीडित महिलाहरूको लागि पुनर्स्थापना केन्द्र स्थापना भई तिनीहरूको पुनर्स्थापना भएको हुनेछ । राज्यको निर्णय प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित भएको हुने, उपलब्ध स्रोतसाधनहरूमा समुदायको पहुँच बढेको हुने, राजनीतिक, प्रशासनिक, शैक्षिक क्षेत्रमा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट अर्थपूर्ण सहभागिता भएको हुने र आदिवासी जनजाति, मधेशी, मुस्लिम समुदाय, पिछडा वर्गको भाषा तथा संस्कृतिको संरक्षण एवम् संवर्द्धन भएको हुनेछ ।

सामाजिक विकास सम्बन्धी विद्यामान समस्याको विश्लेषण

तालिका नं.८ समाजिक विकास क्षेत्रका समस्या तथा सवालहरु, समाधानका उपायहरु

| समस्यँ तथा सवालहरू | तत्कालिन असर | मुख्यकारणहरू | समाधानका सम्भावित उपायहरू | संभावित विषयगत उद्देश्य | लिनुपर्ने मुख्य-मुख्य रणनीतिहरू |
|---|---|---|---|---|---|
| **(क) शिक्षा** | | | | | |
| गाउँपालिकामा आधुनिक विषय पढ्ने सुविधाको कमी र आधुनिक तरिकाद्वारा पठनपाठन हुन नसक्नु | ▪ गाउँपालिका आधुनिक विषय पढ्ने अवसर नहुनु<br>▪ विश्वव्यापीकरण भइरहेको बेला शिक्षामा क्ष्न्त र आधुनिक शैक्षिक साधन प्रयोग नहुँदा गाउँपालिका पछाडि पर्दै गएको । | ▪ विद्यालयमा कम्प्युटर र स्तरीय विषयगत शैक्षिक सामग्री खरीद र प्रयोग गर्न आर्थिक र प्राविधिक स्रोत नहुनु<br>▪ सरकारले प्राविधिक शिक्षाको विस्तार गर्न नसक्नु | ▪ कम्प्युटर र स्तरीय विषयगत शैक्षिक सामाग्री खरिदका लागि बजेट उपलब्ध गराई शिक्षकलाई तालिम दिने । | ▪ विद्यालयमा क्ष्न्त र प्रविधिको प्रयोगबाट गुणस्तरीय शिक्षा प्रदान गर्ने ।<br>▪ स्वास्थ्य, कृषि, इन्जीनियरिङ विषयको पठाई शुरु गर्ने | ▪ एक विद्यार्थी एक ल्यापटप वितरण ।<br>▪ बैकल्पिक उर्जाको व्यवस्था गरी कम्प्यूटरलाई उर्जाको प्रबन्ध गर्ने<br>▪ विद्यालय सुधार योजना कार्यान्वयनमा जोड दिने,<br>▪ लाइब्रेरी र इ लाइब्रेरीको व्यवस्था |
| १२ | ५ किलोमिटर बाटो फराकिलो गर्ने | आरुवाखा हिरापोखरी | २०७६ | १५००००० | गाउँपालिका | |
| १३ | ट्याक खोल्ने तथा स्तर उन्नति | चुंदारा गबदे , मर्चछि खहरे झार्कि सल्ला | २०७६ | २०००००० | गाउँपालिका | |
| १४ | यजुवा दहखोला गोपालहेडो सडक तारवाङ मोटर बाटो,मर्कावाङ चिचिन्डे सडक,कोलडाडा निन्पूर्खक गोपालछेडी सडक,मजुवा घगे भोवा | ८ वटै वडा | २०७५ -०७७ | २०००००००० | गाउँपालिका ,सडक विभाग | |
| १५ | डाडाँखर्क देखि चिल्लेटी गोरेटो बाटो डाडाँखर्क धारापानी गोरेटो बाटो निर्माण | डाडाँखर्क | २०७५ | २५००००० | गाउँपालिका | |
| १६ | जनचाहना प्रा. बि. मुनि देखि बोक्शे पानी जुरेधुंगा , बाघमारा , बालुवा, राता पोखरी मोटर बाटो निर्माण | जुरेधुंगा, बाघमारा, बालुवा,राता पोखरी | २०७६ | ३०००००० | गाउँपालिका | |
| १७ | झिमरुक चक्रपथ निर्माण | ८ वटै वडाहरु | २०७६ | १००००००० | गाउँपालिका ,सडक विभाग | |

८.अपेक्षित उपलब्धि

सडक संरचनाहरूको २५० कि.मि. र पुलहरू मर्मत सम्भार भएको हुनेछ । थप ५०० कि.मि. नयाँ सडक निर्माण भएको, ३०० कि.मि. सडकको स्तरोन्नति भएको, १० कि.मि. सडकको आवधिक मर्मत भएको र ३० कि.मि. सडकको नियमित मर्मत भएको हुनेछ। ५० वटा नयाँ पुलको निर्माण कार्य थालनी भएको हुनेछ। गाउँपालिका देखि सदरमुकामसम्म कालोपत्रे सडकको पहुँच पुगेको र सम्पूर्णवडाहरूमा सडक सञ्जाल पुगेको हुनेछ ।

३.३.२ यातायात व्यवस्था

१. पृष्ठभूमि

आर्थिक गतिविधि विस्तारका लागि लागत-प्रभावी, कुशल र भरपर्दो यातायात सेवाको भूमिका महत्वपूर्ण हुन्छ। तर यो क्षेत्र आवश्यक पूर्वाधारको अभाव र आयातित पेट्रोलियम पदार्थमाथिको निर्भरताका कारण भरपर्दो र दिगो हुनसकेको छैन । सडक यातायात खनिजजन्य इन्धनमा पूर्ण रूपमा निर्भर रहेको हालको अवस्थामा ऊर्जाका अन्य विकल्पहरूबाट सञ्चालन गर्न सकिने अवस्था आइसकेको छैन। साथै, यस क्षेत्रलाई थप व्यवस्थित तथा मर्यादित बनाई सुलभ तरिकाबाट नागरिकले जिल्लाको कुनै पनि भूभागमा आवतजावत गर्न पाउने मौलिक अधिकारलाई संरक्षण गर्नु यस क्षेत्रसँग संलग्न सबैको कर्तव्य हो । सडक सञ्जालको विस्तार र सवारी साधनहरूको उपलब्धताले मात्र सार्वजनिक यातायात व्यवस्थित हुन नसक्ने हुँदा सर्वसुलभ, सुरक्षित, गुणस्तरीय र वातावरणमैत्री सेवाको लागि सरकारी निकायहरूको संस्थागत क्षमता अभिवृद्धिका साथै निजी क्षेत्रका यातायात व्यवसायीहरूको भूमिकालाई अझै बढी जिम्मेवार र यात्रुमैत्री बनाउनु आवश्यक छ। सुरक्षित हवाई यातायातको विकल्प नभएकाले सडक यातायातलाई प्राथमिकतामा राखी विकास र विस्तार गर्न बाञ्छनिय छ।

२. चुनौती तथा अवसर

चुनौती
सवारी साधनको वृद्धिसँगै यसको उचित व्यवस्थापन गर्नु, बढ्दो सवारी दुर्घटना, सवारीबाट हुने ध्वनि तथा वायु प्रदूषणको स्तर, पुराना सवारी साधनहरूको व्यवस्थापन र अनियन्त्रित आयात नियन्त्रण गर्नु, सार्वजनिक यातायातलाई गुणस्तरीय एवम् पहुँचयोग्य तुल्याउनु, अदृश्य रूपमा कायमै रहेको सिन्डिकेट प्रणाली हटाउनु, यातायात क्षेत्रमा सम्बद्ध निकायबीच समन्वय कायम गर्नु, यातायातको अनुगमन कार्यलाई थप प्रभावकारी तुल्याउनु, कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई नागरिकमैत्री बनाउनु र जनताको विश्वास हासिल गर्नु यातायात क्षेत्रको चुनौतीका रूपमा रहेका छन् ।

अवसर
आधुनिक र सुविधा सम्पन्न सवारी साधनहरूमा वृद्धि हुनु, वातावरणमैत्री सवारी साधन सञ्चालनको थालनी हुनु, सार्वजनिक यातायात पहुँचयोग्य हुँदै जानु तथा यातायात व्यवस्थापनबाट प्रदान गरिने सेवाहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा वृद्धि हुनु प्रमुख अवसरहरू हुन् ।

३. सोच, लक्ष्य ,उद्देश्य, रणनीति र कार्यनीति
३.१ सोच

कम खर्चिलो, भरपर्दो, सुरक्षित यातायात प्रणालीको सुनिश्चितता ।
३.२ लक्ष्य
यातायात सेवालाई पहुँचयोग्य, सुरक्षित, सर्वसुलभ, व्यवस्थित र वातावरणमैत्री बनाउने ।

३.३ उद्देश्य
सर्वसाधारणको आवागमन तथा ढुवानीलाई पहुँचयोग्य, सुरक्षित र व्यवस्थित बनाउनु ।

४ रणनीति
१. यातायात व्यवस्थापनमा प्रक्रियागत सुधार गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
२. सार्वजनिक यातायातलाई स्तरीय, समावेशी तथा नागरिकमैत्री बनाउने ।
३. यातायात व्यवस्थापनमा निजी तथा सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउँदै नियमन प्रणालीलाई सुदृढ गराउने ।
४. सवारी साधनहरूलाई वातावरणमैत्री बनाउने ।

५ कार्यनीति
५. ज्येष्ठ नागरिकलाई सिट आरक्षण तथा भाडामा सहुलियतका साथै अपाङ्गता भएका व्यक्ति र महिलालाई सिट आरक्षण हुने व्यवस्था मिलाइनेछ ।
६. यातायात क्षेत्रमा संलग्न जनशक्तिको क्षमता विकास एवम् अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
७. सवारी दुर्घटना न्यूनीकरण तथा सेवाको गुणस्तर सुधार गर्न सवारी अनुगमनलाई प्रभावकारी बनाइनेछ ।
८. सार्वजनिक यातायात प्रवर्द्धन गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रसँग सहकार्य गरिनेछ ।

६ प्रमुख कार्यक्रमहरू
१. रणनीतिक स्थानहरूमा ट्राफिक सङ्केत चिन्हहरू निर्माण गरी स्थापित ।
२. ट्राफिकसम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन ।
३. पुराना सवारी साधनहरूको व्यवस्थापन ।
४. यातायात प्रशासनको संस्थागत क्षमता अभिवृद्धिका लागि कार्यालयको जग्गा खरिद तथा भवन निर्माण ।
५. कर्मचारीहरूको क्षमता र उत्प्रेणाको स्तरमा अभिवृद्धि ।

७.कार्यान्वयन कार्ययोजना

| क.सं. | क्रियाकलाप | स्थान | समय | अनुमानित बजेट | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | चमेरी पताने डाडाखर्क बाटो निर्माण | चमेरी पताने, डाडाँखर्क | २०७६ | १०००००० | गाउँपालिका | |
| २ | गर्तुग दुवाचौर हुदै डाडाखर्क मोटरबाटो मर्मत | डाडाँखर्क | २०७६ | १०००००० | गाउँपालिका | |
| ३ | चमिरे देखि कालढुंगा मोटर बाटो निर्माण | कालढुंगा | २०७६ | १०००००० | गाउँपालिका | |
| ४ | बस्ती बस्ती बिच सडक संजाल | तुषार पानी, कौधे खन्न, दोलौटे, पोखरी डाँडा, पोखरी,चौर, वौडा, पिपलटारी कुर्लेखोला | ०७५ देखि २०७८ | ५०००००० | गाउँपालिका ,दातृ निकाय | |
| ५ | सडक चौडा गर्ने,ग्राभेल,बाटोमा नाली बनाउने,खोलामा कलभट बनाउने | ८ वटै वडा | २०७६ | १५००००० | गाउँपालिका ,दातृ निकाय | |
| ६ | किटघात झिमरुक नदीमा पक्कीपुल | कुटीचौर | २०७६ | ३०००००० | | |
| ७ | ढाण( सेउली, धारी झिमरुक नदीमा पुल<br>पाडावाङ( वेलधारी लुङ्ग लुङ्गखोलामा पुल<br>वडाखोला( तुषारा कुता पक्कीपुल<br>डुमटारी( राताटारी पक्की पुल<br>पिडाल्ने दाण पक्की पुल झोलंगे पुल<br>सिमलचौर - अग्रली<br>राताटारी- चिस्वाङग<br>बुनिधार- चिअस्वाङग दाण<br>ढुतारी( घुम्नेठाटी<br>राताामाता - लामासेरा | गाउँपालिका भित्र | २०७७ | १००००००० | | |

८.अपेक्षित उपलब्धि

सवारी दुर्घटनालाई न्यूनीकरण गर्न सवारी अनुगमन प्रणाली संस्थागत भएको, सिन्डिकेट प्रणालीको अन्त्य भएको र समग्र यातायात क्षेत्रको गुणस्तरमा सुधार भएको हुनेछ ।

३.३.३ सिंचाई

१. पृष्ठभूमि

सीमित क्षेत्र र बढ्दो जनसङ्ख्याका कारण कृषि उत्पादकत्व बढाउन सिँचाइको राम्रो व्यवस्था हुनु अपरिहार्य भएकोले सिँचाइ पूर्वाधारको विकासको साथै सम्पन्न सिँचाइ प्रणालीहरूको व्यवस्थापन सुदृढ एवम् प्रभावकारी बनाउन योजनाबद्ध ढङ्गबाट प्रयास भइरहेको छ । करिब  ६ हजार हेक्टर कृषियोग्य जमिनमध्ये परम्परागत प्रविधि र आर्थिक दृष्टिकोणबाट करिब ०.१ हजार  हेक्टरमा मात्र सतह र भूमिगत जलस्रोतबाट सिँचाइ सुविधा पुऱ्याउन सकिने अवस्था रहेको छ । आ.व. २०७३/७४ को अन्त्यसम्ममा बढी भन्दा बढी हेक्टरमा सिँचाइ सुविधा पुगेको छ । यसअनुसार अझै पनि करिब शतप्रतिशत हेक्टर कृषियोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याउन बाँकी रहेको छ ।

२. चुनौती तथा अवसर

चुनौती

यस गाउँपालिका अन्तर्गत सम्पूर्ण कृषियोग्य भूमिमा उपयुक्त प्रविधिको छनोट गरी वर्षैभरि भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउने सिँचाइ प्रणाली निर्माण गर्नु, निर्माण सम्पन्न भएका प्रणालीहरूको मर्मत-सम्भारका लागि प्रभावकारी व्यवस्थापन गर्नु, बाह्रै महिना सिँचाइ सेवा उपलब्ध गराउनका लागि साना र मझौला खालका नदीहरूको जल तथा भूमिगत जल उपयोग गर्न दीर्घकालीन रूपमा ठूला नदीहरूको जल स्थानान्तरणद्वारा जलाशययुक्त योजना निर्माण गर्नु, सिँचाइ सुविधा उपलब्ध भएका एवम् हुने जमिन कृषिका लागि सुरक्षित राख्नु र जलवायु परिवर्तनबाट सिर्जित असरका कारण पानीको उपलब्धतामा आएको जोखिम व्यवस्थापन गर्नु सिँचाइ क्षेत्रका चुनौती हुन् ।

अवसर

सतही जलस्रोतको ठूलो भण्डार उपलब्ध हुनु, सिँचाइ विकास र विस्तारका लागि उपयुक्त प्रविधि र जनशक्ति जिल्लामै उपलब्ध हुनु, सिँचाइ विकास र व्यवस्थापनमा कृषक उपभोक्ताको पहुँच बढ्दै जानु, नयाँ सङ्गठनात्मक परिवर्तनबाट सबै गाउँपालिकामा सिँचाइ शाखाको स्थापना भई सेवा प्रवाहमा सुधार हुनु, कृषि क्षेत्रको उत्पादन र उपादकत्व बढाई कृषि उपजमा आत्मनिर्भर बनाउन सिँचाइको भरपर्दो र दिगो व्यवस्था गर्नैपर्ने अवस्था सिर्जना हुनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

३.१ सोच

सम्पूर्ण कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा ।

३.२ लक्ष्य

कृषियोग्य भूमिमा भरपर्दो र दिगो सिँचाइ सेवामार्फत कृषि उत्पादकत्व तथा उत्पादन वृद्धिमा सहयोग गर्ने ।

३.३ उद्देश्य

१. सिञ्चित क्षेत्र वृद्धि गर्नुका साथै जलस्रोतको बहुउद्देश्यीय उपयोगमा जोड दिनु ।
२. विकसित सिँचाइ प्रणालीमा व्यवस्थापन सुदृढीकरण गरी दिगोपन बढाउनु ।
३. सिँचाइको आवश्यकता भएको स्थान र समयमा निर्वाध रूपमा पानीको उपलब्धता बढाउनु ।

४ रणनीति

१. बाह्रै महिना सिँचाइ सेवा उपलब्ध गराउनका लागि सतह सिँचाइ, बहुउद्देश्यीय र जलाशययुक्त सिँचाइ आयोजनाहरूलाई अघि बढाउने ।
२. उच्च क्षमतामा सञ्चालन गर्न प्राविधिक एवम् आर्थिक दृष्टिकोणले उपयुक्त एवम् नयाँ प्रविधिमा आधारित सिँचाइको विकास गर्ने ।
३. निर्माण सम्पन्न भइसकेका सिँचाइ प्रणालीहरूको मर्मतसम्भार एवम् दिगो व्यवस्थापनका लागि उपभोक्ताहरूको सहभागिता सुनिश्चित गर्ने ।
४. सिँचाइ विकासको गुरुयोजना, कृषि विकास रणनीतिका लक्ष्यहरूको परिपूर्ति र जलवायु परिवर्तन अनुकूलन हुने गरी सिँचाइ प्रणालीको विकास एवम् विस्तार गर्ने ।

५ कार्यनीति

१. सिँचाइ आयोजना सञ्चालन गर्दा तत्काल सम्पन्न हुने र तुलानात्मक लाभको आधारमा गरिने छ ।
२. सिंचाई कार्यक्रममा स्थानीय वातावरणमैत्री, तालतलैया, पोखरी, मूल र सिमसारहरुको संरक्षण र संवर्द्धन गर्न सम्वन्धित निकायसँग समन्वय र सहकार्य गरिने छ ।
३. सिंचाई सुविधा विस्तारमा सहकारी तथा सिंचाई विशेष कोषको अवधारणालाई प्रोत्साहित गरिने छ ।
४. बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउन प्राविधिक, सामाजिक, आर्थिक तथा वातावरण पक्षबाट सम्भाव्य मझौला, ठूला सतह सिँचाइ एवम् अन्तरजलाधार र जलाशययुक्त बहुउद्देश्यीय आयोजनाका कार्यक्रमहरू प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

५. आकाशे पानी सङ्कलन, भण्डारण तथा प्रभावकारी उपयोग प्रविधिको विस्तार गर्दै सीमान्त कृषिभूमि, चरन क्षेत्र एवम् पानीको न्यून स्रोत भएका क्षेत्रमा थोपा, फोहोराजस्ता प्रविधि उपयोग गरिनेछ।
६. सिँचाइ प्रणालीहरूको मर्मत-सम्भार एवम् पुनर्स्थापनाका लागि आवश्यक आर्थिक स्रोत परिचालन गर्न सिँचाइ विकास कोषको स्थापना गरी कार्यान्वयन गरिनेछ।
७. सिँचाइ योजनाको छनोट एवम् कार्यान्वयन समन्यायिक ढङ्गले सीमान्तकृत वर्गलाई प्रत्यक्ष लाभ पुग्ने गरी गरिनेछ।
८. सिंचाई निर्माण, दीगो संचालन तथा उपयोगका लागि उपभोक्ता समिति निर्माण गर्दा क्षेत्रगत, लैगिंक, जातीय समानुपातिक प्रतिनिधित्व नीति अवलम्वन गरिनेछ।
९. सिंचाई योजना निर्माणमा लक्षित वर्ग (महिला, जनजाति, गरिव, दलित) लाई प्राथमिकता दिइनेछ।
१०. रोजगारी सिर्जना गर्ने र तुरुन्त प्रतिफल दिने, थोपा सिंचाई, स्प्रीकलर सिंचाई तथा साना सिंचाई आयोजनालाई द्रुत गतिमा कार्यान्वयन गरिने छ।
११. परम्परागत सिंचाई प्रविधि संभाव्य नभएका क्षेत्रमा सीमान्त कृषकहरुलाई लक्षित गरी नयाँ प्रविधिमा आधारित सिंचाईका कार्यक्रम (थोपा, फोहोरा, सिंचाई, करेसाबारी) कार्यान्वयन गरिनेछ। .
१२. सिंचाई आयोजना मर्मत संभार तथा दीगो संचालनको लागि स्थानीय तहको संस्थागत तथा क्षमता विकास गरिनेछ।
१३. आयोजना छनौट तथा तर्जुमा, कार्यान्वयन र दीगो संचालनमा कृषक उपभोक्ता तथा स्थानीय जल उपभोक्ता समितिको संस्थागत विकास तथा परिचालन गरिनेछ।
१४. सिंचाई सम्बन्धी प्रविधि विकास, विस्तार र समुदाय परिचालनमा गैससलाई परिचालन गरिनेछ।
१५. सिंचाई आयोजना तथा कार्यक्रमसँग कृषि विकासका अन्य कार्यक्रमहरु साथसाथै सञ्चालन गरिनेछ।
१६. सिंचाई आयोजनाहरुमा पानीको बाँडफाँड गर्दा समन्यायिक सिद्धान्तको अवलम्वन गरिनेछ।
१७. पूर्वाधार विकास व्यावस्थापनमा स्थानीय सरोकारवालाको क्षमता विकासलाई प्रथमिकता दिईने छ।
१८. पूर्वाधार विकास आयोजनाहरुमा सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण मार्फत पारदर्शिता, जवाफदेहिता र जनउत्तरदायित्व बृद्धि गराउने नीति अवलम्वन गरिने छ।
१९. निर्माण गरिएका योजनाहरुमा अनिबार्य रुपमा मर्मत संभार कार्यकर्ताको उपलब्धतालाई सुनिश्चित गरिनेछ र प्रभाबकारी संचालनका लागि उनीहरुको क्षमता अभिबृद्धि गर्दै लगिनेछ।

६ प्रमुख कार्यक्रमहरू

१. बृहत् सिचाई कार्यक्रम तथा आयोजनाहरू
२. मूल नहर निर्माण तथा नहर अन्तर्गतका शाखा र प्रशाखा नहरहरूको संरचना निर्माण तथा कमान्ड क्षेत्र विकास।
३. अविकसित क्षेत्रमा सिँचाइ प्रणाली र अति आवश्यक मर्मतसंभार एवम् सञ्चालनको कामहेक्टरमा सतह सिँचाइ सुविधा एवम् नयाँ प्रविधिबाट थप १०,६५० हेक्टरमा सिँचाइ सुविधा।
४. विभिन्न उप-आयोजनाहरूबाट करिब हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराउने।

७.कार्यान्वयन कार्ययोजना

| क.सं. | क्रियाकलाप | स्थान | समय | अनुमानित बजेट | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सिचाई कुलो निर्माण | काब्रेचौर, बेताने, जुरेढुंगा, वरखोला, बिडडाडा, सौतामारे, ठुलो खोलाबाद, वडाचौर, टिमुरखर्क, | २०७६/०७७ | ७०००००० | गाउँपालिका | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पातीहाल्न, वाला खरीपाटा, बागमारा, गजमने, पोखरीडाडा | | | | |
| २ | सिचाई कुलो निर्माण | चोरमारे, रातापोखरा, चिफ्लेटी, दिक्नेटा, काँडापानि, लगायत झिमरुक गा. पा. २ को सबै बस्तीमा | २०७७ | ७००००० | गाउँपालिका | |
| ३ | आकाशे पानी संकलन तथा लिफ्ट सिष्टमबाट सिचाई गर्ने | सम्भावित वडा | २०७५ | १६००००० | गाउँपालिका | |
| ४ | सिचाई कुलो निर्माण गर्नु | वर्वाङ, चिसावाङ, शिरखोला नेता, जेमुरखोला, गोलछेटारी, दाद्रा, शिरखोला देखि दहखोला | २०७६ | २५०००००० | गाउँपालिका | |
| ५ | वस्ती-वस्तीमा प्लाष्टिक पोखरी निर्माण गर्ने | ८ वटै वडा | २०७५ | ९०००००० | गाउँपालिका | |
| ६ | खरिया सिचाई कूलो मर्मत | मेहरे | २०७५ | ५००००० | गाउँपालिका | |
| ७ | जाबुने सिचाई कूलो मर्मत | पाडेमेला,जामुने | २०७५ | २००००००० | गाउँपालिका | |
| ८ | लेहे गाउँ सिचाई कुलो निर्माण | स्नाकोट | २०७५ | ५००००० | गाउँपालिका | |
| ९ | सिचाई पोखरी निर्माण झुम्दी | मुड्याना | २०७५ | ५००००० | गाउँपालिका | |
| १० | सिचाई कुलो निर्माण | जिम्रा पाटा | २०७५ | ५००००० | गाउँपालिका | |
| ११ | तिरतिरे सिचाई योजना | टुनीका रुख | २०७५ | ५००००० | गाउँपालिका | |
| १२ | सिचाई तिरनेर निर्माण | वालुवा फाँट | २०७५ | ५००००० | गाउँपालिका | |
| १३ | ढाडा सि.कुलो | डाफले भलापाटा | २०७५ | ५००००० | गाउँपालिका | |
| १४ | कौने पानी रवयवाजा सिंचाइ कुलो | काउले | २०७५ | ५००००० | गाउँपालिका | |
| १५ | सिमाटोल सिचाइ पोखरी | सिमाटोल | २०७५ | ५००००० | गाउँपालिका | |
| १६ | नुनपला-आरनाचौर-सिम-माझा पोखरी-सिचाई कुलो | माझपोखरी | २०७५ | ५००००० | गाउँपालिका | |
| १७ | मडकेना-रातामाटा सिचाई कुला | मडकेना | २०७५ | ५००००० | गाउँपालिका | |
| १८ | सिचाई कुलो निर्माण | थाप्ला | २०७५ | ५००००० | गाउँपालिका | |
| १९ | रातामाटा सिचाई कुलो | काउले | २०७५ | ५००००० | गाउँपालिका | |
| २० | सिचाई कुलो निर्माण | ईप्नाकोट,खालाचौर,थाप्ला खरिया,नुनथला, सिमाटोल | २०७७ | २१०००००० | गाउँपालिका र गैसस | |

८. अपेक्षित उपलब्धि

सतही जलाधार योजनाको कार्यान्वनबाट सतह सिँचाइतर्फ झिमरुक नदी लामासेरा,पिडाल्ने,गर्तुङ खोला सिंचाईबाट केहि हेक्टर जमिन र नयाँ प्रविधि सिँचाइतर्फ केहि हेक्टरमा सिंचाई गरी थप जमिनमा सिँचाइ सुविधा पुऱ्याइनेछ । मर्मतसम्भारतर्फ कृषकबाट सञ्चालित र सरकारबाट व्यवस्थित सिंचाई गरी सिँचाइ प्रणालीको मर्मत सुधार भएको हुनेछ ।

३.३.३ भवन

१. पृष्ठभूमि

निजी क्षेत्रसमेतको सक्रियतामा सबैका लागि क्षमतानुसारको सुरक्षित आवासको व्यवस्था गर्न किफायती, वातावरणमैत्री तथा प्रकोपको जोखिममुक्त सार्वजनिक तथा निजी भवनहरू निर्माण तथा विकास गर्नुपर्ने आवश्यकता रहेको छ । दैवी प्रकोपबाट हुने क्षतिलाई समेत मध्यनजर गरी भवन संहिता निर्माण गर्ने तथा भएका भवनहरूको जोखिम परीक्षण गरी आवश्यकतानुसार सबलीकरण गर्नु उत्तिकै जरूरी छ । प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने संवैधानिक प्रावधानअनुसार समेत सबैका लागि सुरक्षित, पर्याप्त र औकातअनुसारको आवास उपलब्ध गराउने दूरदृष्टिसहितको राष्ट्रिय आवास नीति, २०६८ को प्रभावकारी कार्यान्वयन गर्नुपर्नेछ । राष्ट्रिय जनगणना, २०६८ अनुसार यस प्यूठान जिल्लमा कुल ५८६८.हजार घर/भवन रहेका छन्, जसमा ५८६८ परिवार बसोवास गर्दछन् । आवासीय घरहरूमध्ये ०.७८ प्रतिशत अस्थायी प्रकृतिका छन्, जसमध्ये ९६.१३ प्रतिशत घरपरिवार आफ्नै स्वामित्वको घरमा बस्दछन् । विगत २ वर्षमा घरभाडामा बस्नेको हिस्सा २.२५ प्रतिशतबाट बढेर ३.४३ प्रतिशत पुगेको छ । अति विपन्न लक्षित वर्गका लागि सरकारबाट जनता आवास कार्यक्रम र व्यावसायिक क्षेत्रमा आवास एकाइ निर्माण कार्य अघि बढेको छ । स्थानीय निर्माण सामग्री र प्रविधि प्रयोग गरी बनाइएका सरकारी भवनहरूको प्रारूप तयार गरी किफायती आवासका विभिन्न नमुनाहरू तयार भएका छन् ।

२. चुनौती तथा अवसर

चुनौती

सुरक्षित बस्ती विकासका लागि जग्गा प्राप्त गर्नु तथा जोखिममा रहेका बस्ती स्थानान्तरण गर्नु, स्थानीय निर्माण सामग्रीहरूको गुणस्तरमा सुधार ल्याउनु र समयानुकूल आवास तथा भवन क्षेत्रमा नयाँ प्रविधिहरूको प्रयोग गर्नु,सबै किसिमका भवन सुरक्षित तवरले निर्माण गर्नु, सरकारी भवनको निर्माण कार्य एकद्वार प्रणालीबाट सम्पादन गराउनु, न्यून आय वर्गका लागि सुरक्षित बसोवासको व्यवस्था गर्नु, ठूलो सङ्ख्यामा आवश्यक पर्ने सिकर्मी र डकर्मीहरूलाई भवन निर्माण प्रविधि सम्बन्धी तालिम दिई दक्ष बनाउनु, ठूलो सङ्ख्यामा रहेको आवासको माग पूरा गर्नु र गराउनु प्रमुख चुनौती रहेको छ ।

अवसर

सरकारी भवनको निर्माण, मर्मत सम्भार, रेखदेख र सुरक्षासम्बन्धमा नीतिगत निर्णय हुनु, संयुक्त आवास भवन निर्माण स्वीकृति तथा अनुगमन कार्यविधि, २०७० स्वीकृत गरी कार्यान्वयन गरिनु, संयुक्त आवास, सामूहिक र योजनाबद्ध आवाससम्बन्धी मापदण्ड तयार गरिनु, भवन मर्मत सूचना प्रणाली सफ्टवेयर विकास गरिनु प्रमुख अवसरहरू हुन् ।

३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

३.१ सोच

सबै नागरिकको सुरक्षित, सुलभ र व्यवस्थित आवासमा पहुँच ।

३.२ लक्ष्य

वातावरणमैत्री, सुरक्षित र सुलभ सार्वजनिक भवन तथा निजी आवासको विकास गर्ने ।

३.३ उद्देश्य

१. व्यवस्थित बस्ती विकास गरी सबैका लागि सुलभ, सुरक्षित र वातावरणमैत्री आवासको प्रवर्द्धन गर्नु ।

२. सबै प्रकारका प्रकोप प्रतिरोधी सार्वजनिक तथा निजी भवनहरू निर्माण गर्नु ।

४ रणनीति

१. विपन्न र सीमान्तीकृत वर्ग तथा जोखिममा रहेका नागरिकका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास सुविधाको व्यवस्था गर्ने ।

२. सार्वजनिक-निजी साझेदारीसमेतमा वातावरणीय दृष्टिले सन्तुलित, वित्तीय दृष्टिले सम्भाव्य र प्राविधिक दृष्टिले उपयुक्त एवम् सुरक्षित बस्ती विकास तथा भवन निर्माणलाई प्रोत्साहित गर्ने ।

३. सरकारी सेवालाई एकीकृत, सुलभ र सहज बनाउन एकीकृत प्रशासनिक क्लस्टर तथा भवनको विकास गर्ने ।
४. सबै प्रकारका विपद् जोखिम न्यूनीकरण गर्न आवास र बस्ती विकास गर्ने ।

५. कार्यनीति
१. प्रमुख बजारकेन्द्रलाई विशेष आर्थिक क्षेत्रको रुपमा विकासगर्न वस्ती योजना एवं पूर्वाधारमा लगानी गरिनेछ ।
२. सेवा प्रवाहलाई व्यस्थित गर्न एकीकृत रुपमा वस्ती विकास गरिनेछ ।
३. बजार केन्द्रहरुमा एकीकृत शहरी विकास तथा पूर्वाधार योजना तर्जुमा गरी सो अनुरुप कार्यान्वयन गरिनेछ ।
४. सार्वजनिक भवनहरु निर्माण गर्दा अपाङ्गमैत्री, बाल मैत्री तथा लैङ्गिक मैत्री हुने कुरामा जोड दिइने छ ।
५. द्वन्द्व पीडित, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिक र जोखिममा रहेका व्यक्तिहरूका लागि विशेष सामाजिक आवासको विकास गरिनेछ ।
६. छरिएर रहेको बसोवासलाई व्यवस्थित गर्न पूर्वाधारसहितको नमुना एकीकृत बस्ती विकासको कार्य अगाडि बढाइनेछ ।
७. 'सबैका लागि सुरक्षित र सुलभ आवास' लक्ष्य हासिल गर्न सुरक्षित र सुलभ आवास निर्माणलाई प्रोत्साहन गरिनेछ ।
८. सार्वजनिक र निजी भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिताको कार्यान्वयनमा जोड दिइनेछ ।
९. स्थानीय प्रविधि र उपलब्ध निर्माण सामग्रीहरूको प्रयोगलाई प्राथमिकता दिई प्रचलित भवन डिजाइन र प्रविधिको लागि आवश्यक मापदण्डको विकास गरिनेछ ।
१०. घरजग्गा बहाललाई व्यवस्थित गर्न तथा निजी तथा सहकारी लगानीमा 'बहाल भवनहरू' निर्माण र सञ्चालन गर्न घरजग्गा बहालसम्बन्धी कानुनको निर्माण गरिनेछ ।
११. सुरक्षित आवास एवं भवन निर्माणका लागि सिकर्मी र डकर्मी तालिमका साथै जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

६ प्रमुख कार्यक्रमहरू
१. सहकारी आवाससम्बन्धी नीति तथा निर्देशिका तर्जुमा ।
२. छरिएर रहेको बसोवासलाई व्यवस्थित गर्न पूर्वाधारसहित नमुना एकीकृत बस्ती विकास ।
३. सीमाक्षेत्रमा एकीकृत जाँच चौकीहरू निर्माण ।

७.कार्यान्वयन कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | स्थान | समय | अनुमानित बजेट | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वडा कार्यालय भवनको निर्माण | वडा नं १ | २०७५ | २५००००० | गाउँपालिका | |
| २ | पशु स्वास्थ्य उपचारको लागि भवन निर्माण | वडा नं ४ | २०७५ | १५००००० | गाउँपालिका | |
| ३ | सामुदायिक स्वास्थ एकाई भवन | देउराली र समुन्ते | २०७७ | १६००००० | गाउँपालिका | |
| ४ | खोपकेन्द्र भवन निर्माण | वडा नं ४ | २०७५ | १७००००० | गाउँपालिका | |
| ५ | हिरापोखरी टापुमा सामुदायीक भवन | वडा नं ५ | २०७६ | १०००००० | गाउँपालिका | |
| ६ | सिद्ध बराह मन्दिर भूमेथान सामूदायिक भवन | वडा नं ६ | २०७६ | १०००००० | गाउँपालिका | |

८. अपेक्षित उपलब्धि
जेष्ठ नागरिक आवास र सामुदायिक आवास निर्माण भएको हुनेछ । पूर्वाधारसहितको २ ओटा नमुना एकीकृत बस्ती विकास भएको हुनेछ । गाउँपालिकामा ७ ओटा एकीकृत सरकारी कार्यालय भवन, २ ओटा सभाहल निर्माण भएको हुनेछ ।

३.३.४ साना जलविद्युत्
१. पृष्ठभूमि

नेपालको लागि जलविद्युत् नै ऊर्जाको महत्वपूर्ण एवम् भरपर्दो स्रोत हो । नेपालको संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने नीतिगत व्यवस्था गरेको छ । ऊर्जा विकासको मेरूदण्ड भएकोले पछिल्ला आवधिक योजनाहरूमा ऊर्जा क्षेत्रले उच्च प्राथमिकता पाउँदै आएको छ । सरकारी, निजी र सामुदायिक लगानीका साथसाथै विदेशी लगानीमार्फत जलविद्युत् क्षेत्रको विकास तथा प्रवर्द्धन गर्न सकिन्छ । कुल जलविद्युत् जडान क्षमता किलोवाट पुगेको छ भने विद्युत्मा जनसङ्ख्याको पहुँच ५८.६९ प्रतिशत छ । हाल गाउँपालिकाका ८ वटै वडामा विद्युतीय पूर्वाधार पुगेको छ । अतः ऊर्जामा आत्मनिर्भर हुन साना जलविद्युत् तथा ठूला आयोजनाहरूलाई प्राथमिकताका आधारमा कार्यान्वयनमा लैजान आवश्यक छ ।

## २. चुनौती तथा अवसर

### चुनौती

गाउँपालिकामा भइरहेको आधुनिकीकरण र औद्यौगिकीकरणसँगै तीव्र वृद्धि हुन थालेको जलविद्युत्को माग पूरा गर्नु,आयोजनाहरू निर्धारित समय र लागतमा सम्पन्न गर्नु, आयोजना सञ्चालनका लागि विभिन्न सरोकारवाला निकायहरूबीच समन्वय गर्नु, नियामक तथा वितरण निकायको वितरण प्रणाली विस्तार र सुदृढीकरण गर्नु एवम् जलविद्युत् उत्पादनमा निजी क्षेत्रको योगदान सीमित रहनु जलविद्युत् विकासका प्रमुख चुनौतीहरू हुन् ।

### अवसर

ऊर्जालाई आर्थिक विकासको मेरूदण्डका रूपमा अङ्गीकार गरी आर्थिक समृद्धिको माध्मको रूपमा पहिचान हुनु, ऊर्जा क्षेत्र प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहनु, लगानीका प्रशस्त अवसर देखिनु, वैदेशिक लगानीको लागि पर्याप्त सम्भावना रहनु, निजी क्षेत्र तथा स्थानीय जनताको सेयर लगानी बढ्दै गई जनताको स्वामित्व कायम हुनु जलविद्युत् क्षेत्रका अवसरका रूपमा लिन सकिन्छ ।

## ३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

साना जलविद्युत्को तीव्र विकासमार्फत गाउँपालिकाको विकास र समृद्धि ।

### ३.२ लक्ष्य

ऊर्जा सुरक्षासहितको जलविद्युत् विकासबाट विद्युत्मा आत्मनिर्भरता हासिल गरी आर्थिक तथा सामाजिक समुन्नतिमा योगदान पुऱ्याउने ।

### ३.३ उद्देश्य

साना जलविद्युत् सेवाको विस्तार गरी सबै घरपरिवार र क्षेत्रको सहज पहुँच सुनिश्चित गर्नु ।

### ४ रणनीति

१. साना जलविद्युत्मा लगानी बढाई विद्युत् उत्पादनमा वृद्धि गर्ने ।
२. विद्युत्को प्रसारण व्यवस्थालाई थप सुदृढ तथा विस्तार गर्ने ।
३. वितरण प्रणालीलाई प्रभावकारी बनाई विद्युत्को पहुँच सर्वसुलभ बनाउने ।

### ५ कार्यनीति

१. नेपाल सरकारको सन् २०१७ सम्ममा देशका सम्पूर्ण घरधुरीहरूमा स्वच्छ ऊर्जाका प्रविधिहरू पुऱ्याई घरभित्रको धुवाँमुक्त गर्ने" अभियानमा आधारित भई विद्युत विस्तार तथा वैकल्पिक ऊर्जा कार्यक्रम अन्तर्गत सोलार तथा सुधारिएको चुलो कार्यक्रम संचालन गरिनेछ ।
२. गाउँपालिकाको जलस्रोतलाई अधिकतम उपयोग गरी आन्तरिक उर्जा मागलाई पूरा गर्न साना जलविद्युत आयोजना तथा वाह्य निकासी गर्ने ध्येयले ठूला विद्युत आयोजनाहरुको निर्माण र सञ्चालन गर्न पहल गरिने छ ।
३. विद्युत सेवा वितरणका लागि राष्टिय प्रसारण लाइनसँग गाउँपालिका भित्रका मुख्य वस्तीलाई जोड्ने प्रसारण लाइन सम्वन्धी कार्यलाई उच्च प्राथमिकतामा राखिने छ ।

४. विद्युत तथा वैकल्पीक उर्जा उत्पादन र वितरणमा सार्वजनिक निजी साझेदारीलाई अघि बढाईने छ ।
५. लघु जलविद्युत उपभोक्ता समितिको सञ्जाल बनाई परिचालन गरिनेछ ।
६. जलाशययुक्त जलविद्युत् उत्पादनलाई प्राथमिकतामा राखी कार्यक्रम/आयोजना सञ्चालन गरिनेछ ।
७. निर्माणाधीन अवस्थामा रहेका विद्युत् उत्पादन, प्रसारण तथा वितरण आयोजनाहरूलाई समयमा नै सम्पन्न गरिनेछ ।
८. ग्रामीण विद्युतीकरणलाई विस्तार गरी आर्थिक क्रियाकलापसँग आबद्ध गरिनेछ ।
९. जलविद्युत् आयोजना विकास गर्दा अनिवार्य रूपमा जलवायु परिवर्तनबाट पर्ने असरलाई ध्यान दिइनेछ ।

६ प्रमुख कार्यक्रमहरू
१. जलाशययुक्त तथा ठूला जलविद्युत् आयोजनाहरूको निर्माण तथा विकास
२. साना जलविद्युत् आयोजनाहरूको अध्ययन
३. जलाशययुक्त आयोजनाहरूको गुरु योजना विकास ।
४. क्रमागत आयोजनाहरूको निर्माण
५. निजी क्षेत्रबाट प्रवर्द्धित निर्माणाधीन साना जलविद्युत् आयोजनाहरूको अनुगमन तथा आवश्यक
६. निर्णय प्रक्रियामा तदारुकता अपनाई निर्धारित समयमै निर्माण सम्पन्न ।
७. प्रसारण लाइन आयोजनाहरू
८. नदी बेसिनमा आधारित उच्च क्षमताका विद्युत् प्रसारण लाइनहरूको सम्भाव्यता अध्ययन ।
९. वर्तमान ऊर्जा सङ्कट न्यूनीकरण गर्न अन्य वैकल्पिक ऊर्जास्रोतको सम्भाव्यता अध्ययन एवम् उत्पादन ।

७.कार्यान्वयन कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | स्थान | समय | अनुमानित बजेट | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सौतामारेमा पोल र बिस्तार | साबिक ७, ८,९ | २०७५ | २५०००० | बिद्युत प्राधिकरण, गाउँपालिका | |
| २ | रोटेपानी देखि तिलाहाल्न पोखरी सम्म बिदुत लाईन् तानु पन | वडा नं ३ | २०७५ | १५०००० | बिद्युत प्राधिकरण, गाउँपालिका | |
| ३ | ट्रान्समिटर प्रयाप्त नभएकोले थप्नु पर्ने | वडा नं ४ | २०७७ | ५००००० | बिद्युत प्राधिकरण, गाउँपालिका | |
| ४ | राष्ट्रिय प्रसारण लाइनमा मात्र भर नपरी माइक्रो हाइड्रो पावर संचालनमा ल्याउने | वडा नं ५ | २०७५ | ३०००००० | बिद्युत प्राधिकरण, गाउँपालिका | |
| ५ | १.मर्कावाङमा ट्रान्समिटर जडान गर्ने<br>२.घगेमा नयाँ ट्रान्समिटर जोड्ने<br>३.थ्रि फेज लाईन विस्तार गर्ने<br>४.नेटामा ट्रान्सफर जोड्ने | वडा नं ६ | २०७६ | ५०००००० | बिद्युत प्राधिकरण, गाउँपालिका | |
| ६ | काप्रेखोलामा ट्रान्समिटर काठको पोललाई विस्थापित गर्ने पक्कीफलाम को पोल | वडा नं ७ | २०७६ | १०००००० | बिद्युत प्राधिकरण, गाउँपालिका | |
| ७ | गब्दी,रातामाटा,वखिक-७ खोपी टोल लगायत सबै सौरा धारा उप्रेनेटोल, लावुरचौर टोल लगायत सबै ठाउँमा भएका काठका पोल हटाई फलामे पोल्न | वडा नं ७ | २०७५-०७९ | ३०००००००० | बिद्युत प्राधिकरण, गाउँपालिका | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | हाल्ने र झुङडी र चिफ्लेपहरामा नयाँ लाइन विस्तार | | | | | |

८. अपेक्षित उपलब्धि
जलविद्युत् जडित क्षमता हालको बाट बढेर १० औं मेगावाट पुगेको, केहि मे.वा. क्षमताका विद्युत् आयोजनाहरू निर्माण प्रक्रियामा भएको, .नयाँ प्रसारण लाइन निर्माण भएको,, राष्ट्रिय विद्युत् प्रणालीबाट विद्युत् सेवा प्राप्त गर्ने जनसङ्ख्या अनुपात ७० प्रतिशत पुगेको, थप वडामा विद्युत् सेवाको पहुँच पुगेको, थप २४ कि.मि.के.भी. प्रसारण लाइन निर्माण र थप १२ कि.मि. के.भी. प्रसारण लाइन विस्तार गरिएको, राष्ट्रिय प्रसारण लाइनबाट थप १००० हजार घरधुरीमा विद्युत् सेवा पुगेको र प्रतिव्यक्ति विद्युत् खपत ५ कि.वा. घण्टा पुगेको हुनेछ ।

३.३.६ वैकल्पिक ऊर्जा

१. पृष्ठभूमि
दिगो विकासका लक्ष्य, सबैका लागि दिगो ऊर्जाको अवधारणा, जलवायु परिवर्तनका असर न्यूनीकरण, लैङ्गिक समानता लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू कार्यान्वयन गर्न र हरित अर्थतन्त्रलाई प्रवर्द्धन गर्दै ऊर्जा सुरक्षाको सुनिश्चितता, ऊर्जाको पहुँच र वातावरणीय सन्तुलन स्थापित गर्न वैकल्पिक क्षेत्रको तीव्र विकास हुनु आवश्यक छ । नेपालको संविधानले वैकल्पिक ऊर्जाको विकास गरी आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति गर्ने नीति अङ्गीकार गरेको छ । राष्ट्रिय विद्युत् प्रसारण लाइन पुऱ्याउन कठिन भएका र छरिएर रहेका ग्रामीण बस्तीहरूमा सेवा पुऱ्याउन, सहरी क्षेत्रमा बढ्दो ऊर्जा सङ्कटलाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउन र परम्परागत एवम् आयातित ऊर्जामाथिको निर्भरतालाई कम गर्न विभिन्न किसिमका वैकल्पिक ऊर्जाको विकास र प्रवर्द्धन गरी यस क्षेत्रलाई विकासको मूल प्रवाहमा ल्याउनु जरुरी छ । यसअन्तर्गत बायोग्यास प्लान्टको जडान, सौर्य ऊर्जा प्रणाली र हावाबाट बिद्युत उत्पादन गरी उर्जा क्षेत्रमा राहात पुग्ने देखिन्छ ।

२. चुनौती तथा अवसर

चुनौती
वैकल्पिक ऊर्जाको माग र आपूर्तिबीच सन्तुलन कायम राख्नु, लक्षित समूहलाई ऊर्जाको पहुँचमा वृद्धि गर्नु, जनताको कमजोर आर्थिक स्थितिका कारण अत्यधिक अनुदान माग हुनु, कार्यक्रमको दिगोपना, प्रविधि हस्तान्तरण, राष्ट्रिय प्रसारण लाइन पुगेपछि वैकल्पिक ऊर्जाबाट उत्पादित विद्युतको उचित सदुपयोग, उपभोक्तालाई सहज रूपमा कर्जाको व्यवस्था गर्नु तथा दिगो विकासको लागि दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्नु वैकल्पिक ऊर्जा क्षेत्रका चुनौतीहरू हुन् । वैकल्पिक ऊर्जाका लागि चाहिने अधिकांश उपकरणहरू आयात गर्नुपर्ने र महँगो हुनु थप चुनौती हुन् ।

अवसर
न्यून आय भएका जनसमुदायमा वैकल्पिक ऊर्जाको पहुँचमा वृद्धि हुनु तथा ग्रामीण क्षेत्रमा सौर्य ऊर्जाप्रतिको आकर्षण बढ्दै जानु, यस क्षेत्रमा विभिन्न विकास साझेदारहरूको सहभागिता बढ्दै जानु, वैकल्पिक ऊर्जा प्रविधिको प्रवर्द्धनमा वित्तीय संस्था तथा निजी क्षेत्रहरूको सहभागिता बढ्दै जानु, स्वच्छ ऊर्जाको विकास र प्रयोगमा विश्वव्यापी लहर आउनु, वैकल्पिक ऊर्जा प्रविधिहरूलाई स्वच्छ विकास संयन्त्रको रूपमा विकास गर्न सम्भाव्यता अध्ययन गरी सम्भाव्य प्रविधिहरूलाई क्रमश: कार्बन परियोजना तथा कार्यक्रमको रूपमा विकास गर्दै लैजान सकिने अवस्था रहनु लगायतका अवसरहरू विद्यमान छन् ।

३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति
३.१ सोच
वैकल्पिक ऊर्जाको प्रयोगबाट आर्थिक विकासमा टेवा ।

३.२ लक्ष्य
स्वच्छ र वैकल्पिक ऊर्जाको माध्यमबाट परम्परागत र पेट्रोलियम ऊर्जामाथिको निर्भरतालाई कम गर्ने ।

३.३ उद्देश्य
१. स्वच्छ र वैकल्पिक ऊर्जाको उत्पादन बढाई आधुनिक ऊर्जाको पहुँच बढाउनु ।
२. राष्ट्रिय विद्युत् प्रसारण लाइन नपुगेका तथा पुऱ्याउन लागत प्रभावकारी नभएका क्षेत्रहरूमा वैकल्पिक विद्युत् सेवाको पहुँच बढाई आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउनु ।

रणनीतिहरू
१. वैकल्पिक ऊर्जाको विस्तार गरी ऊर्जा आपूर्ति प्रणालीको उल्लेख्य अंशको रूपमा यसलाई विकास गर्ने ।
२. पहुँच नपुगेका क्षेत्र, वर्ग र समूहसम्म वैकल्पिक ऊर्जा र यसको प्रविधिको पहुँच बढाउने ।
३. वैकल्पिक ऊर्जामा जनताको पहुँच बढाई जीवनस्तरमा सुधार र रोजगारीमा वृद्धि गर्ने ।

५ कार्यनीति
१. दाउराको प्रयोगलाई कम गर्दै लैजान बायोग्यास तथा सुधारिएको चुलो, बायोब्रिकेट जस्ता किफायती जैविक ऊर्जा प्रविधिहरूको प्रवर्द्धन एवम् विस्तार गरिनेछ ।
२. बैङ्क तथा वित्तीय संस्थाहरूलाई वैकल्पिक ऊर्जा क्षेत्रमा लगानी गर्ने वातावरण सिर्जना गरिनेछ ।
३. सम्भाव्य ठाउँमा वायु तथा सौर्य ऊर्जाबाट विद्युत् उत्पादन र विस्तार गरिनेछ ।
४. लघु तथा साना जलविद्युत्, सौर्य ऊर्जा, जैविक ऊर्जा तथा वायु ऊर्जाजस्ता वैकल्पिक ऊर्जाको प्रवर्द्धन, विकास एवम् विस्तार गरिनेछ ।
५. गरिब तथा विपन्न वर्गसम्म वैकल्पिक ऊर्जा प्रविधिको सुलभ र सरल पहुँच पुऱ्याउन
६. प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६ प्रमुख कार्यक्रमहरू
१. सौर्य ऊर्जा कार्यक्रम
२. जलविद्युतको सम्भावना कम भएका ठाउँहरूमा सौर्य विद्युत् प्रणाली जडान ।
३. सामुदायिक संस्थाहरूमा संस्थागत सौर्य विद्युत् प्रणाली जडान, सौर्य ड्रायर जडान गर्नुका साथै सौर्य मिनि ग्रिडमार्फत विद्युत् सेवा ।
४. लघु तथा साना जलविद्युत् आयोजनाहरूमार्फत विद्युत् उत्पादन ।
५. बायोग्यास, सुधारिएको चुलो तथा बायोब्रिकेटको व्यापक प्रवर्द्धन तथा विस्तार गर्न घरायासी बायोग्यास प्लान्ट, ठूला बायोग्यास प्लान्ट र सामुदायिक एवम् संस्थागत बायोग्यास प्लान्ट निर्माण तथा सुधारिएको चुलो जडान ।
६. बायोब्रिकेटहरू उत्पादन तथा वितरण, जैविक इन्धन उत्पादनसम्बन्धी नीति तर्जुमा तथा कार्यान्वयन र सहरी क्षेत्रमा उत्पादन हुने फोहोर, खेर गएका कृषि तथा वनजन्य पदार्थहरू प्रयोग गरी विद्युत् उत्पादन एवम् यातायात क्षेत्रमा बायो इथानोल र बायो डिजेलको प्रयोग ।
७. वायु ऊर्जा कार्यक्रम
८. वैकल्पिक ऊर्जा प्रविधिको विकास र प्रवर्द्धनलाई प्रभावकारी रूपमा अघि बढाउन तथा जनचेतना जगाउन वैकल्पिक ऊर्जाका प्रविधिहरू जडान गरी उपयुक्त ठाउँमा वैकल्पिक ऊर्जा पार्क स्थापना ।

७.कार्यान्वयन कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | स्थान | समय | अनुमानित बजेट | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गोबर ग्याँसको प्रशोधन | वडा नं १ | २०७५ | २००००० | गाउँपालिका | |
| २ | सबैको घरमा गोबर ग्याँस,सुधारिएको चुल्हो जडान भएको हुनुपर्ने | वडा नं ३ | २०७५ | ५००००० | गाउँपालिका | |
| ३ | गोबर ग्यास तथा सुधारिएको चुलो समय समयमा मर्मत संम्भार गरी प्रयोग | वडा नं ५ | २०७५ | ३००००० | गाउँपालिका,दातृ निकाय | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गर्ने | | | | | |
| ४ | सौर्य एवं वायु उर्जा र गोबर ग्याँसको जडान | वडा नं ६ | २०७६ | ११५००००० | गाउँपालिका,दातृ निकाय | |

८. अपेक्षित उपलब्धि

लघु तथा साना जलविद्युत्बाट ५ मेगावाट, साना तथा घरायसी सौर्य विद्युत् प्रणालीबाट ०.५ मेगावाट र वायु ऊर्जाबाट ०.०५ मेगावाट विद्युत् उत्पादन भई करिब २५ प्रतिशत जनतालाई विद्युत् सेवा पुगेको हुनेछ । १०० ओटा घरायसी बायोग्यास प्लान्ट र २००० वटा सुधारिएको चुलो जडान भएको हुनेछ । समग्र वैकल्पिक ऊर्जा प्रविधिसँग गाँसिएका व्यवसाय तथा उत्पादनमूलक प्रयोगबाट १७ नयाँ उद्यम सृजना तथा थप २०० रोजगारी सिर्जना भएको हुनुका साथै ४० घरधुरीमा विभिन्न आयआर्जनका क्रियाकलापहरू पनि सञ्चालन भएको हुनेछ ।

भौतिक पूर्वाधार विकास सम्बन्धी विद्यामान समस्याको विश्लेषण

तालिका नं.११ भौतिक पूर्वाधार विकास क्षेत्रका समस्या तथा सवालहरु, समाधानका उपायहरु

| **समस्यँ तथा सवालहरू** | **तत्कालिन असर** | **मुख्यकारणहरू** | **समाधानका सम्भावित उपायहरू** | **संभावित विषयगत उद्देश्य** | **लिनुपर्ने मुख्य-मुख्य रणनीतिहरू** |
|---|---|---|---|---|---|
| (क) सडक | | | | | |
| **भिरालो जमिन** | सडक निर्माण गर्दा अन्यन्त्र जग्गामा असर पर्ने | माटो,ढुङ्गा खस्ने सम्भावना | विस्तृत डिजाइन र सर्भे गर्दा उपयुक्त रुट हेरी सर्भे गर्ने | गाउँ गाउँमा सडक यातायातको पहुँच मार्फत उत्पादित कृषि फसलहरुको बिक्रि बितरण | • पूर्व सम्भाव्यता अध्ययन<br>• प्रारम्भिक वातावरणीय परिक्षण<br>• जिल्ला यातायात गुरु योजनासंगको तालमेल |

५.४ भौतिक पूर्वाधार विकासको सम्भावना र अवसरहरुको विश्लेषण

तालिका नं.१२ भौतिक क्षेत्रका अवसरहरु, संभावनाहरु, कमजोर पक्षरु र चूनौतीहरु

| **अवसरहरु** | **सम्भावनाहरु** | **कमजोर पक्षहरु** | **चूनौतीहरु** |
|---|---|---|---|
| **३.१ सडक यातायात** | | | |
| ▪ सडक निर्माणका लागि चारैतिरबाट काम सुरुभएको<br>▪ बलियो भूवनोट<br>▪ जनताको उच्च इच्छाशक्ति<br>▪ स्थानीय योजनामा सडक पहिलो प्राथमिकता<br>▪ राष्टिय गौरबको योजनामा अंकित<br>▪ स्थानीय निर्माण सामाग्रीको सहज | ▪ अन्तर्राष्ट्रिय बजार बन्ने सम्भावना<br>▪ पर्यटन गन्तव्य हुनसक्ने<br>▪ बिजुली, संचार, कृषि, शिक्षा, स्वास्थ्य, वन, उद्योग र अन्य क्षेत्रको विकासको सम्भावना<br>▪ स्थानीय जनताको सहज पहुँच<br>▪ राष्ट्रिय सडक सञ्जालसँग आवद्धता | ▪ कठिन भौगोलिक वनावट<br>▪ बाह्रै महिना काम गर्न ग्राह्रो<br>▪ जनतामा सडक प्रतिको जनचेतना हुनु तर सहभागिता कम हुनु<br>▪ नीति निर्माण तहमा प्रभाव पार्न नसक्दा कम स्रोत जुट्नु<br>▪ निर्माण भएका योजनाहरुको मरर्मत संहार नियमित नहुनु | ▪ मर्मतसम्भारका लागि बजेटको पर्याप्तता<br>▪ निर्माण कार्य समयमा सम्पन्न गर्न निर्माण व्यवसायीको लगनशीलता |

| **अवसरहरु** | **सम्भावनाहरु** | **कमजोर पक्षहरु** | **चूनौतीहरु** |
| --- | --- | --- | --- |
| उपलब्धता | | ▪ बजेटको कुशलतम रुपमा कार्यान्वयन नहुनु<br>▪ यन्त्र उपकरण, इन्धन र अन्य बाहय स्रोत साधन उपलब्ध नहुनु | |
| **३.२ जलविद्युत तथा वैकल्पिक उर्जा** | | | |
| ▪ पर्याप्त जल, वन तथा सौर्य शक्तिको उपलब्धता<br>▪ उपयुक्त भौगोलिक बनावट<br>▪ सहज अन्तर्राष्ट्रिय छिमेकी बजार<br>▪ उपयुक्त सरकारी नीति नियम<br>▪ नीजि लगानीकर्तालाई सहज वातावरण | ▪ अन्तर्राष्ट्रिय बजारको सम्भावना<br>▪ पर्यटन विकास<br>▪ बिजुली, सचार, कृषि, शिक्षा, स्वास्थ्य, वन, उद्योग र अन्य क्षेत्रको विकासको सम्भावना<br>▪ आर्थिक उन्नती गर्न सकिने | ▪ जनतामा जनचेतना नहुनु<br>▪ नीति निर्माण तहमा पहुँच नहुनु<br>▪ निर्माण भएका योजनाहरुको मर्मत संहार नहुनु ।<br>▪ वजेटको उपयुक्त कार्यन्वयन नहुनु<br>▪ कठीन भौगोलिक वनावट<br>▪ यातायातको समस्या<br>▪ राजनीतिक अस्थिरता<br>▪ पूँजी र जनशक्तिको अभाव | ▪ राष्ट्रिय प्रसारण लाइन निर्माणमा ढिलाई<br>▪ राजनीतिक अस्थिरता तथा असमझदारी<br>▪ प्राकृतिक प्रकोप<br>▪ स्थानीय जनता विस्थापित हुने अवस्था |
| **३.३ सिँचाई** | | | |
| • पर्याप्त जल स्रोतको उपलब्धता<br>• उपयुक्त भौगोलिक बनावट<br>• राज्यको प्राथमिकता<br>• पर्याप्त मात्रामा सिचाई योग्य जमिन हुनु | • अन्तराष्ट्रिय बजारसम्म जैविक खाद्य बिक्री गर्न सकिने सम्भावना<br>• नहरबाट बिजुली उत्पादन गर्न सकिने<br>• खाद्य सुरक्षा सहयोग<br>• आर्थिक उन्नती गर्न सकिने<br>• परनिर्भरता घटाउन सकिने<br>• कृषिमा विविधिकरण गर्न सकिने | • नीति निर्माण तहमा पहुँच नहुनु<br>• निर्माण भएका योजनाहरुको मर्मत संहार नहुनु ।<br>• वजेटको दुरुपयोग<br>• बजेटको भागवण्डा<br>• कठीन भौगोलिक वनावट<br>• निर्माण कार्य अत्यन्त खर्चिलो हुनु | • राजनीतिक अस्थिरता र असमझदारी<br>• प्राकृतिक प्रकोप<br>• वातावरणीय विनास<br>• दैव प्रकोप |
| **३.४ खानेपानी** | | | |

| अवसरहरु | सम्भावनाहरु | कमजोर पक्षहरु | चूनौतीहरु |
|---|---|---|---|
| • पर्याप्त र शुद्ध खानेपानीको श्रोतको उपलब्धता<br>• उपयुक्त भौगोलिक बनावट<br>• राज्यको प्राथमिकता<br>• खानेपानीसँग सिँचाईको पनि उपलब्धता | • शुद्ध खानेपानी आपूर्ति गर्न सकिने<br>• स्वच्छता, सरसफाई र पोषणको अवस्थामा सुधार गरी स्वास्थ्य सबल बनाउन सकिने<br>• खाद्य सुरक्षा र कृषिमा विविधिकरण सहयोग<br>• आर्थिक उन्नती गर्न सकिने<br>• मिनिरल वाटर निर्यात गर्न सकिने | • जनचेतना नहुनु, चेतना पुगे पनि तदनुरुप व्यवहार नबदलिनु<br>• आपूर्ति व्यवस्थामा समस्या<br>• योजनाहरुको नियमित मरर्मत संहार नहुनु<br>• वजेटको उपयुक्त उपयोग हुन नसक्नु<br>• कठीन भौगोलिक वनावट<br>• यातायातको अभाव<br>• योजना प्रक्रिया बलियो हुन नसक्नु<br>• पूँजी र जनशक्तिको अभाव<br>• तर्जुमा भएका योजना कार्यन्वयन नहुनु कार्यान्वयन भएका योजना सम्पन्न नहुनु<br>• यन्त्र उपकरण, इन्धन र अन्य स्रोतसाधनको उपलब्ध नहुनु<br>• सरोकारवाला निकायहरुको बीचमा समन्वयको अभाव | • राजनीतिक अस्थिरता र विकासमा असमझदारी<br>• प्राकृतिक प्रकोप<br>• वातावरणीय विनास<br>• मुल संरक्षणमा ध्यान दिइएन भने सुक्ने |
| **३.५ सञ्चार** | | | |
| • अधिकाँस घरधुरीमा सञ्चार सेवा ( मोवाइल र फोन उपलब्ध हुनु)<br>• गाउँपालिकामा सबै सिग्नल उपलब्ध टेलिभिजन र रेडियोको प्रयोग | • सचेतनाको विकास<br>• टेलिमेडिसिन र इ-लाइब्रेरीको सम्भावना<br>• शिक्षा स्वास्थ्य, उद्योग, कृषि, व्यापार, पर्यटन आदिको विकास र विस्तारमा सहयोग<br>• अन्तराष्टिय सम्बन्ध विकास र विस्तार<br>• भू-सतही सर्म्पक विस्तार<br>• सञ्चार तथा बौद्धिक व्यवसाय | • सञ्चार सम्पर्क भरपर्दो भई नसक्नु<br>• यातायातले सबै गाउँपालिका जोडिन नसक्नु<br>• पूँजी र जनशक्तिको अभाव<br>• यन्त्र, उपकरण र इन्धन आपूर्तिमा कठिनाई<br>• राष्ट्रिय पत्रिका समयमा नआउनु<br>• इन्टरनेट सुविधा नहुनु | • भूउपग्रहीय सर्म्पकमा भरपर्नु परेकोले महङगो सेवा<br>• अप्टिकल फाइभरको नेटवर्क जिल्लामा नहुनु<br>• लगानीमा उत्साह पैदा नहुनु |

| अवसरहरु | सम्भावनाहरु | कमजोर पक्षहरु | चूनौतीहरु |
|---|---|---|---|
| **३.६ सार्वजनिक निर्माण र आवास**<br>• स्थानीय निर्माण सामाग्रीको सहज उपलब्धता<br>• स्थानीय अदक्ष श्रमिक उपलब्ध<br>• स्थानीय सिप र प्रविधिको प्रयोग<br>• भौगोलकि वनावट र सार्वजनिक ठाउको उपलब्धता | • योजनाबद्ध वस्ती विकास गर्न सकिने<br>• सार्वजनिक जमिनको उपलब्धता<br>• स्वच्छ सफा वस्ती विकास<br>• भू उपभोग नीतिको कार्यान्वयन गर्न सकिने । | • योजना विहिन वस्ती विकास<br>• छरिएको वस्ती<br>• सम्पन्न योजनाबाट लाभान्वित हुन नसक्नु<br>• मौसमी वस्ती/घुम्ती वस्ती<br>• निर्माण सम्बन्धि आचार हिताको कार्यान्वयन नहुनु | • निर्माण सामाग्री ढुवानीमा समस्या<br>• सिपालु कामदार (मिस्त्री) को अभाव |

५.५ भौतिक पूर्वाधार विकास क्षेत्रको सोच तालिका

तालिका नं.१३ भौतिक पूर्वाधार विकासको सोँच तालिका

| विवराणत्मक संक्षेप | सूचकहरु | आधार तथ्याङ्क | | लक्ष्य | | | | | जम्मा लक्ष्य | पुष्ट्याइका आधार | जोखिम पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाइ | परिमाण | ७५/७६ | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | | | |
| **सडक तथा यातायात** | | | | | | | | | | | |
| **क्षेत्रगत उद्देश्य १:** सडक सञ्जालको थप विस्तार मार्फत यातायात सुविधा थप विस्तार भएको हुनेछ । | वर्षै भरि सडक पहुँच पुगेका जनसंख्या | प्रतिशत | ४५ | ५० | ६० | ७० | ८० | १०० | १०० | | |
| | सदरमुकामसँग सडक सञ्जालमा जोडिएका वडाहरु | संख्या | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ | | |
| | झिमरुक - प्यूठान खलङ्गा | किमि | | १० | २० | १० | ५ | १० | ५५ | | |
| | गापादेखि ८ वटै वडाहरुमा सडक विस्तार | किमि | | ५ | १० | १० | १० | १० | ४५ | | |
| | पुल | संख्या | | ० | | | | | | | |
| | झोलुङ्गे पुल | संख्या | | १२ | १० | १० | १० | | ४२ | | |
| **सूचना तथा संचार** | | | | | | | | | | | |
| क्षेत्रगत उद्देश्य नं. १: सूचना | टेलिफोन घनत्व | | | | | | | | | गापा. , | नेपाल सरकार र |

| विवरणात्मक संक्षेप | सूचकहरु | आधार तथ्याङ्क | | लक्ष्य | | | | | जम्मा लक्ष्य | पुष्ट्याइका आधार | जोखिम पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाइ | परिमाण | ७५/७६ | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | | | |
| तथा संचार सेवा र प्रविधि समसामयिक प्रभावकारी गुणस्तरीय र सर्वसुलभ भएको हुने । | इन्टरनेट ग्राहकको घनत्व | प्रतिशत | | | | | | १०० | | टेलिकम कार्यालय , | दातृनिकायहरुको सहयोग निरन्तर उपलब्ध हुने |
| | रेडियोको राष्ट्रिय प्रसारणको पहुँच | प्रतिशत | | | | | | | | | |
| | आधारभूत टेलिफोन (PSTN) पुगेको वडा | संख्या | | | | | | | | | |
| प्रतिफल १.१: दूरसञ्चार सेवाको विस्तार, आधुनिकीकरण र विविधीकरण भएको हुने । | आधारभूत टेलिफोन (PSTN) ग्राहक | संख्या | | | | | | | | | |
| | मोबाइल टेलिफोन ग्राहक | संख्या | | | | | | | | | |
| | अन्य टेलिफोन | संख्या | | | | | | | | | |
| | जम्मा टेलिफोन | संख्या | | | | | | | | | |
| प्रतिफल २.२: सूचना प्रविधिको प्रयोगले हुलाक सेवा आधुनिक र छिटो छरितो भएको हुने । | टेलीसेन्टरको स्थापना भएको वडा | संख्या | | | | | | | | | |
| | हुलाक बचत बैक सेवा प्रदान गर्ने हुलाक | संख्या | | | | | | ८ | | | |
| **उर्जा तथा वातावरण** | | | | | | | | | | | |
| **क्षेत्रगत उद्देश्य १ :** दिगो उर्जा मार्फत गाउँबासीको जिवनस्तरमा सुधार र आर्थिक गतिविधिमा बृद्धि हुने । | | | | | | | | | | | |
| प्रतिफल १.१: विद्युतको पहुँचमा बृद्धि भएको हुने । | उर्जा स्रोतमा पहुँच भएको जनसंख्या | (%) | ६० | ६५ | ७० | ७५ | ८० | ८५ | | | |
| | थप लाभान्वित घरधुरी | संख्या | | | | | | | | | |
| | विद्युत प्रसारण लाइनले जोडिएका गाउँपालिका | संख्या | ४ | ५ | ६ | ७ | ८ | ९ | | | |
| प्रतिफल १.२:परम्परागत ऊर्जा माथिको निर्भरतामा कमी आएको हुने । | काठदाउराको प्रयोग गर्ने घरधुरी | (%) | ४० | ३० | २० | १० | ५ | ५ | ५ | | |
| | थप सुधारिएको चुलो जडान | संख्या | | | | सम्पूर्ण | | | | | |

| विवराणत्मक संक्षेप | सूचकहरु | आधार तथ्याङ्क | | लक्ष्य | | | | | जम्मा लक्ष्य | पुष्ट्याइका आधार | जोखिम पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाइ | परिमाण | ७५/७६ | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | | | |
| प्रतिफल १.२:वैकल्पिक ऊर्जाबाट विद्युतको पहुँचमा वृद्धि भएको हुने। | लघु तथा साना जलविद्युत आयोजना | संख्या | | २ | ४ | १ | २ | १ | १० | ●गापा पार्श्व चित्र | नेपाल सरकार र दातृनिकायहरुको सहयोग निरन्तर उपलव्ध हुने |
| | सुधारिएको घट्टको | संख्या | | ५ | ५ | ५ | ५ | ५ | २५ | | |
| | वायोग्यासको | संख्या | | १ | १ | १ | १ | १ | ५ | | |
| | क्ष्लकतष्तगतष्यलबा क्यबिच क्थकतभ्रुजडान भएका स्वास्थ्य तथा शैक्षिक संस्था | संख्या | ५ | १० | १० | १० | १० | १० | ५० | | |
| **भवन तथा आवास** | | | | | | | | | | | |
| **क्षेत्रगत उद्देश्य नं. १:** सुरक्षित किफायति सार्वजनिक तथा नीजि भवनहरुको निर्माणका साथै सबै आय वर्गका लागि व्यवस्थित बसोबासको व्यवस्था हुने। | | | | | | | | | | | |
| प्रतिफल नं. १.१: लक्षित वर्गको आवास स्थितिमा सुधार भएको हुने। | न्यून लागतका आवासीय इकाइहरुको | संख्या | | १० | २० | ५० | १५० | २०० | ४३० | प्रगति प्रतिवेदन | आवश्यक वजेटको व्यवस्था |
| प्रतिफल नं. १.२: भूकम्पबाट हुने जोखिमा कमी हुने र सार्वजनिक निकायहरुबाट प्रवाह हुने सेवामा अपाङ्गता भएका व्यक्तिहरुको पहुँचमा बृद्धि हुने। | भवन सहिँता अनुरुपका सरकारी भवन | संख्या | | १० | १० | ५ | ५ | ५ | ३५ | | |

३.४.वातावरण तथा विपद् व्यबस्थापन

वतावरण तथा विपद् व्यबस्थापनका अवसर तथा चुनौतीहरु,सोच,लक्ष्य,उद्धेश्य,रणनीति तथा कार्यनीति,प्रमुख कार्यक्रमहरु,कार्यान्वयन कार्ययोजना र अपेक्षित उपलब्धीहरु देहाय बमोजिम रहेका छन् ।

३.४.१ वन तथा भू-संरक्षण

१. पृष्ठभूमि

नेपालको दिगो विकासमा वन क्षेत्रको महत्वपूर्ण योगदान रहिआएको छ । देशमा रोजगारीको सिर्जना, आय वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तै काठ, दाउरा, घासपात, गैरकाष्ठ वन पैदावारहरूको आपूर्तिका साथै कृषि, पशुपालन, पर्यटन र सिँचाइमा समेत वन क्षेत्रको उल्लेखनीय भूमिका रहेको छ । जनसहभागितामूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय आर्थिक-सामाजिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेको हुँदा वन क्षेत्र राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहन गएको छ । सन् २०१५ को वनस्रोत सर्वेक्षणअनुसार वनले ढाकेको क्षेत्र कुल भू-भागको ३९.६ प्रतिशतबाट बढेर ४४.५ प्रतिशत पुगेको छ । विशेष गरी पहाडी क्षेत्रमा वन क्षेत्रले ढाकेको भूभागमा वृद्धि भएको छ भने झाडी बुट्यानले ढाकेका क्षेत्रहरू वन क्षेत्रमा रूपान्तरित हुनुका साथै वन क्षेत्रबाहिरको भू-भागमासमेत वनको वृद्धि भएको छ । नेपालले अवलम्बन गरेको समुदायमा आधारित वन तथा संरक्षित क्षेत्र व्यवस्थापन सामुदायिक वन, साझेदारी वन, मध्यवर्ती सामुदायिक वन, संरक्षण क्षेत्र, कबुलियती वन आदि) विश्वमै उदाहरणीय रहेको छ । समुदायद्वारा व्यवस्थापन गरिएको वन क्षेत्रको हकमा निकुञ्ज तथा आरक्षहरूको थप व्यवस्थापनको लागि टेवा पुऱ्याउन १२ ओटा समुदायमा आधारित मध्यवर्ती क्षेत्रहरूको व्यवस्थापन भइरहेको छ । नीतिगत रूपमा वन नीति, २०७१ र नेपाल वन क्षेत्र रणनीति, २०७२ कार्यान्वयनका क्रममा छन् । त्यस्तै दिगो विकासका लागि प्रकृति संरक्षणको राष्ट्रिय रणनीतिक प्रारूप, २०७२ जारी भई यिनीहरूको कार्यान्वयनको चरण सुरु भएको छ । साथै संवत् २०७१-२०८० लाई 'समृद्धिका लागि वन' भन्ने नारा तय गरी 'वन दशक' घोषणा गरी विशेष कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । यसर्थ पहाडी जिल्लामा वन संरक्षणका लागि प्रयासरत रहि सरकारद्वारा तय गरिएका प्रारुप,निर्देशिका र नीतिहरुको कार्यान्वयनका लागि झिमरुक गाउँपालिकाको पनि योगदान रहनेछ ।

२. चुनौती तथा अवसर

चुनौती

नयाँ राजनीतिक व्यवस्था बमोजिम सङ्गठनात्मक संरचना तयार पार्नु र कार्यान्वयनमा ल्याउनु, वन क्षेत्रको लैङ्गिक तथा सामाजिक समावेशीकरण, मूलप्रवाहीकरण रणनीतिको प्रभावकारी कार्यान्वयन गर्नु, वन क्षेत्रबाट उत्पादन हुने लाभ तथा सेवालाई न्यायोचित आधारमा बाँडफाँड गर्न शासकीय सुदृढीकरण गर्दै स्थानीय जनताको आधारभूत आवश्यकताहरू ( काठ,दाउरा, घाँस, स्याउला)को आपूर्ति व्यवस्थापनलाई समुदायस्तरदेखि राष्ट्रियस्तरसम्म व्यवस्थापन गर्नुका साथै सरोकारवालाहरूसँग सहकार्य गरी वनको दिगो र वैज्ञानिक व्यवस्थापनलाई अझ सुदृढ गर्नु वन क्षेत्रका प्रमुख चुनौती हुन् ।चुरे क्षेत्रको कमजोर भूगर्भ र अव्यवस्थित दोहनबाट भावर र तराई क्षेत्रको जीवनाधारमा परेको जोखिम न्यूनीकरण गर्नु, गाउँपालिकामा बसोवास गर्ने वनक्षेत्रबाट टाढा रहेका घरधुरीहरूको वनबाट प्राप्त हुने वस्तु तथा सेवाहरूमा पहुँच पुऱ्याउनु, वन अतिक्रमण नियन्त्रण तथा वन डढेलो नियन्त्रण गर्नु र यसका लागि स्थानीय क्षमता र जिम्मेवारी वृद्धि गर्नु तथा गाउँपालिकाको भौतिक एवम् आर्थिक-सामाजिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने द्वन्द्व व्यवस्थापन गर्नु यस क्षेत्रका चुनौती रहेका छन् । यसका अतिरिक्त वन फँडानीबाट हुने जलवायु परिवर्तन न्यूनीकरण, विपद् जोखिम न्यूनीकरण र वन तथा वनमा आश्रित समुदायका लागि दिगो अनुकूलनका कार्यक्रम सञ्चालन गर्नु थप चुनौतीहरू हुन् ।

अवसर

वनले ओगटेको भूभाग वृद्धि हुँदै जानु, वनको दिगो र वैज्ञानिक व्यवस्थापनबाट काष्ठ तथा गैरकाष्ठ वन पैदावारको व्यावसायिक उत्पादन र वितरण हुने अवस्था बन्नु, विश्व उष्णीकरण र जलवायु परिवर्तनको दरलाई न्यूनीकरण गर्न वनको अहम् भूमिका हुने भएकोले वन संरक्षण र विकासबाट कार्बन संरक्षण र सञ्चितिको फाइदा पुग्ने, वन तथा जैविक विविधता संरक्षणबाट पर्यापर्यटनलाई संस्थागत र विकास गर्ने तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्वारा भूक्षय नियन्त्रण गर्दै जलस्रोत अभिवृद्धि र कृषि विकासमा टेवा पुऱ्याउने अवसरहरू वन क्षेत्रमा रहेका छन् । जैविक तथा हरित वस्तुहरूको स्वदेश तथा विदेशमा माग बढ्दै गएकाले वन्यस्रोतमा आधारित व्यवसायहरूबाट हरित रोजगारीको सृजना हुनसक्ने र पारिस्थितिक सेवाको माग बढ्ने सम्भावना देखिन्छ । साथै वनस्रोतको घनत्व, विविधता र वन उद्यमशीलता सिर्जना गर्न सक्ने गरी वनस्रोतको उचित र दिगो व्यवस्थापन गर्नु यस क्षेत्रको अवसर हो ।

३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

३.१ सोच

विविधतायुक्त वनस्रोत समृद्ध जलाधार,पर्यापर्यटन रोजगारीको प्रमुख आधार

३.२ लक्ष्य

वन, वनस्पति, जडीबुटी, वन्यजन्तु, जैविक विविधता र जलाधारको समुचित संरक्षण, संवर्द्धन, गरी रोजगारी सिर्जना तथा जीविकोपार्जनमा सुधार गर्ने ।

३.३ उद्देश्य

१. दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्नु ।
२. जैविक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्नु ।
३. जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्दै जल, जलस्रोत तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकीकृत संरक्षण र व्यवस्थापन गर्नु ।

४ रणनीति

१. विद्यमान वन क्षेत्र कायम राखी वनको घनत्व, उत्पादकत्व र उत्पादन वृद्धिको लागि वनको सहभागितामूलक दिगो एवम् वैज्ञानिक व्यवस्थापन गर्ने ।
२. दिगो वन व्यवस्थापन र संरक्षणमार्फत वातावरणीय सन्तुलन कायम राखी जलवायु परिवर्तन न्यूनीकरणका सम्भावित लाभहरूलाई स्थानीय स्तरसम्म पुऱ्याउने ।
३. वन पैदावारमा आत्मनिर्भरता हासिल गर्दै यसमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने ।

५ कार्यनीति

१. वैज्ञानिक वन व्यवस्थापनको माध्यमद्वारा वनको संरक्षण र वन पैदावारको उपयोग गरिने छ ।
२. वन व्यवस्थापनमा समुदायको सहभागितलाई जोड दिइने छ ।
३. गाउँपालिकामा वातावरण मैत्री स्थानीय शासनलाई सक्रिय रुपमा अवलम्बन गरिनेछ ।
४. वन क्षेत्रको साङ्गठनिक तथा नीति नियमहरूको समयसापेक्ष सुधार गरिनेछ ।
५. वन डढेलो व्यवस्थापनको लागि संस्थागत संरचनाको निर्माण तथा पूर्व तयारी, डढेलो नियन्त्रण र आकाशे पानी सङ्कलन कार्यक्रममा जनताको सहभागिता अभिवृद्धि गरिनेछ ।
६. निजी तथा सार्वजनिक जग्गाहरूमा वृक्षारोपण गरी वन क्षेत्रको विस्तार र वनपैदावारको आपूर्तिमा सहज हुने कार्यक्रम सञ्चालन गरिनेछ ।
७. सबैखाले वनहरूमा आन्तरिक पर्यापर्यटन प्रवर्द्धन गर्न जैविक विविधता र सिमसार (पानीको मुहान, कुवा, इनार) क्षेत्रको संरक्षण कार्यलाई प्राथमिकता दिइनेछ ।
८. गाउँ र गाउँ वरिपरि रहेका वन, हरियाली, सिमसार, पानीका मुहान, खाली क्षेत्र, नदीतटको उचित व्यवस्थापन गरिनेछ ।
९. जलवायु परिवर्तनले पारिस्थितिकीय तथा जलाधारीय प्रणालीमा पार्ने नकारात्मक प्रभाव न्यूनीकरण, अनुकूलन र समानुकूलन गर्न स्थानीय समुदायको क्षमता अभिवृद्धि गरिनेछ ।
१०. स्थानीय अनुकूलन योजना निर्माण गरी समुदायमा आधारित वन व्यवस्थापन कार्ययोजनाहरूमा मूलप्रवाहीकरण र सेवा प्रदायकहरूको क्षमता विकास गरिनेछ ।
११. वन व्यवस्थापन कार्यलाई उद्योगको रूपमा विकास गर्न वन तथा वनपैदावारमा आधारित उद्यमशीलता विकास तथा उद्योग व्यवसाय सञ्चालन गरी हरित रोजगारी वृद्धि गरिनेछ ।
१२. सामुदायिक वनको पैदावारको उत्पादन, प्रशोधन र उपयोगको विषयमा अध्ययन अनुसन्धान गरी उत्पादन र बजारको विविधीकरण र प्रविधि विकास एवम् हस्तान्तरण गरिनेछ ।

१३. विपन्नमुखी आयमूलक, रोजगारमूलक तथा जीविकोपार्जन सुधारसम्बन्धी कार्यक्रमहरू सबै वन व्यवस्थापन प्रणालीमा कार्यान्वयन गरिनेछ ।
१४. सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट उत्पादन हुने वन पैदावारहरूको बिक्री वितरण तथा वनस्रोतमा आधारित व्यवसायलाई सहज बनाउन कानुनी र नीतिगत सुधार गरिनेछ ।

६ प्रमुख कार्यक्रमहरू

१. वन डढेलो नियन्त्रण तथा व्यवस्थापनको लागि साधनस्रोत र व्यवस्थापकीय क्षमताको अभिवृद्धि । वन डढेलो लगाउने अपराधीहरूलाई कानुनी कारबाहीको दायरामा ल्याइने गरी संस्थागत विकास र डढेलो नियन्त्रणमा हुने मानवीय क्षतिको उचित राहत र सम्मान ।
२. प्राकृतिक तालतलैयाहरूको संरक्षण, जलाधार संरक्षण, सुक्खा क्षेत्रहरूमा पोखरीहरूको निर्माण साथै सुराकी परिचालन एवम् वन अतिक्रमण नियन्त्रण ।
३. सामुदायिक वन उपभोक्ता समूहहरूको संस्थागत सुदृढीकरण तथा सुशासनको लागि वन कार्ययोजना ।
४. वन उद्यम तथा वन पैदावरको व्यवसायीकरण ।
५. वनहरूको दिगो र वैज्ञानिक व्यवस्थापनको लागि क्षमता वृद्धि कार्यक्रमहरू सञ्चालन ।
६. गरिब तथा विपन्न परिवारलाई प्रत्यक्ष लाभ र आय वृद्धिमा योगदान हुने गरी कबुलियती वन कार्यक्रमको विकास र विस्तार
७. वनको दिगो व्यवस्थापन गरी वनपैदावारको सहज आपूर्ति एवम् स्थानीय रोजगारी तथा राजस्वमा योगदान ।
८. वन पैदावारको उत्पादन गरी वन क्षेत्रमा हुने चापलाई न्यूनीकरण गर्दै कृषि तथा पशु विकासमा टेवा पुर्‍याउन र स्थानीय वातावरणीय सन्तुलनसम्बन्धी कार्यक्रम सञ्चालन ।
९. निजी वन, स्थानीय स्तरमा सञ्चालन भइरहेको पारिवारिक वन, सार्वजनिक स्थानहरूमा वृक्षरोपण, नर्सरी र वनजन्य उद्यम स्थापनाका लागि प्रवर्द्धन र सहयोगात्मक कार्यक्रम ।
१०. निजी नर्सरीबाट बिरुवा खरिद,जडीबुटी उद्यमी तथा निजी नर्सरीलाई सहयोग,जडीबुटी तथा हरित उद्यमी, उत्पादक समूह र सहकारी संस्थालाई परिचालन गरी उत्पादन, भण्डारण तथा प्रशोधन गराउन पकेट क्षेत्रमा कार्यक्रम सञ्चालन
११. वनस्रोतको प्रयोग वा बिक्रीबाट प्राप्त आम्दानीको केही अंश सोही क्षेत्रमा लगानी गर्ने व्यवस्थाको प्रभावकारी कार्यन्वयन सुनिश्चितता तथा अनुगमन ।
१२. स्थानीयलाई प्रत्यक्ष लाभ प्राप्त हुने गरी कृषि र पशुपन्छी क्षेत्रसँगको समन्वयमा विशेष आयआर्जनका कार्यक्रम सञ्चालन ।

७.कार्यान्वयन कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | स्थान | समय | अनुमानित बजेट | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सौतामारे सामुदायिक वन व्यबस्थापन | वडा नं १ | २०७५ | ४०००००० | गाउँपालिका | |
| २ | सौतामारे सामुदायिक वन हेरालोको व्यबस्था,बृक्षारोपण,जनचेतनामुलक कार्यक्रमहरु संचालन व्यबस्थापन | वडा नं १ | २०७५ | ५०००००० | गाउँपालिका | |
| ३ | प्रत्येक नाङ्गा डाँडामा वृक्षारोपण गर्ने जनचेतना दिने | पातल कटेरी छहरा, कोरपानी, पधेरी पाला, मडकेना, धारा पानी, बृधि चौर, रातापखरा, जबुने | २०७५ | ३००००० | गाउँपालिका ,दातृ निकाय | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पोखरी, उदुन ढुङ्गा, भिमेपखरी, गाडीचौर, हिले, माझ कत्तती, खानीवन, धेरेनी | | | | |
| ४ | जाली तारको व्यवस्था गर्ने, ढलको निकासी गर्ने | सुमन्ते चौर, गडेरपानी स्याल दुला, पधेरा पातला, कारतीपखर, आगरा म्यालखाडा , छहरा पातलकटेरी कनिकापाटा, रोटेपानी, खानीवन | २०७६ | ६००००० | गाउँपालिका ,दातृ निकाय | |
| ५ | गाउँपालिकामा वन सम्बन्धि नीति निर्माण गर्नुपर्ने,वन समिति सक्रिय हुनुपर्ने र उपभोक्ताहरुलाई जनचेतना सम्बन्धि तालिमको व्यवस्था | वडा नं ३ | २०७५ | २,५०,००० | गाउँपालिका ,जिल्ला वन कार्यालय | |
| ६ | वनक्षेत्रमा वृक्षारोपण गर्नु पर्ने | नेवारे, तुषार पानी, वडामेला, कोछेखण्ड, साउनेपानी, खसीलोटे र वासाखोला | २०७५ | ६००००० | गाउँपालिका ,जिल्ला वन कार्यालय | |
| ७ | बजार संरक्षण र श्री लक्ष्मी मा.विमा तार जालीको ब्यबस्था गर्ने | सातडुडे र वाङ्गे फेदी | २०७६ | ६००००० | गाउँपालिका ,जिल्ला वन कार्यालय | |
| ८ | सामूदायीक वन संरक्षणको लागि आवश्यकता अनूसारको उपभोक्ता समिती वनाउनु पर्ने | पतिखोरीया | २०७६ | १००००० | गाउँपालिका ,जिल्ला वन कार्यालय | |
| ९ | वन संरक्षण संग सम्वन्धि उपभोक्ताहरुबाट समय समयमा गोष्ठिहरु,जनचेतनामुलक कार्यक्रम,डढेलो नियन्त्रणका लागि आवश्यक तालिम प्रदान गर्ने | वडा नं ५ | २०७५ | २००००० | गाउँपालिका ,जिल्ला वन कार्यालय | |
| १० | वनलाई उजाड हुन नदिन ठाउं सुहाउदो विरुवा छानि वृक्षारोपणको अभियान संचालन गर्ने | वडा नं ५ | २०७५ | १००००० | गाउँपालिका ,जिल्ला वन कार्यालय | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | उचित समयमा घाँस दाउरा काट्ने नियम बनाउने,गाई, बाखा छाडा नछोड्ने, उपभोक्ताहरुलाई सचेत गराउने, आगलागी सम्बन्धि तालिमको व्यवस्था गर्ने | वडा नं ६ | २०७५ | १००००० | गाउँपालिका | |
| १२ | शिरखोला देखि दहरखोला सम्म नदी नियन्त्रण गर्ने | अर्गली, चिसावाङ्ग र कुटिचौर | २०७५ | ३००००० | गाउँपालिका | |
| १३ | खाडा गैरा देखि चिचिन्डे पखनडाडासम्म तार जालीले पहिरो नियन्त्रण | वडा नं ६ | २०७५ | ३००००० | गाउँपालिका | |
| १४ | कबुलियती,सामुदायिक र राष्ट्रिय वनमा हुने डढेलो,आगलागी र चोरी नियन्त्रण गर्न वनपालेको ब्यबस्था गर्ने | वडा नं ७ | २०७५ | २००००० | गाउँपालिका | |
| १५ | प्रत्येक समुदार वनको सिमाना र क्षेत्रफल किटान गरो घेरवार गर्न लगाउने, वन हेराला नभएको ठाउँमा वन हेराला राखी उचित व्यवस्थापन गर्ने | वडा नं ८ | २०७५ | ७५००००० | गाउँपालिका | |
| १६ | लालीगुराँस पार्कको निर्माण | वडा नं ८ | २०७७ | ११०००००० | गाउँपालिका | |
| १७ | स्कुल भवन जोखिम अवस्थामा रहेकोले तार जालीको व्यवस्थापन | पाडेमेला | २०७५ | २०००००० | गाउँपालिका | |
| १८ | वसौ, गमी, भाडाखोला, सिप केहुग, गोब्दी खोला नियन्त्रण | वडा नं ८ | २०७५ | १५००००० | गाउँपालिका | |
| १९ | वन उपभोक्ता समितिहरुलाई चेतनामुलक तालिम | सम्पूर्ण वडाहरु | २०७८ | ७४०००० | गाउँपालिका | |
| २० | बृक्षारोपण कार्यक्रम | सम्पूर्ण वडाहरु | २०७९ | ११५०००० | गाउँपालिका | |
| २१ | समुदार वनको सिमाना र क्षेत्रफल किटान गरी घेरवार लगाउने, वन हेराला नभएको ठाउँमा वन हेराला राखी उचित व्यवस्थापन गर्ने | सबै सामुदायिक वनहरुमा | २०७८ | ७५००००० | गाउँपालिका | |
| २२ | नदी तटबन्दन र तार जालीको ब्यबस्था गर्नुपर्ने | सम्पूर्ण वडाहरु | २०७८ | १५०००००० | गाउँपालिका | |

८. अपेक्षित उपलब्धि

विद्यमान वन क्षेत्र कायम राखी वनको घनत्व, विविधता र उत्पादकत्वमा गुणात्मक वृद्धि भएको, समुदायमा आधारित वन व्यवस्थापन प्रणालीहरू अझ सुदृढ र सबल भएका र वनबाट प्राप्त हुने वस्तु तथा सेवाहरूको विविधीकरणसहित उक्त वस्तु तथा सेवाहरू विपन्न तथा वञ्चित समूहहरूसम्म पुगेको हुनेछ । साझेदारी तथा सरकारद्वारा व्यवस्थित वन क्षेत्रबाट दाउरा उत्पादन भई काठ दाउराको उत्पादन बढेको, आपूर्ति सहज भएको र राजस्व वृद्धि भएको हुनेछ । समुदाय तथा निजी क्षेत्रबाट काठको आपूर्ति भएको हुनेछ । सामुदायिक वन व्यवस्थापनबाट सम्पुर्ण घरधुरीलाई काठ, दाउरा लगायत अन्य वन पैदावारको आपूर्ति सहज भएको हुनेछ । कबुलियती वन कार्यक्रमबाट वन र वातावरण संरक्षणको साथै गरिब घरधुरीको जीविकोपार्जन तथा आयआर्जनमा वृद्धि भएको हुनेछ । वन डढेलोजस्ता प्राकृतिक प्रकोपको नियन्त्रणमा टेवा पुगी जलवायु परिवर्तन न्यूनीकरण तथा विपद् जोखिम न्यूनीकरणमा विशेष योगदान पुगेको हुनेछ ।

३.४.२ वातावरण तथा विपद् व्यवस्थापन

१. पृष्ठभूमि

भिमरुक गाउँपालिका विपद्को उच्च जोखिममा रहेकाले विपद्का कारण वर्षेनी धनजनको ठूलो क्षति हुने गरेको छ । मुख्यतः अतिवृष्टि, बाढी, पहिरो, हावाहुरी, चट्याङ, आगलागी, खडेरी, महामारीहुनसक्ने कारण विपद्को जोखिम उच्च रहेको छ ।

यसैगरी आउँ, भाडा पखाला र स्वाइन फ्लुजस्ता रोगहरू पनि विपद्को कारकका रूपमा देखिएका छन् ।

विपद्का समयमा आश्रय स्थलका लागि खुल्ला क्षेत्र आवश्यक पर्ने भएकाले गाउँपालिका क्षेत्रमा खुल्ला क्षेत्र कायम गर्ने कार्य अगाडी बढाउनु पर्ने हुन्छ । जिल्लामा जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र ९म्भइअ० स्थापना भए जस्तै गाउँपालिका स्तरमा पनि सञ्चालन गर्नु पर्ने आवश्यकता छ । विपद्को समयमा नदीहरूले पुल बगाई वा भाँचिई बाटो र सडक अवरुद्ध भएमा तत्काल सडक यातायात सुचारु गर्न तत्काल प्रयोग गर्न सकिने गरी अस्थायी पुल राख्नु पर्ने हुन्छ । विपद्पछि लेखाजोखामा एकरुपता कायम गर्न विपद् लेखाजोखा निर्देशिका जारी गर्नु पर्ने,गाउँ विपद् पूर्वतयारी प्रतिकार्य योजना तयार गर्नुका साथै अद्यावधिक गर्नु पर्ने, स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयनमा रहेको अवस्था छ । आपत्कालीन अवस्थामा स्थानीय दैवी प्रकोप समितिहरू सक्रिय हुनुपर्ने अवस्था छ । विपद्को समयमा मानवीय सहायताका कार्य गर्ने विभिन्न सङ्घ संस्थाहरूको सहयोग लिने गरिएको छ । विपद् जोखिम न्यूनीकरण गर्न, खोज, उद्धार र तत्काल राहत कार्यलाई व्यवस्थित गर्न र विकास संरचना सुरक्षित गर्न विकासका सबै प्रक्रियामा विपद् व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने कार्यलाई प्रभावकारी बनाई विषयगत/क्षेत्रगत रूपमा लागु गरी दिगो र सुरक्षित विकासको अवस्था सुनिश्चित गर्नु जरुरी छ ।

२. चुनौती तथा अवसर

चुनौती

विपद्का सबै कारणहरूको असर तथा प्रभावको वैज्ञानिक अनुसन्धान गरी क्षेत्रगत विकास योजना तर्जुमा गर्ने, भौतिक विकासको स्वरूपलाई भविष्यको आर्थिक विकासको बाधक बन्न नदिन स्थानीय तहका सेवाकेन्द्र तथा बस्तीहरूको आर्थिक-सामाजिक तथा भौतिक सम्पर्कलाई आर्थिक उत्पादनसँग जोड्ने, सुरक्षित बस्ती विकासको अवधारणाभित्र बस्ती विकासको योजना तर्जुमा र कार्यान्वयन गर्ने र सम्पूर्ण भौतिक पूर्वाधारसहितको विपद् उत्थानशील एकीकृत बस्ती विकास गर्ने चुनौती रूपमा रहेका छन् । त्यसरी नै विपद् प्रतिकार्यको समयमा संलग्न सरकारी निकाय, गैरसरकारी संस्था तथा नागरिकबीचको अन्तरसम्बन्ध कायम गरी समन्वय गर्ने विषयमा चुनौती देखिएको छ । पीडितको पहिचान, पीडितलाई तत्काल राहत तथा पुनर्स्थापनासम्बन्धी कार्यमा एकरूपता ल्याई दोहोरोपना सिर्जना हुन नदिनुसमेत चुनौती हुन् ।

अवसर

विगत्का सिकाइलाई समेत आधार लिई दिगो तथा सुरक्षित विकास सुनिश्चित गर्ने; स्थानीय पूर्वाधार विकास तथा एकीकृत बस्ति विकास कार्यलाई तालमेल हुने गरी विकास गर्ने, आर्थिक-सामाजिक रूपान्तरणका लागि जनजीविकामा सुधार भएको विपद् प्रतिरोधी गुणस्तरीय पूर्वाधारसहित विपद् उत्थानशील बस्ती विकास गर्ने, सबै प्रकारका विपद्को सामना गर्न आधुनिक प्रविधियुक्त संरचना र दक्ष जनशक्तिको विकास गर्ने तथा विकास साझेदारहरूबाट प्राप्त सहयोगलाई प्रभावकारी रूपमा परिचालन गरी आत्मनिर्भर बन्नेजस्ता अवसरहरू रहेका छन् । विपद्लाई विकाससँग जोडी योजना प्रक्रियाका विभिन्न चरणमा सम्बोधन हुने गरी मूलप्रवाहीकरण गर्ने प्रयास, विपद्को लागि पूर्वतयारी गर्ने परिपाटीको प्रारम्भ, प्रतिकार्यको लागि गाउँ विपद् प्रतिकार्य कार्ययोजना तर्जुमालगायतको पूर्व तयारीका नीतिगत तथा संस्थागत व्यवस्थाको सुदृढीकरण र कार्यविधिहरूको तयारी र केन्द्रदेखि स्थानीय तहसम्मका संस्थागत व्यवस्थाहरूलाई अवसरको रूपमा लिन सकिन्छ ।

३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

३.१ सोच

विपद्हरूको प्रभावकारी व्यवस्थापनबाट विपद् उत्थानशील गाउँको रूपमा विकास गर्ने ।

३.२ लक्ष्य

विपद्बाट हुने मानवीय, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने ।

३.३ उद्देश्य

विकासका सबै चरणमा विपद् व्यवस्थापनलाई समाहित गराई विपद्बाट हुने मानवीय एवम् भौतिकलगायतका क्षतिलाई न्यूनीकरण गर्नु ।

४ रणनीति

१. विभिन्न निकायबाट हुने विपद् व्यवस्थापनको कार्यलाई समन्वय गरी एकीकृत रूपमा सञ्चालन गर्ने ।
२. आपत्कालीन खोज,उद्धार,उपचार तथा तत्काल राहतका लागि क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने ।
३. विपद् जोखिम न्यूनीकरणलाई विकासका सबै आयाम तथा चरणमा मूलप्रवाहीकरण गर्ने ।
४. विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन नीतिगत व्यवस्थालाई समय सापेक्ष र व्यवहारिक बनाउने ।

५ कार्यनीति

१. विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय क्षमता अभिबृद्धि गरिनेछ ।
२. गाउँपालिकाको जोखिम नक्सांकनका आधारमा विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु वार्षिक योजनमा समावेश गरिनेछ ।
३. अन्तर वडा तथा अन्तर गाउँपालिका जल व्यवस्थापन नीति अवलम्बन गरिनेछ ।
४. गाउँ विपद् व्यवस्थापन रणनीतिलाई स्थानीय विपद् व्यवस्थापन भित्र संस्थागत गरिनेछ ।
५. विपद् व्यवस्थापन कार्यलाई गाउँपालिका तहबाट व्यवस्थापन गर्न वडातहसम्म संरचनाको व्यवस्था गरिनेछ ।
६. स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा समाहित गर्ने कार्यलाइ प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
७. बस्ती/समुदाय स्तरसम्म विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता विकास व्यवस्थापन गरी विपद् जोखिम न्यूनीकरण तथा अल्पीकरण गर्नका लागि गाउँपालिकाका वडा तहसम्म जनसचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
८. एकीकृत बस्ती विकासको सुरुवाती चरणदेखि नै विपद् विज्ञ, स्थानीय निकाय, योजनाविद्हरूलाई सहभागी गराएर भू-उपयोग नीति अनुकूल हुने गरी दीर्घकालीन बस्ती विकास योजना बनाई लागु गरिनेछ ।
९. विपद् व्यवस्थापनको सबै तहमा जलवायु परिवर्तन अनुकूलनको अवधारणालाई आत्मसात गरी जलवायु परिवर्तनको नकारात्मक असर न्यूनीकरण गर्ने विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६ प्रमुख कार्यक्रमहरू

१. स्थानीय आवश्यकता, सम्भावित विपद्लाई समेटेर विपद् व्यवस्थापन ऐन, नीति र कार्ययोजना तयार ।
२. विपद्को पूर्वानुमान, अनुगमन र तत्कालीन उद्धारसम्बन्धी कार्यलाई चुस्त र संस्थागत बनाउन विपद् व्यवस्थापनको लागि आवश्यक सबै सरकारी निकाय, निजी तथा सामुदायिक क्षेत्र र नागरिक समाजसमेत सम्मिलित स्थानी समन्वय तथा उद्धार निकायको व्यवस्था ।
३. जनचेतना अभिवृद्धि र आपत्कालीन खोज तथा उद्धारको लागि आवश्यक पर्ने जनशक्तिको विकास र औजार उपकरणको व्यवस्था ।

७.कार्यान्वयन कार्ययोजना

| क्र.सं | क्रियाकलाप | स्थान | समय | अनुमानित बजेट | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आकासे पानी संकलन पोखरी बनाउने | वडा नं २ | २०७५ | २००००० | गाउँपालिका | |
| २ | भूकम्परहित घरहरु बनाउनको लागि संचतेना कार्यकम गर्ने | वडा नं २ | २०७५ | ५००००० | गाउँपालिका | |
| ३ | टोलटोलमा विपद् ब्यबस्थापन समिति गठन गर्ने | वडा नं २ | २०७५ | ३००००० | गाउँपालिका ,दातृ निकाय | |
| ४ | आरूपाटा, आफ्रेखोला, साललेख, माझमेला जानेबाटोमा परेको ४ | वडा नं २ | २०७५ | २०००००० | गाउँपालिका , | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | घरलाई जोखिम ब्यबस्थापनका लागि व्यवस्था गर्ने . | | | | | |
| ५ | आरूपाटादेखि सिम्लेनी स्याल खोलासम्म खन्दा यहाको जोखिम बस्ति केरला सिम्लेनी जोगाउनका लागि पर्खाल जालीहरुको व्यवस्था | वडा नं ३ | २०७५ | २,५०,००० | गाउँपालिका, | |
| ६ | वाङ्गेको उर्लेनी, टिम्डाँडा र गर्तङ खोला र वाङ्गे फेदी बजार माथि पट्टी तार जाली लगाउने | वडा नं ४ | २०७५ | ६००००० | गाउँपालिका, | |
| ७ | प्राकृतिक प्रकोप सम्बन्धि जनचेतना शिक्षाको व्यवस्था गर्ने । | वडा नं ६ | २०७५ | ५००००० | गाउँपालिका | |
| ८ | बाढी पहिरो गएको ठाउँ सीता नि. मा. बि. दमैगौरा पहिरोमा तारजाली पर्खाल लगाएर नियन्त्रण गर्ने | वडा नं ७ | २०७६ | १००००० | गाउँपालिका, | |
| ९ | वाढीले गरेको क्षती, कटान भएको ठाउँमा विरुवा लगाउने जस्तै इस्नाखोला किमरट खोला कटान आदि | वडा नं ८ | २०७५ | २००००० | गाउँपालिका ,जिल्ला वन कार्यालय | |
| १० | आगलागी सम्बन्धि जनचेतना जगाउने, दोषीलाई उचित कार्वाही गर्ने | वडा नं ८ | २०७५ | १००००० | गाउँपालिका, | |

८.अपेक्षित उपलब्धि

विपद् व्यवस्थापनसँग सम्बन्धित कानुनी, नीतिगत तथा संस्थागत व्यवस्था र यससँग सम्बन्धित क्षेत्रगत योजना, नीति तथा कार्यक्रम तर्जुमा गरी लागु भएको हुनेछ । मापदण्ड तय गरी लागु भएको, पुनर्निर्माणको लागि योजना तर्जुमा भई लागु भएको साथै जलवायु परिवर्तनबाट सिर्जना हुने विपद्को जोखिम न्यूनीकरण भएको हुनेछ । विपद्का नयाँ आयाम र सिकाइहरू प्रतिविम्बित हुने गरी विपद् व्यवस्थापनसम्बन्धी कानुनी तथा संस्थागत व्यवस्था गरिनेछ । विपद् पूर्वतयारी, जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य लगायत विपद् व्यवस्थापनका विविध पक्षहरूलाई समेटी नीतिगत व्यवस्थामा समसामयिक परिवर्तन तथा
कार्यविधिहरूको संशोधन, परिमार्जन र तर्जुमासमेत गरी कार्यान्वयनमा ल्याइनेछ ।

३.४.३ वातावरण तथा जलवायु परिवर्तन

१. पृष्ठभूमि

जलवायु परिवर्तनका असरहरू एकआपसमा सम्बन्धित हुने भएकोले यसको प्रभावको सामना गर्न वातावरण संरक्षण तथा जलवायु परिवर्तनको प्रभाव अनुकूलन गर्दै समष्टिगत विकासका लक्ष्यहरू हासिल गर्ने महत्वपूर्ण सवाललाई मध्यनजर गरी स्थानीय नीति, कानुन तथा संस्थागत संयन्त्रहरूको व्यवस्था गरेको छ । वातावरणीय पक्षमा पर्ने प्रभाव तथा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न हरित विकासको अवधारणालाई आत्मसात् गरिएको छ । जलवायु परिवर्तनका क्षेत्रमा लगानी यकिन गर्न जलवायु परिवर्तन बजेट सङ्केतको व्यवस्था गरी विगत योजना अवधिदेखि नै कार्यान्वयनमा आइसकेको छ । स्थानीय अनुकूलन कार्यक्रमलाई कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय अनुकूलन कार्यक्रम कार्यान्वयन भइरहेको छ । वातावरण व्यवस्थापनलाई विकास कार्यसँग आबद्ध गर्ने क्रममा वातावरणीय प्रभाव मूल्याङ्कनलाई संस्थागत गर्ने प्रयत्न भएको छ । वातावरणमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन भइरहेको र बिस्तार हुने क्रममा छ ।

२. चुनौती तथा अवसर

चुनौती

जलाधार संरक्षण गर्नु, जलवायु परिवर्तनको असरबाट अनुकूलित हुनु, उद्योग, कलकारखाना, यातायात तथा अन्य मानवीय क्रियाकलापहरूबाट हुने फोहर तथा हरितगृह ग्यासको उत्सर्जनलाई न्यून गर्नु, गरिबी र अन्य कारणहरूबाट हुने वन विनासलाई रोक्नु, जलवायु वित्तमा पहुँच बढाई नतिजामूलक कार्यक्रम सञ्चालन गर्नु, जलवायु परिवर्तनको

असरबाट जोखिममा रहेका क्षेत्र र समुदायमा कार्यक्रम सञ्चालन गर्नु, जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूलाई जनस्तरमा नै आन्तरिकीकरण गर्नु र जलवायु परिवर्तनका विषयमा साझा आवाज स्थापित गर्नु चुनौती रहेका छन् ।

अवसर

दिगो विकासका लक्ष्यहरूमा अन्तर्राष्ट्रिय समुदाय र सरकारबाट प्रतिबद्धता जाहेर गर्नु, जलवायु वित्तको व्यवस्था हुनु, प्रकृति संरक्षण अनुकूलनको क्षमता बढाउन राष्ट्रिय कार्ययोजना छाता रणनीति तयार हुनु र जलवायु परिवर्तनका क्षेत्रमा उपलब्ध अन्तर्राष्ट्रिय सहयोगलाई राष्ट्रिय बजेट प्रणालीमा एकीकृत गर्नेजस्ता नयाँ अवसर हुन् ।

३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

३.१ सोच

स्वच्छ एवम् स्वस्थ वातावरण ।

३.२ लक्ष्य

वातावरणमैत्री र जलवायु परिवर्तनसँग अनुकूलित हुने गरी विकास कार्यक्रमहरू सञ्चालन गर्ने ।

३.३ उद्देश्य

१. वातावरण संरक्षण गराउनु ।
२. प्रदुषण न्यूनीकरण गराउनु ।
३. हरित विकासको अवधारणा अनुरूप मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई जलवायु परिवर्तन अनुकूलित गराउनु

४ रणनीति

१. वातावरण व्यवस्थापनलाई आन्तरिकीकरण गर्दै वातावरण संरक्षण एवम् प्रदूषण नियन्त्रणका लागि संस्थागत क्षमता अभिवृद्धि गरी विकास कार्यक्रमको अभिन्न अङ्गका रूपमा सञ्चालन गर्ने ।
२. जल तथा मौसमी सेवालाई विश्वसनीय, भरपर्दो, नियमित, गुणात्मक बनाई जलवायु परिवर्तन तथा प्रकोपले पार्ने असरलाई न्यूनीकरण गर्ने कार्यमा परिचालित गर्ने ।

५ कार्यनीति

१. जनस्तरमा वातावरणीय चेतना र सावधानी जगाउने कार्यक्रम सञ्चालन गरिनेछ ।
२. वातावरण र जलवायु परिवर्तनका क्रियाकलापमा दातृ निकाय, गैरसरकारी संस्था, स्थानीय निकाय, सामुदायिक संस्था एवम् अन्य निकायहरूबीच समन्वय र साझेदारी गरिनेछ ।
३. वातावरणमैत्री योजनाअनुरूप योजना तर्जुमा तथा कार्यान्वयनमा अन्तरनिकाय समन्वयलाई सुदृढ गरिनेछ ।
४. स्थानीय अनुकूलन कार्ययोजना मार्फत राष्ट्रिय अनुकूलन कार्ययोजनालाई स्थानीय तहमा कार्यान्वयन गरिनेछ ।
५. वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकूलन हुने खालका पूर्वाधार विकासमा जोड दिइनेछ ।

६ प्रमुख कार्यक्रमहरू

१. वातावरण संरक्षण तथा जलवायु परिवर्तन क्षेत्रमा संस्थागत क्षमता सुदृढीकरण र जनशक्ति विकास ।
२. वातावरण शिक्षा, वातावरणसँग सम्बन्धित सन्देशमूलक सामग्री उत्पादन र प्रचारप्रसार, वातावरणीय सरसफाइ ।
३. जलवायु अनुकूलित गाउँ ९ऋष्बितभ कबचत खर्बिनभ० को स्थापना र विकास ।
४. प्लास्टिकका झोलाको प्रयोगमा नियन्त्रण एवम् नियमन ।
५. विद्युतीय, लामो समयसम्म असर रहने विषादी तथा हानिकारक फोहोरमैला व्यवस्थापन ।

७. कार्यान्वयन कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | स्थान | समय | अनुमानित बजेट | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खाली जमिनमा बृक्षारोपण गर्न | ८ वटै वडा | २०७५ | ४०००० | गाउँपालिका | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | समुदायले प्रति घर १० बिरुवा रोप्ने | | | | | |
| २ | स्थानीय जलवायु परिवर्तन अनुकुलन कार्ययोजना निर्माण गर्ने | ८ वटै वडा | २०७५ | ८०००० | गाउँपालिका | |
| ३ | जलवायु परिवर्तन अनुकुलन सम्बन्धि जनचेतना कार्यक्रम सञ्चालन गर्ने | ८ वटै वडा | २०७५ | २००००० | गाउँपालिका ,दातृ निकाय | |
| ४ | पोखरीहरुको निर्माण तथा सफा राख्न चेतनामुलक कार्यक्रम संचालन गर्ने | ८ वटै वडा | २०७५ | ४०००० | गाउँपालिका , | |
| ५ | आगलागि र बाढी पहिरोबाट जोगिन पुर्वतयारीका कार्यक्रमहरु संचालन गर्ने | ८ वटै वडा | २०७५ | २,५०,००० | गाउँपालिका , | |
| ६ | हरियाली पार्कहरुको स्थापना गर्ने | ८ वटै वडा | २०७५ | १००००० | गाउँपालिका , | |
| ७ | जलवायु परिवर्तन अनुकुलनका लागि विपन्न परिवारलाई सहयोग | ८ वटै वडा | २०७५ | ५००००० | गाउँपालिका | |
| ८ | आगलागी नियन्त्रणका लागि दमकल खरिद | ८ वटै वडा | २०७६ | ८०००००० | गाउँपालिका | |
| ९ | डम्पिङ्ग साइटको स्थापना | ८ वटै वडा | २०७८ | १०००००००० | गाउँपालिका | |

८. अपेक्षित उपलब्धि

जलवायु परिवर्तनको जोखिम न्यूनीकरण, अनुकूलन र समयानुकूलन कायम भएको, जलवायु वित्तको खाका तयार भएको र स्थानीय अनुकूलन योजना तयार भएको हुनेछ । वातावरणीय प्रभाव मूल्याङ्कन भएका आयोजनाहरूको परीक्षण भएको, वातावरणीय शिक्षा र सचेतना अभिवृद्धि भएको हुनेछ ।

वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी विद्यामान समस्याको विश्लेषण

तालिका नं.१४ बन, बाताबरण तथा विपद् व्यवस्थापन क्षेत्रका समस्या तथा सवालहरु, समाधानका उपायहरु

| समस्यँ तथा सवालहरू | तत्कालिन असर | मुख्यकारणहरू | समाधानका सम्भावित उपायहरू | संभावित विषयगत उद्देश्य | लिनुपर्ने मुख्य-मुख्य रणनीतिहरू |
|---|---|---|---|---|---|
| **(क) बन** | | | | | |
| वनबिनाश | भुक्षय, बाढी ,पहिरो | उर्जाको बैकल्पिक व्यबस्था नहुनु<br>कमजोर वन प्रशासन | वन प्रशासनको सुदृढीकरण गर्ने<br>बैकल्पिक उर्जाको प्रबिधिको अधिकतम उपयोग गर्ने | वनको वैज्ञानिक व्यवस्थापनद्वारा वातावरणीय तथा विपद्को अवस्थामा सुधार ल्याउने । | सुधारिएको चुलोको प्रयोग<br>सामुदायिक वन व्यवस्थापनलाई बढि प्रभावकारी बनाउने |
| जैविक विविधतामा ह्रास | पारास्थितिक प्रणालीमा असर | वनबिनास<br>वन पैदावरको दोहन | वन संरक्षणमा बढावा दिनु पर्ने बृक्षा रोपण तथा तटबन्धन | वनको दिगो व्यवस्थापनद्वारा वातावरणीय तथा विपद्को अवस्थामा सुधार ल्याउने । | वनको बैज्ञानिक व्यबस्थापन<br>समुदायलाई वन संरक्षणमा अझै बढि जिम्मेवार बनाउने । |
| **(ख) जनसंख्या** | | | | | |
| जनसंख्याको असामानुपातिक वितरण | सामाजिक र आर्थिक विकास कमी | बसाईसराई | पूर्वाधारको विकासमा बृदि | विकासका पूर्वाधारको निर्माण गरी बस्तिलाई व्यवस्थित गर्ने । | सामाजिक र आर्थिक विकासका गतिबिधि सञ्चालन |
| **(ग) बस्ती विकास** | | | | | |
| अव्यवस्थित बस्ती | फोहोर मैलाको समस्या<br>रोग व्याधि फैलिनु | व्यवस्थित योजना नहुनु | व्यवस्थित योजनाको विकासको साथै कार्यान्वयनमा लानु | व्यवस्थित बस्तिको लागि योजनको निर्माण | सहरी तथा भबन डिभिजन र स्थानीय निकायलाई जिम्मेबारी बनाउने |
| छरिएको बस्ती | सेबा प्रबाहमा समस्या | कठिन भौगोलिक बनौटको कारण सेबासुबिधाको कमी | सेबा र सुबिधामा बृद्बि गर्ने | पुनर्बास गराइ बस्तिहरुलाई व्यवस्थित गराउने । | बस्ती विकास योजनामा सहभागी हुनेहरुलाई बिशेष सेबा सुबिधा प्रदान गर्ने |
| **(घ) जलवायु परिवर्तन र विपद् व्यवस्थापन** | | | | | |
| बाढि, पहिरो, भुक्षय, आगलागि | धनजनको क्षति<br>मानबीय तथा भौतिक क्षति | कमजोर भुबनोट<br>जनबायु परिवर्तनसँग मिल्ने उपायबारे जनचेतनको कमी | जिल्ला दैबिक प्रकोप अनुकूलन योजना समन्वय गनुपर्ने<br>जनचेतनामा बृदि ल्याउने | पुर्बातयारीमा बस्ने<br>जोखिम क्षेत्रको अध्ययन गर्ने<br>बृक्षारोपाण गर्ने<br>घटना घटिरहेको क्षेत्रको | जिल्ला दैबिक प्रकोप समितीलाई सक्रिय बनाउने |

| समस्यँ तथा सवालहरू | तत्कालिन असर | मुख्यकारणहरू | समाधानका सम्भावित उपायहरू | संभावित विषयगत उद्देश्य | लिनुपर्ने मुख्य-मुख्य रणनीतिहरू |
|---|---|---|---|---|---|
| | | | | फलोअप गर्ने | |
| तापक्रममा बृद्धि | हिमपहिरो<br>हिमनदीको समय अगाबै पग्लनु<br>हाबापानी,मौसम परिबतर्तन,बाली चक्रमा परिबर्तन,बासस्थानमा परिबर्तन | ओजन तह पातलिनु<br>औधोगिकीकरण र शहरीकरणमा बृद्वि<br>घना बस्ती | औधोगिकरण र शहरीकरणमा आधुनिकरण<br>रसायनको प्रयोगमा कमी | बनसंरक्षण,<br>बायुमण्डललाई असर गर्ने बिभिन्न किसिमका रसायानको प्रयोगमा कमी ल्याउनु | कार्बन उत्सर्जनमा कमी<br>कार्बन ब्यापरको विकास र बृद्वि |
| **(ङ) बैकल्पिक उर्जा** | | | | | |
| उर्जाको विकासमा एकद्वार प्रणाली नहुनु | होम लाईट नपुग्नु, सोलार बितरणमा समस्या<br>लघु जलबिद्युत निर्माणमा कठिनाई | सुविधा पुर्‍याउन नसक्नु बैकल्पिक उर्जा नितिमा अस्पष्टताभएको<br>नितिको पनि कार्यान्वयन प्रक्रियामा फितलो | विद्युतको सुविधा पुर्‍याउन स्पष्ट निति हुनुपर्ने<br>बैकल्पिक उर्जाका क्रियाकलापमा एक रुपता हुनु पर्ने | उत्पादनशील जिवनशैली ( शिक्षा, स्वास्थ्य) | सम्बन्धित निकायमा सम्मन्वय र सहकार्य गर्ने |
| ढुबानी तथा अनुदानको समस्या | समयमा बितरण नहुनु<br>समयमा नै योजना सम्पन्न नहुनु<br>लक्षित बर्गले प्रयोगबाट बञ्चित रहनु | यातायातको सुबिधा नहुनु<br>महगो तथा अबैज्ञानिक भाडा दर<br>समान तरिकाको अनुदानको ब्यवस्था | यातायातको सुबिधा हुनु पर्ने<br>सस्तो तथा बैज्ञानिक भाडा दर हुनु पर्ने<br>दुर्गम हेरी अनुदानको ब्यवस्था हुनु पर्ने | बनसंरक्षण ,<br>बायुमण्डललाई असर गर्ने बिभिन्न किसिमका रसायानको प्रयोगमा कमी ल्याउनु | |
| **(च) भौगोलिक सूचना प्रणाली** | | | | | |
| भूसतही सम्पर्कमा नजोडिनु | सुचना प्रबिधबाट बञ्चित रहनु<br>सूचना आदानप्रदानमा कठिनाई | भौगोलिक बनावट | भुसतही सम्पर्कको ब्यवस्था गर्ने सक्छौ | भुसतही रेडियो सम्पर्क गर्ने | सञ्चार पूर्वाधारको विकास गर्ने |
| जिल्ला तथा राट्रिष्य, | जिल्ला सुचना तथा सञ्चारबाट | सञ्चारको पूर्वाधार | पूर्वाधारको ब्यबस्था गनुपर्ने | केबल नेटबर्क रेडियो नेटवर्कको | राष्ट्रिय, अन्तराष्ट्रिय लगानी |

| समस्यँ तथा सवालहरू | तत्कालिन असर | मुख्यकारणहरू | समाधानका सम्भावित उपायहरू | संभावित विषयगत उद्देश्य | लिनुपर्ने मुख्य-मुख्य रणनीतिहरू |
|---|---|---|---|---|---|
| अन्तराष्ट्रिय सञ्जाल नहुनु | टाढा रहनु | नहुनु | | पुर्वाधारको व्यवस्था हुनुपर्ने | कर्तालाई सञ्चार क्षेत्रमा आकर्षण गराउने |

*स्रोतः समुह छलफलबाट पहिचान गरिएको, २०७४*

६.४ वन, वातावरण तथा विपद् व्यवस्थापनको सम्भावना र अवसरहरुको विश्लेषण

तालिका नं.१५ बन, बातावरण तथा विपद् व्यवस्थापन क्षेत्रका अवसरहरु, संभावनाहरु, कमजोर पक्षरु र चूनौतीहरु

| अवसरहरु | सम्भावनाहरु | कमजोर पक्षहरु | चूनौतीहरु |
|---|---|---|---|
| • बैकल्पीक उर्जाको विकास ।<br>• सहज रुपमा वनपैदावरको आपूर्ती ।<br>• वातावरण अनुकुलन कार्यक्रम संचालन ।<br>• बृक्षारोपण कार्यक्रम संचालन<br>• जनचेतना बृद्धि ।<br>• घना वनजंगलको बृद्धि, बनमा पाइने जीव जन्तुको संख्यामा बृद्धि, समयमै पानी पर्नु, जडिबुटि प्रयाप्त पाइनु । | • विकासको समानुपातिक वितरण<br>• भौतिक पूर्वाधारको निमार्ण ।<br>• जल बायु परिवर्तनका असरलाई न्युन गर्ने ।<br>• पाढिपहिरो, आगलागी, भुक्षय न्युनिकरण हुने ।<br>• उत्पादनमा बृद्धि । | • स्थानीय निकायले प्राथमिकता दिन नसक्नु<br>• वन उपभोक्ता समितिहरुको नियमित र प्रभावकारी अनुगमनमा कठिनाई हुँदा समितिको कार्यसम्पादनबाट वातावरण संरक्षण र विपद व्यवस्थापनमा नतिजा हासिल हुन नसकेको | • राजनैतिक परिवेशले विकासमैत्री वातावरण बनाउन नसक्नु<br>• पर्याप्त बजेटको अभाव<br>• वन अतिक्रमण नियन्त्रयामा कठिनाई |

६.५ वन, वातावरण तथा विपद् व्यवस्थापनको क्षेत्रको सोच तालिका

तालिका नं.१६ बन, बातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको सोँच तालिका

| विवराणत्मक संक्षेप | सूचकहरु | आधार तथ्याङ्क | | लक्ष्य | | | | | जम्मा लक्ष्य | पुष्ट्याइका आधार | जोखिम पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाइ | परिमाण | ७५/७६ | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | | | |
| **वन तथा भूसंरक्षण** | | | | | | | | | | | |
| **क्षेत्रगत उद्देश्य १:** वन पैदावरको अधिकतकम परिचालन हुने र वन क्षेत्रको सुशासन अभिबृद्धि हुने । | | | | | | | | | | | |

| विवरणात्मक संक्षेप | सूचकहरु | आधार तथ्याङ्क | | लक्ष्य | | | | | जम्मा लक्ष्य | पुष्ट्याइका आधार | जोखिम पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाइ | परिमाण | ७५/७६ | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | | | |
| प्रतिफल नं. १.१: दीगो वन व्यवस्थापन भएको हुने । | समुदायबाट व्यवस्थापन गरिएको वन क्षेत्र | हे. | | २० | २० | २० | २० | २० | १०० | | स्थानीय जनता, निकाय र प्रशासनबाट सहयोग प्राप्त हुने । |
| | समुदायमा आधारित वन व्यवस्थापन समुह गठन | संख्या | | | | | | | | | |
| | सरकारद्वारा व्यवस्थापन गरिएको वन क्षेत्र | हे. | | | | | | | | | |
| | बृक्षारोपण गरिएको क्षेत्र | हे. | | | | | | | | | |
| | धाार्मिक वनको क्षेत्र | हे. | | | | | | | | | |
| | नीजि वनको क्षेत्र | हे. | | | | | | | | | |
| प्रतिफल नं. १.२: वन क्षेत्र, वन्य जन्तु तथा वनस्पतीमा हुने जोखिमको न्यूनीकरण हुने | अतिक्रमणबाट हटाइएको क्षेत्र | हे. | ० | ० | ० | ० | ० | ० | ० | प्रगति प्रतिवेदन | |
| | वन डढेलो नियन्त्रण कार्य योजना | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | प्रगति प्रतिवेदन | |
| प्रतिफल नं. १.३: वन क्षेत्रमा सुशासन प्रवर्द्धन भएको हुने । | सार्वजनिक गुनासो सम्बोधन | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | प्रगति प्रतिवेदन | |
| | वन समूहको नेतृत्वदायि पदमा महिला तथा सिमान्तकृत वर्गको प्रतिनिधित्वको | प्रतिशत | ५ | १० | २० | ३० | ४० | ५० | ५० | प्रगति प्रतिवेदन | |
| | गरिवमुखी कवुलियती वनको | संख्या | | ५ | ५ | ५ | ५ | ५ | २५ | प्रगति प्रतिवेदन | |
| प्रतिफल नं. १.४: वन क्षेत्रको व्यवशायीकरण प्रवर्द्धन भएको हुने । | जडीबुटीको उत्पादन,प्रशोधनको बृद्धि | प्रतिशत | | १० | १५ | २० | २५ | ३० | ३० | प्रगति प्रतिवेदन | |
| | जडिबुटी प्रशोधन केन्द्र | संख्या | १ | २ | ३ | ४ | ५ | ६ | ६ | प्रगति प्रतिवेदन | |

| विवरणात्मक संक्षेप | सूचकहरु | आधार तथ्याङ्क | | लक्ष्य | | | | | जम्मा लक्ष्य | पुष्ट्याइका आधार | जोखिम पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाइ | परिमाण | ७५/७६ | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | | | |
| | वन क्षेत्रबाट सिर्जना भएको रोजगारि | हजार श्रमदिन | ५०,००० | ६०,००० | ६२,००० | ६४,००० | ६५,००० | ६७,००० | ३,१८,००० | प्रगति प्रतिवेदन | |
| **वातवरण तथा जलवायु परिवर्तन** | | | | | | | | | | | |
| **क्षेत्रगत उद्देश्य १:**जलवायु परिवर्तनबाट पर्न सक्ने प्रतिकुल प्रभावको न्युनीकरणमा भएको हुने । | | | | | | | | | | | |
| प्रतिफल नं. १.१ जलवायु परिवर्तनका असरका बारेमा स्थानीय जनता जानकार भएको हुने । | स्थानीय अनुकुलन कार्य योजना (लापा) लागु भएका वडा | संख्या | | ८ | ८ | ८ | ८ | ८ | ८ | | |
| प्रतिफल १.२:लघु तथा साना जलविद्युत एवं अन्य वैकल्पिक उर्जा प्रणालीको विकास एवं प्रयोग भएको हुने | लघु तथा साना जलविद्युतबाट थप विद्युत उत्पादन | कि.वा. | | ४५ कि.वा. | ५० कि.वा. | ५५ कि.वा. | ६५ कि.वा. | ७० कि.वा. | २८५ कि.वा. | | |
| | पानीघट्ट सुधार प्रणालीको थप जडान | संख्या | | १ | १ | १ | १ | १ | ५ | | |
| | सुधारिएको चुल्हो थप जडान | संख्या | | २०० | २०० | २०० | २०० | २०० | १००० | | |
| | सौर्य ड्रायर जडान | संख्या | | २ | २ | ३ | ५ | ५ | १७ | | |
| **प्रतिफल १.३ वा**तावरणीय नकारात्मक प्रभावमा न्यूनीकरण भएको हुने । | वातावरणीय परिक्षण भएका आयोजनाहरु | संख्या | | ५ | ७ | ९ | १० | १५ | ४६ | क्ष्भ्७ र भ्क्ष्७ प्रतिवेदन | |
| **विपद् व्यवस्थापन** | | | | | | | | | | | |
| **क्षेत्रगत उद्देश्य नं. १** प्रकोपको जोखिम तथा असरहरुको न्युनीकरण भई जनधन तथा सार्वजनिक सम्पत्तिको सुरक्षा भएको हुने । | | | | | | | | | | | |

| विवराणत्मक संक्षेप | सूचकहरु | आधार तथ्याङ्क | | लक्ष्य | | | | | जम्मा लक्ष्य | पुष्ट्याइका आधार | जोखिम पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाइ | परिमाण | ७५/७६ | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | | | |
| **प्रतिफल नं. १.१** प्रकोपको जोखिम तथा असरहरुको न्युनीकरण भएको हुने । | प्राकृतिक विपद्बाट हुने मृत्यु | संख्या | | ० | ० | ० | ० | ० | | | |
| | प्राकृतिक विपद्बाट हुने धनको अनुमानित क्षति | रु. | | २० लाख | १५ लाख | १२ लाख | १० लाख | ५ लाख | ६२ लाख | | |
| **प्रतिफल नं. १.२ स्थानीय** निकायबाट हुने प्रकोप व्यवस्थापनमा सहज भएको हुने । | प्रकोप योजना लागु भएका स्थानीय निकायहरु | संख्या | ० | ८ | ८ | ८ | ८ | ८ | ८ | | |
| **प्रतिफल नं. १.२** विपद् व्यवस्थापनको लागि स्थानीय स्तरको क्षमता विकास भएको हुने । | स्थानीय विपद् जोखिम योजना भएका वडा | संख्या | ० | ८ | ८ | ८ | ८ | ८ | ८ | | |
| | सामुदायिक विपद् व्यवस्थापन समिति गठनको | संख्या | | | | | | | | | |
| | विपद् व्यवस्थापन सम्वन्धी तालिम पाएका घरधुरी | प्रतिशत | | २५ | २५ | २५ | २५ | २५ | १२५ | तलिम प्रतिवेदन | |
| | उच्च जोखिमस्थलहरुको पहिचान गरी लगत अद्यावधिक भएको अवस्था | | | | | | | | | | |
| | गापामा विपद् व्यवस्थापन योजना तर्जुमा र कार्यन्वयनको अवस्था | | ० | १ | १ | १ | १ | १ | ५ | विपद् व्यवस्थापन योजना | |

## ३.५.संस्थागत विकास,सेवा प्रवाह,सुशासन र अन्य

संस्थागत विकास,सेवा प्रवाह,सुशासन र अन्य क्षेत्रका अवसर तथा चुनौतीहरु,सोच,लक्ष्य,उद्धेश्य,रणनीति तथा कार्यनीति,प्रमुख कार्यक्रमहरु,कार्यान्वयन कार्ययोजना र अपेक्षित उपलब्धीहरु देहाय बमोजिम रहेका छन् ।

३.५.१ मानव अधिकार, सुशासन र सदाचारिता

३.५.१.१ मानव अधिकार,

१. पृष्ठभूमि

संयुक्त राष्ट्रसङ्घको स्थापना भएपछि मानव अधिकारको स्थापना, सम्मान, संरक्षण र प्रवर्द्धनमा अन्तर्राष्ट्रिय प्रयासको थालनी भएको हो । मानव अधिकारलाई शान्ति र विकासको मूल आधारका रूपमा स्वीकार गर्दै संयुक्त राष्ट्र सङ्घको महासभाले १० डिसेम्बर १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेको थियो, जसमा पहिलो पटक मानवका जन्मसिद्ध एवम् नैसर्गिक अधिकारहरूलाई मानव अधिकारका रूपमा परिभाषित गरिएको थियो । संयुक्त राष्ट्रसङ्घको बडापत्र र मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई आधार मानेर मानव अधिकारका विविध पक्षहरूलाई समेट्ने गरी संयुक्त राष्ट्रसङ्घद्वारा मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरू जारी हुँदै आएका छन् । मानव अधिकार उल्लङ्घन तथा ज्यादतिका विरूद्ध अनुसन्धान गरी पीडकलाई कारबाही र पीडितलाई क्षतिपूर्ति दिन स्थानीय सरकारलाई सिफारिस गर्ने, सीमान्तकृत समुदायका लागि इन्टर्नसीप कार्यक्रम सञ्चालन गर्ने, मावन अधिकार सम्बन्धमा अभिमुखीकरण तालिम सञ्चालन गर्ने जस्ता कार्यक्रमहरु संचालन हुदै आएका छन् ।

२. चुनौती तथा अवसर

चुनौती

संविधान, कानुन र अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप संस्थागत र संरचनागत तथा पर्याप्त स्रोतसाधनको व्यवस्था गरी आम नागरिकलाई मानव अधिकारको पूर्ण प्रत्याभूति दिलाउनु चुनौतीपूर्ण कार्य रहिआएको छ ।

अवसर

नेपाल सरकारका क्षेत्रगत कार्यक्रमहरूमा मानव अधिकारलाई प्राथमिकतामा राख्नु, मानव अधिकारसम्बन्धी जनचेतना बढाउनु, नेपाल मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र बन्नु, मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि नेपालले जनाएका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू र नेपालको संविधानमा व्यवस्था गरिएका नागरिकका विभिन्न मौलिक हकहरू मानव अधिकारको संरक्षण तथा संवर्द्धनका निम्ति अवसर हुन् ।

३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

३.१ सोच

सबै प्रकारका विभेदहरू अन्त्य गरी समावेशी र समतामूलक समाजको विकास ।

३.२ लक्ष्य

मानव अधिकारसम्बन्धी संस्थाहरूबीच समन्वय, सहकार्य र सहभागिता बढाई मानव अधिकार संस्कृतिको विकास गर्ने ।

३.३ उद्देश्य

मानव अधिकारप्रतिको प्रतिबद्धतालाई व्यावहारिक रूपमा सुनिश्चित गर्नु ।

४ रणनीति

१. मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धान तथा मानव अधिकार अवस्थाको अनुगमन गर्ने ।

२. मानव अधिकारलाई विकासका मुद्दाहरूसँग संरचनागत र कार्यात्मक रूपले जोड्ने ।

५. कार्यनीति

१. मानव अधिकार अवस्थाको नियमित रूपमा अनुगमन गरिनेछ ।

२. विपन्न, सीमान्तकृत एवम् पिछडिएका वर्गका अधिकार सुनिश्चित गरिनेछ ।

३. मानव अधिकारका क्षेत्रमा कार्यरत स्थानीय संस्थाहरूलाई सुदृढ गर्दै मानव अधिकारको संरक्षण तथा संवर्द्धनमा टेवा पुऱ्याइनेछ ।

६ प्रमुख कार्यक्रमहरू

१. संविधानले प्रत्याभूत गरेको मानव अधिकारको सुनिश्चितताका लागि सम्बन्धित निकायहरूको संस्थागत सुदृढीकरण ।

२. स्थानीय स्तरका नीति, योजना र कार्यक्रमहरू तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा अधिकारमा आधारित पद्धति अवलम्बन गर्ने र सोका लागि जनशक्तिको क्षमता विकास ।

३. मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा जवाफदेहिता अभिवृद्धि ।

७.कार्यान्वयन कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | स्थान | समय | अनुमानित बजेट | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मानव अधिकार सम्बन्धि जनचेतनामुलक कार्यक्रम संचालन गर्ने | ८ वटै वडा | २०७५ | १६००००० | गाउँपालिका | |
| २ | बालबालिकाका आवाजहरुलाई स्थानीय निकायको नीति,योजना तथा कार्यक्रममा समावेश गर्नका लागि अभिमुखीकरण | ८ वटै वडा | २०७५ | ८००००० | गाउँपालिका | |
| ३ | मानव अधिकार रक्षकहरुको गठन र क्रियाशिलता बढाउनको लागि सक्रिय परिचालन | ८ वटै वडा | २०७५ | २०००००० | गाउँपालिका ,दातृ निकाय | |
| ४ | मानव अधिकार डेस्कको स्थापना | ८ वटै वडा | २०७५ | २५०००० | गाउँपालिका , | |

८.अपेक्षित उपलब्धि

मानव अधिकारसम्बन्धी कानुनहरू पुनरावलोकन भई नयाँ स्थानीय कानुनहरूको निर्माण भएको र मानव अधिकारसम्बन्धी स्थानीय संस्थाहरू सुदृढ भएका हुनेछन् । त्यसैगरी मानव अधिकारका विषयहरू स्थानीय नीतिहरूमा संरचनात्मक र कार्यात्मक रूपमा समाहित भएको र मानव अधिकार संस्कृतिको प्रवर्द्धन भएको हुनेछ ।

३.५.१.२ स्थानीय तथ्याङ्क संकलन

१. पृष्ठभूमि

तथ्याङ्क, योजना र विकासको त्रिआयामिक सुदृढ सम्बन्धले यथार्थपरक योजना तर्जुमा, कार्यान्वयन र सोको अनुमगन तथा मूल्याङ्कन सम्भव भई दिगो विकासमा टेवा पुग्नसक्दछ । समयसापेक्ष, विस्तारित, खण्डीकृत, भरपर्दो र मागसापेक्ष तथ्याङ्कको नियमित आपूर्ति र उच्चतम प्रयोगले नै तथ्यमा आधारित विकास अवधारणालाई साकार पार्न सकिने हुँदा योजनामा तथ्याङ्कलाई राज्यको केन्द्रदेखि स्थानीय तह र विषयगत क्षेत्रका योजना तथा नीति तर्जुमामा उपयोग गरिनेछ ।

२. चुनौती तथा अवसर

चुनौती

समयसापेक्ष तथ्याङ्क ऐनको तर्जुमा गर्नु, केन्द्रीय र स्थानीय स्तरका तथ्याङ्कीय क्रियाकलापहरूमा समन्वय गर्नु, स्थानीय निकायहरूको तथ्याङ्क व्यवस्थापन र संरचना निर्माण गर्नु, उत्पादित तथ्याङ्कमा दोहोरोपना हटाउनु, तथ्याङ्कको उपयोग वृद्धि गर्नु, जनशक्तिको दक्षता वृद्धि गर्नु र अनाधिकृत तथ्याङ्कको प्रयोग हटाउनु प्रमुख चुनौती हुन् ।

अवसर

राष्ट्रिय तथ्याङ्क प्रणालीमा मूलतः माग र प्रयोगमा विस्तार हुनु, देखिएको बढ्दो एवम् विस्तारित जागरूकता हुनु, नयाँ-नयाँ तथ्याङ्कीय प्रविधिहरूको विकास हुनु, विकास साझेदारहरूबाट तथ्याङ्कीय विकासमा चासो र सहयोग हुनु, नयाँ

तथ्याङ्क ऐनको अपरिहार्यता महसुस हुनु, सम्बन्धित निकायहरूमा तथ्याङ्कीय जनशक्तिले आर्जन गरेको पेशागत विज्ञता विद्यमान हुनु मुख्य अवसर हुन् ।

३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

३.१ सोच

प्रभावकारी र क्रियाशील स्थानीय तथ्याङ्क संकलन ।

३.२ लक्ष्य

योजना तथा विकासका नीतिका लागि आवश्यक पर्ने तथ्याङ्क तथा तथ्याङ्कीय सेवा उपलब्ध गराउने ।

३.३ उद्देश्य

१. तथ्यमा आधारित नीति निर्माणार्थ परिमाणजनक र परिणामजन्य तथ्याङ्क उत्पादन गरी सबै तहका प्रयोगकर्ताहरूको माग र आवश्यकता सम्बोधन गर्नु ।
२. लागत-प्रभावी तथ्याङ्कीय विकास र गतिविधिहरूका लागि सान्दर्भिक नीति, अभ्यास र क्षमता विकास गर्नु ।

४ रणनीति

१. उच्च गुणस्तरीय तथ्याङ्क उत्पादन, सुधार र आपूर्ति गर्ने ।
२. तथ्याङ्कका उत्पादनका सबै सम्भाव्य विधि र स्रोतहरूको उपयोग गर्ने ।
३. स्थानीय संरचनाअनुसार तथ्याङ्कको गुणस्तर सुनिश्चित गर्न संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

५ कार्यनीति

१. राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय प्रयोगकर्ताहरूको मागको अधिकतम सम्बोधन हुने गरी तथ्याङ्कको उत्पादन गरिनेछ ।
२. आधिकारिक तथ्याङ्कका उत्पादकहरूको भूमिका र अधिकार क्षेत्रलाई सुस्पष्ट गरिनेछ ।
३. तथ्याङ्क प्रणालीभित्र मापदण्ड, अवधारणाहरू, परिभाषाहरू, वर्गीकरणहरू र प्रचलित एवम् समुचित तथ्याङ्कीय विधिहरूलाई एकाकार गरिनेछ ।
४. तथ्याङ्क प्रणालीलाई एकीकृत ढङ्गमा क्रियाशील तुल्याइनेछ ।
५. योजना अवधिमा तथ्याङ्क प्रशिक्षण केन्द्रको स्थापनार्थ प्रारम्भिक तयारीहरू सम्पन्न गरिनेछ ।

६ प्रमुख कार्यक्रमहरू

१. संविधानमा व्यवस्था भए बमोजिमको तथ्याङ्क सम्बद्ध अधिकारको आधारमा स्थानीय स्तरमा रहने तथ्याङ्क कार्यालयहरूको सङ्गठन संरचना तथा कार्यक्षेत्र निर्धारण गरी विस्तृत कार्यविधि तयार ।
२. स्थानीय तथ्याङ्क ऐन र नियमावली तर्जुमा ।
३. तथ्याङ्क उत्पादन गर्ने विभिन्न निकायहरूबीच कम्प्युटर सञ्जालको माध्यमबाट एकीकृत सूचना आदानप्रदान संयन्त्र स्थापना ।
४. राष्ट्रिय लेखा तथ्याङ्कको आधार वर्ष परिवर्तन तथा राष्ट्रिय लेखा प्रणाली, २००८ अनुकूल हुने गरी लेखाहरू तयार ।
५. स्थानीय तह तथा विधागत रूपमा दिगो विकासका लक्ष्य सूचकहरूको निर्धारण, उत्पादन तथा प्रकाशन ।
६. जनगणना, कृषि गणना आर्थिक गणना, औद्योगिक गणना र जलवायु परिवर्तन सर्वेक्षण, वार्षिक घरपरिवार सर्वेक्षणलगायत अन्य सर्वेक्षणहरूलाई दृष्टिगत गरी गणना क्षेत्र नक्साङ्कन ।
७. स्थानीयस्तरमा प्रयोगकर्ता लक्षित तथ्याङ्क साक्षरता ।

**७.**कार्यान्वयन कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | स्थान | समय | अनुमानित बजेट | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बालबालिकाको प्रोफाईल तयारीका | ८ वटै वडा | २०७५ | ८०००० | गाउँपालिका | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | लागि तथ्याङ्क संकलन | | | | | |
| २ | स्थानीय गणना संचालन | ८ वटै वडा | २०७६ | २०००००० | गाउँपालिका | |
| ३ | कम्प्युटरीकृत प्रणालीबाट तथ्याङ्कको अभिलेखीकरण | ८ वटै वडा | २०७७ | २०००००० | गाउँपालिका ,दातृ निकाय | |

८.अपेक्षित उपलब्धि
तथ्याङ्कको विकासका लागि स्थानीय रणनीति कार्यान्वयनमा आएको एवं तथ्याङ्क प्रणालीको कानुनी र संस्थागत विकास भएको हुनेछ । तथ्याङ्कीय जनशक्तिको क्षमता विकास भएको, नवीन तथ्याङ्कीय विधि र प्रविधिको अनुसरणसहित गुणस्तरीय तथ्याङ्कको माग, आपूर्ति र प्रयोगमा वृद्धि भएको एवम् नीति निर्माण र योजनाका लागि तथ्याङ्क अपरिहार्य तत्वका रूपमा स्थापित भई जिल्लाको विकाससँग एकीकृत भएको हुनेछ ।

३.५.१.३ मानव संसाधन विकास
१. पृष्ठभूमि
गुणस्तरीय मानव संसाधनको विकासले कृषि तथा गैरकृषि क्षेत्रको उत्पादकत्व बढाउन, सरकारी क्षेत्रको कार्यकुशलता अभिवृद्धि गर्न तथा क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय श्रम बजारमा पहुँच पुऱ्याउन सघाउ पुग्छ । जिल्लाको कुल जनसङ्ख्यामा आर्थिक रूपमा सक्रिय जनशक्तिको हिस्सा ५७ प्रतिशत रहेको छ । मानव संसाधनको विकास र उपयोगका लागि विगतमा कार्यक्रमहरू सञ्चालन नगरिएकाले पनि अपेक्षित उपलब्धि हुन सकेको छैन । श्रम शक्तिमा वृद्धि भएअनुरूप स्थानीय स्तरमा रोजगारीका अवसरहरूमा वृद्धि हुन नसक्दा ठूलो सङ्ख्यामा युवाहरू विभिन्न मुलुकमा रोजगारीका लागि विदेशिने गरेका छन् । यीमध्ये अधिकांश अदक्ष कामदारका रूपमा रहेका छन् । यस्ता युवाहरूलाई व्यावसायिक तथा प्राविधिक शिक्षा तथा सीपमूलक तालिमको माध्यमबाट सीपयुक्त तथा क्षमतायुक्त जनशक्तिमा परिणत गरी जिल्ला तथा राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्नसक्ने तुल्याउन जरुरी देखिएको छ । जिल्ला भित्रै उत्पन्न रोजगारीका अवसरहरू जिल्लाबासीले नै उपयोग गर्नसक्ने वातावरण पनि सिर्जना गर्नुपरेको छ ।

२. चुनौती तथा अवसर
चुनौती
प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम प्रदान गर्ने संस्थाहरूको कमीहुनु; उत्पादित जनशक्तिमा अपेक्षित गुणस्तर कायम हुन नसक्नु; जीवन उपयोगी शिक्षाको कमी हुनु; वैदेशिक रोजगारीमा जाने युवाहरूमध्ये अधिकांश अदक्ष हुनु; अर्धदक्ष तथा दक्ष जनशक्तिको सङ्ख्यामा निकै वृद्धि भए तापनि क्षेत्रगत/जातिगत विषमता निकै रहनु; मानव संसाधनको विकास र उपयोगको लागि योजना नहुनु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

अवसर
जनसङ्ख्याको उमेरगत संरचनाअनुसार आश्रित जनसङ्ख्याको अनुपात निकै कम भएको र काम गर्ने उमेर समूहको जनसङ्ख्या बढेको; स्थानीय श्रमबजारमा सीपयुक्त जनशक्तिको माग बढ्दै गएको; तीव्र रूपमा आर्थिक विकास गर्दै गएका छिमेकी जिल्लाहरु र राष्ट्रिय बजारमा दक्ष जनशक्तिको माग बढ्दै गएको; उच्चस्तरीय र मध्यमस्तरीय प्राविधिक सीप विकास गर्ने संस्थाहरूको विस्तार उल्लेख्य रूपमा भएकोले जिल्ला भित्र गुणस्तरीय मानव संसाधनको विकास गर्ने र सोको उपयोग गर्ने अवसर रहेको छ ।

३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति
३.१ सोच
मानव संसाधनको विकासमार्फत उच्च आर्थिक वृद्धि ।

३.२ लक्ष्य
अर्थतन्त्रको विकास हुनेगरी मानव संसाधनको विकास गर्ने ।

३.३ उद्देश्य

गाउँपालिकाको विकासका लागि स्थानीय श्रम बजारमा प्रतिस्पर्धा गर्नसक्ने सक्षम मानव संसाधनको विकास गर्नु ।

४ रणनीति

१. गाउँपालिका भित्र आवश्यक पर्ने दक्ष तथा अर्धदक्ष मानव संसाधनको विकास र उपयोगको निम्ति मानव संसाधन योजना तयार गर्ने ।

२. वैज्ञानिक, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीपमूलक तालिममा जोड दिने ।

३. मानव संसाधनको विकास र उपयोगमा सरकारी, सामुदायिक र निजी क्षेत्रबीच सहकार्य गर्ने ।

५ कार्यनीति

गाउँ विकासका लागि आवश्यक पर्ने दक्ष तथा अर्धदक्ष जनशक्ति विकास र त्यसको व्यवस्थित उपयोगका निम्ति निजी क्षेत्रको समेत सहभागितामा एकीकृत मानव संसाधन विकास योजना तयार गरिनेछ ।

१. उच्च वैज्ञानिक तथा प्राविधिक शिक्षाका अवसरहरू उपलब्ध गराएर श्रमबजारमा प्रतिस्पर्धा गर्नसक्ने गुणस्तरीय जनशक्ति तयार गरिनेछ ।

२. लक्षित समूहको क्षमता विकासका लागि छात्रवृत्तिलगायतका सुविधाहरू उपलब्ध गराइनेछ ।

३. निजी क्षेत्रका प्राविधिक एवम् व्यावसायिक शिक्षा तथा तालिम प्रदान गर्ने संस्थाहरूलाई आफ्नो पूर्वाधार तथा जनशक्ति विकासका लागि प्रोत्साहित गरिनेछ ।

४. उत्पादित जनशक्ति र श्रमबजारमा उपलब्ध रोजगारीका अवसरबीच तादाम्य सम्बन्ध कायम गरिनेछ ।

६ प्रमुख कार्यक्रमहरू

१. मानव संसाधन व्यवस्थापन स्थानीय नीति तथा एकीकृत कार्ययोजना तयार ।

२. मानव संसाधनको उत्पादन र विकाससम्बन्धी कार्यमा संलग्न सरकारी, गैरसरकारी, निजी र शैक्षिक संस्था तथा निकायहरूबीच समन्वय ।

३. तालिम तथा सीप विकाससम्बन्धी कार्यक्रम सञ्चालन ।

४. अनुभवको आदानप्रदान र असल व्यवहारको प्रयोग ।

५. अभिमुखीकरण तथा क्षमता विकास ।

**७.**कार्यान्वयन कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | स्थान | समय | अनुमानित बजेट | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई सेवाकालिन तालिम | ८ वटै वडा | २०७५ | २५०००० | गाउँपालिका | |
| २ | गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई क्षमता विकास तालिम | ८ वटै वडा | २०७६ | २५००००० | गाउँपालिका | |
| ३ | गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई भ्रमण अध्ययन | ८ वटै वडा | २०७७ | २५००००० | गाउँपालिका, दातृ निकाय | |
| ४ | विपन्न बर्गका महिला र पुरुषलाई लोकसेवा आयोग तयारी कक्षा संचालन | ८ वटै वडा | २०७८ | २५००००० | गाउँपालिका | |
| ५ | बेरोजगार युवाहरुलाई कुक,पर्यटक पथपर्दशक,पशुपालन र कृषि सम्बन्धि तालिम | ८ वटै वडा | नियमित | २५००००० | गाउँपालिका, दातृ निकाय | |

८.अपेक्षित उपलब्धि

मानव संसाधनको विकास तथा उपयोगका निम्ति एकीकृत योजना तयार भएको, ज्ञान र सीपयुक्त जनशक्ति उत्पादन भएको, मानव विकास र उपयोगमा सरकारी र निजी क्षेत्रबीच सहकार्य गरिएको हुनेछ ।

३.५.१.४ श्रम तथा रोजगारी

१. पृष्ठभूमि

प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्न संविधानमा रोजगारीको हकको व्यवस्था गरिएको छ । नेपालमा कुल जनसङ्ख्याको करिब ३० प्रतिशत अर्धबेरोजगार रहेको र २.३ प्रतिशत पूर्ण बेरोजगार रहेको अवस्था छ । जिल्लाको कुल जनसङ्ख्यामा ५७ प्रतिशत आर्थिक रूपले सक्रिय जनशक्तिको हिस्सा रहेको छ । जसमध्ये जिल्लामा उद्योग र सेवा क्षेत्रको विकास उपयुक्त रूपमा हुन नसकेकाले कृषि क्षेत्रमा बढी आश्रित हुनुपर्ने अवस्था रहेको छ । साथै कृषि क्षेत्रमा अर्धबेरोजगारीको अवस्था उच्च छ । जिल्लाभित्र पर्याप्त रोजगारीका अवसरहरू नभएकोले ठूलो सङ्ख्यामा युवाहरू रोजगारीका लागि बाहिरिनु परिरहेको छ । रोजगारको व्यवस्थाको लागि रोजगार नीतिको तर्जुमा अपरिहार्य छ । बेरोजगारहरूको लगत सङ्कलन, न्यूनतम ज्यालादर निर्धारण, निकृष्ट प्रकृतिका श्रममा संलग्न बालश्रमिकको उद्धार, रोजगारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको तर्जुमा  रहनु यस क्षेत्रका सकारात्मक प्रयासहरू हुन् ।

२. चुनौती तथा अवसर

चुनौती

श्रम बजारमा प्रवेश गर्ने युवालाई पर्याप्त रोजगारी सिर्जना गर्नु, लबिँदो बेलाबखत हुने प्रकोपबाट सृजित असहज परिस्थितिलाई सम्बोधन गरी थप रोजगारी सृजना गर्नु, रोजगारमूलक तालिम कार्यक्रम सञ्चालनमा देखिएको दोहोरोपना हटाउनु,  रोजगारीका सबै चरणहरूलाई व्यवस्थित, भरपर्दो र सुरक्षित बनाउनु, श्रमबाट प्राप्त अधिकांश रकम उत्पादनशील क्षेत्रमा परिचालन गर्नु, श्रम बजारमा रहेको सीपयुक्त श्रमको माग र आपूर्तिबीचको असन्तुलनलाई कम गर्नु, औद्योगिक क्षेत्रमा थप रोजगारी बढाउनु, सामाजिक सुरक्षालाई योगदानमूलक बनाउँदै पहुँच वृद्धि गर्नु, मर्यादित रोजगारी सुनिश्चित गर्नु र रोजगारी सूचनालाई प्रभावकारी बनाउनु प्रमुख चुनौतीहरू रहेका छन् ।

अवसर

पर्यटन, कृषि, पूर्वाधार विकास जस्ता श्रम-सघन क्षेत्र राष्ट्रिय प्राथमिकतामा पर्नु, रोजगार केन्द्रित विकासको अवधारणाले प्राथमिकता पाउनु, शिक्षित जनशक्ति बढनु, अन्तर्राष्ट्रिय बजारमा नेपाली कामदारहरूको माग बढनु, वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरू सीपयुक्त र कामप्रति समर्पित हुनु, सूचना र प्रविधिमा भएको विकासले रोजगारी र स्वरोजगारीका विषयमा जनचेतनाको विस्तार हुनु, कुल जनसङ्ख्यामा आर्थिक रूपले सक्रिय जनसङ्ख्याको हिस्सा बढ्नु र श्रम बजारमा दक्ष जनशक्तिको माग बढ्दै जानु श्रम तथा रोजगारका लागि अवसर हुन् ।

३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

३.१ सोच

दक्ष, सीपयुक्त र उत्पादनमूलक मानव संसाधनको विकासद्वारा पर्याप्त रोजगारी एवम् स्वरोजगारका अवसरहरू सृजना ।

३.२ लक्ष्य

गाउँपालिका भित्रै वार्षिक करिब ४ सय रोजगारी सिर्जना गर्ने ।

३.३ उद्देश्य

१. रोजगारीका अवसरहरू सृजना गरी बेरोजगारी तथा अर्धबेरोजगारी न्यूनीकरण गर्दै रोजगारीको हकलाई सुनिश्चित गर्नु
२. रोजगारीका लागि सीप तथा तालिमका अवसरहरू वृद्धि गरी प्रतिस्पर्धा गर्नसक्ने श्रमशक्तिको विकास गर्नु ।
३. रोजगारीलाई बढी उत्पादक, सुरक्षित, मर्यादित र व्यवस्थित बनाउँदै जानु ।

४ रणनीति

१. लगानीमैत्री वातावरण सृजना गरी गाउँपालिकामै पर्याप्त र मर्यादित रोजगारी एवम् स्व- रोजगारीका अवसर सिर्जना गर्ने ।

२. सीप तथा व्यावसायिक तालिमका अवसरहरूको विकास एवम् विस्तार गर्दै स्थानीय स्तरमा प्रतिस्पर्धा गर्नसक्ने श्रम शक्तिको उत्पादन गर्ने ।
३. श्रमिकको हक अधिकारको संरक्षण तथा असल श्रम सम्बन्ध स्थापना गर्ने ।
४. रोजगारीलाई सुरक्षित, मर्यादित, भरपर्दो र प्रतिफलयुक्त बनाउने र प्राप्त विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने ।

५ कार्यनीति
१. श्रमप्रधान उत्पादन क्षेत्रको विस्तार र प्रविधिको उपयोगबाट रोजगारी बढाइनेछ ।
२. रोजगारसम्बन्धी माग र आपूर्तिबीच सन्तुलन ल्याउन आवश्यक कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।
३. सीप प्रदायक तालिम केन्द्रहरूलाई क्रमशः एकीकृत गरी एकै ठाऊँबाट सीप विकास तालिम दिइनेछ । प्रत्येक वडामा एउटा विषयगत सीप विकास तालिम केन्द्र स्थापना गरिनेछ ।
४. सीप र सूचना उपलब्ध गराई वैदेशिक रोजगारमा जान चाहने महिलाहरूलाई तालिमको व्यवस्था गरिनेछ ।
५. सीपयुक्त जनशक्तिलाई तालिमपछिका सेवाहरू जस्तैः उद्यमशीलता विकास, वस्तुगत सहायता, वित्तीय सहायता, उत्पादनको गुणस्तर परीक्षण र बजार सहज पहुँचसम्बन्धी व्यवस्था गरिनेछ ।
६. रोजगारीमा महिलाको सुरक्षा सुनिश्चित हुने प्रणालीको व्यवस्था गरिनेछ ।
७. वैज्ञानिक मापदण्डका आधारमा विभिन्न क्षेत्रका कामदारहरूको न्यूनतम पारिश्रमिक निर्धारण गरिनेछ ।
८. विभिन्न क्षेत्रमा रहेका अनौपचारिक मजदुरहरूको औपचारिकीकरण गरिनेछ ।
९. बाल श्रमसम्बन्धी नीति, कानुन र कार्यक्रममा सुधार गरिनेछ ।
१०. बाह्य श्रोतलाई औपचारिक माध्यमबाट गाउँमा ल्याउने व्यवस्था गर्ने र सोको उत्पादनशील क्षेत्रमा लगानी गर्ने नीति अवलम्बन गरिनेछ ।

६ प्रमुख कार्यक्रमहरू
१. श्रम व्यवस्थापनलाई प्रभावकारी तुल्याउन श्रम अध्ययन प्रतिष्ठानको स्थापनाका लागि अध्ययन ।
२. घरेलु श्रमिकको पेसालाई मर्यादित र सुरक्षित गराउन तथाङ्क सङ्कलन र विश्लेषण ।
३. सूचना प्रविधिमा आधारित रोजगार सूचना प्रणालीको विकास ।
४. वैदेशिक रोजगारमा जान चाहने महिलाहरूलाई सीप र सही सूचना उपलब्ध गराउन विशेष तालिम ।
५. सामाजिक शिक्षाका शिक्षकहरूको लागि वैदेशिक रोजगारीसम्बन्धी सूचनामूलक तथा चेतनामूलक कार्यक्रम ।
६. बालश्रम निवारणको लागि गुरुयोजनाको तर्जुमा र कार्यान्वयन ।
७. निकृष्ट प्रकृतिका बालश्रमको अन्त्य गर्न चेतना अभिवृद्धि र गाउँपालिका मार्फत बालश्रम प्रयोगको निरीक्षण तथा अनुगमन ।
८. बालश्रमिकहरूको उद्धार एवम् पुनर्स्थापनाका लागि केन्द्रहरूको स्थापना ।
९. सामाजिक सुरक्षासम्बन्धी जनचेतना तथा प्रचारप्रसार ।

७.अपेक्षित उपलब्धि
गाउँपालिका भित्रै वार्षिक ४ सय रोजगारी सिर्जना भएको र श्रम बजारको मागअनुरूप दक्ष एवम् प्रतिस्पर्धी श्रमशक्ति तयार भई श्रमिक आपूर्ति भएको हुनेछ । बेरोजगारी र अर्धबेरोजगारी दर घटेको हुनेछ । असल श्रम सम्बन्धको विकास भएको हुनेछ । निकृष्ट प्रकृतिको बालश्रमको उन्मूलन भएको हुनेछ । वार्षिक दुईसय युवालाई कम्तीमा तीन महिनाको रोजगारमूलक सीप विकास तालिम प्रदान गरिएको र जिल्ला भित्रै स्वरोजगारको अवसर वृद्धि भएको हुनेछ ।

३.५.५ शासकीय सुधार
३.५.५.१ प्रशासकीय सुशासन
१. पृष्ठभूमि

नेपालको संविधानमा राज्यका नीतिअन्तर्गत सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्तहुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने कुरा उल्लेख छ । सार्वजनिक प्रशासनमा सुशासन कायम गर्ने सम्बन्धमा विभिन्न प्रयास भइरहेका छन् । संघिय तहमा हेलो सरकार तथा गुनासो व्यवस्थापन, भ्रष्टाचारविरूद्धको कार्ययोजना, राष्ट्रिय गौरवका आयोजनामा नतिजामा आधारित व्यवस्थापन प्रणाली, राष्ट्रसेवक कर्मचारीहरूको आचारसंहिताजस्ता कार्यहरू थप प्रभावकारिताका साथ सुचारु गरिएको छ । संविधानले व्यवस्था गरेका प्रशासनिक पुनर्संरचनाका कार्यहरूलाई तदारूकताका साथ अगाडि बढाउन प्रशासकीय पुनर्संरचना आयोगको प्रतिवेदनमा भएका सिफारिसहरूको कार्यान्वयनका अतिरिक्त आवश्यक पर्ने कानुनहरूको तर्जुमा कार्यअगाडि बढाइएका छन् । सर्वसाधारण जनताको दैनिक काम पर्ने र प्रत्यक्ष जनसम्पर्क हुने केही जिल्ला स्थित कार्यालयहरू र गाउँपालिका अन्तर्गतका कार्यालयहरूमा क्षतिपूर्तिसहितको नागरिक बडापत्र लागु गरिएको छ । सरकारी कार्यालयहरूमा सूचना प्रविधिको प्रयोगमा विस्तार गरिएको छ ।

२. चुनौती तथा अवसर

चुनौती

संविधानले व्यवस्था गरेका प्रशासनिक पुनर्संरचनाका कार्यहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै सङ्क्रमण कालको प्रभावकारी व्यवस्थापन गरी जनताका घरदैलोमा सार्वजनिक सेवाप्रवाहको सुनिश्चितता प्रदान गर्नु, अन्तर निकाय समन्वय गर्नु र आवश्यक साधन स्रोतको व्यवस्था गर्नु, जनसहभागिता, पारदर्शिता तथा जवाफदेहिता बढाउनु, समग्र सार्वजनिक प्रशासनको नैतिकताको अभिवृद्धि गरी उत्प्रेरणा बढाउनु, सरकारी सेवाको प्रवाहलाई सहज र प्रभावकारी बनाउनु, सार्वजनिक सेवामा रहेका राष्ट्रसेवकहरूमा राष्ट्रप्रति समर्पण र जनताप्रतिको सेवाभावको भावना जगाउनुजस्ता चुनौती रहेका छन् ।

अवसर

सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको व्यवस्था गर्ने भन्ने संविधानको व्यवस्था, सार्वजनिक सेवामा सुशासन प्रवर्द्धन गर्ने विभिन्न ऐन/नियमहरूको व्यवस्था तथा सेवा प्रवाहमा सूचना प्रविधिको बढ्दो प्रयोग अवसरका रूपमा रहेका छन् ।

३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

३.१ सोच

जनमुखी, स्वच्छ, जवाफदेही स्थानीय शासन व्यवस्था ।

३.२ लक्ष्य

सम्पूर्ण सार्वजनिक प्रशासनलाई जनताप्रति उत्तरदायी र सेवामूलक तथा विकासमैत्री बनाउने ।

३.३ उद्देश्य

सार्वजनिक प्रशासनलाई स्वच्छ, परिणाममुखी, जवाफदेही र पारदर्शी बनाई सार्वजनिक सेवाप्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु ।

४ रणनीति

१. सार्वजनिक सेवाहरूलाई गुणस्तरीय र सर्वसाधारणको पहुँचयोग्य बनाउन स्थानीय शासन प्रणालीअनुरूप प्रशासन संयन्त्रको पुनर्संरचना गर्ने ।
२. सार्वजनिक निकायका काम कारबाही सम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउने ।
३. राष्ट्रसेवकहरूलाई कामप्रति परिणाममुखी र उत्तरदायी बनाउने ।

५ कार्यनीति

१. सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय, समावेशी एवम् सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरलीकरण र सङ्क्षेपीकरण गरिनेछ ।

२. जनताका अत्यावश्यक स्थानीय सेवाहरू स्थानीय तहबाट व्यवस्थित रूपमा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।
३. सेवाप्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्तिसहितको बडापत्र क्रमशः कार्यान्वयन गरिनेछ ।
४. जनगुनासोलाई प्रत्यक्ष रूपमा अनुभूत गर्ने गरी व्यवस्थापन गरिनेछ ।
५. सार्वजनिक सरोकारका विषयसँग सम्बन्धित सार्वजनिक निकायमा रहेका सूचनामा कानुनबमोजिम नागरिकको पहुँच अभिवृद्धि गरिनेछ ।
६. आयोजना स्थलमा आयोजनासम्बन्धी विवरण खुलेको होर्डिङ बोर्ड राख्ने व्यवस्थालाई अनिवार्य बनाइनेछ ।

६ प्रमुख कार्यक्रमहरू
१. सूचना प्रविधिको विकास र विस्तारद्वारा विद्युतीय प्रणालीको अधिकतम प्रयोग गरी स्वचालित कार्यप्रणालीको विस्तार,
२. कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली अवलम्बन गरी व्यक्तिको कार्यसम्पादनलाई निजको कार्यालयको कार्य प्रगतिसँग आबद्ध ।
३. जनगुनासो व्यवस्थापनको लागि गुनासो सुनुवाइ ट्र्याकिङ पद्धति  को विकास ।
४. नागरिक बडापत्रलाई स्थानीय भाषामा समेत निर्माण गरी सूचना प्रविधिको उपयोगमार्फत प्रयोग एवम् क्षतिपूर्तिसहितको नागरिक बडापत्रको प्राथमिकताका आधारमा सेवा प्रवाह ।

७.अपेक्षित उपलब्धि
सूचना प्रविधिको विकास र विस्तारद्वारा सार्वजनिक प्रशासनलाई विद्युतीय शासन प्रणालीको रूपमा अघि बढाई सबै सरकारी कार्यालयहरूमा स्वचालित कार्यप्रणालीको विस्तार भएको हुनेछ । सेवा प्रवाहमा न्यून लागत, उच्च गुणस्तर र सरल पहुँचको सुनिश्चतता भएको हुनेछ । राष्ट्रसेवक कर्मचारीहरूको क्षमता अभिवृद्धि भई सेवा प्रवाह प्रभावकारी भएको हुनेछ ।

५.३.६. भ्रष्टाचार नियन्त्रण
१. पृष्ठभूमि
सरकारी कार्यप्रणालीमा जनअपेक्षाअनुरूपको सुधार गर्दै जनतामा प्रवाहित हुने वस्तु र सेवा पारदर्शी, उत्तरदायी, जनमुखी र कानुनसम्मत रूपमा सहज र सरल तरिकाले उपलब्ध गराई सबै तह र रूपका भ्रष्टाचार एवम् अनियमिततालाई नियन्त्रण गरी सदाचारयुक्त, नैतिकवान् एवम् सुसंस्कृत नेपाली समाजको निर्माण गर्न आवश्यक व्यवस्था गर्नुपरेको छ । सार्वजनिक निकायमा हुने भ्रष्टाचारजन्य क्रियाकलाप, अनियमितता, ढिलासुस्ती तथा अनिर्णयजस्ता विकृतिहरूको निराकरण गर्न स्थानीय सरकारले ` सेवाग्राही, नागरिक समाज, सञ्चार जगत् तथा आम जनसमुदायसँग यथार्थपरक सूचना, जानकारी उपलब्ध गराउनका लागि टेलिफोन, फ्याक्स, ईमेल र टोल-फ्री नम्बरको व्यवस्था गर्ने योजना गरेको छ । भ्रष्टाचार नियन्त्रणमा स्थानीय जनसहभागिता विषयक अन्तर्क्रिया तथा जनचेतनामूलक सामुदायिक शिक्षा कार्यक्रम सञ्चालन गरिने योजना रहेको छ ।

२. चुनौती तथा अवसर
चुनौती
भ्रष्टाचारलाई सामाजिक अपराधको रूपमा स्थापित गर्नु, भ्रष्टाचारजन्य अपराधले नयाँ-नयाँ स्वरूप र आयाम लिँदै गएकोमा सो अनुरूपको अनुसन्धान र तहकिकातसम्बन्धी क्षमता विकास गर्नु, भ्रष्टाचारको उजुरी दिने, साक्षी बस्ने व्यक्ति तथा अभियोजन कर्मचारीहरूको उचित संरक्षण गर्नु, दक्ष जनशक्तिको कमी रहनु आदि चुनौतीका रूपमा रहेका छन् ।

अवसर
भ्रष्टाचार नियन्त्रणका लागि नागरिक समाज तथा सञ्चार जगत्लगायत सामाजिक सञ्जालहरूको बलियो सहयोग र सहकार्य रहेको;भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न क्षेत्रको सहयोग, सहकार्य र समन्वयका साथै अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्रीय र सम्पर्क कार्यालयहरूको स्थापनाले भ्रष्टाचार विरुद्धको अभियानलाई प्रभावकारी रूपमा अगाडि बढाउने अवसर प्राप्त भएको छ ।

३. सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

३.१ सोच
भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गरी स्वच्छ समाज निर्माण ।

३.२ लक्ष्य
भ्रष्टाचारजन्य कार्यको शून्य सहनशीलताको नीतिमार्फत सुशासन प्रवर्द्धन गर्ने ।

३.३ उद्देश्य
भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गरी सुशासन कायम गर्न सहयोग गर्नु ।

३.४ रणनीति
१. सबै भ्रष्टाचारजन्य कामकारबाही अपराध हुने कानुनी व्यवस्था गरी सोको कार्यान्वयनका माध्यमबाट त्यस्तो भ्रष्टाचारजन्य काममा शून्य सहनशीलताको नीति अवलम्बन गर्ने ।

५ कार्यनीति
१. भ्रष्टाचार विरुद्ध आवाज र जनमत सिर्जना गर्ने नागरिक समाज/गैरसरकारी संस्था एवम् सामुदायिक संस्था र सञ्चार क्षेत्रबाट भएका सत्प्रयासको उचित कदरसहित सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।
२. सार्वजनिक निर्माण र सार्वजनिक सेवा प्रदान गर्ने निकायलाई व्यवस्थित, प्रतिस्पर्धी, पारदर्शी र उत्तरदायी बनाइनेछ ।
३. सबै सेवाका राष्ट्रसेवक कर्मचारीहरूलाई आ-आफ्ना व्यावसायिक निष्ठासहित कार्यस्थलमा सादा जीवन र सहयोगी व्यवहारसहित सेवाग्राहीमैत्री सेवा प्रवाह गर्न प्रेरित गरी सोको अनुगमन गरिनेछ ।

६ प्रमुख कार्यक्रमहरू
१. भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुनहरूको परिपालना र कार्यान्वयनको लागि साझेदारी, समन्वय र सङ्गठित प्रयासलाई अभिवृद्धि गर्न आवश्यक नीतिगत, संरचनागत र कार्यगत व्यवस्था ।
२. भ्रष्टाचार विरुद्धको नागरिक सचेतना अभिवृद्धिका लागि वडातहसम्म भ्रष्टाचार विरुद्ध निरोधात्मक कार्यक्रम ।
३. भ्रष्टाचारको जोखिमपूर्ण क्षेत्रको पहिचानको लागि आधारभूत सूचकको निर्धारण गरी आवश्यक अध्ययन र अनुसन्धान
४. सार्वजनिक निर्माण र सार्वजनिक सेवा प्रदान गर्ने निकायहरूलाई कामको गुणस्तरप्रति उत्तरदायी बनाउन प्राविधिक परीक्षण र विस्तार ।
५. असल व्यवहारहरूको प्रयोग, नैतिक मूल्य र मान्यतामा जोड, सामाजिक आडम्बरमा नियन्त्रण, जनचेतना अभिवृद्धि र सुशासन प्रवर्द्धन ।

७.अपेक्षित उपलब्धि
भ्रष्टाचार नियन्त्रणमा आपसी सहयोग र सहकार्यको वातावरण निर्माण भएको, भ्रष्टाचार विरुद्ध नियोजित रूपमा अभियान सञ्चालन भई यसका सबै सार, रूप र रङ्गको नियन्त्रण भएको हुनेछ । यसका साथै सरकारको भ्रष्टाचार विरुद्धको शून्य सहनशीलताको नीतिलाई बल मिलेको, भ्रष्टाचार नियन्त्रणको खबरदारीमा नागरिक समाज, गैरसरकारी संस्था तथा सामुदायिक संस्थासँग सहकार्य वृद्धि भएको र भ्रष्टाचार विरुद्धको कारबाहीमा आवश्यक समन्वय एवम् सूचना आदानप्रदानमा प्रभावकारिता आएको हुनेछ ।

संस्थागत स्रोत, क्षमता विकास तथा सुशासन क्षेत्र सम्बन्धी विद्यामान समस्याको विश्लेषण

तालिका नं.१७ संस्थागत स्रोत तथा क्षमता विकास क्षेत्रका समस्या तथा सवालहरु, समाधानका उपायहरु

| **समस्यँ तथा सवालहरू** | **तत्कालिन असर** | **मुख्यकारणहरू** | **समाधानका सम्भावित उपायहरू** | **संभावित विषयगत उद्देश्य** | **लिनुपर्ने मुख्य-मुख्य रणनीतिहरू** |
|---|---|---|---|---|---|
| सिपमुलक तालिम प्राप्त गर्ने अवसर नहुनु | बेरोजगार हुनु, स्वरोजगार नहुनु, युवा शक्तिको विदेश पलायन | विभिन्न कार्यालयबाट प्रदान गरिने तालिमको अवसर सबैले नपाउनु<br>तल्लो तहसम्म क्षमता विकासको व्यवस्था नहनु | विषयगत तालिम केन्द्रको स्थापना<br>तालिमको अवसर सदरमुकाममा मात्र केन्द्रित नगरी तल्लो तह सम्म सञ्चालन गर्नुपर्ने | उपयुक्त तालिमको अवसर प्रदान गरी आत्मनिर्भर बनाउने | तालिम केन्द स्थापनाको लागि पहल गर्ने ।<br>तालिम सञ्चालन गर्न स्थानीय तथा अन्तराष्ट्रिय संघसंस्था हरुको परिचालन गर्ने |
| विभिन्न स्थापित संस्थाहरुको वीचमा समन्वयको कमी | काममा दोहोरोपना भई सिमित स्रोत साधनको दुरुपयोग हुनु | संस्थागत समन्वयको कमी<br>समन्वय गर्ने प्रचलनको अभाव | संस्थागत समन्वय नीति बनाउने | संस्थागत समन्वयको विकास गर्ने | तालिमको लागि पनि एकद्वार नीतिको अवलम्बन गर्ने । |
| लक्षित वर्गसंग संम्बन्धित संस्थाहरुसँग आर्थिक श्रोतको कमी | निरन्तरतामा कमी<br>नाम मात्रका संस्था स्थापना | स्रोत उपलब्धताको अज्ञानता<br>श्रोत प्राप्त गर्ने क्षमताको कमी | लक्षित वर्गलाई बजेट विनियोजनमा प्राथमिकता र<br>स्थानीय स्तरमा कोषको बृद्धि । | लक्षित वर्गसंग संम्बन्धित आर्थिक श्रोत बृद्धि । | सहकारी ,समुहहरु स्थापना<br>श्रोत बृद्धिकालागि क्षमता विकासका कार्यक्रम |
| सुशासनको कमि | सेवा प्रवाह व्यवस्थित नहुनु<br>उत्तरदायित्वको कमी<br>नागरिक वडापत्रको व्यवस्थापन नहुनु<br>जनसहभागिताको अभाव | भ्रष्टाचारको बृद्धि<br>जबाफदेहिताको कमी<br>अज्ञानता<br>सुशासनको कार्यान्वयको अज्ञानता | शुसासन ऐन र निमावलीको पूर्ण कार्यान्वयन | स्थानीय स्तरमा सुशासन कायम गर्ने । | प्रभावकारी अनुगमन र मुल्याकन<br>सरोकारवालालाई जिम्मेवारी बोध गराउने । |

*स्रोतः समुह छलफलबाट पहिचान गरिएको, २०७४*

संस्थात स्रोत क्षमता विकास क्षेत्रको सम्भावना र अवसरहरुको विश्लेषण

तालिका नं.१८ संस्थागत स्रोत तथा क्षमता विकास क्षेत्रका अवसरहरु, संभावनाहरु, कमजोर पक्षरु र चूनौतीहरु

| **अवसरहरु** | **सम्भावनाहरु** | **कमजोर पक्षहरु** | **चूनौतीहरु** |
|---|---|---|---|
| • शिक्षित युवाहरुको संख्यामा बृद्धि ।<br>• सिपमुलक क्रियाकलाप तर्फ उन्मुख<br>• लक्षित बर्गलाई राज्यबाट विशेष सहुलियत<br>• सर्वसाधारणको चेतनामा बृद्धि ।<br>• सबै उमेर समूह विकासका विषयप्रति जागरुक । | • यूवाहरुको सरकारी जागीरप्रति आकर्षण<br>• शिपयूक्त जनशक्तिको विकास ।<br>• सशक्तिकरण बृद्धि<br>• सुशासनको प्रत्याभूत तथा विवेकशिल समाजको विकास । | • संस्थागत विकासले प्राथमिकता नपाउनु ।<br>• यूवावर्गलाई ध्यानमा राखी आयआर्जनका तालिमहरु सञ्चालन हुन नसक्नु<br>• बजारको अभाव<br>• युवाहरु संगठित भई रोजगारीको उपाय पहिल्याउन उत्प्रेरित नहुनु | • स्थानीय उत्पादनको तुलनात्मक लाभका क्षेत्रहरुको पहिचान हुन नसक्नु ।<br>• पर्याप्तमात्रामा बजेट उपलब्ध नहुनु ।<br>• यूवावर्गलाई आकर्षण गरी लगानी बृद्धि गर्न नसक्नु |

७.५ संस्थात स्रोत क्षमता विकास क्षेत्रको सोच तालिका

तालिका नं.१९ संस्थागत स्रोत तथा क्षमता विकासको सोँच तालिका

| **विवराणत्मक संक्षेप** | **सूचकहरु** | **आधार तथ्याङ्क** | | **लक्ष्य** | | | | | **जम्म लक्ष्य** | **पुष्ट्याइका आधार** | **जोखिम पूर्वानुमान** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **इकाइ** | **परिमाण** | **७५/७६** | **७६/७७** | **७७/७८** | **७५/७९** | **७९/८०** | | | |
| **विषयगत उद्देश्य :** स्थानीयस्तरमा प्रवाह हुने सार्वजनिक सेवा तथा वस्तुहरु सहज, गुणस्तरीय र प्रभावकारी हुनुको साथै त्यस्ता वस्तु तथा सेवामा आम जनताको पहुँच अभिबृद्धि हुने । | | | | | | | | | | | |
| **क्षेत्रगतगत उद्देश्य १:** स्थानीय निकाय, नागरिक समाज, गैससहरु तथा सामुदायिक संघ संस्थाहरु जस्ता सार्वजनिक निकायहरुको क्षमता अभिबृद्धि भई संस्थागत विकास हुने । | | | | | | | | | | | |
| प्रतिफल नं १.१: स्थानीय निकायहरुको संस्थागत क्षमता बृद्धि | क्षमता विकास योजना तयार गरी लागु भएका स्थानीय निकाय | संख्या | ० | ८ | ८ | ८ | ८ | ८ | ८ | क्षमता विकास योजना | |

| विवराणत्मक संक्षेप | सूचकहरु | आधार तथ्याङ्क | | लक्ष्य | | | | | जम्म लक्ष्य | पुष्ट्याइका आधार | जोखिम पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाइ | परिमाण | ७५/७६ | ७६/७७ | ७७/७८ | ७५/७९ | ७९/८० | | | |
| भएको हुने । | संगठनात्मक विकास योजना पारित गरी लागु गरेका स्थानीय निकाय | संख्या | ० | ८ | ८ | ८ | ८ | ८ | ८ | संगठनात्मक विकास योजना | |
| | नतिजामा आधारित योजना तर्जुमा, लक्षित समुह, सिएफलजी, इएफएलजी, जेसी, डिआरआर सम्बन्धी तालिम प्राप्त जनसंख्या | संख्या | ० | २४ | २४ | २४ | २४ | २४ | २४ | तालिम प्रतिवेदन | बजेटको उपलब्भता |
| प्रतिफल नं. १.२: नागरिक समाज, गै.स.स तथा सामुदायिक संस्थाहरूको संस्थागत क्षमता बृद्धि भएको हुने । | गापामा स्पष्ट कार्य विवरण सहित क्रियाशिल गैसस डेक्सको अवस्था | | स्थापना नभएको | सक्रिय | सक्रिय | सक्रिय | सक्रिय | सक्रिय | सक्रिय | कार्य विवरण र आवधिक प्रतिवेदन | गापाको सक्रियता |
| | गाउँपालिका, गैसस र नागरिक समाजको बैठक | संख्या | नभएको | त्रैमासिक | त्रैमासिक | त्रैमासिक | त्रैमासिक | त्रैमासिक | त्रैमासिक | निर्णय पुस्तिका | गैसस बिचको समझदारी, गापा,गैसस |
| **क्षेत्रगतगत उद्देश्य २:** स्थानीय निकायाहरुको आन्तरिक स्रोतको बृद्धि हुने । | आन्तरिक स्रोतको वार्षिक परिमाण | रु हजारमा | ० | १० लाख | १२ लाख | १५ लाख | २० लाख | २५ लाख | २५ लाख | लेखा प्रतिवेदन | गापा र राजनीतिक दलको सक्रियता पर्यटन विकास |
| प्रतिफल नं. २.१: स्थानीय निकायहरुको थप आन्तरिक स्रोतहरु पहिचान हुने । | गापाको आन्तरिक स्रोतहरुको शिर्षकहरु | संख्या | | १२ | १२ | १२ | १३ | १५ | १५ | | |

| विवरणात्मक संक्षेप | सूचकहरु | आधार तथ्याङ्क | | लक्ष्य | | | | | जम्म लक्ष्य | पुष्ट्याइका आधार | जोखिम पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाइ | परिमाण | ७५/७६ | ७६/७७ | ७७/७८ | ७५/७९ | ७९/८० | | | |
| **क्षेत्रगतगत उद्देश्य ३:** अद्यावधिक तथ्यांकमा आधारित सहभागितात्मक योजना तर्जुमाको संस्थागत विकास भएको हुने । | | | | | | | | | | | |
| प्रतिफल नं. ३.१: सहभागितात्मक योजना तर्जुमा तथा अनुगमन र सुपरिवेक्षण पद्दतिको पूर्णतया अवलम्वन भएको हुने । | गापाबाट स्थानीय स्तरमा सञ्चालन हुने सामाजिक परिचालनका कार्यक्रमहरुमा गैससको संलग्नताको अवस्था | | भएको | संलग्न हुने | संलग्न हुने | संलग्न हुने | संलग्न हुने | संलग्न हुने | संलग्न हुने | संझौता पत्रहरु प्रगति प्रतिवेदन | स्थानीय निकाय र गैससको सम्बन्ध |
| | स्थानीय निकायको संभाव्य आन्तरिक स्रोतका क्षेत्रहरुको पहिचान तथा संकलनमा गैसस परिचालनको अवस्था | | नभएको | गैसस परिचालन | गैसस परिचालनो | गैसस परिचालन | गैसस परिचालन | गैसस परिचालन | | संझौता तथा प्रगति प्रतिवेदन | स्थानीय निकाय र गैससको सम्बन्ध |
| | ८ तहको योजना तर्जुमा प्रक्रियाको पालनाको अवस्था | | भएको | पालना हुने | पालना हुने | पालना हुने | पालना हुने | पालना हुने | पालना हुने | प्रगति प्रतिवेदन | विषगत कार्यालय वीच समन्वय र सहकार्य |
| | आवियो अनुसार बार्षिक योजना तर्जुमा हुने नहुने | | | हुने | हुने | हुने | हुने | हुने | हुने | समिक्षा प्रतिवेदन | गापाको सक्रियता |
| | आ.गा.बि.यो को मध्यावधी समिक्षा | | | | | हुने | | | | | |
| | बार्षिक समिक्षा गोष्ठीको आयोजना गर्ने स्थानीय वडाको | संख्या | नभएको | ८ हुने १ | ८ हुने १ | ८ हुने १ | ८ हुने १ | ८ हुने १ | ८ हुने १ | आवधिक गाउँ विकास योजना दस्तावेज<br><br>समिक्षा गोष्ठीको | गापाको सक्रियता र स्रोतको उपलब्धता |

| विवरणात्मक संक्षेप | सूचकहरु | आधार तथ्याङ्क | | लक्ष्य | | | | | जम्म लक्ष्य | पुष्ट्याइका आधार | जोखिम पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाइ | परिमाण | ७५/७६ | ७६/७७ | ७७/७८ | ७५/७९ | ७९/८० | | | |
| | | | | | | | | | | प्रतिवेदन | |
| **क्षेत्रगतगत उद्देश्य ४** :सार्वजनिक महत्वका सूचनाहरुको प्रयोगको पहुँचमा बृद्धि भएको हुने । | स्थानीय रेडियोबाट सञ्चालन गरिएको स्थानीय निकायहरुको गतिविधि सम्बन्धी कार्यक्रमहरुको वार्षिक | संख्या | ० | ३ | ३ | ३ | ३ | ३ | ३ | कार्यक्रम संभ्कौता तथा सिडि | स्थानीय निकायको सकारात्मक भूमिका |
| | स्थानीय पत्रपत्रिकामा स्थानीय विकास निर्माण, लक्षित वर्गको सहभागिता, पर्यटन, कृषि आदि सम्बन्धी प्रकाशन भएका अंकको वार्षिक | संख्या | ० | ६० | ६० | ६० | ६० | ६० | ६० | प्रकाशित अंकहरु | संचार माध्यमको सक्रियता र सामाग्रीको उपलव्धता |
| प्रतिफल नं. ४.१: स्थानीय सञ्चार माध्यमहरुको क्षमता अभिबृद्धि भएको हुने । | संचार क्षेत्र सँग सम्बन्धित क्षमता विकास कार्यक्रमको वार्षिक | संख्या | ० | ४ | ४ | ४ | ४ | ४ | ४ | कार्यक्रम संभ्कौता | स्थानीय निकायको सकारात्मक भूमिका |
| | स्थानीय सामुदायिक रेडियोहरुले स्थानीय निकाय तथा विषयगत कार्यालयहरुबाट प्राप्त आर्थिक सहयोगको रकम | रु | | १ लाख | २ लाख | २ लाख | २ लाख | २ लाख | ९ लाख | संभ्कौता तथा भरपाई | स्थानीय निकायको सकारात्मक भूमिका |
| **क्षेत्रगतगत उद्देश्य ५:** सार्वजनिक निकाय तथा संस्थाहरु उत्तरदायित्व र | सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, एक्जिट पोल सर्भेको अवस्था | प्रतिशत | आंशिक | १०० | १०० | १०० | १०० | १०० | १०० | वार्षिक प्रगति प्रतिवेदन | |

| विवरणात्मक संक्षेप | सूचकहरु | आधार तथ्याङ्क | | लक्ष्य | | | | | जम्म लक्ष्य | पुष्ट्याइका आधार | जोखिम पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाइ | परिमाण | ७५/७६ | ७६/७७ | ७७/७८ | ७५/७९ | ७९/८० | | | |
| जवाफदेहिताको अभिवृद्धी हुने । | | | | | | | | | | | |
| **क्षेत्रगतगत उद्देश्य ६:** स्थानीय निकायको लेखा प्रणालीमा सुधार ल्याइ वित्तीय जोखिम न्यूनीकरण हुने । | | | | | | | | | | | |
| प्रतिफल नं. ६.१: लैङ्गिक वजेट लेखा जोखा भएको हुने । | लैंङ्गिक बजेट लेखा जोखा भएको वार्षिक | संख्या | ० | १ | १ | १ | १ | १ | १ | वार्षिका प्रगति प्रतिवेदन | |
| प्रतिफल नं. ६.२: लक्षित समूह विकास कार्यक्रमको खर्चमा पारदर्शितामा बृद्धि भएको हुने । | इ–ट्र्याकिङ्ग प्रणालीका सम्बन्धमा अभिमुखिकरण भएका वडा सचिवहरुको | संख्या | ० | ८ | ८ | ८ | ८ | ८ | ८ | वार्षिका प्रगति प्रतिवेदन | |
| | निर्धारित ढाँचामा गापालाई खर्चको विवरण पेश गर्ने वडा सचिवहरुको | संख्या | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ | वार्षिका प्रगति प्रतिवेदन | |
| प्रतिफल नं. ६.३: आयोजनाहरुको प्रभावकारी कार्यान्वयन र पारदर्शितमा बृद्धि भएको हुने । | अभिमुखीकरण तालिम पाएका आयोजना हरुको | प्रतिशत | ० | ५० | ५० | ५० | ५० | ५० | ५० | वार्षिका प्रगति प्रतिवेदन | |
| | अभिमुखीकरण तालिम पाएका उपभोक्ताहरुको पदाधिकारीहरुको | प्रतिशत | ० | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ | वार्षिका प्रगति प्रतिवेदन | |
| **क्षेत्रगतगत उद्देश्य ७:**सर्वजनिक निकायहरुबाट प्रदान गरिने सेवा प्रवाह अझ बढि प्रभावकारी भएको हुने । | | | | | | | | | | | |
| प्रतिफल नं. ७.१: विभिन्न निकायहरु विचको समन्वय र साझेदारी बढेको हुने । | **सार्वजनिक निजी साझेदारीमा संचालन भएका विकासका गतिविधिहरु** | | | | | | | | | | |
| | स्थापना भएका फलफूल तथा पशुपालन सम्बन्धी व्यवसायिक फर्म | संख्या | ० | २ | २ | २ | २ | २ | १० | | स्थानीय निकाय र |

| विवराणत्मक संक्षेप | सूचकहरु | आधार तथ्याङ्क | | लक्ष्य | | | | | जम्म लक्ष्य | पुष्ट्याइका आधार | जोखिम पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाइ | परिमाण | ७५/७६ | ७६/७७ | ७७/७८ | ७५/७९ | ७९/८० | | | |
| | | | | | | | | | | | नीजि क्षेत्र विच सहमति स्थापित हुने |
| | संचालन गरिएको लघु जलविद्युत आयोजना | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | | |
| | संचालन गरिएको सरसफाइ कार्यक्रम | संख्या | ० | १ | १ | | | | २ | | |
| | गैससहरुको सहयोगमा वर्षको एउटा सार्वजनिक सुनुवाई आयोजना भएको विषयत कार्यालयहरु | संख्या | ० | ७ | ७ | ७ | ७ | ७ | ७ | सार्वजनिका सुनुवाई प्रतिवेदन | गैसस र सम्बन्धित निकाय विचको समभ्दारी |
| | गैसस र विषयगत कार्यालयवीचमा समन्वय वैठक वार्षिक | पटक | १० | १० | १० | १० | १० | १० | १० | निर्णय पुस्तिका | गैसस र सम्बन्धित निकाय विचको समभ्दारी |
| **क्षेत्रगतगत उद्देश्य ८:** बाल अधिकारको प्रवर्द्धन हुने । | वालमैत्री स्थानीय शासन लागु भएका स्थानीय निकायहरु | संख्या | | १ | १ | १ | १ | १ | १ | | |
| प्रतिफल नं.. ८.१ वालमैत्री स्थानीय शासन प्रवर्द्धन भएको हुने । | गठन भएका बाल क्लवहरुको | संख्या | १०८ | १३५ | | | | | १३५ | | |
| | बाल संजालहरुको | संख्या | २३ | ५ | | | | | ५ | निर्णय पुस्तिका | |
| | स्थानीय निकाय स्रोत परिचालन कार्यविधि अनुसार बाल बालिकाहरुको लागि बजेट विनियोजन गर्ने स्थानीय | संख्या | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ | निर्णय पुस्तिका | गापा, जिल्ला शिक्षा कार्यालय, |

| विवरणात्मक संक्षेप | सूचकहरु | आधार तथ्याङ्क | | लक्ष्य | | | | | जम्म लक्ष्य | पुष्ट्याइका आधार | जोखिम पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाइ | परिमाण | ७५/७६ | ७६/७७ | ७७/७८ | ७५/७९ | ७९/८० | | | |
| | निकायहरुको | | | | | | | | | | जिल्ला स्वास्थ्य कार्यालय, गैससहरुको सकृयता |
| | बालबालिका लागि विनियोज बजेटको यथार्थ खर्चको | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | लेखा परीक्षण प्रतिवेदन | गापाको प्रतिवद्धता |
| | बाल उद्यानको | संख्या | ० | | १ | | १ | १ | ३ | | |
| **क्षेत्रगतगत उद्देश्य ९:**विकास प्रक्रियामा लक्षित वर्गको प्रभावकारी सहभागिता सुनिश्चित हुने । | | | | | | | | | | | |
| प्रतिफल नं. ९.१: महिलाहरुको क्षमता अभिवृद्धि भएको हुने । | गठन भएको निगरानी समूह | संख्या | | ५ | ५ | ५ | ५ | ५ | ५ | निर्णय पुस्तिका | महिला बालबालिका शाखा र गैससको सकृयता |
| | एकल महिलाहरुको संजाल गठन भएको स्थानीय निकायहरुको | संख्या | | १ | १ | १ | १ | १ | १ | | |
| | महिलाहरुको लागि विनियोजित बजेटको सत्प्रतिशत उनीहरुको प्रन्यक्ष फाईदा हुने कार्यक्रममा खर्च गर्ने स्थानीय निकाय | संख्या | २८ | २८ | २८ | २८ | २८ | २८ | २८ | | |
| प्रतिफल नं. ९.२: निर्णय प्रकृयामा महिलाहरुको सहभागिता बृद्धि भएको हुने । | गाउँपालिकाको एकीकृत योजना तर्जुमा समिति, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, गाउँ सभामा महिला सहभागिता | प्रतिशत | ३३ | ४० | ४५ | ५० | ५० | ५० | ५० | निर्णय पुस्तिका | गाउँपालिका, जिशिइ, जिस्वाकाको सकृयता |
| | उपभोक्ता समितिमा महिलाको प्रतिनिधित्व | प्रतिशत | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ | | |

| विवरणात्मक संक्षेप | सूचकहरु | आधार तथ्याङ्क | | लक्ष्य | | | | | जम्म लक्ष्य | पुष्ट्याइका आधार | जोखिम पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाइ | परिमाण | ७५/७६ | ७६/७७ | ७७/७८ | ७५/७९ | ७९/८० | | | |
| प्रतिफल नं. ९.३: दलितहरुको क्षमता अभिवृद्धि भएको हुने। | दलित वर्ग उत्थान समिति गठन भएको गाउँपालिकामा | संख्या | ० | ८ | ८ | ८ | ८ | ८ | ८ | | |
| | दलित लगायत लक्षित वर्गको लागि विनियोजित बजेटको | प्रतिशत | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | | |
| | उनीहरुलाई प्रत्यक्ष फाईदा हुने कार्यक्रममा भएको यथार्थ खर्च | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| प्रतिफल नं. ९.४ निर्णय प्रकृयामा दलितहरुको सहभागिता सुनिश्चित भएको हुने। | गाउँपालिकाको एकीकृत योजना तर्जुमा समिति, गाउँसभामा दलित सहभागिता | प्रतिशत | ० | १० | १० | १० | १० | १० | १० | | |
| प्रतिफल ९.५आदिवासी जनजातिहरुको क्षमता अभिवृद्धि भएको हुने। | गाउँपालिकामा आदीवासी जनजाती उत्थान समूह वा सञ्जाल गठन भएको | संख्या | ० | ८ | ८ | ८ | ८ | ८ | ८ | | |
| प्रतिफल ९.६: निर्णय प्रकृयामा आदिवासी जनजातिहरुको सहभागिता सुनिश्चित भएको हुने। | गाउँपालिकाको एकीकृत योजना तर्जुमा समिति, गाउँ सभामा आदिवासी तथा जनजातिहरुको सहभागिता | प्रतिशत | ० | ८ | ८ | ८ | ८ | ८ | ८ | निर्णय पुस्तिका | गाउँपालिका र गैससहरुको सकृयता |
| प्रतिफल ९.७ फरक क्षमता भएका व्यक्तिहरुको क्षमता अभिवृद्धि भएको हुने। | अपाङ्गता भएका व्यक्तिहरु त्था पदाधिकारीहरुलाई प्रदान गरिएको नेतृत्व विकास तालिमको (वार्षिक) | संख्या | ० | २ | २ | २ | २ | २ | २ | | |
| | लक्षित समूहको लागि विनियोजित बजेट मध्ये अपाङ्गता भएका व्यक्तिहरुलाई प्रत्यक्ष फाईदा हुने कार्यक्रममा भएको यथार्थ खर्चको | प्रतिशत | ० | १५ | १५ | १५ | १५ | १५ | १५ | | |

| विवरणात्मक संक्षेप | सूचकहरु | आधार तथ्याङ्क | | लक्ष्य | | | | | जम्म लक्ष्य | पुष्ट्याइका आधार | जोखिम पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाइ | परिमाण | ७५/७६ | ७६/७७ | ७७/७८ | ७५/७९ | ७९/८० | | | |
| प्रतिफन ९.८: निर्णय प्रकृयामा अपाङ्गता भएकाहरुको सहभागिता सुनिश्चित भएको हुने । | गाउँपालिकाको एकीकृत योजना तर्जुमा समिति, गाउँ सभामा अपाङ्गता भएका व्यक्तिहरुको सहभागिताको | प्रतिशत | ० | ५ | ५ | ५ | ५ | ५ | ५ | | |

### संस्थागत स्रोत तथ क्षमता विकास सम्वन्धी थप कार्यनीतिहरु

संस्थागत विकास तथा सुशासनसँग सम्बन्धित प्रचलित नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि र ढाँचा अनुसार सरोकारवाला निकाय र पक्षहरु बीच समन्वय, सहकार्य र साझेदारी गरी यस क्षेत्रसँग संबन्धित कार्यक्रमहरु कार्यान्वयन गरिनेछ । यस क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन तथा मूल्याङ्कन निम्नानुसार गरिनेछ ।

संस्थागत तथा क्षमता विकास

- स्थानीयस्तरमा मानवीय श्रोतको पहिचान, विकास र स्तरवृद्धि गरी परिचालन गरिनेछ ।
- संस्थागत विकास तथा सुशासन सम्बन्धी कार्यक्रमको कार्ययोजना तर्जुमा तथा अद्यावधिक गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- क्षमता विकास योजनाको पुनरावलोकन गरी अद्यावधिक गरिनेछ तथा गाउँपालिकाको क्षमता विकास स्थितिको लेखाजोखा तथा कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ ।
- संस्थागत तथा क्षमता विकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्णय प्रक्रिया अझ समावेशी र सहभागितामूलक बनाइनेछ ।
- क्षमता विकास कार्यक्रममा सहभागी छनौट गर्दा महिला, दलित, जनजाति, फरक क्षमता भएका व्यक्ति र बालबालिकालाई विशेष प्राथमिकता दिइनेछ ।
- यस कार्यक्रम सञ्चालन गर्दा सरकारी निकाय, गैर सरकारी संस्था र सामुदायिक संस्था -GO-NGO-CBO_ मञ्चबाट एकीकृत बार्षिक कार्ययोजना तयार गरी सो अनुसार कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा NGO-CBO डेस्क स्थापनागरीक्रियाशीलबनाइनेछरनियमित छलफल, कार्यक्रमको समीक्षा गरिनेछ ।
- गाउँपालिकाको कामकार्वाहीलाई चुस्त र प्रभावकारी बनाउन संगठन विकास अध्ययन प्रतिवदेन अनुसार संगठन पुनसंरचना, संसाधन विकास तथा संगठन सुधार योजना कार्यान्वयन गरिनेछ ।
- स्थानीय निकाय तथा सार्वजनिक सेवा प्रदायक अन्य निकायका पदाधिकारी, प्राविधिक तथा अन्य कर्मचारीको कार्यदक्षता र कार्य व्यवहारमा सुधार गरिनेछ ।
- गाउँपालिकामा कार्यसम्पादनमा आधारित अनुदान पद्धति लागू गरिनेछ ।
- सार्वजनिक सेवा र वस्तुको उत्पादन र वितरण संलग्न निजी तथा नागरिक समाजका संस्थाहरुको नियमन, अनुगमन र क्षमता विकास सम्बन्धी नीतिको तर्जुमा तथा आवश्यक संयन्त्रको निर्माण गरिनेछ ।
- पालिकास्थित विभिन्न निकायका पदाधिकारी तथा कर्मचारीलाई उपलब्ध गराइने र प्रदान गरिने क्षमता विकासका अवसरलाई बृद्धि गरी वितरण व्यवस्था पारदर्शी बनाइनेछ ।
- कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई मापनीय सूचकका आधारमा गर्ने प्रणालीको विकास गरी मूल्याङ्कनका लागि उपयुक्त सूचकहरुको पहिचान गरी मूल्याङ्कनलाई पूर्वानुमानयोग्य बनाइनेछ ।
- संस्थागत तथा क्षमता विकास र स्थानीय सुशासन योजनाको लागि आवश्यक श्रोत, साधन र लगानी तथा श्रोत विनियोजनमा डालो प्रणाली अपनाइनेछ ।
- गाउँपालिका, वडा तथा स्थानीय शासनका साझेदारहरुको विद्यमान क्षमता स्थिति विश्लेषण, आवश्यकता पहिचान, योजना तयारी, अद्यावधिक र अभिलेखनका लागि दक्ष, अनुभवी सेवा प्रदायक छनौट, सेवा करार र परिचालन गरिनेछ ।
- गाउँपालिकाको परिवर्तित भूमिका तथा कार्य प्रणाली र संगठन विकास अध्ययनको सिफारिश अनुसार संरचनामा परिवर्तन गरिनेछ ।
- संगठन विकास रणनीतिलाई क्षमता विकास योजनामा समायोजन गरी कार्यान्वयन गरिनेछ ।

- स्थानीय निकाय तथा गैससहरुमा रिक्त पदहरुमा कर्मचारी नियुक्ति गर्ने कार्य उपलब्ध कानूनी व्यवस्था र लैङ्गिक तथा सामाजिक समावेशीकरणको रणनीति अनुसार तदारुकताका साथ सञ्चालन गरिनेछ ।
- स्थानीय निकायहरुमा कार्य सम्पादनमा आधारित सुविधा प्रणालीको शुरुवात गरी विस्तार गर्दै लगिनेछ ।
- गाउँपालिकाको संगठन संरचना र कर्मचारीको कार्यविवरण तयार गरी कार्यान्वयन गरिनेछ ।

**राजस्व तथा श्रोत परिचालन**

- गाउँपालिकाद्वारा आयमूलक पूँजीगत आयोजना तर्जुमा, निर्माण तथा संचालनमा जोड दिइनेछ ।
- गाउँपालिकाको आन्तरिक स्रोतको संकलन तथा परिचालनको समयका आधारमा आवधिक रुपमा अध्ययन गरी प्राप्त सुझावहरुको कार्यान्वयन गरिनेछ ।
- स्थानीय विकास निर्माणका आयोजना तथा कार्यहरुमा स्थानीय स्रोत तथा साधनको अधिकतम प्रयोग तथा परिचालनको लागि प्रयास गरिनेछ ।
- वित्तीय जोखिम न्यूनिकरणका लागि पारदर्शिता तथा सुशासन संबन्धी व्यवस्थाहरु कार्यान्वयनका लागि विशेष श्रोत साधनको परिचालन गरिनेछ ।
- स्थानीय श्रोत, साधन, श्रम, पूँजि, प्रविधि र ज्ञान तथा सीपको अधिकतम प्रयोग गरिनेछ ।
- विद्युत सेवा उपलब्ध, गाउँपालिकाहरुमा लेखा सम्बन्धी सफ्टवयर स्थापना, संबन्धित कर्मचारीलाई यस सम्बन्धी तालिम प्रदान गरी संचालनमा ल्याइनेछ ।

**स्थानीय सुशासन**

- स्थानीय विकासका कार्य सञ्चालन गर्दा सुशासन सम्बन्धी व्यवस्था र प्रक्रिया परिपालना गर्ने व्यवस्था अनिवार्य गरिनेछ ।
- विषयगत निकाय, गैसस, गाउँपालिका तथा राजनीतिक पार्टी र नागरिकबीचको सम्बन्धलाई सुमधुर बनाउन आवश्यक अन्तरिक्रया तथा वहश कार्यक्रम सञ्चालन गरिनेछ ।
- उपलब्ध पारदर्शिताका औजारहरु (नागरिक वडापत्र, सार्वजनिक परीक्षण, नागरिक सन्तुष्टी सर्वेक्षण तथा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, स्थानीय निकायको खर्च पुनरावलोकन योजना व्यवस्थापन र निर्णय प्रक्रियामा नागरिकहरुको सम्लग्नता सर्वेक्षण, संचालित आयोजनाहरुको समुदायमा आधारित अनुगमन लगायत नीति तथा कार्यविधिहरुको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- स्थानीय निकायका पदाधिकारी तथा कर्मचारीको आचारसंहिता तयार गरी कार्यान्वयन गरिनेछ ।
- स्थानीय निकाय तथा सार्वजनिक सरकारी र गैर सरकारी निकायहरुमा सेवाग्राहीहरु तथा जनगुनासोको अभिलेख राखिनेछ र गुनासो सुनुवाई संयन्त्रलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
- पालिकास्तरीय सेवाहरु पूर्ण रुपमा सूचना प्रविधिमा आधारित भई प्रवाह गरिनेछ ।
- गाउँपालिका तथा सेवाकेन्द्रस्तरको सेवा प्रवाहलाई क्रमशः सूचना तथा प्रविधिमा आधारित बनाउँदै लगिनेछ ।
- विषयगत सेवा प्रवाहलाई गाउँपालिकास्तरसम्म विस्तार गरिनेछ ।
- गाउँपालिकाको वेवसाइट र सार्वजनिक सूचना मार्फत सामाजिक सुरक्षा कार्यक्रम संबन्धी सूचना सार्वजनिक गरिनेछ ।
- सामाजिक परीक्षण, नागरिक सन्तुष्टी सर्वेक्षण, सार्वजनिक परीक्षण, खर्चको उपयोगिता तथा सार्वजनिक वहश जस्ता पारदर्शीता र उत्तरदायित्व अभिबृद्धि सम्बन्धी कार्यक्रमको संचालन तथा सहजिकरणमा नागरिक समाजका संस्था एवं समुदायमा आधारित संस्थाहरुलाई परिचालन गरिनेछ ।
- योजना तथा बजेट तर्जुमा, बजेट तथा खर्च र प्रगति विवरण मासिक रुपमा संचार माध्यम तथा प्रकाशनद्धारा सार्वजनिक गर्ने तथा प्रतिवेदन प्रणाालीी एकद्धार प्रणाली अनुसार व्यवस्थित गरिनेछ ।

**विकास व्यवस्थापन**

- तेश्रो पक्षद्धारा आवधिक गाउँ विकास योजनाको मद्यावधि तथा अन्तिम मूल्याङ्कन गरिनेछ ।
- योजना तर्जुमा तथा अनुगमन प्रणालीलाई पारदर्शी, नतिजामुखी र प्रभावकारी बनाउन जिल्ला सूचना केन्द्रलाई व्यवस्थित र प्रभावकारी बनाइनुका साथै नतिजामा आधारित अनुगमन सम्बन्धी कार्यविधि तर्जुमा गरी आवधिक योजना तथा सूचकका आधारमा योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन कार्य सञ्चालन गरिनेछ ।
- सार्वजनिक सेवागुणस्तरीयता रप्राप्तिको सुनिश्चितगर्न सेवा प्रवाहकोअनुगमनकोव्यवस्थाप्रभावकारी गरिनेछ ।
- पालिका स्तरिय गरिवी अनुगमन र विश्लेषण पद्धति (चर:ए:ब्) स्थापना गरी योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन र प्रतिवेदनमा यसको प्रयोग गरिनेछ ।
- विकास आयोजना तथा कार्यक्रमहरुको नतिजा अनुगमन तथा प्रभावकारीता अध्ययन/मूल्याङ्कनको लागि अनुगमन संरचनाको निर्माण गरी प्रभावकारी बनाइनेछ ।
- सरकारी-निजी, सरकारी-गैरसरकारी-समुदाय, निजी-समुदाय साझेदारी अवधारणा तथा नीति तर्जुमा गरी सो अवधारणा बमोजिम आयोजना तथा सेवा सञ्चालन गरिनेछ ।

## ३.६ समष्टिगत बजेट विश्लेषण

तालिका नं.२० आवियोको पाँच वर्षको विषयगत अनुमानित कुल बजेट (रकम रु. हजारमा)

| | **आर्थिक विकास** | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **क.स.** | | **आवियोको अनुमानित बजेट (रु.हजारमा)** | | | | | |
| | | **आ.ब. २०७५/७६** | **आ.ब. २०७६/७७** | **आ.ब. २०७७/७८** | **आ.ब. २०७८/७९** | **आ.ब. २०७९/८०** | **जम्मा** |
| ज्ञ | कृषि | ४९७५० | ३३७५ | १५७५ | १२५० | ३२०० | ५९१५० |
| द्द | पशु | ४३९० | ४३९० | ४३९० | ४३९० | ४३९० | २१९५० |
| घ | पर्यटन | २९४०५० | ३२७०० | ४४००० | ३७५०० | २५००० | ४३५७५० |
| द्ध | बाणिज्य | ३६०० | ३६०० | ३६०० | ३६०० | ३६०० | १८००० |
| छ | घरेलु तथा साना उद्योग | ४२८० | ४२८० | ४२८० | ४२८० | ४२८० | २६४०० |
| ट | सहकारी | २३४० | २३४० | २३४० | २३४० | २३४० | ११७०० |
| | **जम्मा** | **३५८४१०** | **५०६८५** | **६०१८५** | **५३३६०** | **४२८१०** | **५७२९५०** |
| | **सामाजिक विकास** | | | | | | |
| ज्ञ | शिक्षा | ७०१७ | १५२५ | २७७७५ | ५९०४८ | १३३० | ९७४७५ |
| द्द | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ११४६० | ११४६० | ११४६० | ११४६० | ११४६० | ५७३०० |
| घ | स्वास्थ्य | ९५५० | ९५५० | ९५५० | ९५५० | ९५५० | ४७७५० |
| द्ध | खानेपानी तथा सरसफाइ | २६४०८.९१ | ३९२९९.४१ | ३१४०८.९१ | ३१४०८.९१ | ३१११०८.८६ | १५९६३५ |
| | **जम्मा** | **५४४३५.९** | **६१८३४.४** | **८०१९४** | **१११४६७** | **५३४४८.९** | **३६२१६०** |
| | **भौतिक पूर्वाधार** | | | | | | |
| ज्ञ | सडक | ९४८०० | ९४८०० | ९४८०० | ९४८०० | ९४८०० | ४७४००० |
| द्द | झातायात | १६०० | ३१०० | ४६०० | ११६०० | १६०० | २२५०० |
| घ | सिचाई | १५००० | १५००० | १४९०० | १७००० | ९४०० | ७१३०० |
| द्ध | आवास तथा भवन | २००० | २३०० | २००० | १००० | २००० | ९३०० |
| छ | बिद्युत | ८८९०० | ८५७५० | ६०२५० | ६०००० | ६०००० | ३५४९०० |
| ट | बैकल्पिक उर्जा | ४००० | ४२५० | १७५० | १००० | १५०० | १२५०० |
| | **जम्मा** | **२०६३००** | **२०५२००** | **१७८३००** | **१८५४००** | **१६९३००** | **९४४५००** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **वन, वातावरण तथा विपद व्यवस्थापन** | | | | | | |
| ञ | वन तथा भूसंरक्षण | ११८०८ | ११८०८ | ११८०८ | ११८०८ | ११८०८ | ५९०४० |
| ट | विपद् ब्यबस्थापन | ९५० | ९५० | ९५० | ९५० | ९५० | ४७५० |
| ठ | जलवायु परिवर्तन अनुकुलन | ३८४२ | ३८४२ | ३८४२ | ३८४२ | ३८४२ | १९२१० |
| | **जम्मा** | **१६६००** | **१६६००** | **१६६००** | **१६६००** | **१६६००** | **८३०००** |
| | **संस्थागत स्रोत तथा क्षमता विकास** | | | | | | |
| ञ | मानव अधिकार संरक्षण | ९३० | ९३० | ९३० | ९३० | ९३० | ४६५० |
| ट | तथ्याङ्क संकलन | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० |
| ठ | मानव संसाधन विकास | १६०० | १६०० | १६०० | ० | ० | ४८०० |
| | **जम्मा** | **५०३०** | **५०३०** | **५०३०** | **३४३०** | **३४३०** | **२१९५०** |

तालिका नं.२१ आ.व. २०७४/०७५ को खुद पूँजीगत खर्च र आवियोको पाँच वर्षको विषयगत अनुमानित कुल बजेट र (रकम रु. हजारमा)

| **क.स.** | **समुह** | **आ.ब.२०७४/०७५** | **आवियोको अनुमानित बजेट (रु. हजारमा)** | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **आ.ब.२०७५/७६** | **आ.ब.२०७६/७७** | **आ.ब.२०७७/७८** | **आ.ब. २०७८/७९** | **आ.ब. २०७९/८०** | **जम्मा** |
| ञ | आर्थिक | ५,२४४ | ३५८४१० | ५०६८५ | ६०१८५ | ५३३६० | ४२८१० | ५७२९५० |
| ट | सामाजिक | ३४,२१४ | ५४४३५.९ | ६१८३४.४ | ८०१९४ | १११४६७ | ५३४४८.९ | ३६२१६० |
| ठ | पूर्वाधार | ८०,००९ | २०६३०० | २०५२०० | १७८३०० | १८५४०० | १६९३०० | ९४४५०० |
| ड | बाताबरण तथा विपद् व्यवस्थापन | ७,८४८ | १६६०० | १६६०० | १६६०० | १६६०० | १६६०० | ८३००० |
| छ | संस्थागत श्रोत तथा क्षमता विकास | १७,५५० | ५०३० | ५०३० | ५०३० | ३४३० | ३४३० | २१९५० |
| **जम्मा रकम** | | **१४४,८६५** | **६४०७७५.९** | **३३९३४९** | **३४०३०९** | **३७०२५७** | **२८५५८९** | **१९८४५६०** |

## परिच्छेद-४: योजना कार्यान्वयन,अनुगमन तथा मुल्याङ्कन

संस्थागत विकासद्वारा आवियोले परिकल्पना गरेको लक्ष, उद्देश्य र नतिजा हासिल गर्न सम्भव हुन्छ । तसर्थ आवियोमा पहिचान भएका नजिताहरु हासिल गर्न तोकिएका कार्यक्रम तथा परियोजनाहरुको सफल कार्यान्वयनका लागि आवश्यक जनशक्ति, भौतिक पूर्वाधार, मेशिनरी औजारहरु जस्तै कम्यूटर, प्रिन्टर, स्वास्थ्य सेवासँग सम्वन्धित उपकरणहरु आदि उपलव्ध हुन आवश्यक छ । यसका लागि खास गरी सेवा प्रदायक निकायहरु, स्थानीय निकायहरु, जिल्लास्तरीय विषयगत कार्यालयहरु तथा तिनको इलाका वा गाउँपालिकास्तरीय इकाईहरु नागरिक समाज, गैसस तथा नीजि क्षेत्रको वर्तमान संस्थागत अवस्थाको विश्लेषण गरी सोही अनुसार क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्नु आवश्यक हुन्छ । संस्थागत विकासका क्षेत्रमा देखिएका कमिकमजोरीहरुलाई समयमानै सम्वोधन गर्न सकेमा उपलव्धी हासिल गर्न सहज हुने हुँदा त्यसमा पर्याप्त पहल गर्नु पर्ने हुन्छ । यस सन्दर्भमा केही महत्वपूर्ण पक्षहरु निम्नानुसार उल्लेख गरिएका छन् ।

### ४.१ योजना कार्यान्वयनको समयवद्ध कार्यायोजना र जिम्मेवारी निर्धारण

### प्रभावकारितको लागि लिइएका नीतिगत व्यवस्थाहरु

**क. स्थानीय निकाय**

स्थानीय तह मार्फत प्रवाह हुने सेवालाई प्रभावकारी बनाउन निम्नानुसार गरिनेछ ।

- स्थानीय निकायमा उपलव्ध साधनस्रोतलाई पारदर्शी रुपमा विनियोजन र खर्चको व्यवस्था मिलाउने ।
- सबै वडामा सचिवहरुको पदपूर्ति गर्न पहल गर्ने ।
- प्रमुख प्रशासकिय अधिकृत र राजनीतिक दलका प्रतिनिधीहरुका विचमा नियमित छलफल, समझदारी र सहकार्य गर्ने वातावरण बनाउने ।
- राजनीतिक दल, गैसस, पत्रकार र नागरिक समाजका प्रतिनिधिहरुलाई अनुगमन कार्यमा सहभागी गराउने ।
- गाउँपालिकाको आन्तरीक श्रोत परिचालनमा जोड दिने ।
- गाउँपालिकामा आवश्यक जनशक्तिको व्यवस्थापन र परिचालन व्यवस्थित बनाउने ।
- निर्माण सम्बन्धी कार्यक्रमहरुको विस्तृत डिजाइन गर्ने परिपाटीलाई कार्यान्वयनमा ल्याउने ।
- गाउँपालिकाको नीति निर्माण, निर्णय गर्नु पर्ने अति महत्वपूर्ण जिम्मेवारीको प्रभावकारी कार्यान्वयनका लाीग योजना, प्रशासकीय तथा अनुगमन अधिकृतको अनिवार्य उपस्थितिका लागि पहल गर्ने ।
- गाउँपालिका तहमा रहेको प्राविधिक सहायकको दरबन्दी पूर्ति गर्न पहल गर्ने ।
- समयमा अख्तियारी प्राप्त गरी विकास निर्माणका साथै संस्थागत विकासका विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्न सबै पक्षबाट पहल गर्ने ।
- गाउँपालिका संरचना संगठनलाई सुदृढ बनाउन क्षमता विकास कार्ययोजना तर्जुमा गरी सोही अनुसार कार्यान्वयन गर्ने ।
- स्थानीय क्षेत्रका कार्यरत मानव संसाधन क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्था गर्ने ।
- गाउँपालिकामा उपलव्ध कमजोर नेटवर्क भएका कारणले इ-रिपोटिङ्ग कार्य सरल हुन नसकेको हुँदा इ-रिपोटिङ्ग कार्य लगायत अन्य दैनिक कार्यलाई सरल र सहज बनाउन नेपाल टेलिकलको सेवा प्रभावकारी बनाउन पहल गर्ने ।
- सहभागितामूलक वार्षिक योजना प्रक्रियाको अनिवार्य अवलम्बन गर्ने गराउने ।

**ख. बिषयगत कार्यालयहरु**

आयोजनाको कार्यान्वयनमा लक्ष अनुरुप प्रगतिको लागि गाउँपालिका र बिषयगत शाखाबीच समन्वय, सूचना व्यबस्थापन र सूचना आदानप्रदान आदिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस सम्बन्धमा निम्ननानुसार गरिनेछ ।

- गाउँपालिका र बिषयगत शाखाहरु बीच सूचनाको आदान प्रदानमा प्रभावकारिता कायम गर्ने ।
- विगतमा भएको द्वन्दको कारण गाउँपालिका र प्राय जसो सबै बिषयगत कार्यालय भवनहरुमा क्षति पुगि सूचना केन्द्रहरु र महत्वपूर्ण अभिलेखहरु नष्ट भएकोमा सोको व्यवस्थापनमा जोड दिने ।
- गाउँपालिका स्थित बिषयगत शाखाहरुमा दरबन्दी अनुरुप पदपूर्ति गर्न र बर्ष भरी गाउँमा बस्ने वातावरण सिर्जना गर्न पहल कदमी चाल्ने ।
- स्वास्थ्य कार्यालयको खास गरी ग्रामिण इलाकाहरुमा स्वास्थ्यकर्मीहरुको दरबन्दी अनुसार पदपूर्ति ज्यादै न्यून भएकोले सोको पूर्तिका लागि पहल गर्ने ।
- अधिकांस बिषयगत कार्यालयहरुको विनियोजित बजेट अपर्याप्त रहेको र समयमा बजेट निकासा नहुने वर्तमान प्रबृत्तिको अन्त्य गर्न राजनैतिक नेतृत्वले केन्द्र पहल गर्ने ।
- विषयगत कार्यालयहरुमा समेत कर्मचारीको सरुवा छिटोछिटो हुने अवस्थाले सेवा प्रवाह सहज हुन नसकेको हुँदा नियमानुसार सरुवा गर्न नेपाल सरकारसँग पहल गर्ने ।
- जिल्लामा खटिँदा गौरवको अनुभूति हुने नीति ल्याउन जिल्लाले उपाय सहितको सुझाव केन्द्रमा पठाउने । जिल्ला स्वयंले सम्मान गर्ने परम्परा थालनी गर्ने ।

ग. गैर सरकारी संघ सस्था र निजी क्षेत्र

गाउँपालिकामा कार्यरत गैर सरकारी संघ संस्थाहरुको संख्या उल्लेखनीय छन् । सरदरमुकाम र सदरमुकाम क्षेत्र आसपासका गाउँपालिकाहरुमा गैरसरकारी संस्थाका कार्य क्षेत्र रहेको छ । गैसर र स्थानीय निकायहरु वीचमा सहकार्य गर्ने वातावरण सिर्जना गर्न निम्नानुसार गरिनेछ ।

- गाउँपालिकाको विकासका लागि गैसस र नीजि क्षेत्रको क्षमता विकास गरी स्थानीय सेवा प्रवाहमा सहकार्य गर्ने वातावरणको सिर्जना गर्ने ।
- स्थानीय निकाय, बिषयगत निकाय र गैसस बीचमा आवश्यक समन्वय, सहकार्य गरी कार्यक्रमहरुमा देखिएको दोहोरोपनान्यूनिकरण गर्ने ।
- गैससका कार्यक्रम तथा बजेटहरु पारदर्शिता गरी सहकार्यको वातावरण निर्माण गर्ने ।
- कार्यरत गाउँपालिकाका सबै वडा र वस्तीलाई समेट्ने गरी कार्यक्रम/क्रियाकलाप निर्धारण गर्न ध्यान दिने ।

## ४.२ अनुगमन तथा मूल्यांकन पद्यती र संरचना

स्थानीय सरकार सञ्चालन ऐनको दफा २१० मा गाउँपालिकाले योजना वा कार्यक्रम तर्जुमा गर्दा अनुमान गरिएका स्रोत साधनहरुको परिचालन लक्ष्य अनुरुप भए नभएको, आयोजनाको कार्यान्वयन निर्धारित तालिका अनुसार भए नभएको यकिन गर्न तथा आयोजनाको कार्यान्वयनमा देखिने बाधा व्यवधान वा अड्चनहरु समाधानको लागि आवश्यक निर्देशन दिन सुपरिवेक्षण तथा अनुगमन समिति गठन गरी कार्य गर्ने प्रावधान रहेको छ । यसैगरी दफा २११ मा गाउँपालिकाले गाउँपालिका विकास योजनाको समीक्षा र मूल्याङ्कन गर्ने प्रावधान गरेको छ । त्यसैगरी अन्य कानूनी व्यवस्था अनुसारको संस्थागत संरचनाद्वारा नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने प्रावधान अनुरुप गाउँपालिका विकासका लागि कार्यान्वित योजना, आयोजना, कार्यक्रम र गतिविधिहरुको कार्यान्वयनमा देखापरेका समस्यालाई समयमै पहिचान र निराकरणका लागि सम्वन्धित निकायहरुलाई पूर्व सूचना दिन, तोकिएको उपलब्धी तोकिएको समयमै हासिल गर्न बाधा पुर्‍याउने गतिविधिहरु उपर निगरानी गर्न, पूर्व निर्धारित लागतका आधारमा स्रोत परिचालन गर्न, मितव्ययिता कायम गर्न, कामको निर्धारित गुणस्तर कायम गर्न लगाउन र अन्तर कार्यान्वयन इकाई बीच समन्वय कायम गर्न मद्दत गर्ने उद्देश्यले अनुगमन तथा मूल्याङ्कन संयन्त्रको व्यवस्था गरिए अनुसार यस आवधिक विकास योजना मा निर्धारण गरिएको उद्देश्यहरु एवं नतिजाहरु हासिल गर्नको लागि तय गरिएका क्रियाकलापहरुको प्रभावकारी कार्यान्वय गर्न अनुगमन तथा मूल्याङ्कन संयन्त्रलाई क्रियाशिल र सक्रिय बनाईने छ ।

*अनुगमन*

नीति, योजना, कार्यक्रम तथा आयोजनाहरुमा लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ वा छैन र कार्यतालिका अनुसार क्रियाकलापहरुको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भएको छ वा छैन भनी विभिन्न तहका निकाय वा पदाधिकारीबाट निरन्तर र आवधिक रुपमा गरिने निगरानीलाई अनुगमन ९:यलष्तयचष्लन० भनिन्छ ।

अनुगमनले आयोजना कार्यान्वयन सम्बन्धमा भरपर्दो सूचना एवं जानकारी उपलव्ध गराउँछ । लक्ष्य र उद्देश्य चयनको महत्वलाई केलाउन र प्रष्ट्याउन मद्दत पुग्छ ।नीतिगत समस्यालाई पुनर्बिचार गर्न समेत मद्दत गर्छ । यसर्थ अनुगमनलाई मासिक, चौमासिक रुपमा नियमित ढंगले गर्ने परिपाटीको सुनिश्चिता गरिने छ । यसका लागि निम्नानुसारका माध्यमहरु अवलम्वन गरिनेछ ।

- जिम्मेवारी तालिकाको पूर्ण पालना गर्नु सबै निकायको कर्तव्य हुनेछ ।
- उत्तरदायित्व वहन गर्न लगाउने संयन्त्रको व्यवस्था (लेखापरीक्षण, सार्वजनिक/जनलेखापरीक्षण, सार्वजनिक सुनवाइ आदि) गरी कार्यान्वयन गरिनेछ ।
- अनुगमनका लागि बजेट विनियोजन गरिनेछ ।
- आवियोको मध्यावधी र अन्तिम मूल्याङ्कन गरी सिकिएका पाठहरु सबै सरोकारवालहरु समक्ष पेश गरिने छ ।

### (क) नियमित अनुगमन

नियमित अनुगमन भन्नाले स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेको गाउँपालिका स्थित सबै विकास प्रदायक निकायहरुबाट प्राप्त सेवाबाट गाउँपालिकाबासीलाई पुगेको परिमाणात्मक र गुणात्मक लाभका सम्बन्धमा जानकारी लिन विभिन्न चरणमा गरिने अनुगमनलाई बुझाउँछ । जस अन्तरगत देहायका कुराहरु गरिनेछ ।

(क) अनुगमन तथा मूल्याङ्कन समितिको बैठक चौमासिक रुपमा बसिनेछ ।

(ख) आयोजनाको लागि अनुमान गरिएको साधन, प्राप्त भएको साधन र गर्नु पर्ने कामको लेखाजोखा गरिनेछ ।

(ग) कार्यतालिका अनुसार काम भए नभएको समीक्षा गरि आवश्यक निर्देशन दिईनेछ ।

(घ) अनुगमन प्रतिवेदनहरुलाई एकीकृत गरी सम्वन्धित निकायहरु (मन्त्रालय, विभाग) मा पठाईनेछ ।

**(ख) योजना/आयोजना/कार्यक्रम ९एचयवभअतरउचयनचबक्ष्भ० अनुगमन**

गाउँपालिकामा संचालन हुने लागत र परिमाणका दृष्टिकोणले मध्यम वा साना योजनाहरुको कार्यान्वयन प्रकृया, निर्माण प्रगति, गुणस्तर, उपभोक्ता वा ठेकेदारको आर्थिक एवं प्राविधिक क्षमता, प्राविधिक मापदण्ड जस्ता विषय समेटी नियमितरुपमा गरिने अनुगमन सम्बन्धी कामहरु यस अन्तर्गत पर्दछन । यस अन्तर्गत पूर्वाधारका साथै सामाजिक पूँजी निर्माणका योजनाहरु पनि पर्दछन ।

गाउँपालिकाको सम्पूर्ण सेवा र विकाससँग सम्बन्धित गतिविधिहरुलाई सूचकहरुको सहयोगले सरल र मापनयोग्य तरिकाले अनुगमन गर्न विभिन्न पदाधिकारीले अनुगमन गर्ने खाका ९ँयचकबत० बनाइनेछ । यस्तो खाका योजना शाखाले प्रत्येक महिना, सुपरिवेक्षण तथा अनुगमन समिति मार्फत गाउँपालिकामा पेश गर्ने परिपाटी बसालिनेछ ।

**(ग) आवश्यक सूचनाको संकलन**

समष्टिगत विकास सूचना गाउँपालिकाले र विषयगत सूचना विषयगत शाखाले संकलन गर्नु पर्दछ । विषयगत कार्यालयले सूचना संकलन गर्दा सो विषयमा सेवा पुऱ्याईरहेका सबै निकाय ९ब्अतयचा० को सूचना संकलन गरी एकीकृत सूचना तयार पार्नु पर्नेछ । यस्तो संकलन विधिको सुपरिवेक्षण गाउँपालिकाबाट समेत गरिनेछ ।

सूचना संकलनका लागि निम्नानुसारका माध्यमहरुको प्रयोग गरिनेछ ।

- सूचना तथा  प्रतिवेदन
- फ्याक्स
- ऋृम च्इ:
- इमेल
- स्थानीय एरिया नेटवर्क

सबैले आफ्नो क्षमता अनुरुपको माध्यम प्रयोग गरी आवश्यक सूचनाहरु संकलन गरी विश्लेषण र प्रचार प्रसार गर्ने कार्य गर्नेछ ।

गाउँपालिकाका विषयगत कार्यालय, गै.स.स.र अन्य सवै सरोकारवाला कार्यालयहरु र गाउँपालिकाको आफ्नै कार्यालयको तथ्याङ्क भण्डारणका लागि कम्प्युटरद्वारा परिचालित सूचना/तथ्याङ्क भण्डार ९म्बतब द्यबलप० स्थापना गरिनेछ । यस्तो सूचना बैंकको संचालनका लागि गाउँपालिकाले अनिवार्यरुपमा कर्मचारीको सेवा आफैले वा करारद्वारा लिने व्यवस्था मिलाउने छ अथवा गाउँ सूचना तथा अभिलेख केन्द्रलाई सक्षम बनाई कार्य जिम्मेवारी तोक्नेछ ।

**(घ) प्रतिवेदन तयारी**

गाउँपालिकाको सूचना केन्द्रमा संकलित समष्टिगत सूचना तथा तथ्याङ्कलाई प्रशोधन गरी आवियोमा निर्धारित लक्ष्य र उपलब्धीहरुको विश्लेषण गरिनेछ । गाउँपालिकाको सूचना तथा अभिलेख केन्द्रले विश्लेषण गरेका तथ्याङ्क तथा सूचनाहरु गाउँपालिकालाई मासिक, चौमासिक र वार्षिक रुपमा पेश गर्ने व्यवस्था मिलाईने छ । त्यसरी प्राप्त भएका प्रतिवेदनहरु गाउँपालिकाले गाउँका सवै सरोकारवाला निकायहरुसँग छलफलका लागि पेश गर्नेछ । यसरी चौमासिक रुपमा प्राप्त पृष्ठपोषणलाई वार्षिक लक्ष्य परिमार्जन गर्न; वार्षिक रुपमा प्राप्त पृष्ठपोषण (भभमदबअप) लाई अर्को वर्षको योजना तर्जुमा गर्न; र अन्ततः आवियोको मध्यावधी एवं अन्तिम मूल्याङ्कनका लागि प्रयोग गरिनेछ ।

गाउँपालिकाले माथि उल्लेखित विभिन्न चरणहरुमा उल्लेख गरिएका पद्धतिमार्फत संकलन गरेका सूचनाहरुलाई निम्नानुसार प्रयोगमा ल्याइनेछ ।

- कर्मचारी बैठक, शाखा प्रमुख बैठक र मासिकरुपमा आयोजना गरिने विभिन्न बैठकमा,
- मासिकरुपमा र आवश्यकता अनुरुप गाउँपालिकाको नियमित बैठकमा,
- चौमासिक र वार्षिक प्रगति समिक्षा बैठकहरुमा,
- लेखा समिति, सुपरिवेक्षण तथा अनुगमन समिति, विषयगत समितिहरु लगायत विभिन्न समितिका बैठकहरुमा,

- गाउँ सभामा
- विभिन्न आयोग, कार्यदल, छानबीन टोलीहरुको लागि आवश्यक परेमा ।

गाउँपालिकाले नियमित र माग भए अनुरुप माथि उल्लेख गरिएका विभिन्न विवरण, विश्लेषण तथा समीक्षालाई निम्न समयमा निम्न निकायमा प्रतिवेदन गर्नेछ ।

- सेवाग्राहीको भेला (सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरीक्षण आदि),
- चौमासिक रुपमा गाउँपालिकामा
- ईलाका प्रशासन कार्यालय
- चौमासिक र वार्षिक रुपमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

विषयगत मन्त्रालयबाट प्राप्त बजेट एवं सहयोगको हकमा सम्बन्धित निकायमा समयमानै प्रतिवेदन गरिनेछ ।

### (ङ) श्रव्य/दृश्य सामाग्री

समीक्षा प्रतिवेदनहरुका साथै आयोजनामा संचालित गतिविधिहरुको सूचनाहरुको जवाफ आउने गरी लाभान्वित समूहको प्रतिक्रिया र राय सुझाव संकलन गरिनेछ । यस्तो संकलन गरिँदा श्रव्य दृश्य (बगमष्य खष्कगबी चभअयचमष्लन) माध्यममा गरिनेछ । यसरी संकलित सामाग्री मध्ये जनसरोकारका विषय र योजनाको विवरण सम्बन्धी सामाग्री गाउँपालिकाले प्रसारणका लागि पठाउने छ । प्रसारण पश्चात प्राप्त हुने सुझाव, प्रतिक्रिया संकलन गरी त्यसपछिको गाउँपालिकाको  बैठकमा प्रमुखा प्रशासकिय अधिकृत वा कार्यक्रम अधिकृत मार्फत राख्ने परिपाटी बसालिने छ ।

### (च) पृष्ठपोषण ९ँभभमदबअप०

गाउँपालिकाले विभिन्न श्रोतबाट प्राप्त गरेको सूचना, विवरण, तथ्याङ्क र तिनको विश्लेषण पश्चात प्राप्त परिणामलाई सार्वजनिकरण गर्नेछ । गाउँपालिकाले सार्वजनीकरण गर्ने विषयहरु गाउँपालिका आफुले सम्पादन गरि आएको कामहरु, प्रदान गरि आएका सेवा सुविधाहरु, विकास निर्माणका कार्यहरु तथा आर्थिक स्रोत साधन परिचालन, जनसहभागिताको अवस्था आदि रहने छन् । यसरी विभिन्न विषयहरुलाई सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण लगायतका विभिन्न माध्यमहरु मार्फत सार्वजनीकरण गरी गाउँपालिकाबासीहरुको सुझावहरु लिईनेछ । यसरी गाउँपालिकाबासीहरुबाट प्राप्त पृष्ठपोषणहरु आउदा दिनहरुमा सञ्चालन गरिने कार्यक्रमहरुको प्रभावकारिता बृद्धि गर्नमा उपयोग हुनेछ ।

### (छ) जनशक्ति विकास र तालिम आवश्यकता

अनुगमन पद्धतिलाई प्रभावकारी बनाउन यससँग संलग्न व्यक्तिहरुको क्षमता विकास गर्नु आवश्यक हुन्छ । तसर्थ यस प्रक्रियामा आवद्ध हुने सबै व्यक्तिहरुलाई नतिजामा आधारित अनुगमन प्रणाली तालिमहरु उपलव्ध गराइने छ । सोका लागि प्रारम्भमा केही कार्यशाला संचालन गर्न चाहिने आवश्यक सेवा विशेषज्ञबाट लिइनेछ । तत्पश्चात त्यो स्तरको ज्ञान,सीप कर्मचारी आफुमै प्राप्त हुने र सोहीका आधारमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

*मूल्यांकन*

कार्यान्वयन गरिएका योजना, नीति, कार्यक्रम तथा आयोजनाहरु हालको समयमा के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा के कस्ता उपलव्धि एवम् प्रभावहरु हासिल भएका छन् भन्ने कुराको आन्तरिक र बाह्य मूल्याङ्कनकर्ताद्धारा उद्देश्यपूर्ण र व्यवस्थित तरिकाले लेखाजोखा गरी भविष्यका लागि दिशा निर्देश गरिने कामलाई मूल्याङ्कन भनिन्छ । मूल्याङ्कन दुई चरणमा गर्ने गरिन्छ, पहिले मध्यावधि मूल्याङ्कन र योजनाको अन्त्यमा अन्तिम मूल्यांकन गरिन्छ ।

झिमरुक गाउँपालिकाको प्रथम आवधिक योजना तयारी हुँदाको बखतसम्म अनुगमनको महत्वलाई उच्च प्राथमिकतामा राख्न नसकिएको कुरा समीक्षा अध्यायबाट स्पष्ट भइसकेको छ । गाउँपालिकाले आफ्ना उपलव्धीहरुलाई राष्ट्रिय उपलव्धीको स्तरमा पुऱ्याउन गाउँ गरिवी अनुगमन विश्लेषण प्रणाली (ख्ष्बिनभ एयखभचथ

:यलष्तयतचष्लन ब्लबथिकष्क क्थकतभ) अपनाउने तर्फ प्रयासरत रहेको छ । यस आवियोलाई तचबअपष्लन गर्नका लागि पहिलो दुईवर्षको अवधि समाप्त भएपछि मूल्याङ्कन गरिने छ । यस्तो मूल्याङ्कन गाउँपालिकाले आफ्नै संस्थागत क्षमताबाट गर्ने प्रयास गर्नेछ । सामान्यतया मूल्याङ्कन निष्पक्ष होस भन्नका लागि तेस्रो पक्षको संलग्नतामा पनि गरिने छ । मध्यावधि मूल्यांकनबाट निर्धारित लक्ष्य प्राप्तीबारे यकिन गर्न सजिलो हुन्छ । साथै मध्यावधि मूल्याङ्कन पश्चात सूचकहरुमा आवश्यक थपघट गर्नु पर्ने भएमा परिषद्को निर्णयबाट गरिनेछ । आवियोको अन्तिम मूल्याङ्कन वाह्य परामर्शदाताबाट गराईनेछ । त्यस्तो मूल्याङ्कनमा आवश्यकता अनूरुप दातृ पक्षको सदस्यहरु पनि संलग्न गराइनेछ । ख्क्ष्क बाट खडा भएको पद्धतिबाट प्राप्त तथ्याङ्क नै त्यस्तो मूल्याङ्कनका लागि मूल आधार मानिनेछ ।

मध्यावधी तथा अंन्तिम मूल्यांकन

यस आवधिक योजनामा समाविष्ट कार्यक्रम तथा परियोजनाहरू निश्चित सीमाभित्र रहेर तर्जुमा गरिएका हुन् । समयक्रममा परिवर्तन हुँदैजाने नयाँ नयाँ चाहना एवं आवश्यकताहरू सँगसँगै यस योजनामा समाविष्ट कार्यक्रम तथा आयोजनाहरूलाई पनि समायोजन, परिमार्जन एवं संशोधन गर्दै लगिनेछ । यी पक्षहरूलाई मिलान गर्दै योजनालाई समय सापेक्ष बनाउँदै लैजान यस आवधिक योजनाको मध्यावधि मूल्यांकन गरी उपलब्धिहरूको आधारमा र नयाँ सिर्जित आवश्यकताहरूलाई समावेस गरी योजनालाई परिमार्जन गरिनेछ ।

प्रस्तुत वस्तुगत तथ्यलाई मनन गर्दै आवधिक योजना कार्यान्वयन प्रारम्भ भएपछि दोस्रो बर्ष २०७५/७६ र २०७६/७७ को अन्ततिर स्वतन्त्र पेशाविद् मूल्याङ्कनकर्ता समेत रहेको टोलीले गहन अध्ययन गरी यस आवधिक योजनाको मध्यावधि मूल्याङ्कन गरिनेछ । मध्यावधि मूल्यांकन गर्ने टोलीमा रहने अन्य सदस्यहरू र यसको कार्यविधि गाउँ पालिकाको सिफारिसमा गाउँ सभाले निर्णय गरी निर्धारण गर्नेछ । मध्यावधि मूल्याङ्कन टोलीले गरेका सिफारिशका आधारमा यस योजनाका नीति, कार्यक्रम तथा आयोजनाहरूमा परिमार्जन गर्नुपर्ने देखिएमा सो समेत गरी योजनामा निर्दिष्ट लक्ष्य तथा उद्देश्य हासिल गर्न कार्यान्वयनलाई अझ प्रभावकारी रूपमा अघि बढाइनेछ ।

योजना, नीति, कार्यक्रम तथा योजनाहरुको कार्यान्वयनका क्रममा भएका सवल तथा दुर्बल पक्षहरुबाट पाठ सिकी भावी योजना, नीति, कार्यक्रम तथा आयोजनाहरु तर्जुमा तथा कार्यान्वयनमा आवश्यक सुधार गर्न तथा सम्बन्धित निकाय/पदाधिकारीलाई त्यस्ता योजना, नीति, कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन र नतिजाप्रति जवाफदेही बनाउन समेत मध्यावधी र अन्तिम मूल्याङ्कनले सहयोग पुऱ्याउने छ । यस योजनाको अन्तिम मूल्याङ्कन आ.ब. २०७९/८० को अन्त पश्चात गरिनेछ । सो मूल्याङ्कबाट प्राप्त हुने अुनभवहरू समेतबाट शिक्षा लिई दोस्रो आवधिक विकास योजना तर्जुमा गरिनेछ ।

अनुमगन तथा मूल्याङ्कनका लागि तथ्याङ्कीय आधारको अत्यन्त जरूरी पर्दछ । अतः यसका लागि गाउँपालिका अन्तर्गत रहेको सूचना तथा अभिलेख केन्द्र र अनुगमन तथा मूल्याङ्कन इकाईहरूलाई परिचालन गरिनेछ । ती इकाईहरूलाई तालिम प्राप्त जनशक्ति एवं सहायक उपकरणद्वारा सुसज्जित पारिनेछ । साथै गाउँपालिकाका प्रमुख आयोजनाहरूको प्रोफाइल कम्प्यूटरमा राखी अद्यावधिक गर्दै जाने व्यवस्था पनि मिलाईनेछ ।

***धन्यवाद***